॥ ॐ नमः शिवाय ॥ ०१८

श्रीशिवमहिम्नःस्तोत्रम्

(नेपाली अनुवाद एवं विशेष व्याख्यासहित)

डा. स्वामी रामानन्द गिरि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संन्यास-गुरु :

अनन्त श्रीविभूषित स्वामी महेशानन्द गिरि

शिक्षा :

आचार्य (शाङ्करवेदान्त २०३०, त्रि.वि.)

विद्यावारिधि :

राजर्षि जनकका विदेह सिद्धान्तहरूको समीक्षात्मक अध्ययन, २०४१, त्रि.वि., काठमाडौँ

मान-पदवी :

पाणिनि पुरस्कार
गुणराज पुरस्कार
डा. बलराम जोशी ज्ञानविज्ञान पुरस्कार
राजर्षिजनकस्मृति सम्मान
पृथ्वीबहादुरसिंह कार्की-भक्तकुमारी पुरस्कार
भारती खरेल पुरस्कार
प्रबल गोरखा दक्षिणबाहु
अन्य विविध सम्मान तथा पुरस्कारहरू

कृतिहरू :

जनकदर्शन (विद्यावारिधि शोधग्रन्थ)
माण्डूक्यकारिका (नेपाली अनुवाद तथा व्याख्या)
रामगीता (नेपाली अनुवाद तथा व्याख्या)
वेदस्तुति (नेपाली अनुवाद तथा व्याख्या)
श्रीमद्भागवतमहापुराण
(नेपाली अनुवाद-रामानन्दी टीका–८ भागमा)
देवीगीता (नेपाली अनुवाद तथा व्याख्या)
दुर्गासप्तशती (पूजाविधि, नेपाली अनुवाद एवं व्याख्या)

सामाजिक कार्य :

संस्थापक : महेश संन्यास आश्रम एवं
महेश संस्कृत गुरुकुल, देवघाट, तनहूँ
अंबरेश्वर संन्यास आश्रम, कास्की
गौरीशङ्कर ब्रह्मविद्यापीठ, कास्की

संरक्षक : शङ्कराचार्य मठ, देवपतन काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महेश-प्रकाशन-माला– ०१८

॥ ॐ नमः शिवाय ॥

श्रीशिवमहिम्नःस्तोत्रम्

(नेपाली अनुवाद एवं विशेष व्याख्यासहित)

पुष्पाणि सन्तु तव देव ममेन्द्रियाणि
धूपोऽगुरोर्वपुरिदं हृदयं प्रदीपः ।
प्राणा हवींषि करणानि तवाक्षताश्च
पूजाफलं व्रजतु साम्प्रतमेष जीवः ॥

व्याख्याकार
डा.स्वामी रामानन्द गिरि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

❒ पुस्तक नाम— श्रीशिवमहिम्नःस्तोत्रम्
(नेपाली अनुवाद एवं विशेष व्याख्यासहित)

❒ व्याख्याकार— डा. स्वामी रामानन्द गिरि

❒ संस्करण — द्वितीय

❒ प्रकाशित प्रति — १००० प्रति

❒ प्रकाशन दिवस — श्रीपञ्चमी, २०८१

❒ ISBN संख्या — 978-9937-2-7184-4

❒ © सर्वाधिकार — प्रकाशकमा

❒ मूल्य रू. — ३५०/-

❒ मुद्रक — बागबजार छापाखाना, काठमाडौँ

प्रकाशक

महेश- संन्यास-आश्रमद्वारा सञ्चालित

महेश-संस्कृत-गुरुकुलम्

देवघाट-५, तनहुँ, नेपाल

फोन- ९८५५०११८८८, ९८५५०८८८८३
e-mail: msgurukulam@gmail.com
Web: gurukulam.edu.np

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुरोवाक्

शिवमहिमा मनले चिन्तन गरेर या वाणीले बताएर सकिने विषय होइन । ज्ञानका आदि स्रोत उपनिषद्हरूले तुरीय आत्मतत्त्वको रूपमा शिवको स्वरूप प्रतिपादन गर्दै भनेका छन्— **अचिन्त्यम् अव्यपदेश्यम्** अर्थात् यस तत्त्वलाई मनले चिन्तन गर्न र वाणीले बताउन सकिन्न । उसो भए परमात्माको उपासना एवं स्तुति हुनै सक्दैन त ? भन्ने प्रश्न उठ्छ । भक्तहरूको यही समस्याको समुचित उत्तर दिंदै प्रस्तुत शिवमहिम्नःस्तोत्रको प्रारम्भ भएको छ । एकातिर वर्णन गर्न नसकिने तत्त्व अनि अर्कोतिर वर्णन नगरी नहुने भक्तिभाव, यी दुईको टक्कर पर्दा भक्तिकै विजय हुने रहेछ । यही कुरा शिवमहिम्नःस्तोत्रमा देख्न सकिन्छ । त्यसैले यो केवल गन्धर्वराज पुष्पदन्तले गाएको स्तोत्रमात्र नभई सम्पूर्ण भक्तहरूले परमात्माको स्तुति आफूखुसी गर्न पाउने निर्णयको घोषणा हो, भगवान्माथि भक्तको अधिकारको उद्घोष हो । अतः सबै शिवभक्तहरू यस स्तोत्रलाई पाँचौ वेदको रूपमा आदर गर्दछन् ।

शिव संहारक देव हुनुहुन्छ, उहाँलाई जगत्को सृष्टि गर्नु या व्यवस्था चलाउनुसँग कुनै मतलब छैन । उहाँ त सम्पूर्ण प्राणीहरूको संसार-दुःख कसरी संहार गर्न सकिन्छ ? भन्नेतिर नै सतत प्रयत्नशील हुनुहुन्छ । ज-जसलाई संसारदुःख नष्ट गर्नु छ, उनीहरू शिवकै शरणमा जाऊन् । जसलाई संसार नष्ट गर्नु छैन, उनीहरू संसारलाई बढाउने-फैलाउने देवताहरूको शरणमा जाऊन् । शिवको शरणमा जानु नै संसाररोगबाट बँच्ने एकमात्र औषधि हो । यो दिव्य औषधि हो, जसका आविष्कारक वैद्य पनि स्वयं शिव नै हुनुहुन्छ— **प्रथमो दैव्यो भिषक्** । अतः मुमुक्षुहरूले यी वैद्यले भनेअनुसार नै आफ्नो अनादिकालीन संसाररोगको उपचार गरून् । शिवविना अशिवको सेवन गरे रोग झनै बढ्दै जान्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनन्त-अगम्य शिवमहिमालाई सबैले अध्ययन-मनन गर्न सक्ने गरी प्रस्तुत ग्रन्थको आकारमा सुसज्जित गर्ने सम्पूर्ण शिष्यहरूलाई अनन्य शिवभक्तिको शुभाशीर्वाद। अन्तमा सबैले प्रत्यगात्मा शिवलाई अपरोक्षरूपले साक्षात्कार गर्न सकून् भन्ने श्रीविद्येश्वरसँग प्रार्थना गर्दछु।

—डा. स्वामी रामानन्द गिरि
शङ्कराचार्यमठ
पशुपति, देवपत्तन

आश्विन नवरात्र २०७०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भूमिका

पूर्वपीठिका

शिव शब्द कल्याणको वाचक हो। शिव नै सत्य हो। सत्य सबैको प्रिय हुन्छ। असत्यलाई लुकाउन पनि सत्य चाहिन्छ। शिव आनन्द हो। आनन्द प्राणीमात्रको चाहना हो। अशिवलाई हटाउन शिव चाहिन्छ। त्यसैले सबै मानिस शिवत्व चाहन्छन्। शिव जीवको स्वाभिव्यक्ति हो। जीव शिवको स्वाभिभूति हो। मानिस आफ्नो अभिभव होइन, आविर्भाव चाहन्छ, त्यसैले सबै जीवको प्राप्तव्य शिव हो।

वेदमूलक सनातन संस्कृतिमा शिवतत्त्वको ठूलो महत्त्व छ। वेद, स्मृति, पुराण, इतिहास, धर्मशास्त्र हुँदै अर्वाचीन संस्कृतवाङ्मयको विशाल भण्डार शिवतत्त्वको वर्णनले व्याप्त छ। पौरस्त्यचिन्तनका हरेक पाटामा शिवको चर्चा छ। कला, धर्म, दर्शन, संस्कृति र साहित्य जताततै शिवतत्त्व वर्णित छ। शिव शाश्वत तत्त्व हो। पाश्चात्त्य शैलीमा धर्म, दर्शन र संस्कृतिको इतिहास कोट्याउँदा पनि शिवसंस्कृति अरुभन्दा धेरै प्राचीन ठहरिँदो रहेछ। जसको साक्षी कैलाश छ। कथित आर्य-अनार्य वा वैदिक-अवैदिक भनिने विरुद्ध प्रवृत्तिका विभिन्न विचारधाराको उद्गमबिन्दु र सम्भवतः मिलनबिन्दु शिव नै हो। अतः यस शिवतत्त्वको सम्बन्धमा अधिकाधिक ग्रन्थ रचिए, धेरै विचार छरिए। असीमित साहित्य सिर्जिए। अनगिन्ती अनुसन्धान गरिए र भाषा, साहित्यका भण्डार भरिए, तर शिवतत्त्व अझै पनि अनुसन्धेय नै रह्यो, छ र रहनेछ पनि। यही सुदीर्घ परम्परारूप नभोमण्डलको बीचमा देदीप्यमान ज्योतिको रूपमा देखा परेको ग्रन्थ हो– यो **शिवमहिम्नःस्तोत्र**। शिवतत्त्वको महिमालाई स्तुतिको रूपमा उजागर गर्ने पुष्पदन्ताचार्यविरचित सुप्रसिद्ध लघुकाय ग्रन्थ नै शिवमहिम्नःस्तोत्र हो। सामान्यतः स्तोत्रको महत्त्व इष्टदेवताको प्रशंसा र प्रसन्नतामा हुन्छ, तर यस ग्रन्थको महत्त्वचाहिं समग्र पौरस्त्यदर्शनको गहिराइमा पुगेर प्राप्त हुने निष्कर्षको अनुभूतिका लागि छ। अतः यो स्तोत्र स्तोत्रमात्र नभएर स्तोत्ररत्न हो। संक्षेपमा भन्दा धर्मको मर्म हो, शास्त्रको सार हो, दर्शनको निष्कर्ष हो र वेदको अवान्तरभेद हो। त्यसैले यस स्तोत्रलाई कतै पञ्चम वेद समेत भनिएको छ। यही महिमामण्डित महिम्नःस्तोत्रको सम्बन्धमा यहाँ केही प्रकाश पार्ने प्रयत्न गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयप्रवेश

कुनै पनि ग्रन्थको परिचय दुई तरिकाबाट हुन्छ । बहिरङ्ग र अन्तरङ्ग । बहिरङ्गविचारअन्तर्गत ग्रन्थकारको परिचय, ग्रन्थको आकृति, प्रकृति, नामकरण, नामान्तरहरू, मूलपाठ, पाठभेद, क्षेपक, श्लोकसंख्या, अक्षरसंख्या, पाठविधि र विनियोग आदि पर्दछन् । अन्तरङ्ग विचारमा सम्बद्ध ग्रन्थको स्रोत, अन्य ग्रन्थको प्रभाव, विषयवस्तु, महत्त्व, अन्यत्र प्रभाव र तुलना आदि समेटिएका हुन्छन् । यहाँ शिवमहिम्नःस्तोत्रको परिचय दिंदा यी दुवै प्रक्रियालाई अवलम्बन गरी प्रस्तुत ग्रन्थ र ग्रन्थकारको सम्बन्धमा केही प्रकाश पार्ने प्रयत्न गरिएको छ ।

ग्रन्थकारको परिचय

शिवमहिम्नःस्तोत्रका रचयिता आचार्य पुष्पदन्त हुन् । यो कुरा शिवमहिम्नःस्तोत्रको यस उपसंहार पद्यबाट अवगत हुन्छ—

श्रीपुष्पदन्तमुखपङ्कजनिर्गतेन स्तोत्रेण किल्विषहरेण हरप्रियेण ।
कण्ठस्थितेन पठितेन समाहितेन सुप्रीणितो भवति भूतपतिर्महेशः ।।४०।।

यी पुष्पदन्त को थिए ? कहाँ थिए ? र किन ग्रन्थको रचना गरे भन्ने सम्बन्धमा प्रसिद्ध जनश्रुतिमूलक कथासरित्सागर एवं बृहत्कथामञ्जरी आदि आख्यानात्मक ग्रन्थबाहेक अन्य प्रमाण उपलब्ध हुन सकेका छैनन् । कुनै निश्चित तिथि-मितिमा अमुक ठाउँमा जन्मिएका अमुक पितामाताका छोरा पुष्पदन्त हुन् भनी संस्कृतसाहित्यको इतिहासमा स्पष्ट नाम उल्लिखित हुन सकेको देखिँदैन । यद्यपि गन्धर्व भएर पनि मुनष्यशरीर धारण गरेर घुम्ने पुष्पदन्तलाई कहीँ कात्यायन र कहीँ वररुचिसमेत भनिएको कुरा कथासरित्सागरमा उल्लिखित छ—

ततः स मर्त्यवपुषा पुष्पदन्तः परिभ्रमन् ।
नाम्ना वररुचि किञ्च कात्यायन इति श्रुतः ।।
कात्यायनः श्रुतधरस्तथा वररुचिश्च सह ।
गुणानामग्रणीर्लोके नामभिस्त्रिभिरुच्यते ।। (बृहत्कथामञ्जरी १।६८–७०) ।

उनलाई गन्धर्वराज भने पनि उनी कुनै मनुष्य हुन् वा देवयोनिमात्रै यो प्रश्न अनुत्तरित नै छ । (अमरकोषकारले गन्धर्वलाई मनुष्यभन्दा भिन्न देवयोनिमा वर्गीकृत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरेका छन्) । यी को हुन् ? भन्ने अझै स्पष्ट हुन नसके पनि उनको सम्बन्धमा प्रसिद्ध इतिवृत्तहरू निम्नानुसार छन् –

१. पुराणहरूमा पुष्पदन्त

क.महाभारतमा पार्वतीजी कार्तिकेयको सेवामा पुष्पदन्त नामक अनुचरलाई नियुक्त गर्नुभएको पाइन्छ । (महाभारत ९/४९) ।

ख. स्कन्दपुराणअन्तर्गत काशीखण्डमा पुष्पदन्तेश्वर महादेवको उल्लेख पाइन्छ ।

ग. लिङ्गपुराणमा शिवजीको आवरणपूजामा पुष्पदन्तको नाम उल्लेख भएको छ ।

घ. श्रीमद्भागवत (८/२१/१७)मा विष्णुको पार्षदको रूपमा पुष्पदन्तको चर्चा गरिएको छ ।

ङ. मत्स्यपुराणमा वास्तुपूजाको क्रममा पुष्पदन्तको नाम लिइएको छ ।

च. अमरकोषमा भने प्रसिद्ध आठ दिग्गजमध्ये वायव्यकोणका दिग्गजको नाम पुष्पदन्त राखिएको छ ।

२. शिवमहिम्नःस्तोत्रका व्याख्याता मधुसूदन सरस्वती (वि.सं. १५९०)का अनुसार पुष्पदन्तको कथा यसप्रकार छ–

पुष्पदन्तनामक कुनै गन्धर्वराज थिए । उनले आफ्नो अलौकिक शक्तिको आधारमा कुनै राजाको पुष्पवाटिकाबाट प्रतिदिन फूलहरू चोरेर लैजाने गर्थे । प्रतिदिन फूल हराउने गरेको कुरा राजाले थाहा पाए, तर फूल चोरको हुलियासमेत थाहा नहुँदा उनले चोर पक्रिने एउटा अनौठो जुक्ति निकाले । यो कुनै अलौकिक शक्तियुक्त व्यक्तिको काम हो, शिवपूजाको निर्माल्यलाई नाघे वा कुल्चिए त्यस व्यक्तिको त्यो अन्तर्ध्यान हुने अलौकिक शक्ति अवश्य हराउनेछ भन्ने सोचेर उनले आफ्नो पुष्पवाटिकाको बाटोमा शिवनिर्माल्य छरिदिए । प्रतिदिनझैँ फूल चोर्न आएका गन्धर्वराज पुष्पदन्तले यो कुरा थाहा पाएनन् र सधैँझैँ सरासर पुष्पवाटिकामा प्रवेश गरे । अज्ञानवश शिवनिर्माल्य नाघिनाले पुष्पदन्तको अन्तर्धान हुने शक्ति नष्ट भयो र उनी पक्राउमा परे, त्यसपछि मेरो शक्ति किन नष्ट भयो भनेर विचार गर्दा पुष्पदन्तले अज्ञानवश शिवनिर्माल्यको उल्लङ्घन भएको र यही अपराधका कारण आफ्नो अन्तर्धान हुने शक्ति नष्ट भएको भन्ने थाहा पाए । त्यसपछि त्यही पापको निवृत्तिका लागि उनले भगवान् शिवको स्तुति प्रारम्भ गरे । त्यही स्तुति नै यो शिवमहिम्नःस्तोत्र हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३. कथा-सरित्सागरमा भने पुष्पदन्तको सम्बन्धमा विस्तृत कथा उल्लिखित छ। जो यसप्रकार छ–

रमणीय कैलाशपर्वतमा शिव र पार्वती बसिरहनुभएको थियो। पार्वतीलाई प्रसन्न बनाउन शिवजीले विभिन्न किसिमका कथा सुनाइरहनुहुन्थ्यो। एकपटकको कुरा हो, एकान्तमा शिवजीले पार्वतीलाई खास विशेष रहस्यमय कुरा सुनाउने उद्देश्यले बाहिर ढोकामा आफ्ना द्वारपाल नन्दीलाई राख्नुभएछ र भित्र कसैलाई पनि आउन नदिने आदेश दिनुभएछ। तदनुसार ढोकामा नन्दी खडा थिए। भित्र शिवपार्वतीको विशेष संवाद चलिरहेको थियो। त्यतिखेर नै शिवजीका कृपापात्र पुष्पदन्त भित्र जान चाहेछन्। नन्दीले रोकेपछि पुष्पदन्त आफ्नो योगबलद्वारा सुटुक्क भित्र छिरेछन्। त्यहाँ शिवपार्वतीको सम्वादको क्रममा गुप्त मानिएका विद्याधरका अनौठा कथाहरू पुष्पदन्तले सुनेछन्। पछि उनले यी कथाहरू आफ्नी पत्नी जयालाई सुनाएछन् र जयाले कुनै दिन साक्षात् पार्वतीलाई समेत सुनाइछन्। पार्वतीले यी कथा त जयाले समेत थाहा पाएकी रहिछन् नि ! भनेर शिवजीलाई भन्नुभएछ। त्यसपछि शिवजीले विचार गर्दा पुष्पदन्तले लुकेर यी कुरा सुनेको थाहा पाउनुभयो र पार्वतीलाई भनिदिनुभयो। पार्वतीलाई रिस उठ्यो र उहाँले पुष्पदन्तलाई मनुष्य बन्ने शाप दिनुभयो। पुष्पदन्तका साथी माल्यवान्ले पार्वतीसँग शाप फिर्ता लिन अनुरोध गर्‍यो, तर रिसको आवेशमा पार्वतीले उसलाई पनि मनुष्य बन्ने शाप दिनुभयो। पछि जयाले निकै बिन्ती गरेपछि पार्वतीले शापविमोचन हुने उपाय पनि बताउनुभयो– विन्ध्याचल पर्वतमा रहने सुप्रतीक नाम गरेको यक्ष अहिले काणभूति नामक पिशाच बनेको छ। पुष्पदन्तले आफ्नो पूर्ववृत्तान्त त्यसलाई भनेपछि उसको शापमोचन हुनेछ। त्यस काणभूतिले माल्यवान्लाई सुनाएपछि काणभूतिको र लोकमा कथा प्रसिद्ध भएपछि त्यस माल्यवान्को पनि शापमुक्ति हुनेछ।

त्यसपछि ती दुवै शिवदूत अन्तर्धान भए। केही समयपछि पुष्पदन्तचाहिँ कौशाम्बी (हाल इलाहवाद नजीकको क्षेत्र) नगरीमा सोमदत्त वा अग्निशिखकी पत्नी वसुदत्ताको पुत्र वररुचि बनेर जन्मिए। पिता सोमदत्त पहिले नै मरेकाले वररुचिको पालनपोषण आमा वसुदत्ताले गरिन्। वररुचि सानैदेखि एकश्रुतिधर (एकपटक सुनेपछि आउने) थिए। यसै अवसरमा पाटलीपुत्र(पटना)मा रहने कुनै शंकरस्वामी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भनिने ब्राह्मणका दुई छोरा वर्ष र उपवर्ष थिए। उपवर्ष धनी र विद्वान् थिए, तर वर्ष भने दुवैमा कमजोर। त्यसैले समाजबाट तिरस्कृत भएका वर्षले ठूलो तपस्या गरे र स्वामी कार्तिकेयबाट विद्या प्राप्त गरे। कार्तिकेयकै आज्ञाअनुसार उनले एकश्रुतिधरलाई मात्र विद्या पढाउने प्रतिज्ञा गरेका थिए। कालान्तरमा बेतसपुर निवासी देवस्वामीका पुत्र इन्द्रदत्त र करम्भकका पुत्र व्याडीले ती एकश्रुतिधर वररुचिलाई वर्षसँग भेट गराए र सम्पूर्ण वेद-वेदाङ्ग पढ्ने वातावरण मिलाइदिए। साथै उनीसँगै आफूहरूले पनि विद्या पढे। त्यसैले यो प्रसिद्धि छ—

सकृतच्छ्रुतं मया तत्र द्विःश्रुतं व्याडिना तथा।
त्रिःश्रुतञ्चेन्द्रदत्तेन गुरुणोक्तमगृह्यत ॥

पहिले वर्षलाई सबैले अनपढ मूर्ख ठान्थे। तर वर्षसँग पढेका वररुचि, व्याडी र इन्द्रदत्तको कीर्तिपताका सबैतिर फैलिएपछि वर्षको पनि ठूलो सम्मान हुन लाग्यो। त्यतिखेरका पटनाका राजा नन्दले समेत वर्षलाई ठूलो आदर गरी नियमित विद्वद्वृत्ति दिन थाले। ती वर्षगुरुका अर्का चेला पाणिनि हुन्, जो पहिले पढाइमा कमजोर थिए, तर पछि शिवजीको उपासनाबाट छुट्टै व्याकरणको रचना गरे। वररुचिले पढेको व्याकरण ऐन्द्रव्याकरण थियो। त्यसै आधारमा पाणिनि र वररुचिको विवाद हुन्थ्यो। तर ऐन्द्रव्याकरणको आधारमा शास्त्रार्थ गर्दा आफूले हार्ने ठानेर वररुचिले पनि माहेश्वर व्याकरण नै पढे। पछि पाणिनिले बनाएको व्याकरणमा देखिएका कमीकमजोरीलाई सच्याउने गरी वार्तिक रचना गर्ने यिनै वररुचि थिए, जो गोत्रको आधारमा कात्यायन पनि भनिन्थे। अर्का व्याडीले चाहिँ १ लाख श्लोक भएको व्याकरणको संग्रहग्रन्थ बनाएका थिए भन्ने भर्तृहरिको भनाइ पाइन्छ, जो ग्रन्थ आज उपलब्ध छैन।

यिनै वररुचिको पूर्वजन्ममा गन्धर्वशरीरमा रहँदा पुष्पदन्त भन्ने नाम थियो। त्यहाँभन्दा पूर्व गोविन्ददत्त ब्राह्मण र अग्निदत्ताका पुत्र देवदत्त थिए– जसले आफ्नी प्रेयसीले दाँतबाट फूल झारेको संकेत नबुझेकाले उनी पुष्पदन्त बने। यिनै पुष्पदन्त महादेवको वरदानबाट शिवगण बने र उनकी पत्नी जया बनिन् भन्ने तीन जन्मसम्मको कथा कथासरित्सागरमा पाइन्छ।

४. पुष्पदन्तसँग नाम जोडिएका वररुचिलाई कालिदासका समकालीन र विक्रमका नवरत्नमध्येका एक पनि भनिएको छ। जस्तै—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धन्वन्तरिक्षपणकामरसिंहशङ्कु–वेतालभट्टघटखर्परकालिदासः ।

ख्यातो वराहमिहिरो नृपतेः सभायां रत्नानि वै वररुचिर्नव विक्रमस्य ॥

वररुचिको नाम जोडिएको प्रसिद्ध कथासँग सम्बद्ध प्रसिद्ध नीतिश्लोक यसप्रकार छ—

दिवा निरीक्ष्य वक्तव्यं रात्रौ नैव च नैव च ।

सञ्चरन्ति महाधूर्ताः वने वररुचिर्यथा ॥

५. पुष्पदन्त गन्धर्वले महिम्नःस्तोत्रका पद्यहरूको रचना गरेर शिवजीलाई सुनाए । शिवजी ज्यादै प्रसन्न हुनुभयो । त्यसपछि पुष्पदन्तलाई भने मैले रचना गरेको स्तोत्रले शिवजी खुसी हुनुभयो भन्ने घमण्ड भएछ । शिवजीले यो कुरा थाहा पाउनुभयो र भृङ्गीगणको मुख खोल्न अह्राउनुभयो । भृङ्गीले मुख खोले, पुष्पदन्तले त्यहाँ हेर्दा ३२ ओटा दाँतमा ३२ श्लोक लेखिएको देखे। त्यसपछि शिवजीले भन्नुभयो– पुष्पदन्त ! यी श्लोकहरू तिमीले बनाएका होइनन्, यी त अनादि नित्य स्तुतिपद्य हुन् । त्यसैले महिम्नःस्तोत्र अनादि स्तुति हो भन्ने पनि प्रसिद्धि छ ।

६. शिवमहिम्नःस्तोत्रका रचनाकार पुष्पदन्त नामका गन्धर्व वर्तमान नेपालको गण्डकी मण्डलमा रहने कुनै गन्धर्वराज थिए भन्ने केही विद्वान्हरुको भनाइ छ । नेपालको त्यस परिसरमा गन्धर्व जातिको निवास हालसम्म पनि पाइन्छ । उनीहरू गाउने, बजाउने पेशा भएका शिवभक्तहरू थिए । मल्लकालसम्म उनीहरूको त्यहाँ राज्य चलेको थियो भन्ने केही इतिहासविद्हरुको भनाइ छ । (द्र. शिवमहिम्नःस्तोत्र, लीलाव्याख्या, लोकमणि दाहाल, भूमिका पृ. १८)

यी कथामा कति अंश इतिहास हो र कतिचाहिँ कल्पित हो भनेर छुट्याउन ज्यादै कठिन छ । वररुचि र पुष्दन्तको सम्बन्ध खास के हो ? भनेर निर्णय गर्न पनि हाल उपलब्ध प्रमाणहरू त्यति पर्याप्त छैनन् । प्रसङ्गवशात् पुष्पदन्तको नामसँग जोडिएका यी आख्यान प्रसिद्ध भए पनि उक्त आख्यानहरूबाट महिम्नःस्तोत्रका रचयिता पुष्पदन्त को हुन् ? यस ग्रन्थको रचना कहिले र कहाँ भयो ? भन्ने कुरा पुरै स्पष्ट हुन सकेको छैन तर पनि यस ग्रन्थकै भनिने ३३ औँ श्लोकबाट पुष्पदन्त शिवजीका गण भएको जानकारी प्राप्त हुन्छ । जस्तै—

सकलगणवरिष्ठः पुष्पदन्ताभिधानो रुचिरमलघुवृत्तैः स्तोत्रमेतच्चकार ॥

त्यस्तै अर्को श्लोकमा ग्रन्थरचनाको प्रयोजनसहित शिवभक्त गन्धर्व भएको कुरा खुलाइएको छ—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुसुमदशननामा सर्वगन्धर्वराजः
शिशुशशिधरमौलेर्देवदेवस्य दासः ।
स खलु निजमहिम्नो भ्रष्ट एवास्य रोषात्
स्तवनमिदमकार्षीत् दिव्यदिव्यं महिम्नः ।।३८।।

यी प्रसङ्गहरूबाट पुष्पदन्तका सम्बन्धमा सबै रहस्य खुल्न नसके पनि निम्न निष्कर्षमा पुग्न अवश्य सकिन्छ–

१. यस स्तोत्रका रचयिता शिवभक्त र ठूला दार्शनिक विद्वान् थिए । पौराणिक आख्यानको शैलीमा उनलाई गन्धर्वराज भने पनि मनुष्यजन्ममा आएको अवस्थामा यस स्तोत्रको रचना गरेको भन्नु युक्तियुक्त नै देखिन्छ ।

२. कथासरित्सागरमा वर्णित पात्र वररुचि वा कात्यायनका साथ पुष्पदन्तको अवश्य कुनै सम्बन्ध थियो, जो नन्दराज (चाणक्यद्वारा नन्दवंश उन्मूलन गरिएको) का समकालीन थिए । यो स्तोत्र उनैको रचना हुनु युक्तियुक्त देखिन्छ ।

ग्रन्थरचनाकाल

महिम्नःस्तोत्रका रचयिता को थिए ? भन्ने स्पष्ट हुन नसकेझैँ यस ग्रन्थको रचनाकालका सम्बन्धमा पनि स्पष्ट आधार भेटिएका छैनन् । तर पनि यसका प्राचीनतम पाण्डुलिपि र अन्य साक्ष्यका आधारमा रचनाकाल निर्धारण गर्ने प्रयास भएको छ ।

१. पाश्चात्त्य विद्वान् **नार्मन ब्राउनले** यस स्तोत्रको सर्वप्राचीन शिलालेख नर्मदा नदीको उत्तरतर्फ अमरेश्वर मन्दिरमा रहेको बताउँदै त्यसको लेखन वि.सं. ११२०-१२०० तिर भएको बताएका छ । अतः यो ग्रन्थ त्यहाँभन्दा धेरै पहिले प्रसिद्ध भइसकेको अनुमान गर्न सकिन्छ ।

२. सोमदेवकृत यशस्तिलक ग्रन्थमा **रथः क्षोणी यन्ता** भन्ने श्लोक र राजशेखरकृत काव्यमीमांसामा **किमीहः किं कायः** भन्ने श्लोकको उद्धरण पाइन्छ । सोमदेवको समय ९५९ ईशवीयाब्द र राजशेखरको समय नवौँ शताब्दीको अन्त्यतिर मानिएको हुँदा यो ग्रन्थ त्यहाँभन्दा धेरै प्राचीन मान्नुपर्ने हुन्छ ।

३. जयन्त भट्टविरचित न्यायमञ्जरीमा पुष्पदन्तको उक्तिको रूपमा यो पद्य दिइएको छ– **पुष्पदन्तोऽप्याह**—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भ्रष्टः शापेन देव्याः शिवपुरवसतेर्वन्द्यहं मन्दभाग्यो

भाव्यं वा जन्मना मे यदि मलकलिते मर्त्यलोके सशोके ।

स्निग्धाभिर्दुग्धधारामलमधुरसुधाबिन्दुनिष्यन्दिनीभिः

कामं जायेय वैयाकरणभणितिभिस्तूर्णमापूर्णकर्णः ॥

जयन्त भट्टको जन्मकाल विक्रमको नवौँ शताब्दीको पूर्वार्ध मानिएको छ ।

४. शिवोपासना र शिवलाई अष्टमूर्तिको रूपमा वर्णन गर्ने प्रसिद्धि महाकवि कालिदासको समयमा थियो । अभिज्ञानशाकुन्तलमा **ताभिरष्टाभिरीशः** भनेर अष्टमूर्तिको चर्चा गरिएको छ भने यस स्तोत्रमा **त्वमर्कस्त्वं सोमः** भनेर गरिएको छ । कालिदासको समय लगभग ई.पू. छैठौँ शताब्दी मानिएको हुँदा महिम्नःस्तोत्रको रचनाकाल त्यहाँभन्दा अर्वाचीन होइन भन्न सकिन्छ ।

५. महिम्नःस्तोत्रका रचयिता पुष्पदन्तको सम्बन्धमा कथासरित्सागरमा उल्लेख भएझैँ वररुचि वा कात्यायनसँग सम्बन्ध भएको हुँदा वार्तिककार कात्यायनको समय पाणिनि समकालिक ई.पू. २८०० भनिएको हुँदा महिम्नःस्तोत्रको रचनाकाल पनि त्यही मान्नुपर्ने हुन्छ । यस विषयमा थप आधार नमिलेको हुँदा स्पष्ट तोक्न नसकिए पनि कात्यायनका समकालीन या सोभन्दा पूर्ववर्ती थिए भन्ने स्पष्ट हुन्छ । यद्यपि देशकालको परिधिभित्र सीमित हुन नचाहनु, तिथि-मिति स्पष्ट उल्लेख नगर्नु संस्कृतवाङ्मयका विद्वान्हरुको परम्पराप्राप्त वैशिष्ट्य नै हो ।

रचनास्थान

रचनाकार र समय स्पष्ट नभएझैँ रचनास्थल पनि स्पष्ट नहुनु स्वाभाविक नै हो । तर पनि पार्वत्य हिमगिरिशिखरमा सम्बन्ध राख्ने शिवजीको स्तुति भएको र छन्द पनि गिरिशिखरमा सुहाउने शिखरिणी भएको हुँदा कुनै गिरिशिखर वा त्यसको समीपवर्ती भूमिमा यस ग्रन्थको रचना भएको अवश्य हुनुपर्छ । जहाँ खोलानालाहरू बाङ्गोटिङ्गो बाटो हुँदै दौडेका हुन्छन् । यो कुरा यसं ग्रन्थको **ऋजुकुटिलनानापथजुषाम्** भन्ने पद्यांशबाट अनुमान गर्न सकिन्छ । अतः यो भूमि पाशुपतक्षेत्र वर्तमान नेपालकै सेरोफेरो हो भन्न सकिन्छ । यही कुरा कुनै पाश्चात्त्यले भनिदिएको भए विश्वास हुन्थ्यो । हाम्रो भनाइ केवल धृष्ट व्यक्तिको मुखरता मानिने होला ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थपरिचय

शिव, विष्णुको स्तुति गर्दा सामान्यतया शिवस्तोत्र, विष्णुस्तोत्र आदि भनिनुपर्थ्यो । यहाँ शिवमहिम्नः किन भनियो भन्ने जिज्ञासा हुन्छ। यस सम्बन्धमा विचार गर्दा ग्रन्थकारले यस स्तोत्रको नाम शिवमहिम्नःस्तोत्र राखेको पाइँदैन। यस स्तोत्रलाई पहिले केवल शिवस्तोत्र भनिने गर्थ्यो। पछि **ईशावास्यमिदं सर्वं**बाट सुरु हुने उपनिषद्लाई ईशावास्योपनिषद्, **केनषितं पतति प्रेषितं मनः** बाट सुरु हुने उपनिषद्लाई केनोपनिषद् भनेझैँ यस स्तोत्रको आरम्भपद्यको सुरु **महिम्नः पारं**को प्रथमपदलाई लिएर नामकरण गर्दा शिवमहिम्नःस्तोत्र नाम प्रसिद्ध भयो। ग्रन्थभित्र **धूर्जटेः स्तोत्रमेतत्** (३४) पढिएको हुनाले सुरुमा यसको नाम **धूर्जटिस्तोत्र** थियो वा स्वयं ग्रन्थकारले **वाक्यपुष्पोपहारम्**(३१) भनेका हुनाले यसको नाम **वाक्यपुष्पोपहार** थियो भन्ने परिकल्पना गरेको पनि पाइन्छ।

ग्रन्थकलेवर

हाल उपलब्ध शिवमहिम्नःस्तोत्रहरूमा सामान्यतया ४१ श्लोकहरू पाइन्छन् तर ३१ वा ३२ श्लोकमात्र पुष्पदन्तविरचित हुन्। अरु श्लोक पछि थपिएका हुन् भन्ने प्रसिद्धि छ। हुन पनि मधुसूदन सरस्वतीले ३१ श्लोकसम्म मात्र व्याख्या लेख्नुभएको छ। त्यसपछिका श्लोकहरू त्यति व्याख्येय पनि छैनन्। ३३ औँ श्लोकपछि पुष्पदन्तलाई तृतीयपुरुष बनाएर रचिएका फलश्रुतिपरक यी श्लोक पुष्पदन्तविरचित होइनन्। तर, हाल ४१ श्लोक नै पढ्ने प्रचलन छ। शिवरहस्य ग्रन्थमा भने ३२ औँ श्लोकको ठाउँमा यी दुइ श्लोक पढिएको छ—

सतां वर्त्म त्यक्त्वा श्रुतिसमधिगम्यं सहभुवं
घृणामप्युन्मूल्य स्वजनविषयस्नेहगुणिताम्।
द्विजः कश्चित्पादे पितरमथ राद्धे त्वयि विभो
मनुष्यत्वं सद्यस्त्रिदशपरिणामेन विजहौ ॥
वपुः प्रादुर्भावादनुमितमिदं जन्मनि पुरा।
पुरारे न क्वापि क्वचिदपि भवन्तं प्रणतवान्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नमन्मुक्तः सम्प्रत्यहमतनुरग्रेप्यनतिमान्
इतीश क्षन्तव्यं तदिदमपराधद्वयमपि ॥

ओंकारेश्वरको मार्कण्डेय संन्यास आश्रम परम्परामा भने ३० औँ श्लोकको रूपमा यो वपुः प्रादुर्भावाद् श्लोक पढिन्छ । कल्याण शिवोपासनाङ्क (पृ.२४५)मा चाहिँ यो श्लोक अप्पय्य दीक्षितको मानिएको छ । श्लोक जसको भए पनि अर्थगाम्भीर्य भने निकै महत्त्वको छ ।

प्रचलित पाठमा सुरुमा मङ्गलोच्चारणको रूपमा गजाननं भन्ने गणेशस्तुतिपरक श्लोक र श्रीपुष्पदन्त उवाच भनेको पाइन्छ । तर यी दुवै मुख्य पाठभित्र पर्दैनन् । मुख्य पाठका ३२ श्लोकमध्ये २९ श्लोक शिखरिणीच्छन्द र १ श्लोक हरिणी अनि २ श्लोक मालिनी छन्दमा रचित छन् । यसरी हेर्दा जम्मा **३ छन्द, ३२ श्लोक** र यसअन्तर्गत जम्मा **२१६०** अक्षर शिवमहिम्नःस्तोत्रको मुख्य कलेवर हो । अन्य ९ श्लोक फलश्रुतिका रूपमा थपिएका हुन् ।

पाठभेदहरू

यस स्तोत्रका प्राचीनतम हस्तलिखित पाण्डुलिपिहरू विभिन्न पुस्तकालयमा पाइने हुनाले पाठभेद पनि उत्तिकै पाइन्छ । ती मध्ये भारतीय विश्वविद्यालयका ग्रन्थालयमा रहेको नेपाली लेखकद्वारा लिखित हस्तलिखित पुस्तकको ४३ पद्यको अन्तिमको पुष्पिकावाक्य यसप्रकार छ— **इतिश्री पुष्पदन्त-गन्धर्वराजविरचितो महिम्नःस्तवः समाप्तः । श्रीरस्तु, शुभं भवतु, सम्वत् १८८४ आषाढसुदि १३ शुक्ले लिखितमिदं पुस्तकं विश्वेश्वरेण नेपालदेशे कान्तिपुरराजस्थाने इति ।** प्राचीन पाण्डुलिपिमा उपलब्ध यो भनाइबाट आजभन्दा २ सय वर्ष पहिले नेपालमा पनि यो स्तोत्रको पाठ गर्ने प्रचलन भएको अनुमान गर्न सकिन्छ । धेरै पाठभेदको चर्चा सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट प्रकाशित शिवमहिम्नःस्तोत्रको भूमिकामा विस्तृतरूपमा गरिएको छ । त्यहाँ उल्लेख भएअनुसार शिवमहिम्नःस्तोत्रको मूलपाठको खोजी र पाठभेदको विश्लेषणमा एकजना **नार्मन ब्राउन** नामक (पाश्चात्त्य) विद्वान्ले ठूलो प्रयत्न गरेको जानकारी भयो । यसकारण उनको प्रयत्न स्तुत्य छ । तर आफूसँग साधनस्रोत र समय नभएको हुँदा अरुको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भरोसामा हिंड्न बाध्य हुनुपरेको विवशता लुकाइरहन अवश्य सकिँदैन। यसैले आफैँ थप अध्ययन गर्ने अवसर नमिलेको हुँदा यस विषयमा थप अरु धेरै उल्लेख गरिएन।

ऐतिहासिक पृष्ठभूमि

वैदिक संस्कृतिमा स्तुतिपरम्पराको ठुलै महत्त्व छ। वेदमूलक सनातन संस्कृतिको इतिहास ज्यादै लामो छ। यसको स्वरूपलाई बुझ्न वेदलाई बुझ्नु जरुरी हुन्छ। मूलतः ज्ञानार्थक विदधातुबाट वेद शब्द सिद्ध हुन्छ। शाश्वत ज्ञान नै वेदशब्दको अर्थ हो। सृष्टिको आरम्भपूर्व त्यही ज्ञानरूप वेद परमात्माको निःश्वासको रूपमा प्रकट हुन्छ। त्यही वेदशब्दको आधारमा परमात्माले यो जगत् सिर्जिनुहुन्छ। पछि तपस्यारत ऋषिमुनिहरूले वेदलाई अनुभव गर्छन् वा ज्ञानदृष्टिद्वारा उनीहरू मन्त्रद्रष्टा बन्छन्। अनि वेदमा शाखाभेदहरू देखिन्छन्। मन्त्रहरूको वर्गीकरण हुन्छ। यज्ञपरक अंशलाई **मन्त्र** भनिन्छ। उपासनापरक भाग **ब्राह्मण** हुन्छन्। ज्ञानपरक भागचाहिँ उपनिषद्। कालान्तरमा मन्त्र र ब्राह्मण वेदका भेद हुन्छन्। चाहे मन्त्रभाग होस् वा ब्राह्मणभाग सबै ठाउँमा स्तुतिको उत्तिकै महत्त्व छ। सामान्यतया स्तुति भनेको गुणकथन हो। हरेक वस्तुमा कुनै न कुनै गुण हुन्छ। वेदमा पलाशशाखादेखि लिएर जल, नदी, सिन्धु, अग्नि, सूर्य, वायु, वरुण, मित्र सबैलाई स्तुति गरिएको हुन्छ वा तत्तद् वस्तुको गुणकथन हुन्छ। **एकं सद् विप्राः बहुधा वदन्ति** वेदमा परमात्मालाई एक र अनेक दुवै किसिमले वर्णन वा स्तुति गरिन्छ। रुद्रसूक्तमा सर्वप्रथम शिवको दुईथरी **रौद्र र शान्त** रूपको वर्णन गर्दै रौद्ररूपसँग अलि डर लाग्ने भएकाले टाढैबाट नमस्कार गरिएको र शान्त रूपको वर्णन गर्दै शान्त शिवरूप चाहिँ आफूलाई अनुकूल हुने चर्चा गरिएको छ। टाढा-नजीक, एक-अनेक, चोर-साधु, हतियारधारी र निरस्त्र सबै किसिमले भगवान्को स्तुति गरिनु वैदिक स्तुतिवादको अनुपम वैशिष्ट्य हो। वेदको मन्त्रभागको यज्ञकर्ममा र ब्राह्मणभागको उपासनामा विनियोग हुन्छ। दुवै भागमा स्तुतिवचन पर्याप्त पाइन्छन्। देवी-देवताको मात्र नभएर प्रकृतिका विभिन्नरूपको स्तुति गरिनु स्तुतिसाहित्यको व्यापकता हो। यसैको अनुसरण गर्दै पुराण, इतिहास र अर्वाचीन काव्यसाहित्यमा स्तुतिको प्रचुरता पाइन्छ।

यसप्रकार संस्कृतवाङ्मयमा स्तुतिसाहित्य धेरै समृद्ध छ, जुन स्तुतिसाहित्यले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संस्कृतवाङ्मयको व्यापकतालाई ठूलो टेवा पुऱ्याएको छ।

स्तोत्रसाहित्यको वर्गीकरण

समान्यतया उपलब्ध समग्र स्तुतिसाहित्यलाई ३ किसिममा वर्गीकरण गर्न सकिन्छ।

१. परम्परागत नमस्कारात्मक स्तुति

२. प्रशंसापरक वर्णनात्मक स्तुति

३. वैदुष्यप्रदर्शनात्मक वा दार्शनिक/साहित्यिक स्तुति

नमस्कारात्मक स्तुतिअन्तर्गत **नमः शम्भवाय च** इत्यादि वैदिक मन्त्र र पौराणिक एवं कर्मकाण्डमा पढिने स्तुतिहरू पर्दछन्।

वर्णनात्मक स्तुतिअन्तर्गत **नमस्ते रुद्रमन्यव** इत्यादि वैदिक मन्त्र र आख्यानात्मक स्तोत्र पदर्छन्।

दार्शनिक या काव्यलालित्ययुक्त स्तुतिअन्तर्गत कतिपय स्तुतिहरू पौराणिक वाङ्मयमा पनि पाइन्छन्। उदाहरणका लागि श्रीमद्भागवतको **वेदस्तुति, भीष्मस्तुति, ब्रह्मस्तुति** आदि पर्दछन्। अर्वाचीन समयमा यो स्तुतिधारा विकसित हुँदै साहित्यिक कौशलको शिखरमा पुगेका देखिन्छन्। जसमा शङ्कराचार्यविरचित **आनन्दलहरी, सौन्दर्यलहरी, त्रिपुरसुन्दरीस्तोत्र** तथा मयूर भट्टविरचित **सूर्यशतक** आदि छन्।

विषयवस्तु

शिवमहिम्नःस्तोत्रको मुख्य प्रतिपाद्य विषय शिवतत्त्व नै हो। पुराणहरूमा विभिन्न आख्यायिकाका साथ वर्णन गरिने महादेवका रूपमा परिचित शिवलाई दर्शनशास्त्रमा परात्पर तत्त्वको रूपमा वर्णन गरिएको छ। यस स्तोत्रमा दुवै पाटालाई अनुपम शिल्पीका साथ समायोजन गरिएको छ। ब्रह्मादि देवताले पनि स्तुति गर्न सङ्कोच गरिने(१), विष्णु भगवान्ले शिवपूजा गर्दा एउटा कमलपुष्प न्यून हुँदा आफ्नै आँखा चढाएर सुदर्शनचक्र नै प्राप्त गरेको(१९), ब्रह्मा र विष्णुले शिवको महान् ज्योतिःपुञ्जको तलमाथि पत्ता लगाउन प्रयत्न गरेको तर पत्ता नलागेको(१०), विषयभोगमा आसक्त ब्रह्मालाई शिवजीले दण्ड दिएको(२२), त्रिपुरासुर विजका निमित्त अनौठो तानाबाना बुनेको(१८), जगद्रक्षाका लागि विषपान गरेको(१४) इत्यादि स्तुतिहरू आख्यानमूलक स्तुतिहरू हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिवतत्त्व मन र वचनको गतिभन्दा पर छ तर अर्वाचीन (साकार) स्वरूपचाहिँ सजिलै स्तुति गर्न मिल्ने किसिमको छ(२), भगवान् शिव जगत्‌रचनाका लागि अभिन्ननिमित्तोपादन हुनुहुन्छ, त्यसैले उहाँलाई अन्य दार्शनिक भनाउँदाहरूका कुतर्कहरूले पत्तो लगाउन सक्दैनन्(५), तर पनि उहाँलाई स्वीकार नगरी सुख छैन(६) किनभने सबै दर्शनको अन्तिम निष्कर्षचाहिँ उहाँ नै हुनुहुन्छ(७), ईश्वरको अस्तित्वलाई स्वीकार नगरी कर्म हुन सक्दैन(२०), वस्तुतः समाधिगम्य परमानन्दरूप शिव नै हुनुहुन्छ (२५), बाहिर देखिने सम्पूर्ण प्रपञ्च पनि शिवमा नै हो, किनभने वेदले उहाँलाई अष्टमूर्ति भनेको छ(२६)। तीनभागमा बाँडेर पनि हेर्न सकिने तर भेदशून्य तुरीय रूप पनि हुने(२८) प्रणवले त्यस्तै विशिष्ट शिवतत्त्वको प्रतिपादन गर्दछ(२७)। त्यस्ता शिव नजीक-टाढा, साना-ठूला, बूढो-बच्चा जे पनि हुनुहुन्छ र जस्तो पनि हुनुहुन्छ (२९/३०)। यसप्रकार यस स्तोत्रमा शिवतत्त्वलाई अन्यत्रभन्दा ज्यादै भिन्न शैलीमा दार्शनिक भाषामा सुललित पदावलीको प्रयोग गरेर स्तुति गरिएको छ।

आख्यान र स्रोतहरू

यस स्तोत्रमा उल्लेख भएका आख्यान र विषयहरूको विश्लेषण गर्ने क्रममा स्रोत पत्ता लगाउँदै जाँदा धेरै शास्त्रहरू केलाउनुपर्ने हुन्छ। तर पनि केही सन्दर्भहरू निम्नानुसार छन्—

१. महिम्नः पारम् (भगवन्महिमावर्णन),**नभः पतन्त्यात्मसमं पतत्रिणः** (श्रीमद्भागवत)। **न यस्यालमपि ब्रह्मा महिमानं विवर्णितुम्**। स्कन्द पुराण माहेश्वर खण्ड।

२. अतीतः पन्थानं (परावरस्वरूप), **यन्मनसा न मनुते** (केनोपनिषद्)। **श्रुतिश्च भीता यं वक्ति किं तस्मात्परमं पदम्**। (स्कन्द पुराण माहेश्वर खण्ड ३३)

३. मधुस्फीता वाचः (स्तुतिप्रयोजन), शिवपुराण, वायवीय संहिता ३३।

४. तवैश्वर्यं यत्तद् (शिवमहिमां), शिवपुराण वायवीय संहिता २६।

५. किमीहः किङ्काय (कुतर्कपरिणाम), शिवपुराण वायवीय संहिता २६।

६. अजन्मानो लोका (कार्यकारणभाव), शिवपुराण वायवीय संहिता २६।

७. त्रयी सांख्यं योगः (सर्वाधिष्ठानत्व), **यथा नद्यः स्यन्दमाना समुद्रे**.(मु.उ.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८. महोक्षः खट्वाङ्गं	(विचित्रस्वरूप), शिवपुराण, सनत्कुमारसंहिता २९।
९. ध्रुवं कश्चित् सर्वं	(सदसद्कारणवाद), सदेव सोम्येदमग्र आसीत्,(छा.उ.)।
१०. तवैश्वर्यं यत्नाद्	(लिङ्गोत्पत्ति), शिवपुराण वायवीय संहिता।
११. अयत्नाद्यापाद्य	(रावणप्रसङ्ग), शिवपुराण कैलाशसंहिता।
१२. अमुष्य त्वत्सेवा	(रावणप्रसङ्ग), शिवपुराण कैलाशसंहिता।
१३. यदृद्धिं सुत्राम्णो	(बाणासुरकथा), मत्स्यपुराण १८८ अध्याय।
१४. अकाण्डब्रह्माण्ड	(विषपान), स्कन्दपुराण, शिवपुराण, मत्स्यपुराण।
१५. असिद्धार्था नैव	(कामदहन), स्कन्दपुराण, शिवपुराण मत्स्यपुराण।
१६. मही पादाघातात्	(शिवताण्डवकथा) स्कन्दपुराण।
१७. वियद्व्यापी तारा	(गङ्गाधारण) स्कन्दपुराण।
१८. रथः क्षोणी यन्ता	(त्रिपुरदहन), स्कन्दपुराण, मत्स्यपुराण।
१९. हरिस्ते साहस्रं	(विष्णुकृतशिवपूजन), स्कन्दपुराण।
२०. क्रतौ सुप्ते	(दक्षकथा), शिवपुराण, (अपूर्ववाद)पूर्वमीमांसादर्शन।
२१. क्रियादक्षो दक्षः	(दक्षप्रसङ्ग), स्कन्दपुराण।
२२. प्रजानाथं नाथ	(आर्दा-अश्लेषाप्रसङ्ग), शिवपुराण।
२३. स्वलावण्याशंसा	(अर्धनारीश्वरप्रसङ्ग), शिवपुराण।
२४. श्मशानेष्वाक्रीडा	(शिवस्वरूपवर्णन), शिवपुराण, नारदपुराण।
२५. मनः प्रत्यक्चित्ते	(योगसाधना), नारदीयपुराण, शिवपुराण र योगदर्शन।
२६. त्वमर्कस्त्वं सोमः	(अष्टमूर्तिवर्णन), कूर्मपुराण, स्कन्दपुराण आदि।
२७. त्रयीं तिस्रः	(ओङ्कारमहत्त्व), माण्डूक्योपनिषद्, शिवपुराण, स्कन्दपुराण।
२८.भवः शर्वो रुद्रः	(अष्टमूर्तिमहिमा), शिवपुराण, स्कन्दपुराण, कूर्मपुराण।
२९. नमो नेदिष्ठाय	(सार्वात्म्यवर्णन), शिवपुराण, स्कन्दपुराण, भगवद्गीता।
३०. बहलरजसे	(सृष्टि–स्थिति–संहारकारणवर्णन), शिवपुराण।
३१. कृशपरिणतिचेतः	(पूजोपहारसमर्पण), कूर्मपुराण, विष्णुपुराण इत्यादि।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दार्शनिक महत्त्व

दर्शनशास्त्रले जीवन र जगत्को समग्रतालाई अध्ययन गर्छ । तर दृष्टि भिन्न-भिन्न हुने भएकाले दर्शनहरू भिन्नभिन्न छन् । आज पौरस्त्य र पाश्चात्यको रूपमा दर्शनलाई बाँड्ने गरिन्छ । पहिले वेदप्रामाण्यवादी र वेदप्रामाण्य नमान्ने गरी दर्शन दुईथरीका मानिन्थे । वेदप्रामाण्यवादीलाई आस्तिक र अन्यलाई नास्तिक मानिन्थ्यो । आस्तिक दर्शनमध्ये पनि न्याय, वैशेषिक, सांख्य, योग र पूर्वोत्तरमीमांसा गरी ६ दर्शन प्रसिद्ध भए । अन्य शैव शाक्त आदि दर्शनहरूको र वैष्णव आदि मतहरूको पनि कम महत्त्व छैन । शैव दर्शनका पनि करीब १२ भेद छन्, तर तिनीहरूमध्ये प्रमुख स्थान ओगट्नेचाहिँ पाशुपत दर्शन हो । सबैका आ-आफ्नै महत्त्व छन् र आपसमा विवाद पनि । तर यस महिम्नःस्तोत्रमा सबै दर्शनलाई सीधा वा बाङ्गो बाटो गरी हिंड्ने नदीको दृष्टान्त दिंदै जे-जसरी यात्रा गरे पनि सबैको प्राप्तव्य समुद्रसदृश शिवतत्त्व नै हुनुहुन्छ(७) भनी शिवमा सर्वदर्शनसमन्वय देखाइएको छ । यस्तै पाचौँ श्लोकमा न्यायदर्शनको, छैठौँ श्लोकमा सांख्यको, २० औँ श्लोकमा मीमांसादर्शनको, र पच्चीसौँ श्लोकमा योगदर्शनको चर्चा गरी विरुद्धमतको खण्डनसहित शिवतत्त्वमा समन्वय देखाइएको छ ।

धार्मिक/सांस्कृतिक महत्त्व

शिवमहिम्नःस्तोत्रलाई शैवपरम्परामा पञ्चम वेद भन्ने गरेको र मन्त्रसमान मान्ने गरेको पाइन्छ । यही महत्त्वलाई आत्मसात् गर्दै नेपाल र भारतका प्रायः सबैजसो संन्यास-आश्रम, मठ र शिवमन्दिरहरूमा प्रत्येक सन्ध्याकालमा अनिवार्य रूपमा सामूहिक शिवमहिम्नःस्तोत्रपाठ गर्ने प्रचलन छ ।

संगीतविद्या सिक्ने क्रममा पनि वाद्यवादनसँगै महिम्नःस्तोत्रलाई विभिन्न लयमा ढालेर गाउने प्रचलन पाइन्छ । खास गरी यस स्तोत्रलाई कण्ठ गर्नाले र एकाग्रतापूर्ण पढ्नाले पाप नष्ट हुन्छ र शिवजी प्रसन्न हुनुहुन्छ भन्ने पुरानै परम्परा छ—

श्रीपुष्पदन्तमुखपङ्कजनिर्गतेन स्तोत्रेण किल्विषहरेण हरप्रियेण ।
कण्ठस्थितेन पठितेन समाहितेन सुप्रीणितो भवति भूतपतिर्महेशः ।।

काशीमा स्वयं पुष्पदन्तले स्थापना गरेको पुष्पदन्तेश्वर शिवमन्दिर छ, जहाँ आज पनि यस स्तोत्रको अनुष्ठान, साधना गर्ने प्रचलन छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साधनाको रूपमा महिम्नःस्तोत्र

साधनाको रूपमा शिव महिम्नःस्तोत्रको पाठ गर्दा केही नियमहरू पालन गर्नुपर्छ। भिन्न तन्त्र वा आगम शास्त्रहरूमा कुनै पनि सिद्ध मन्त्रको पाठ गर्दा विनियोग न्यास, ध्यान र पाठनियमहरूको पालन गर्नुपर्छ भन्ने विधान छ। त्यस्तै शिवमहिम्नः स्तोत्रको पाठद्वारा भगवान् शिवको आराधना गर्ने विधान निम्नानुसार छ—

विनियोगः

ॐ अस्य श्रीशिवमहिम्नःस्तोत्रस्य श्रीपुष्पदन्त ऋषिः, शिखरिण्यादिच्छन्दांसि, श्रीमदाशुतोषशिवो देवता, हौँ बीजम्, जूं शक्तिः, सः कीलकं मम श्रीसाम्बसदाशिवप्रीत्यर्थे (अमुकफलप्राप्तये) पाठे, अभिषेके विनियोगः।

ऋष्यादि न्यास— श्रीपुष्पदन्तर्षये नमः (शिरसि), शिखरिण्यादिच्छन्दोभ्यो नमः (मुखे), श्रीमदाशुतोषशिवदेवतायै नमः (हृदये), हौँ बीजाय नमः (गुह्ये), जूं शक्तये नमः (पादयोः), सः कीलकाय नमः (नाभौ), विनियोगाय नमः (सर्वाङ्गे)।

कर–हृदयादिन्यासः

भवः शर्वो रुद्रः —	अङ्गुष्ठाभ्यां नमः। हृदयाय नमः।
नमो नेदिष्ठाय—	तर्जनीभ्यां नमः। शिरसे स्वाहा।
बहलरजसे —	मध्यमाभ्यां नमः। शिखायै वषट्।
मनः प्रत्यक्चित्ते—	अनामिकाभ्यां नमः। कवचाय हुम्।
श्मशानेष्वाक्रीडा—	कनिष्ठिकाभ्यां नमः। नेत्रत्रयाय वौषट्।
हरिस्ते साहस्रं—	करतलकरपृष्ठाभ्यां नमः। अस्त्राय फट्।

ध्यानम्

ध्यायेन्नित्यं महेशं रजतगिरिनिभं चारुचन्द्रावतंसं
रत्नाकल्पोज्ज्वलाङ्गं परशुमृगवराभीतिहस्तं प्रसन्नम्।
पद्मासीनं समन्तात् स्तुतममरगणैर्व्याघ्रकृत्तिं वसानं
विश्वाद्यं विश्ववन्द्यं निखिलभयहरं पञ्चवक्त्रं त्रिनेत्रम्॥

यसपछि **ॐ ऐं ह्रीं श्रीं हौं जूं सः** यी बीजमन्त्र लगाएर शिवजीको पूजामा निम्नानुसार पूजा गर्नुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्वमर्कस्त्वं सोमः— पादयोः पाद्यं समर्पयामि।

त्रयी सांख्यं योगः— हस्तयोरर्घ्यं समर्पयामि।

भवः सर्वो रुद्र— आचमनीयं समर्पयामि।

नमो नेदिष्ठाय— जलस्नानं समर्पयामि।

बहलरजसे— दुग्धस्नानं समर्पयामि।

ऐं ह्लीं श्रीं हौं जूं सः— शुद्धजलस्नानं समर्पयामि।

मनःप्रत्यक्चित्ते— दधिस्नानं समर्पयामि।

ऐं ह्लीं श्रीं हौं जूं सः— शुद्धजलस्नानं समर्पयामि।

श्मशानेष्वाक्रीडा— घृतस्नानं समर्पयामि।

ऐं ह्लीं श्रीं हौं जूं सः— शुद्धजलस्नानं समर्पयामि।

लावण्याशंसा— मधुस्नानं समर्पयामि।

ऐं ह्लीं श्रीं हौं जूं सः— शुद्धजलस्नानं समर्पयामि।

प्रजानाथं नाथ— शर्करास्नानं समर्पयामि।

ऐं ह्लीं श्रीं हौं जूं सः— शुद्धजलस्नानं समर्पयामि।

वियद्व्यापी तारा— पुनः शुद्धजलस्नानं समर्पयामि।

क्रतौ सुप्ते जाग्रत्— वस्त्रं समर्पयामि।

रथः क्षोणी यन्ता— यज्ञोपवीतं समर्पयामि।

क्रियादक्षो दक्षः— पुनर्वस्त्रं समर्पयामि।

यदृद्धिं सुत्राम्णो— गन्धं समर्पयामि।

अकाण्डब्रह्माण्ड— अक्षतान् सर्पयामि।

असिद्धार्था नैव— भस्मं समर्पयामि।

हरिस्ते साहस्रं— पुष्पाणि समर्पयामि।

अयत्नादापद्य— बिल्वपत्राणि समर्पयामि।

तवैश्वर्यं यत्नाद्— परिमलद्रव्यं समर्पयामि।

तवैश्वर्यं यत्तत्— सुगन्धिद्रव्यं समर्पयामि।

तवैश्वर्यं यत्नाद्— धूपं समर्पयामि।

अमुष्य त्वत्सेवा— दीपं समर्पयामि।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मही पादाघाताद्— नैवेद्यं समर्पयामि ।

नमो नेदिष्ठाय— नीराजनं समर्पयामि ।

कृशपरिणति चेतः— पुष्पाञ्जलिं समर्पयामि ।

असितगिरिसमं स्यात्— क्षमाप्रार्थनां समर्पयामि ।

त्वमर्कस्त्वं सोमः— प्रदक्षिणां समर्पयामि ।

यसप्रकार महिम्नःस्तोत्रको विनियोग, ध्यान र पूजापछि भक्तिपूर्वक शिवमहिम्नःस्तोत्रको पाठ गर्ने र उत्तराङ्गपूजा, आरति, पुष्पाञ्जलिपछि क्षमाप्रार्थना गरी **श्रीसाम्बसदाशिवार्पणमस्तु** भनी जपसमर्पण गर्ने विधान छ । यस्तै महिम्नःस्तोत्रको पाठलाई अझ शक्तिशाली बनाउन संकटनाशन गणेशस्तोत्र, रामचरितमानसअन्तर्गत शिवस्तोत्र, दारिद्र्यदहन स्तोत्र, द्वादशज्योतिर्लिङ्ग स्तोत्र, वन्दे देवमुमापतिं तथा कर्पूरगौरं करुणावतारं यी पद्यहरूलाई अनुलोम-विलोम क्रमले पढ्ने पनि विधान छ ।

कामनापूर्तिका निमित्त महिम्नःस्तोत्र

महिम्नःस्तोत्रलाई विभिन्न कामनापूर्तिका लागि उपयोग गर्ने विधान पनि छ । यसको आगमिक महत्त्व गीताप्रेसबाट प्रकाशित कल्याण शिवोपासना अङ्कमा सङ्गृहीत छ । जसमा निम्नानुसार कामनापूर्तिका निमित्त महिम्नःस्तोत्र पाठ गर्ने विधान उल्लेख गरिएको छ ।

महिम्नःस्तोत्रको पाठबाट लक्ष्मीप्राप्ति, दारिद्र्यनाश, शिवकृपा प्राप्ति र रोगनिवृत्तिजस्ता कामनाहरू पूर्ण हुन्छन्, त्यसका निमित्त पहिले गुरुवन्दना, त्यसपछि संकटनाशन गणेशस्तोत्र, तुलसीदासकृत शिवस्तोत्र पाठ गरेपछि कामनाबमोजिम महिम्नःस्तोत्रको पाठ गर्नुपर्छ र अगाडि-पछाडि बीजमन्त्रहरू लगाएर अनुलोम-विलोमको प्रक्रियाअनुसार सम्पुटित गर्नुपर्छ ।

(क) भयनिवृत्तिका लागि यस स्तोत्रको आदि र अन्त्यमा अष्टोत्तरशत भैरवनामावली पाठ गर्नू ।

(ख) विद्याप्राप्तिका लागि सरस्वत्यष्टक (रविरुद्रपितामह आदि) स्तोत्र आरम्भ र अन्त्यमा पाठ गर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ग) वादविवादनिवृत्तिका लागि यस स्तोत्रको आदि र अन्त्यमा हनुमान चालीसा र बगलामुखीस्तोत्र पाठ गर्नू।

(घ) ऋणनाशनका लागि आदि र अन्त्यमा ऋणहरणगणपतिस्तोत्र पाठ गर्नू।

(ङ) सर्वकामनापूर्तिका लागि यस स्तोत्रको प्रत्येक श्लोकमा अगाडि र पछाडि लोम-विलोमको प्रक्रियाले ऐं, ह्रीं, श्रीं, ह्रौं, जूं सः पाठ गर्नू।

(च) दाम्पत्य सुखका लागि ऐं, ह्रीं, श्रींको अनुलोम-विलोम पाठसहित नमो नेदिष्ठाय मन्त्रको जप गर्नू।

(छ) ऐश्वर्य समृद्धिका लागि स्वर्णाकर्षणभैरवमन्त्रद्वारा सम्पुटित गरी यदृद्धिं सूत्राम्णो भन्ने मन्त्र जप गर्नू।

(ज) सन्ततिसुखका लागि आरम्भमा ऐं, ह्रीं श्रीं र अन्त्यमा श्रीं ह्रीं ऐं ले सम्पुटित गरी हरिस्ते साहस्रं भन्ने मन्त्र पढ्नू।

(झ) मानसिक पीडा निवृत्तिका लागि ऐं ह्रीं श्रींसँगै कृशपरिणतिचेतः इत्यादि पद्य र अन्त्यमा श्रीं ह्रीं ऐंको जप गर्नू।

(ञ) विजयका लागि श्रीं ह्रींसँगै ॐ नमो नेदिष्ठाय पद्य र अन्त्यमा ॐ ह्रीं श्रीं जोडेर जप गर्नू।

(ट) सम्मानका लागि श्रीं ह्रीं क्लींसँगै भवः सर्वो रुद्रः मन्त्र पढी अन्त्यमा क्लीं ह्रीं श्रीं लगाउनू।

(ठ) विद्याप्राप्तिका लागि विशुद्धज्ञानदेहाय भन्ने मन्त्रले सम्पुटित गरी महिम्नःस्तोत्रको नित्य पाठ गर्नू।

(ड) पुत्रप्राप्तिका लागि नारीले पतिसहित निराहार बसी गहुँको पीठोबाट एघारवटा पार्थिवेश्वर शिवलिङ्ग बनाउने र त्यहाँ महिम्नःस्तोत्रद्वारा पूजा गरी अभिषेक गर्नू। यो प्रयोग एक्काइस वा एकचालीस दिनसम्म गर्नुपर्छ। यसप्रकार शिवमहिम्नःस्तोत्रको अनुष्ठानबाट मनोरथ पूर्ण हुने विधि र परम्परासमेत पाइन्छ।

साहित्यिक महत्त्व

यस स्तोत्रको रचनामा सुललित पदावली र अर्थगाम्भीर्य उत्तिकै छ। कतिपय पद्यहरू पौराणिक कथागर्भित छन्। यौटा श्लोकको अर्थ बुझ्न धेरै पुराणका प्रसङ्गहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पढ्नुपर्ने हुन्छ । त्यसैले कतिपय ठाउँमा दुरूहार्थजस्तो पनि लाग्न सक्छ, तर विशिष्ट किसिमको साहित्यसिर्जनामा त्यसलाई दोष मानिँदैन ।

छन्दःप्रयोग

यस स्तोत्रका मुख्य पाठ मानिने ३२ श्लोकमध्ये २९ श्लोकमा शिखरिणी छन्द, १ श्लोकमा हरिणी र २ श्लोकमा मालिनी छन्दको प्रयोग भएको छ । वास्तवमा लोकमा यस स्तोत्रको प्रसिद्धि भएकै कारण शिखरिणी छन्द लोकप्रिय भएको हो । यसैले शिखरिणी छन्दलाई महिम्नःछन्दसमेत भन्ने गरेको पाइन्छ ।

अलङ्कारप्रयोग

साहित्यिक दृष्टिले उच्चस्थानमा रहेको यस महिम्नःस्तोत्रमा निम्नानुसार विभिन्न अलङ्कारहरूको प्रयोग भएको छ ।

	अलङ्कार	श्लोकसंख्या
१	उपमा	७
२	अर्थान्तरन्यास	८, ९, १०, १२, १३, १४, १५, २१, २३
३	अनुमान	११, १७
४	सङ्कीर्ण	१३
५	अतिशयोक्ति	१६
६	रूपक	१८, १९
७.	उदात्त	१८
८	परिणाम	१९
९	काव्यलिङ्ग	२०
१०	विरोधाभास	२४, २९
११	विषम	३१
१२	असम्भव	३२

कतिपय प्रसिद्ध उक्तिहरू

महिम्नःस्तोत्रमा आएका सुभाषित उक्तिहरू उखानको रूपमा अन्यत्र व्यवहारमा समेत प्रयोग हुने गरेका छन् । जसका केही उदाहरूणहरू निम्नलिखित छन्—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुतर्कोऽयं काँश्चिन्मुखरयति मोहाय जगतः — अज्ञानीहरू यस्तै कचकच गरिरहन्छन्।
रुचीनां वैचित्र्यात्..त्वमसि पयसामर्णव इव— विचार भिन्न हुन्छन्। निष्कर्ष यौटै हो।
नहि स्वात्मारामं विषयमृगतृष्णा भ्रमयति— ठूला मान्छेलाई केही फरक पर्दैन।
तव किमनुवृत्तिर्न फलति— तपाईँको पछि लागेपछि के कुरा पाइँदैन र ?
न कस्याप्युन्नत्यै भवति शिरसस्त्वय्यवनतिः— हजुरलाई ढोग्न पाए सबै कुरा पुग्छ।
न खलु परतन्त्राः प्रभुधियः— ठूला व्यक्तिहरू पराधीन हुँदैनन्।
न विद्मस्तत्तत्त्वं वयमिह तु यत्त्वं न भवसि— हजुर नपुगेको ठाउँ नै छैन।

समाजमा प्रभाव

मानिस विवेकशक्तिले युक्त भए पनि स्वयंमा पूर्ण हुँदैन। त्यसैले समय-समयमा असीमित आकांक्षा पूर्ण नभएर ठक्कर खानुपर्छ र निराश हुनुपर्छ। यस्तो अवस्थामा पुनः उत्साहसञ्चारका लागि उसले कुनै न कुनै उद्देश्य परमतत्त्वको खोजी गर्दछ। यही सामाजिक परिवेशलाई निरन्तरता दिएको छ प्रस्तुत शिवमहिम्नःस्तोत्रले। विमहिम्नःस्तोत्रको रचनापछि विभिन्न देवीदेवताका महिम्नःस्तोत्रहरूको रचना गर्ने परम्पराको थालनी नै भएको पाइन्छ, जसअन्तर्गत निम्न महिम्नःस्तोत्रहरू यसै स्तोत्रको अनुकरण गरेर सिर्जिएका पाइन्छन्। जस्तै—

१. श्रीपुष्पदन्तविरचित शिवमहिम्नःस्तोत्रम्

२. श्रीदुर्वासामुनिविरचित शक्तिमहिम्नःस्तोत्रम्

श्रीमातस्त्रिपुरे परात्परतरे देवि त्रिलोकीमहा-
सौन्दर्यार्णवमन्थनोद्भवसुधाप्राचुर्यवर्णोज्ज्वलम्।
उद्यद्भानुसहस्रनूतनजपापुष्पप्रभं ते वपुः
स्वान्ते मे स्फुरतु त्रिकोणनिलयं ज्योतिर्मयं वाङ्मयम्॥

३. श्रीस्वामिब्रह्मानन्दविरचित विष्णुमहिम्नःस्तोत्रम्

महिम्नस्ते पारं विधिहरफणीन्द्रप्रभृतयो
विदुर्नाद्याप्यज्ञश्चलमतिरहं नाथ नु कथम्।
विजानीयामद्धा नलिननयनात्मीयवचसो
विशुद्ध्यर्थं वक्ष्याम्यीषदपि तथापि स्वमतितः॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४. श्रीपुष्पदन्तविरचित गणेशमहिम्नःस्तोत्रम्

अनिर्वाच्यं रूपं स्तवननिकरो यत्र गलित-
स्तथा वक्ष्ये स्तोत्रं प्रथमपुरुषस्यात्र महतः ।
यतो जातं विश्वं स्थितमपि सदा यत्र विलयः
स कीदृग्गीर्वाणः सुनिगमनुतः श्रीगणपतिः ॥

५. राममहिम्नःस्तोत्रम्

६. कालिकामहिम्नःस्तोत्रम्

७. लोकमणिदहालविरचित देवीमहिम्नः स्तोत्रम्

महिम्नस्ते पारं हरिहरविरिञ्चिप्रभृतयो
न यान्ति त्वं दुर्गे निखिलभवयोनिर्ह्यसि यतः ।
गुणातीता त्वं वै त्वमसि गुणबीजञ्च वरदे
पुमांस्त्वं त्वं स्त्री ते कथमपि ह्यगम्योऽस्ति महिमा ॥

८. लोकमणिदहालविरचित सूर्यमहिम्नः स्तोत्रम्

जगद्रक्षाशिक्षाविरतिभवबीजस्य भवतो
महिम्नो नो पारं व्रजति धिषणो वाऽसुरगुरुः ।
कथं मन्दात्माऽहं दिनकर तदध्येमि निखिलं
तथापि स्तुत्यै मां नुदति तव भक्तिस्त्वयि वरा ॥

यी महिम्नःस्तोत्रमध्ये शक्तिमहिम्नःस्तोत्रबाहेक सबैमा शिखरिणी छन्द र उस्तै शैलीको अवलम्बन गर्नुले यस स्तोत्रको समाजमा अधिकाधिक प्रभाव रहेको बोध हुन्छ । साथै प्रामाणिकताका दृष्टिले समेत सम्मान पाउने अभिलाषाले उस्तै शैलीमा अरू महिम्नःस्तोत्रको रचना भएको प्रमाणित हुन्छ ।

महिम्नःस्तोत्रका टीकाहरू

१. शिवमहिम्नःस्तोत्रका उपलब्ध टीकाहरूमध्ये मधुसूदन सरस्वतीको मधुसूदनी टीका सर्वोत्कृष्ट छ । त्यहाँ मधुसूदन सरस्वतीले शिवपरक व्याख्यासहित पूरै ग्रन्थको विष्णुपरक व्याख्या पनि गरेका छन् । वि.सं. १५९०मा बङ्गालमा जन्मिएका मधुसूदन सरस्वती अद्वैतवेदान्तका प्रखर व्याख्याता र अद्वैतसिद्धि, वेदान्तकल्पलतिका, अद्वैतरत्नलक्षण, श्रीमद्भगवद्गीता(गूढार्थदीपिका) व्याख्या आदिका रचयिता पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुन् । नव्यन्याय र अद्वैतवेदान्तमा गहिरो दखल राख्ने मधुसूदन भक्तिरसका पनि उत्तिकै मर्मज्ञ छन् । तत्कालीन सुप्रसिद्ध नैयायिक तर्कवागीश र गदाधरलाई शास्त्रार्थमा हराएको विषयमा यो उक्ति प्रसिद्ध छ—

नवद्वीपे समायाते मधुसूदनवाक्पतौ ।
चकम्पे तर्कवागीशः कातरोऽभूत् गदाधरः ॥

उनले महिम्नःस्तोत्रमा हरिहरको अभेद सिद्ध गर्ने अभिप्रायले उभयार्थपरक विस्तृत गाम्भीर्यपूर्ण टीका लेखे । त्यस टीकामा कुटिल शैली अपनाउन सकिने हुँदाहुँदै पनि आफूले चाहिँ ऋजुशैलीमा व्याख्या लेखेको र यो टीका मन्दबुद्धि भएका व्यक्तिलाई समेत उपयोगी हुने स्वयं व्याख्याकार मधुसूदन सरस्वतीको भनाइ छ—

यत्नतो वक्रया रीत्या कर्तुं शक्यं विधान्तरम् ।
यद्यपीह तथाप्येष ऋजुरध्वा प्रदर्शितः ॥

तर त्यतिखेर पनि आफ्नो प्रतिभाको चोरी हुने ठूलो भय रहेछ, त्यसैले उनले त्यस टीकाको आधारमा कसैले पनि अर्को टीका बनाउन नहुने कडा आदेश जारी गरे—

टीकान्तरं कश्चन मन्दधीरितः सारं समुद्धृत्य करोति चेत्तदा ।
शिवस्य विष्णोर्द्विजगोसुपर्वणामपि द्विषद्भावमसौ प्रपद्यते ॥

यसो हुँदाहुँदै पनि उनीपछिका टीकामा उक्त टीकाको प्रभाव परेकै देखिन्छ । यसवाहेक अन्य निम्न टीकाहरू हाल उपलब्ध छन् ।

२. नारायणपति त्रिपाठी शर्माको नारायणी टीका सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय वाराणसीबाट प्रकाशित छ । जसमा संस्कृतमा विस्तृत नारायणी टीका, संस्कृत पद्यानुवादसहित हिन्दी व्याख्या र हिन्दी पद्यानुवाद समावेश गरिएको छ ।

३. स्वामी काशिकानन्दद्वारा विरचित हरिहरपक्षीय संस्कृतटीका ।

४. लोकमणि दहालविरचित लीला व्याख्या एवं मीनाक्षी भाषानुवाद सहित ।

५. यस्तै पण्डित कोमलराजविरचित सुबोधिनी टीका, ब्रह्मानन्द सरस्वती विरचित मनोरमा टीका र पण्डित शिवरामविरचित शिवरामी टीका चर्चामा आएका छन् । नेपाल र भारतका विभिन्न संन्यास आश्रममा प्रत्येक दिन पढिने शिवमहिम्नःस्तोत्रका छुट्टाछुट्टै टीकासहित प्रकाशन उपलब्ध छन् ।

६. हिन्दी भाषामा पाइने भावानुवादात्मक टीकाहरू सयौँ संख्यामा पाइन्छन् । हाल नेपालीमा पनि दर्जनौँ टीका र अनुवादग्रन्थ उपलब्ध छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

। यसैक्रममा यस कलमीले लेखेको पदार्थ र विवरणात्मक नेपाली व्याख्या **वि.सं २०५२ सालमा महेश संन्यास आश्रमबाट** प्रकाशित भएको थियो । जसका अन्य संस्करण पनि प्रकाशित र वितरित भए । यस्तै कुलचन्द्र गौतमरचित छायानुवाद, किञ्जलको छायानुवाद, डा. दुर्गादत्तशर्मा उपाध्यायको सान्वय नेपाली पद्यानुवाद, नरकान्त अधिकारीरचित व्याख्या र यस्ता असंख्य गद्यपद्यानुवाद प्रकाशित भइरहेका छन् ।

प्रस्तुत व्याख्याका सम्बन्धमा

हिमवत्खण्ड देवभूमि नेपालको मध्यभागमा पर्ने पवित्र तीर्थस्थल देवघाटधाममा अवस्थित **महेश-संन्यास-आश्रम**का संस्थापक अध्यक्ष परमपूज्य **श्री १००८ डा. स्वामी रामानन्द गिरि**जी महाराज निरन्तर शास्त्रचिन्तन र अध्यात्मसाधनामा लागिरहनुहुन्छ । उहाँको अनवरत साधना र चेतनाको अन्तःस्थलबाट प्रस्फुटित विचारबाट लाखौँ मानिसहरू प्रभावित छन् र जीवनलाई आध्यात्मिक साधनाद्वारा कृतकृत्य बनाइरहेका छन् । उहाँको सनातन धर्म र संस्कृतिप्रति निष्ठा एवं राष्ट्र, राष्ट्रियताप्रति समर्पण पनि उत्तिकै महनीय छ । आफू विरक्त भइकन संस्कृत विद्याको सेवामा अनुरक्त हुने स्वामीज्यूले शास्त्रीय विषयको अर्थगाम्भीर्यलाई आफ्नो तर्कशक्तिले छिचोलेर सहजरूपमा बोधगम्य बनाउने गर्नुहुन्छ । उहाँले नियमित स्वाध्याय एवं प्रवचनका माध्यमले धेरै साधकहरूलाई उपकृत गरिसक्नुभएको छ भने **जनकदर्शनको विश्लेषण** गरेर सुरु भएको उहाँको अनुसन्धानात्मक लेखनकला हाल **माण्डूक्यकारिका, रामगीता, वेदस्तुति, देवीगीता, दुर्गासप्तशती** हुँदै **श्रीमद्भागवतमहापुराण**सम्मका ग्रन्थहरूको सानुवाद व्याख्याका माध्यमले प्रस्फुटित भइरहेको छ र आध्यात्मिक क्षेत्रमा नेपाली भाषा, साहित्यको श्रीवृद्धि गर्ने क्रममा उहाँले ज्यादै ठूलो गुन लगाउनुभएको छ । यसै क्रममा यो शिवमहिम्नःस्तोत्रको विस्तृत व्याख्या पाठकसामु आइपुगेको छ । गागरमा सागर भनेझैँ यस टीकाग्रन्थमा स्वामीज्यूले सम्पूर्ण वेद, उपनिषद्, गीता, ब्रह्मसूत्र र अन्य पौरस्त्यदर्शनका विषयहरूलाई आलोडन गरी प्राप्त निष्कर्षलाई समावेश गर्नुभएको छ । यस ग्रन्थको अध्ययनबाट पाठकहरूले महिम्नःस्तोत्रका माध्यमले शिवभक्ति र वेदान्तसिद्धान्तको निष्कर्षरूप अद्वैत ब्रह्मतत्त्वसाक्षात्कारलाई सँगसँगै अनुभव गर्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाउनेछन् । सूत्रात्मक शैलीमा रचिएको यस शिवमहिम्नःस्तोत्रका हरके पद्यका कथा र गहिरा दार्शनिक विषयहरूको सङ्केत छ । त्यसलाई विशिष्टीकृत गर्न स्वामीज्यूले हरेक प्रसङ्गमा आउने कथासङ्केतलाई व्यासशैलीमा विस्तृत वर्णन गर्नुभएको छ र तत्तत् ठाउँमा आएका दार्शनिक विषयहरूलाई छर्लङ्ग्याँउन ती-ती दार्शनिक विषय र पारिभाषिक शब्दलाई केलाउन स्वामीज्यूको कलम कहीँ पछि परेको देखिँदैन । महिम्नःस्तोत्रको शिवपरक व्याख्यासँगै विष्णुपरक व्याख्या पनि समावेश गर्नुले संन्यासपरम्परा वा शैव सम्प्रदायमा आबद्ध व्यक्तिहरूका साथै विष्णुभक्त वैष्णवहरूलाई पनि यो ग्रन्थ रुचिको विषय हुनेछ भन्ने लागेको छ । यहाँ दर्शनका कर्कश विषयहरूलाई कोट्याउँदै गहिर्याइमा पुग्ने क्रममा साहित्यको सुकोमल पदावलीलाई प्रयोग गर्ने शैलीलाई नबिर्सेको देख्दा मधुसूदन सरस्वतीले भनेको **तुल्यारतिर्योषिति** भन्ने पंक्ति याद हुन्छ । पौरस्त्यदर्शनको शैली नबुझ्ने पाठकहरूका लागि सुबोध्य होस् भनी स्वामीज्यूबाट धेरै प्रयत्न भएको छ ।

अन्त्यमा यस ग्रन्थको अध्ययनबाट अधिकाधिक साधकहरू लाभान्वित बनून् । अध्येताहरूलाई अध्ययनसामग्री प्राप्त होस् र स्वामीज्यूका लेखनीबाट यस्तै अरु अनुसन्धानात्मक ग्रन्थहरू आविर्भूत हुँदै जाऊन् भनी भगवान् विद्येश्वरसँग प्रार्थना गर्दछु । पूजनीय माता-पिता स्वर्गीय **नानीमैयाँ भणडारी** एवं स्वर्गीय **ईश्वरीप्रसाद भण्डारी**को पूण्य स्मृतिमा निःस्वार्थ भावले ग्रन्थ प्रकाशन गर्न सम्पूर्ण रूपले सहयोग गर्ने श्री **रामप्रसाद भण्डारी** र श्रीमती **उर्मिला भण्डारी**लाई सर्वप्रथम हार्दिक आभार प्रकट गर्दै भूतभावन भगवान् पशुपतिनाथका चरणकमलमा सतत भक्ति लागोस्, भनी भगवान् विद्येश्वरसंग प्रार्थना गर्दछु । अस्तु ।

–डा. गुरुप्रसाद सुवेदी
प्राचार्य
महेश–संस्कृत–गुरुकुल-विद्यापीठम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ

अङ्कोलं निजबीजसन्ततिरयस्कान्तोपलं सूचिका
साध्वी नैजविभुं लता क्षितिरुहं सिन्धुः सरिद्वल्लभम् ॥
प्राप्नोतीह यथा तथा पशुपतेः पादारविन्दद्वयं
चेतोवृत्तिरुपेत्य तिष्ठति सदा सा भक्तिरित्युच्यते ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

॥ ॐ नमः शिवाय ॥

अथ श्रीशिवमहिम्नःस्तोत्रम्

मंगलाचरण

गजाननं भूतगणाधिसेवितं
कपित्थजम्बूफलचारुभक्षणम् ।
उमासुतं शोकविनाशकारकं
नमामि विघ्नेश्वरपादपङ्कजम् ॥

पदार्थ-

गजाननं = हात्तीको जस्तो मुख भएका, **भूतगणाधिसेवितम्** = भूतगणहरूद्वारा सेवा गरिएका, **कपित्थजम्बूफलचारुभक्षणम्** = कपित्थ र जामुनको फल मीठो मानी खाने, **शोकविनाशकारकम्** = शोकविनाशक, **उमासुतम्** = पार्वतीपुत्र, **विघ्नेश्वरपादपङ्कजम्** = परमपूज्य विघ्नविनाशक श्रीगणेशलाई, **नमामि** = नमस्कार गर्दछु ।

भावार्थ-

म हात्तीको जस्तो मुख भएका, भूतगणहरूद्वारा सेवा गरिने र कपित्थ एवं जामुनको फल मीठो मानी खाने शोकनाशक पार्वतीपुत्र श्रीविघ्नेश्वर गणेश भगवान्लाई नमस्कार गर्दछु ।

टिप्पणी

यहाँ **विघ्नेश्वरपादपङ्कजं** भन्ने पदको अर्थ परमपूज्य भगवान् श्रीगणेशलाई भन्ने गर्नुपर्दछ, किनभने यहाँ **गजाननं** आदि सबै पद **विघ्नेश्वरपादपङ्कजम्** यस पदका विशेषण हुन् । यदि भगवान् श्रीगणेशका चरण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भन्ने अर्थ लिने हो भने हात्तीको मुखजस्तो र कपित्थ एवं जामुनको फल मिठो मानी खाने पनि चरण नै हुन पुग्छ। लोकव्यवहारमा पनि **गुरुचरणाः पितृचरणाः** भनी सम्बोधित गर्दा त्यसको अर्थ **गुरुवर** या **पिता** भन्ने नै हुन्छ। त्यहाँ चरण शब्दको प्रयोग पूज्यता प्रदर्शित गर्नका लागि हुन्छ। त्यसैगरी यहाँ **पादपङ्कज** शब्दको प्रयोग अत्यन्त पूज्य भन्ने अर्थमा गर्नुपर्दछ।

विघ्नेश्वरौ पादपङ्कजौ यस्य भन्ने समास गरी श्रीगणेश भन्ने अर्थ बुझ्दा पनि गणेशका चरण विघ्ननाशक भएको क्लिष्ट कल्पना गर्नुपर्ने हुन्छ। पुराणहरूमा श्रीगणेश विघ्नेश्वर भएको प्रमाण छ, उहाँका चरण, हात या मुहार आदि होइन। अतः माथिल्लो अर्थ नै उचित छ।

विषयप्रवेश-

शिव शब्दको अर्थ कल्याण या आनन्द हो। सच्चिदानन्दरूप अद्वितीय ब्रह्मतत्त्व नै शिव हो, त्यसैले उपनिषद्मा ब्रह्मको स्वरूप बताउने क्रममा यसलाई शान्त, शिव र अद्वितीय आत्मा भनिएको छ— **शान्तं शिवमद्वैतं चतुर्थं मन्यन्ते स आत्मा स विज्ञेयः** (मा.उ. ७)। वेदान्तशास्त्रले अद्वितीय शिवतत्त्वमा मायाद्वारा खडा भएको सम्पूर्ण नामरूपात्मक द्वैतप्रपञ्च अशिवरूप हो भनी यसलाई त्याग्नुपर्ने आदेश दिएको छ। अतः कल्याण चाहने व्यक्तिले अशिवलाई छाडी शिवकै चिन्तन गर्नुपर्दछ। अझ किटान गरेर भन्ने हो भने अकल्याणरूप संसारबन्धनमा जकडिएको व्यक्तिका लागि कल्याणस्वरूप शिवको चिन्तन नै मोक्षको एकमात्र कारण हो भन्ने बुझिन्छ।

ब्रह्मतत्त्व निर्गुण निराकार भएकाले यो मन एवं वाणीको विषय हुन सक्दैन। यो त केवल आत्मज्ञहरूको अनुभवको विषय हो। यो तत्त्व माया र मायाको कार्यदेखि पर रहेकाले निरुपाधिक छ र कुनै पनि विशेष धर्म यसमा नभएकाले निर्विशेष छ। त्यसैले यो प्राणीहरूले अनुभव गर्ने नामरूपात्मक व्यक्त जगत्भन्दा भिन्न अव्यक्त-अचिन्त्य छ। यस्तो अव्यक्त ब्रह्मलाई प्राप्त गर्नु सामान्य प्राणीहरूका लागि सम्भव छैन। शरीर आदिमा हुने आत्माभिमानलाई त्याग नगरी अव्यक्त ब्रह्ममा प्रविष्ट हुन सकिन्न। प्राणीहरूले चाहिँ स्वभावतः नै शरीरमा आत्मभाव गर्छन्, त्यसैले उनीहरूले अव्यक्त ब्रह्ममा निष्ठा प्राप्त गर्नु सम्भव छैन भनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीमद्भगवद्गीतामा भगवान् श्रीकृष्णले समेत बताउनुभएको छ— **अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते** (श्रीम.गी. १२/५)। यसरी हेर्दा संसारका सामान्य प्राणीहरू बन्धनबाट मुक्त हुनु असम्भवझैँ लाग्दछ। प्राणीहरूको यही अवस्थालाई ध्यानमा राखी वेदादि शास्त्रहरूले परमात्माको सगुण–साकार स्वरूपलाई प्रतिपादन गरेका छन्। जब परमात्मा प्राणीहरूमाथि अनुग्रह गर्न मायाका गुणहरूलाई लिई अनेक लीला गर्दै व्यक्त रूपमा प्रकट हुनुहुन्छ तब भक्तहरूले परम श्रद्धापूर्वक त्यस रूपको दर्शन, उपासना, महिमागान आदि गर्न सक्दछन्। यसबाट उनीहरूको मनको मल धोइन्छ र चित्त शुद्ध भइसकेपछि उनीहरूले फेरि परमात्माको वास्तविक निर्विशेष स्वरूपलाई नै साक्षात्कार गरी मुक्त हुन्छन्। त्यसैले वेदमा पनि भनिन्छ— **तमेव विदित्वाऽतिमृत्युमेति, नान्यः पन्था विद्यतेऽयनाय** (शु.य.वे.३१/१८) अर्थात् त्यही निर्विशेष ब्रह्मतत्त्वलाई साक्षात्कार गरेर मात्र व्यक्तिले मृत्युलाई अतिक्रमण गर्न सक्दछ, मुक्तिका लागि योभन्दा अर्को बाटो छैन। यसरी निर्विशेष परमात्माले सामान्य प्राणीहरूलाई अनुग्रह गर्न अनेक लीला-विग्रह धारण गर्ने र त्यसद्वारा प्राणीहरूको चित्तलाई शुद्ध गरी निर्विशेष आत्मभावमा अवस्थित गरेर उनीहरूलाई मुक्त गर्ने रहस्य स्पष्ट हुन्छ। भक्तहरूको कल्याणका लागि नित्य करुणापूर्ण भइरहनु, यही नै शिवको शिवत्व अर्थात् कल्याणरूपता हो र त्यस्ता परमात्माको उपासना, स्तुतिगान आदि गर्नु नै जीवका लागि कल्याणको एकमात्र बाटो हो भन्ने बुझिन्छ।

उपासना र स्तुति यी दुवै परमात्मविषयक नै हुन्छन्, तर यिनीहरूमा सामान्य भिन्नता रहेको छ। परमात्माका गुणहरूको चिन्तन गर्नु उपासना हो भने गुणहरूको वर्णन गर्नु स्तुति हो। उपासनामा मन प्रमुख हुन्छ भने स्तुतिमा वाणी प्रमुख हुन्छ। पाणिनीय व्याकरणअनुसार चाहिँ **उप** उपसर्गपूर्वक **आस उपवेशने** धातुबाट उपासना शब्द बन्दछ भने **ष्टुञ् स्तुतौ** धातुबाट स्तुति शब्द बन्दछ। उपासनाको अर्थ नजिक बस्नु भन्ने हुन्छ। आफ्ना इष्टदेवप्रति अत्यन्त प्रेम हुनु र मनले निरन्तर चिन्तन गरिरहनु नै उहाँको नजिक बस्नु हो, केवल प्रतिमा आदिको नजिक बस्नु उपासना होइन। स्तुति गर्दा पनि परमात्माको चिन्तन गर्नुपर्दछ र परमात्माप्रति अनन्य प्रेम हुनैपर्दछ, नत्र त्यो स्तुति व्यर्थको ढोङ हुन जान्छ। त्यसैले स्तुतिलाई पनि उपासनाकै एक रूप मान्न सकिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो शिवमहिम्नःस्तोत्र शिवमहिमाको वर्णन हो । उपनिषद्दृष्टिले हेर्ने हो भने शिव एवं शिवको महिमा एउटै वस्तु हो भिन्न होइन । त्यसैले छान्दोग्योपनिषद्मा संसारका पदार्थहरू आत्मामा प्रतिष्ठित भए पनि आत्मा अन्यत्र कहीँ प्रतिष्ठित नभई स्वयंमा प्रतिष्ठित छ भन्ने जनाउन **स्वे महिम्नि प्रतिष्ठितः** (छा.उ. ७/२४/१) अर्थात् आफ्नै महिमामा प्रतिष्ठित भनिएको छ । आफूलाई शिवदेखि अभिन्न आत्माको रूपमा अनुभव गर्ने तत्त्वज्ञानीहरूको महिमासमेत अनन्त छ भने स्वयं शिवमहिमाको के कुरा ? उपनिषद् भन्दछ— **एष नित्यो महिमा ब्राह्मणस्य न वर्धते कर्मणा नो कनीयान्** (बृ.उ. /४/४/२३) अर्थात् ब्रह्मज्ञानीको नित्य महिमा यही हो कि— शुभ-अशुभ कुनै कर्मद्वारा पनि उसको स्वरूपमा कहिल्यै घट-बढ हुँदैन । परमात्माको महिमा पनि यस्तै नित्य छ, भक्तहरूले स्तुति गाएर बढ्ने अनि नास्तिकहरूले निन्दा गरेर घट्ने होइन । शिवलाई भयङ्कर नागको विषदेखि भीति पनि छैन, चन्द्रमाको अमृतप्रति प्रीति पनि छैन । उहाँ न चिताभस्मद्वारा अशुद्ध हुनुभएको छ, न त गङ्गाद्वारा नै शुद्ध हुनुभएको छ । शिव त नित्य, एकरस, अखण्ड एवं अद्वितीय हुनुहुन्छ । यो सब हुँदाहुँदै पनि शास्त्रहरूले यही बताएका छन्— **तथापि भक्तं भजते महेश्वरः** (श्रीमद्भा.महा.८/१६/१४) नित्य एकरस भए तापनि परमात्माले आफ्ना भक्तहरूलाई अवश्य कृपा गर्नुहुन्छ । जो शिवको शरणमा गई आफ्नो सर्वस्व सुम्पेर एकनिष्ठ भावले रहन्छन्, तिनका सबै दुःख नष्ट गर्ने भगवान्को स्वभाव रहेको छ । भक्तहरूको संसाररोगलाई नष्ट गरिदिने हुनाले वेदले पनि उहाँलाई **प्रथमो दैव्यो भिषक्** (शु.वे. १६/५) अर्थात् सबैभन्दा पहिलो दिव्य वैद्य भनी स्तुति गरेको छ । यसप्रकार शिवका अनन्त महिमामध्ये उपासकहरूप्रति नित्य करुणायुक्त भइरहने र उनीहरूका सबैथरी दुःखलाई नष्ट गरिदिने महिमा नै भक्तहरूलाई प्रिय हुन्छ, किनभने परमात्माको यही महिमाले उनीहरूको कल्याण गर्दछ । भक्तहरूलाई यो पनि इच्छा हुन्छ कि– आफ्ना उपास्यले आफूबाट भएका दोष-अपराधहरूलाई वास्ता नगरून् र थोरै साधनाबाट पनि प्रसन्न बनून् । त्यसैले परमात्माको नाम नै उनीहरूले आशुतोष राखेका छन् । उनीहरूका लागि शुभ-अशुभ कर्म हेरी त्यसको फल प्रदान गर्ने देवताहरूभन्दा कुनै कर्मको वास्ता नगरी अकारण दया गरिरहने देवता नै सर्वश्रेष्ठ हुन्छन्, त्यसैले उनीहरू परमात्मालाई महादेव पनि भन्दछन् । हुन पनि कर्मको न्यायविधानअनुसारको फल त इन्द्र, यम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आदि जोसुकैले पनि दिइरहेकै छन्, आफ्नो कृपाशक्तिद्वारा कर्मबन्धनलाई काट्ने अधिकार एवं सामर्थ्यचाहिँ सर्वस्वतन्त्र ईश्वरमा मात्र छ । यही महत्ताद्वारा युक्त हुनाले शास्त्रले ईश्वरलाई महेश्वर या महेश पनि भनेका छन् । सबै भक्तहरू शिवको यही अकारण-करुणारूपी महिमालाई गाउँछन् र तत्काल दुःखमुक्त हुन्छन् ।

प्रस्तुत सिद्ध स्तोत्रका गानकर्ता पुष्पदन्त नामक गन्धर्वराज हुन् । प्रसिद्ध कथाअनुसार शिवभक्त ती गन्धर्व शिवकै पूजाका लागि राम्रा फूलहरूको खोजी गर्थे र त्यसका लागि पुरानो दूषित संस्कारवश चोरी गर्नसमेत पछि पर्दैनथे। उनले अदृश्य भई पृथ्वीका कुनै शिवभक्त राजाको बगैँचाबाट सुन्दर पुष्पहरू लगी आफ्ना आराध्यलाई अर्पण गर्दथे। उता बगैँचामा सुन्दर पुष्पहरू लगाउने राजा आफ्ना आराध्यका लागि ती सर्वश्रेष्ठ पुष्पहरू नपाउँदा दुःखी हुन्थे । हुन त सम्पूर्ण संसार शिवकै भएकाले यहाँका जुनसुकै उत्तम वस्तुहरूलाई जोसुकैले पनि शिवमा अर्पण गरे भने राम्रै हो, तर आफैँले परिश्रमपूर्वक उत्पन्न गरेको-आर्जेको वस्तु प्रेमपूर्वक शिवमा चढाउनु नै असली समर्पण हो। अर्काले दुःख गरी उत्पन्न गरेको वस्तु लिएर दिनु अर्पण होइन। यसो हुँदा त सबैले अर्काको सम्पत्ति हरण गरी भगवान्लाई अर्पण गर्न सक्लान्। अतः राजाले यो समस्याको निराकरण गर्न र चोर पत्ता लगाउन अलौकिक उपाय प्रयोग गरे । शिवको अभिषेकजल(शिवनिर्माल्य)लाई बगैँचाको प्रवेशद्वारमा छर्किन लगाए । अदृश्य भई फूल टिप्न आउने पुष्पदन्तले अनजानमा नै त्यो निर्माल्य नाघेपछि उनको अदृश्य हुने शक्ति नष्ट भयो। ध्यानदृष्टिले हेर्दा शिवनिर्माल्य नाघेको दोषले आफ्नो शक्ति हराएको बुझी उनले त्यो दोष नष्ट गर्न आफ्ना आराध्य उनै परमेश्वरको गद्गद कण्ठले प्रार्थना गर्न थाले। दुःख परेको बेलामा उनको भक्ति-भाव अत्यन्त प्रबल भयो। त्यसको बलले परमात्मासमेत तानिनुभयो र प्रसन्न भई उनका अघि प्रकट हुनुभयो।

हुन त शिव कुनै पनि प्राणीदेखि कहिले नै अप्रसन्न हुनुहुन्छ र? प्राणीहरूप्रति ईश्वरको प्रसन्नता स्वाभाविक हो, भक्तले आफ्नो प्रयासको बलले उहाँलाई प्रसन्न बनाउने होइन । मेघबाट बर्सिएको जल उँधो मुख भएको भाँडोमा नभरिने र उँभो मुख भएको भाँडोमा भरिने भएझैँ सबैतिर समानरूपले बर्सिरहेको शिवको प्रसन्नता पनि शुद्ध हृदयले शिवतिर अभिमुख भएको व्यक्तिमा मात्र प्रविष्ट हुने हो। त्यसैले सबै साधना शिवलाई प्रसन्न बनाउनका लागि नभई उहाँको प्रसन्नतालाई धारण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्नका लागि मात्र हो, तर पनि पुष्पदन्तलाई लाग्यो कि– निर्माल्य नाघ्नाले मप्रति अप्रसन्न हुनुभई शिवले मेरो अन्तर्धानशक्ति नष्ट गरिदिनुभएको छ ।

वास्तवमा भक्तको जीवनमा आइपर्ने दुःख पनि भगवान्को कृपाप्रसादकै एउटा रूप हो । त्यसैले शिवको दृष्टिले यो कथाको स्वरूप यस्तो हुन पुग्छ– फूल चोरेर भए पनि आफ्नो सेवा गर्ने पुष्पदन्तको भक्तिप्रति भगवान् प्रसन्न हुनुहुन्थ्यो नै, अतः उहाँले आफ्ना भक्तको मनमा रहेको चोरीको दूषित संस्कारलाई हटाउन खोज्नुभयो। अन्तर्यामी उहाँकै प्रेरणाबाट राजाले बगैँचामा शिवनिर्माल्य छर्न लगाए। उता शिवकै प्रेरणाद्वारा पुष्पदन्तले ध्यान नदिइकनै बगैँचामा प्रवेश गरे र त्यो निर्माल्यजल नाघ्न पुगे । यसबाट उनको अन्तर्धान हुने, आकाशमा उड्ने आदि शक्ति त नष्ट भए नै, अब आफू राजाको सिपाहीद्वारा समातिन्छु र ठूलो अपयशमा फँस्छु भन्ने डरले आर्त भई शिवलाई पुकारिरहँदा उनको मनभित्रको चोरीको संस्कारसमेत पक्कै हटेको हुनुपर्दछ । सबैजसो व्यक्तिहरू जब सङ्कटमा फँस्दछन् तब यो सङ्कटको मूल बिन्दु कुन हो ? भनी पहिचान गरी त्यसलाई नदोहोर्‍याउने प्रण पनि गर्दछन् । यहाँ पनि आर्त भई प्रार्थना गर्दा पुष्पदन्तको मनबाट दूषित संस्कार हटेको र उनलाई भगवान्को साक्षात् दर्शन प्राप्त भएको सहजै अनुमान गर्न सकिन्छ। अब जुन राजाले शिवलाई चढाउन भनी गन्धर्वलोकका राजालाई समेत आकृष्ट गर्ने गरी सुन्दर फूलहरू बगैँचामा लगाउँथे र जसको बगैँचामा नै पुष्पदन्तलाई शिवदर्शन भयो, ती राजालाई चाहिँ शिवले उनकै नजिक पुगेर पनि दर्शन दिनुभएन भनी किटान गर्न सक्ने कुनै आधार नभएकाले आशुतोष शिवले राजालाई पनि दर्शन दिनुभएको निश्चय हुन्छ । फेरि शिवको करुणालीला केवल एउटा व्यक्तिका लागि मात्र नहुने हुनाले यो पुष्पदन्तको उद्धारक्रममा अरु सबै भक्तहरूप्रति पनि शिवको करुणा कसरी बर्सिएको छ भने– उनले एकान्त बगैँचामा शिवसँग रोइ-कराइ गरेको भावुक प्रार्थना एउटा सिद्ध स्तोत्र हुन पुगेको छ र आजसम्म पनि शिवको कृपालाई प्राप्त गर्न भक्तहरूका लागि प्रमुख साधन बनेको छ । यसरी शिवमहिम्नःस्त्रोत्रसँग शिवका अनेक व्यक्त-अव्यक्त करुणालीलाहरू गाँसिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीपुष्पदन्त उवाच

महिम्नः पारं ते परमविदुषो यद्यसदृशी
स्तुतिर्ब्रह्मादीनामपि तदवसन्नास्त्वयि गिरः ।
अथावाच्यः सर्वः स्वमतिपरिणामावधि गृणन्
ममाप्येष स्तोत्रे हर निरपवादः परिकरः ॥१॥

पदार्थ-

हर = सम्पूर्ण ताप हरण गर्नुहुने हे शिव !, **ते** = हजुरको, **महिम्नः** = महिमाको, **परं** = अन्तिम, **पारम्** = सीमालाई, **अविदुषः** = नजान्ने व्यक्तिले गरेको, **स्तुतिः** = स्तुति, **यदि** = यदि, **असदृशी** = अनुपयुक्त हुन्छ, **तत्** = भने त , **ब्रह्मादीनाम् अपि** = ब्रह्मादि देवताहरूका पनि, **गिरः** = स्तुतिवचनहरू, **त्वयि** = हजुरको विषयमा, **अवसन्नाः** = अयोग्य नै छन्, **अथ** = यदि, **स्वमतिपरिणामावधि** = आफ्नो बुद्धिले भ्याएसम्म, **गृणन्** = स्तुति गरिरहने, **सर्वः** = सबैलाई, **अवाच्यः** = वचन लगाउन सकिन्न भने, **मम अपि** = मेरो पनि, **स्तोत्रे** = स्तुतिका लागि, **एषः** = यो, **परिकरः** = प्रयास, **निरपवादः** = अपवादरहित छ ।

भावार्थ-

पुष्पदन्तले भने– सम्पूर्ण ताप हरण गर्नुहुने हे शिव ! जसले हजुरको पूर्ण महिमा या त्यसको अन्तिम सीमालाई जान्दैन, त्यसले हजुरको स्तुति गर्न सुहाउँदैन भने त ब्रह्मा आदिले गरेका स्तुतिहरू पनि हजुरका लागि योग्य छैनन् । यदि आफ्नो बुद्धिले भ्याएसम्म स्तुति गर्नेको प्रयास स्वीकार्य नै हुन्छ भने मैले हजुरको स्तुतिका लागि गरेको यो प्रयास पनि उचित नै छ ।

विवरण-

यस श्लोकमा पुष्पदन्तले भगवान्को स्तुति हुन नसक्ने शङ्कालाई निराकरण गर्दै सबैले आ–आफ्नो क्षमताअनुसार भगवान्को स्तुति गर्न पाउनुपर्ने धारणा प्रस्तुत गरेका छन् । यो प्रसङ्ग स्पष्ट गर्दै टीकाकार मधुसूदन सरस्वती भन्नुहुन्छ— **भगवतो**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुणानामनन्तत्वेन ज्ञातुमशक्यत्वात्कथं स्तुतिः अनुरूपा भवेत् अर्थात् भगवान्को स्तुति गर्न सम्भव छैन, किनभने स्तुति भनेको गुणको वर्णन हो, वर्णन गर्नका लागि गुणहरूलाई राम्ररी जान्न आवश्यक छ तर भगवान्का गुणहरू अनन्त भएकाले तिनलाई पूर्णतः जान्न सकिन्न। यदि जान्दै नजानी स्तुति गर्ने हो भने त त्यो जथाभावी बोलेको हुन जान्छ, किनभने कुनै कुरालाई नजानी त्यसको विषयमा बोल्नु उपयुक्त हुँदैन। यही शङ्का उठाउँदै पुष्पदन्त भन्दछन्— हे भगवान्! हजुरको महिमाको **परं पारम्** अर्थात् अन्तिम सीमा या अवधिलाई नजान्ने मानिसले गरेको स्तुति यदि **असदृशी** अर्थात् अनुपयुक्त हुन्छ भन्ने हो भने त ब्रह्मा-विष्णु आदि देवताहरूले गरेका एवं वेद पुराण आदि शास्त्रहरूमा प्रसिद्ध हजुरका सबै स्तुतिहरू व्यर्थ हुन्छन्, किनभने ब्रह्मा आदि देवताहरूले पनि हजुरको महिमाको पार पाउन सक्दैनन्। चाहे ती सर्वज्ञ हुन् या त्रिकालदर्शी, सम्पूर्ण ब्रह्माण्डको अणु-अणुलाई गन्न सक्ने क्षमता तिनमा किन नहोस्? तर शिवमहिमाको अन्त पत्ता लगाउन भने जतिसुकै सामर्थ्यशालीहरू पनि असमर्थ बन्दछन्। यसकारण संसारका कुनै पनि प्राणीले शिवमहिमाको अन्त पत्ता लगाउन सम्भव छैन। पुष्पदन्त भन्दछन्— यदि शिवमहिमाको अन्तलाई नजान्ने मानिसले स्तुति गर्न सक्दैन भने सबैभन्दा पहिले ती श्रेष्ठ देवताहरूले गरिआएका स्तुतिहरूमा नै प्रतिबन्ध लाग्नुपर्दछ। केवल मैले गर्न लागेको स्तुतिलाई मात्र रोक्न पाइन्न। यसबीचमा मानौँ भगवान्ले भन्नुभयो— हे पुष्पदन्त! ब्रह्मा, विष्णु यी देवताहरूको बुद्धि अरु सबैभन्दा बढी छ। अतः मेरो महिमाको अन्त नजाने पनि आफ्नो पूर्ण क्षमताअनुसार उनीहरूले जे–जति स्तुति गरेका छन्, त्यो ठीकै छ। यही बेला पुष्पदन्त भन्दछन्— यदि आफ्नो बुद्धिको सामर्थ्यअनुसार गरेको स्तुति उपयुक्त हुने हो भने मैले पनि आफ्नो क्षमताअनुसार जुन स्तुति गरेको छु त्यो अनुपयुक्त हुँदैन। आखिर अनन्त आकाशको अघि गरुड आदिको तीव्र गति र भुसुना आदिको अल्प गति दुवै तुच्छ भएझैँ अनन्त भगवन्महिमाको अघि सर्वज्ञ ब्रह्मा आदिको बुद्धि र अल्पज्ञ प्राणीहरूको बुद्धि दुवै बराबर नै हुन्छन्। त्यसैले पुष्पदन्तले आफ्नो क्षमताअनुसार स्तुति गर्न पाउनुपर्छ भन्नु ठीकै हो। वास्तवमा भन्ने हो भने भगवान्का गुणहरूको वर्णन मैले भगवान्को महिमा पूरा थाहा पाएको छु भनेर आफ्नो सामर्थ्य देखाउनका लागि गरिँदैन, यो त आफ्नो वाणीको सार्थकताका लागि गरिन्छ। शास्त्रहरू भन्दछन्— **सा वाग् यया**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तस्य गुणान् गृणीते (श्रीमद्भा. महा. १०/८०/३) अर्थात् त्यही असली वाणी हो, जसले परमात्माका गुणहरूलाई गाउँछ । परमात्माको गुणलाई नगाउने वाणी त अत्यन्त अपवित्र एवं निरर्थक हुन्छ भन्ने शास्त्रको निर्णय छ । अतः भगवान्लाई प्रसन्न बनाउनका लागि नभई आफ्नो जीवन एवम् इन्द्रियहरूको सार्थकता सिद्ध गर्नका लागि पनि भगवान्को स्तुति, उपासना आदि गर्नुपर्दछ । यहाँ पुष्पदन्तले शिवलाई हर भनी सम्बोधन गरेका छन् । हरणार्थक हृ धातुबाट **हर** शब्द बन्दछ । **हरति सर्वाणि दुःखानीति हरः** अर्थात् जसले सबै दुःखहरूलाई हरण गरिदिन्छ, त्यही हर हो । पुष्पदन्तको यो सम्बोधनमा भगवान्ले आफ्नो दुःख पनि पक्कै हरण गरिदिनुहुन्छ भन्ने विश्वास व्यक्त भएको छ । दार्शनिक अर्थमा चाहिँ हर शब्दले आध्यात्मिक, आधिदैविक र आधिभौतिक तीनैथरी तापलाई हरण गरिदिने भन्ने अर्थ बुझाउँछ । अझ वेदान्तको दृष्टिमा त अज्ञान एवम् अज्ञानद्वारा खडा भएको जीवभाव, जगत्भाव र ईश्वरभावसमेत ताप या दुःख नै हो । शिवचाहिँ तुरीय चैतन्य या अद्वितीय ब्रह्मतत्त्व भएकाले यी सबै द्वैतभावलाई उहाँले नष्ट गरिदिनुहुन्छ, अतः उहाँलाई हर भनिन्छ । यसलाई अझ स्पष्ट गर्दा जाग्रत्, स्वप्न र सुषुप्ति यी तीन अवस्था, यसका व्यष्टि अभिमानी- विश्व, तैजस र प्राज्ञ अनि समष्टि अभिमानी- विराट्, हिरण्यगर्भ र ईश्वर यी सबै मायाका पेटभित्र पर्ने हुनाले दुःखरूप हुन् । अनि शिवचाहिँ यी तीन अवस्था एवम् अवस्थाभिमानीहरूको बाध भएपछि अवशिष्ट रहने अधिष्ठान चैतन्य हुनुहुन्छ । त्यसैले सबै प्रकारका दुःखलाई हरण गर्ने अर्थमा शिवलाई हर भनी सम्बोधन गरिएको हो ।

यहाँ पुष्पदन्तले श्लोकको पूर्वार्धमा भगवान्को सर्वाङ्गपूर्ण स्तुति कसैले गर्न सक्दैन भनी स्तुतिको निराकरण गरेर झन् ठूलो स्तुति गरेका छन् । किनभने भगवान्को स्तुति हुन सक्दैन भन्नु नै सबैभन्दा ठूलो स्तुति हो । उपनिषद् भन्दछ— **यस्यामतं तस्य मतम्** (केन.उ.२/३)अर्थात् जसले परमात्मालाई परिच्छिन्न बुद्धिद्वारा ग्रहण गर्न सकिन्न भन्ने जान्यो उसैले परमात्माको वास्तविक स्वरूपलाई जान्यो । त्यसैले भगवान्लाई जान्ने या स्तुति गर्ने भनेको यस्तै रूपले हो । उत्तरार्धमा उनले भगवान्को स्तुति आ–आफ्नो क्षमताअनुसार ज–जसले गरे पनि उपयुक्त हुन्छ भनी आफ्नो स्तुतिको औचित्य कुशलतापूर्वक सिद्ध गरेका छन् ।

यहाँ अर्को विशेष कुरा के छ भने मधुसूदन सरस्वतीले यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्तोत्रका श्लोकहरूलाई हरिपरक अर्थ पनि गर्नुभएको छ । उहाँ भन्नुहुन्छ— **हरिशङ्करयोरभेदबोधो भवतु क्षुद्रधियामपीति यत्नात्** अर्थात् क्षुद्र बुद्धि भएका मानिसहरूमात्र हरि र हरमा भेद देख्दछन् । वास्तवमा त यौटै शिवतत्त्व जगत्का अणु–परमाणुका रूपमा पनि देखिएको हो भने ब्रह्मा, विष्णु आदिको रूपमा पनि त्यही अभिव्यक्त भएको हो भन्नु के नौलो भयो र ? त्यसैले उपनिषद् भन्दछ— **एको हि रुद्रो न द्वितीयाय तस्थुः** (श्वेता.उ.३/२) अर्थात् परमतत्त्व अद्वितीय छ, त्यसभन्दा अर्को कुनै वस्तु छैन । फेरि पुराणहरूले हरि र हरमा विशेष प्रेम सम्बन्ध र एकात्मता देखाएका छन् । **शिवस्य हृदयं विष्णुर्विष्णोश्च हृदयं शिवः** अर्थात् शिवको हृदय विष्णु हुनुहुन्छ र विष्णुको हृदय शिव हुनुहुन्छ । हरि र हरको सम्बन्ध यति नजिकको छ कि शास्त्रहरूमा आधा अङ्ग हर र आधा अङ्ग हरि भएको हरिहरात्मक मूर्ति नै प्रसिद्ध छ । यसरी हरिलाई पनि हरभन्दा अभिन्न मानी यही महिम्नःस्तोत्रका श्लोकहरूले स्तुति गर्न सम्भव छ । हरिपरक अर्थ गर्दा सम्बोधनको **हर** पदलाई खण्डाकारपूर्वक **अहर** भन्ने पदको रूपमा छुट्याउनुपर्दछ । अहर शब्दले हरण गर्ने या संहार गर्ने हरभन्दा भिन्न पालनकर्ताको रूपमा विष्णुलाई बुझाउँछ ।

यस श्लोकलाई अर्को प्रकारले अन्वय गरी व्याख्या गर्न पनि सकिन्छ । यहाँ परम भन्ने शब्द हे सर्वश्रेष्ठ भगवन् भन्ने अर्थमा शिवको सम्बोधन हो । यसको अन्वयक्रम यसप्रकार हुन्छ— **अयि परम ! यदि ब्रह्मादीनां गिरः पारं विदुषः ते महिम्नः स्तुतिः, अवसन्ना असदृशी अपि अस्तु । अथ(त्वया) स्वं अतिपरिणामावधि गृणन् सर्वः आवाच्यः तत् मम अपि अहः(अहः) स्तोत्रे एषः परिकरः अनिरपवादः** । यो अन्वयक्रममा पुष्पदन्त भगवान्को प्रार्थना गर्दै भन्छन्— हे भगवन् ! हजुर ब्रह्मा आदि देवताहरूको सबै स्तुतिवचनको **पार** अर्थात् गुणदोष जान्नुहुन्छ । यस्ता हजुरको महिमाको स्तुति यदि कसैबाट हुन्छ भने त्यो स्तुति **अवसन्ना** अर्थात् थोरै र **असदृशी** अर्थात् नसुहाउँदो नै किन नहोस् ? त्यो राम्रै हो, किनभने कम्तीमा पनि जानी–नजानी उसबाट हजुरको स्तुति भएको छ । अझ कसैले **स्वं** अर्थात् हजुरलाई **अतिपरिणामावधि** अर्थात् आफ्नो सीमालाई समेत नाघी या आफूले सक्नेभन्दा पनि बढी शक्ति लगाई स्तुति गर्दछ भने त्यस व्यक्तिसामु प्रत्यक्ष प्रकट भई हजुरले संवाद नै गर्नुहुन्छ । यहाँ **आवाच्य** शब्दको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्थ बोलचाल गर्न योग्य बन्दछ भन्ने गरिएको छ । यसरी आफ्ना भक्तहरूलाई हजुरले प्रत्यक्ष दर्शन दिई सम्मानित गर्नुहुन्छ भने मैले **अहः अहः** अर्थात् निरन्तर, **स्तात्रे** अर्थात् हजुरको स्तुति गर्ने भक्तलाई, **एषः परिकरः** अर्थात् यसरी अञ्जलि बाँधी नमस्कार गर्नु, **अनिरपवादः** अर्थात् अपवादशून्य छ । यहाँ **अनिरपवादः** शब्दको विग्रह यसप्रकार छ— **निःशेषेण अपवादः निरपवादः** अर्थात् सबैथरी अपवाद या दोष । **न विद्यते निरपवादः यत्र अनिरपवादः** अर्थात् कुनै पनि दोष नभएको । यसरी भगवान्को स्तुति गर्नेवाला स्तोताका लागि श्रद्धापूर्वक नमस्कार गर्नुमा कुनै दोष छैन भन्ने अर्थ निस्कन्छ । यहाँ शिवलाई स्तुति गर्ने व्यक्ति त सबैका लागि वन्दनीय हुन्छ भने स्वयं भगवान् कति वन्दनीय हुनुहोला ? भनी तात्पर्यतः भगवान्कै महिमा गाइएको छ ।

यही अन्वयक्रममा भगवान् विष्णुपरक अर्थ गर्दा परम शब्दको अर्थ हे लक्ष्मीपति ! भन्ने हुन्छ । **परा चासौ मा- लक्ष्मीः परमा** अर्थात् सर्वश्रेष्ठ लक्ष्मी । **परमा यस्य इति परमः** अर्थात् त्यस्ती लक्ष्मी जसकी पत्नी हुनुहुन्छ भन्ने अर्थमा यसले भगवान् विष्णुलाई बुझाउँछ । यसप्रकार प्रस्तुत श्लोकको शिवपरक र विष्णुपरक गरी अनेकथरी अर्थ गरिएको छ ।

अतीतः पन्थानं तव च महिमा वाङ्मनसयो-
रतद्व्यावृत्त्या यं चकितमभिधत्ते श्रुतिरपि ।
स कस्य स्तोतव्यः कतिविधगुणः कस्य विषयः
पदे त्वर्वाचीने पतति न मनः कस्य न वचः ॥२॥

पदार्थ-

तव = हजुरको, **महिमा च** = महिमा त, **वाङ्मनसयोः** = मन र वाणीको, **पन्थानं** = मार्ग(पहुँच)भन्दा, **अतीतः** = पर छ, **यं** = जसलाई, **श्रुतिः अपि** = वेदले पनि, **अतद्व्यावृत्या** = आत्मभिन्न वस्तुको निषेधद्वारा, **चकितम्** = डराएझैं गरी, **अभिधत्ते** = बताउँछ, **सः** = त्यस्ता हजुर, **कस्य** = कसद्वारा, **स्तोतव्यः** = स्तुति गर्न सकिनुहुन्छ ?, **कतिविधगुणः** = के-के गुणले युक्त हुनुहुन्छ ?, **कस्य** = कसको, **विषयः** = विषय हुनुहुन्छ ?, **अर्वाचीने** = नयाँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(भक्तका भावअनुसार धारण गरिने) , **पदे तु** = स्वरूपमा त, **कस्य** = कसको, **मनः** = मन, **न पतति** = प्रवृत्त हुँदैन ?, **वचः** = वाणी पनि, **न** = प्रवृत्त हुँदैन ?

भावार्थ-

हजुरको महिमा मन र वाणीको सीमाभन्दा पर छ । वेदले पनि हजुरको स्वरूपलाई निश्चित रूपमा बताउन नसकेर डराएझैँ गरी अनात्म-पदार्थको निषेधद्वारा हजुरको प्रतिपादन गरेको छ भने यस्ता हजुरको स्तुति गर्न कसले सक्छ ? हजुरका गुणहरू यत्ति छन् भनी कहाँ नाप्न सकिन्छ ? अनि हजुर कुनचाहिँ इन्द्रियको विषय हुनुहुन्छ ? तर पनि भक्तका लागि हजुरले धारण गर्नुहुने साकार अवतारस्वरूपमा भने सबैको मन एवं वचन अवश्य तानिन्छ ।

विवरण-

परमात्माका तीनथरी रूप शास्त्रप्रसिद्ध छन्— निर्गुण निराकार, सगुण निराकार र सगुण साकार । परमात्माको वास्तविक निर्विशेष रूप निर्गुण निराकार हो, यसमा माया एवं मायाका कार्य केही पनि छैनन् । यस परमतत्त्वलाई ब्रह्म पनि भनिन्छ । यसलाई न प्रत्यक्ष प्रमाणले, न त आगम प्रमाणले नै प्रकाशित गर्न सक्दछ । समस्त उपनिषद्को परम तात्पर्य हुँदाहुँदै पनि यसलाई उपनिषद्ले समेत प्रत्यक्ष रूपमा बुझाउन सक्दैन । यो स्वयंमा प्रकाशित हुने नित्य चैतन्यरूप, सर्वदा एकरस, अखण्ड र अद्वितीय छ । अझ यस परमतत्त्वलाई चैतन्यरूप भन्नु जड पदार्थको अपेक्षामा हो, अद्वितीय भन्नुचाहिँ द्वैत जगत्को अपेक्षामा हो । त्यसैले यसलाई कुनै शब्द प्रयोग गरेर बुझाउन सकिन्न । अविद्यालाई निवृत्त गर्ने तत्त्वसाक्षात्काररूप जुन ज्ञान छ, त्यसले पनि यसलाई बुझाउँदैन, किनकि यो तत्त्व त तत्त्वज्ञान उत्पन्न हुनुभन्दा अघि या पछि पनि एकरूप नै छ । न अज्ञानद्वारा यसको स्वरूपमा कुनै फरक परेको छ, न ज्ञानद्वारा नै यसको स्वरूपमा कुनै अतिशय विशेषता आउँछ । यसप्रकार यो परमतत्त्व मन, वाणी आदि कसैको पनि विषय हुँदैन ।

त्यसैगरी परमात्माको अर्को रूप छ– सगुण निराकार । परमात्मा आफूभन्दा अभिन्न मायाशक्तिलाई स्वीकार गरी जब ईश्वर बन्नुहुन्छ, तब उहाँलाई सगुण भनिन्छ । सम्पूर्ण जगत्को उत्पत्ति, स्थिति र लयको बीजबिन्दु यही ईश्वरतत्त्व

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हो। वेदान्तमा स्वरूप एवं तटस्थ लक्षणद्वारा बताइने तत्त्व यही हो अनि ब्रह्माकार अन्तःकरण वृत्तिले विषय गर्ने पनि यही तत्त्वलाई हो। उपनिषद् भन्दछ— **तत् सृष्ट्वा तदेवानुप्राविशत्** (तै.उ. २/६/१) अर्थात् मायाद्वारा जगत्को रचना गरी अन्तर्यामी रूपमा त्यसका कण-कणभित्र प्रवेश गर्ने पनि यही हो। वेदवेत्ताहरूले सगुण ब्रह्म भनी आदित्यमण्डल अन्तर्गत पुरुषको रूपमा उपासना गर्ने पनि यसैलाई हो। यही नै साक्षी आत्मा हो, जो हृदयगुफा या हार्दाकाशमा उपलब्ध हुन्छ। परमात्माको यो स्वरूप सबै साकार रूपकल्पनाको पनि केन्द्रबिन्दु हो र स्वयंमा यो निराकार छ। यस तत्त्वमा उपासनाद्वारा स्थिर भएको मन प्रविष्ट हुन सक्छ, तर सामान्य मानिसका लागि भने यसमा मन लगाउनु कठिन नै छ, किनकि यो अव्यक्त छ। त्यसैले सामान्य प्राणीहरूले सजिलै चिन्तन-मनन गरून् भनी ईश्वरले साकार रूप पनि धारण गर्नुहुन्छ। यसैलाई सगुण साकार रूप भनिन्छ। कपूरजस्ता गोरा, जटामा गङ्गा र मस्तकमा चन्द्रमालाई धारण गर्नुहुने पार्वतीपतिको रूपमा सबै साधारण भक्तहरूले पनि उहाँलाई सम्झिन र श्रद्धा अर्पण गर्न सक्दछन्। परमात्माको यो रूप सामान्य भक्तहरूमाथि दया गरी धारण गरिएको करुणामय अवतार हो। शास्त्रहरूले प्राणीहरूका रुचिअनुसार अनेक देवीदेवताको आकारप्रकारमा शिवतत्त्वको वर्णन गरेका छन्। ती सबै शास्त्रीय उपास्य देवहरूलाई आ-आफ्नो श्रद्धाअनुसार उपासना गर्ने सबैले अन्तमा त्यही तत्त्वलाई प्राप्त गर्दछन्। यज्ञवेत्ता विद्वान्हरूले इन्द्र, वरुण, आदि देवताहरूका लागि भनी अग्निमा आहुति अर्पण गर्दछन्, तर ती सबै आहुतिलाई ती-ती देवताहरूको रूपमा ग्रहण गर्नेचाहिँ स्वयं परमात्मा नै हुनुहुन्छ। यसप्रकार प्राणीहरूले जुनसुकै रूपमा भए पनि आफ्नो भजन गरून् भनेर परमात्माले अनेक नाम-रूपले युक्त साकार विग्रहहरू धारण गर्नुभएको छ। यो सगुण साकार रूप परमात्माको **अर्वाचीन** अर्थात् भक्तहरूको रुचिको अधीनमा रहेको रूप हो। परमात्माका यी तीनैथरी स्वरूपको चर्चा यहाँ गरिएको छ।

पुष्पदन्त भन्दछन्— हे भगवन् ! हजुरको निर्विशेष स्वरूपको महिमा मन एवं वाणीको विषय हुनै सक्दैन, त्यसैले मैले त्यस रूपको महिमा गाउन सक्दिन। स्वयं उपनिषद् भन्दछ— **यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह** (तै.उ.२/९/१) अर्थात् जुन तत्त्वलाई पाउन नसकी मन सहितको वाणी रित्तै फर्किन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अद्वितीय तुरीय चैतन्यको रूपमा शिवतत्त्वको वर्णन गर्ने माण्डूक्यश्रुतिले पनि उहाँलाई **अलक्षणम् अचिन्त्यम् अव्यपदेश्यम्** (मा.उ. ७) अर्थात् कुनै धर्म या विशेषताद्वारा लक्षण गर्न नसकिने, मनको विषय नभएकाले चिन्तन गर्न नसकिने र वाणीको विषय नभएकाले बताउन नसकिने भनेको छ। हुन पनि स्वयं मन जसको सत्ता-चैतन्यलाई पाएर आफ्नो मनन आदि काम गर्दछ, त्यसलाई मनले कसरी प्रकाशित गरोस्? ऊ त मन हुनुभन्दा अघि पनि छ र मन उत्पन्न भएपछि पनि त्यसलाई प्रकाशित गरिरहन्छ— **यन्मनसा न मनुते येनाहुर्मनो मतम्** (के.उ.१/१५)। त्यसैगरी वाणीले पनि आफ्नो प्रकाशक त्यस परमतत्त्वलाई प्रकाशित गर्न या बताउन सक्दैन। यहाँ शङ्का हुन्छ कि– वाणीको विषय नभएदेखि वेदवचनले कसरी ब्रह्मको प्रतिपादन गर्दछ त ? यसको उत्तरमा भनिन्छ– वेदले ब्रह्मलाई तात्पर्यतः अथवा अर्थतः बताउँछ। सीधै शब्दतः होइन। घट भन्ने शब्दले घैँटोरूप अर्थलाई प्रतिपादन गरेजस्तै यदि वेदवचनले पनि ब्रह्मलाई बताउने हो भने ब्रह्म शब्दप्रमाणद्वारा प्रकाशित हुन्छ र यसबाट ब्रह्म परप्रकाश्य हुन पुग्छ। यदि वेदले ब्रह्मलाई बताउँदै नबताउने हो भने पनि वेदको परमप्रमाणत्वमा हानि, वेदान्तश्रवण आदि सारा साधनको व्यर्थताजस्ता दोषहरू आइपर्दछन्। त्यसैले वेदले ब्रह्मलाई बुझाउने विशिष्ट प्रकार रोजेको छ, जसलाई यहाँ **अतद्व्यावृत्ति** भनिएको छ। **न तत् इति अतत्** अर्थात् ब्रह्मभन्दा भिन्न जगत् या माया आदि। तिनको **व्यावृत्ति** अर्थात् निराकरण गरी ब्रह्मलाई बुझाइन्छ।

वेदान्तशास्त्रमा ब्रह्मलाई बताउने दुई शैली छन्– विधिमुख र निषेधमुख। विधिमुख वर्णनमा ब्रह्म यस्तो छ भनी उसको स्वरूप बताइन्छ। उपनिषद्का **सत्यं ज्ञानमनन्तं ब्रह्म** (तै.उ.२/१/१), **विज्ञानमानन्दं ब्रह्म** (बृ.उ.३/९/२८), **प्रज्ञानं ब्रह्म** जस्ता वाक्यहरूले यसैगरी ब्रह्मलाई बताउँछन्। यही आधारमा सत्ता, ज्ञान र आनन्द यिनलाई ब्रह्मको स्वरूपभूत लक्षण पनि भनिन्छ। ब्रह्मको स्वरूपलाई बताउने यी सबै विधिमुख वाक्यहरूले निर्विशेष ब्रह्मलाई नभई सविशेष ब्रह्मलाई नै विषय गर्दछन् भन्ने वेदान्तशास्त्रको निर्णय छ। निषेधमुख शैली भनेको चाहिँ ब्रह्मलाई यस्तै छ भनी नबताई जगत् आदिभन्दा भिन्न रूपमा प्रतिपादन गर्नु हो। सविशेष ब्रह्ममा रहेका मायाका कार्य, माया एवं मायाका गुणलाई निषेध गरिसकेपछि जे अवशिष्ट रहन्छ, त्यही रूपमा ब्रह्मलाई बुझाउनु निषेधमुख शैली हो। उपनिषद्का

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेति नेति (बृ.उ.३/९/२६) **अस्थूलमनण्वह्रस्वमदीर्घम्** (बृ.उ.३/८/८) जस्ता वाक्यहरू निषेध शैलीले नै ब्रह्मलाई बताउँछन् । **न इति न इति** अर्थात् ब्रह्म मायाको कार्य जगत् पनि होइन र माया पनि होइन भनी वेदले ब्रह्मलाई घुमाउरो पाराले बताएको छ । यसलाई धान कुटेको लौकिक दृष्टान्तले बुझ्न सकिन्छ । भुसले नढाकिएको कुनै चामल हुँदैन, त्यसैले चामल निकाल्न पऱ्यो भने सबैले धानलाई नै कुट्नुपर्ने हुन्छ । मुसलले धानलाई कुटेपछि जब त्यसबाट भुस अलग हुन्छ तब बाँकी भागलाई चामल भनिन्छ । ठीक त्यसैगरी वेदान्तशास्त्रले पनि सगुण ब्रह्मबाट भुससमान माया एवं मायाको कार्यलाई अलग गरिसकेपछि निर्विशेष ब्रह्मचैतन्य अवशिष्ट रहन जान्छ । आखिर वेदले ब्रह्मलाई प्रतिपादन गर्ने भनेकै सविशेष अवस्थामा हो, किनभने वेदको प्रवर्तन पनि जगत्सृष्टिकै समयमा हुने हो, निर्विशेष अवस्थामा न माया, न जगत्, न त वेदप्रवृत्ति नै रहेको छ । त्यसैले मुसलले धानलाई कुटेर चामल देखाएजस्तै वेदान्तवाक्यले पनि सविशेष ब्रह्मलाई विषय गरी निर्विशेष ब्रह्मलाई अर्थतः बताउँछ । यसरी निर्विशेष ब्रह्म वेदको विषय नभएपछि उसको स्वयंप्रकाशतामा हानि आएन र वेदान्तवाक्यले अर्थतः ब्रह्मलाई बुझाउने भएपछि त्यसको परमप्रमाणत्व पनि सुरक्षित नै रहने भयो । यसरी वेदले अत्यन्त सावधानीपूर्वक ब्रह्मलाई बताउनुपर्ने भएकाले यसलाई डराई-डराई बताउनु भनिएको छ ।

सगुण ब्रह्मको महिमा पनि मन र वाणीको विषय हुन सक्दैन । त्यसैले निर्गुण ब्रह्मलाई वेदले डराई-डराई बताएजस्तै सगुण ब्रह्मलाई पनि वेदले डराई-डराई बताउने गर्दछ । निर्विशेष परमात्मा जब मायालाई स्वीकार गरी सविशेष बन्नुहुन्छ त उहाँमा अनन्त गुणहरू अभिव्यक्त हुन्छन् । उहाँको महिमा यति अनन्त हुन्छ कि मन र वाणीले त्यसको पार नपाई फर्किनुपर्छ । जब वेदले उहाँको महिमा गाउन थाल्दछ, तब ऊ पनि कुनै महिमा छुट्ला कि भनेर डराउँछ । यहाँ **अतद्व्यावृत्ति** शब्दको अर्थ जगत्भन्दा अभिन्नरूपमा भन्ने हुन्छ । यहाँ **तत्** शब्दले जगत्लाई लिनुपर्दछ । **तस्य व्यावृत्तिः तद्व्यावृत्तिः** अर्थात् जगत्लाई अलग गर्नु, **न तद्व्यावृत्तिः अतद्व्यावृत्तिः** अर्थात् सम्पूर्ण जगत्को रूपमा नै प्रतिपादन गर्नु । यसको तात्पर्य वेदले सगुण ब्रह्मको महिमा गाउँदा उहाँको विश्वरूपता या सर्वरूपतालाई प्रतिपादन गर्दछ भन्ने हो । वेद भन्दछ— **ब्रह्मैवेदं विश्वमिदं वरिष्ठम्** (मु.उ.२/२/११),

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्वकामः सर्वगन्धः सर्वरसः (छा.उ.३/१४/२) यसरी परमात्मा सगुण एवं निर्गुण दुवैरूपमा **कस्य स्तोतव्यः** अर्थात् कसद्वारा स्तुति गर्न सकिनुहुन्छ र ? भनी प्रश्न गरेर उहाँको स्तुति गर्न सकिन्न भन्ने बताउन खोजिएको छ।

श्लोकमा रहेको **कतिविधगुणः** यस पदलाई सगुण ब्रह्मपरक एवं **कस्य विषयः** यस पदावलीलाई निर्गुण ब्रह्मपरक अन्वय गर्नुपर्दछ। **कतिविधाः अनन्ताः गुणाः यस्य** यस विग्रहले सगुण परमात्माका गुणहरू अनन्त भएकाले उहाँको स्तुति हुन सक्दैन भन्ने जनाएको छ। **कस्य विषयः** यसले चाहिँ परमात्मा निर्विषय भएकाले स्तुति आदिको पनि विषय हुनुहुन्न, यसैले उहाँको स्तुति हुन सक्दैन भन्ने बुझाउँछ। परमात्माको **अर्वाचीन पद** अर्थात् साकार स्वरूप अत्यन्त आकर्षक, मनोहर भएकाले यहाँ सबैको मन एवं वाणी आकर्षित हुन्छ। आकारवान् वस्तुलाई ग्रहण गर्ने बानी परेका यी इन्द्रियहरूले परमात्माको साकार रूपलाई पाएपछि त्यसलाई छाड्दैनन्, किनभने उनीहरूले खोज्ने पूर्ण सौन्दर्य, पूर्ण माधुर्य त्यहीँ भेटिन्छ। आजसम्म परमात्माको साकार रूपमाधुर्यलाई चाख्न नपाएकाले नै यिनीहरू जगत्का अनन्त पदार्थहरूमा भड्किएका थिए। पदार्थहरूमा आफूले खोजेजस्तो पूर्ण माधुर्यलाई नपाई एकबाट अर्को विषयमा तानिइरहन्थे। अब परमात्माको साकार रूपलाई पाएपछि यिनीहरूको प्यास मेटिई यिनीहरू परमात्मामा मात्र प्रवृत्त हुन्छन्। यसैलाई भक्ति भनिन्छ। **हृषीकेण हृषीकेशसेवनं भक्तिरुत्तमा** अर्थात् विषयमा आसक्त इन्द्रियहरू परमात्मामा तानिनु र त्यहीँ अडिनु नै श्रेष्ठ भक्ति हो। यसप्रकार यहाँ परमात्माको साकार स्वरूप प्रकट हुँदा त्यसमा मन, वाणी आदि इन्द्रियहरू स्वतः आकर्षित हुने र भक्ति गर्न अत्यन्त सजिलो हुने बताइएको छ। यसलाई विष्णुपरक अर्थ गर्दा सम्पूर्ण भावहरू उही हुन्, केवल परमात्माको साकार रूप भनेर शङ्ख-चक्र-गदा-पद्मधारी चतुर्बाहु रूपलाई लिनुपर्दछ।

यस श्लोकलाई थोरै अन्वयक्रम बदलेर अर्थ गर्न पनि सकिन्छ। यसमा **अतद्व्यावृत्या चकितं यं श्रुतिः अभिधत्ते** भनी अन्वय गर्नुपर्दछ। **अतत्** भनेर ब्रह्मभन्दा भिन्न प्रपञ्चलाई लिनुपर्दछ। त्यसको **व्यावृत्ति** अर्थात् भेद या अनन्तताद्वारा स्वयं परमात्मा पनि **चकितं** अर्थात् भयभीत भएझैँ हुनुभएको छ। आफूमा अनन्त द्वैतप्रपञ्चको विस्तार भइसकेपछि परमात्मा मानौँ यो सोची

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

डराउनुहुन्छ कि– कहीँ अज्ञानीहरूले यो अनन्त संसारलाई मात्र हेर्लान् र मलाई बिर्सिएलान् । वास्तवमा सम्पूर्ण संसार अद्वितीय परमात्माकै सत्ता एवं चैतन्यमा अडिएको छ । डोरीमा सर्प अध्यस्त भएझैँ जगत् ब्रह्ममा अध्यस्त छ । तर अज्ञानी प्राणीहरू शरीर, इन्द्रिय आदि सम्पूर्ण वस्तुको अधिष्ठान भएको आत्मालाई बिर्सन्छन् र आफूलाई स्वतन्त्र अस्तित्ववाला मान्दछन् । उपनिषद्मा प्रसङ्ग आउँछ– इन्द्रादि देवताहरूले आफूहरूमा रहेको पराक्रम, सामर्थ्य परमात्माकै हो भन्ने बिर्सिँदा परमात्मा उनीहरूको अघि आश्चर्यमय यक्षको रूप लिई आउनुभयो र उनीहरूलाई शिक्षा दिनुभयो । यसैगरी यो अन्वयक्रममा **पतति** यस पदलाई खण्डाकारपूर्वक **अपतति** भन्ने बनाई मन र वचनको विशेषणको रूपमा बुझ्नुपर्दछ। **अपगता ततिः विस्तारः यस्मात्** अर्थात् जुन मन–वचन चारैतिरका पदार्थहरूमा विस्तारित हुन या तितरवितर हुन छाडी परमात्मामा नै सङ्कुचित या एकाग्र भए। यहाँ **न** भन्ने पद पछि **भवति** यस प्रश्नवाचक क्रियापदको पनि अध्याहार गर्नुपर्दछ। **अर्वाचीने पदे कस्य मनः अपतति न भवति कस्य वचः अपतति न भवति** अर्थात् परमात्माको साकार रूपमा कसको मन एवं वाणी आकर्षित भई रहन्न र ? भन्ने अर्थ बुझिन्छ। यो अर्थ पनि हरि एवं हर दुवै पक्षमा समान छ।

मधुस्फीता वाचः परमममृतं निर्मितवत-
स्तव ब्रह्मन् किं वागपि सुरगुरोर्विस्मयपदम् ।
मम त्वेतां वाणीं गुणकथनपुण्येन भवतः
पुनामीत्यर्थेऽस्मिन् पुरमथन बुद्धिर्व्यवसिता ॥३॥

पदार्थ-

ब्रह्मन् = हे सर्वव्यापक भगवन्, **परमम् अमृतम्** = परम अमृतस्वरूप, **मधुस्फीताः** = महझैँ मीठा अलङ्कार आदिले पूर्ण, **वाचः** = वेदवाणीलाई, **निर्मितवतः** = निःश्वासबाटै प्रकट गर्नुहुने, **तव** = हजुरका लागि, **सुरगुरोः** = ब्रह्माजीकै, **वाक् अपि** = वाणी पनि, **विस्मयपदं** = विस्मयकारक, **किं** = हुनसक्छ र ?, **पुरमथन** = हे त्रिपुरारि, **मम** =मेरो, **बुद्धिः** = बुद्धि, **तु** = चाहिँ, **भवतः** = हजुरको, **गुणकथनपुण्येन** = गुणगानको पुण्यद्वारा, **एतां वाणीं** =

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो वाणीलाई, **पुनामि** = पवित्र गर्दछु, **इति** = यही विचारले, **अस्मिन्** = यो, **अर्थे** = स्तुति गर्ने काममा, **व्यवसिता** = प्रवृत्त भएको छ।

भावार्थ-

हे भगवन्! परम अमृतरूप र महझैँ मीठा अनेक अलङ्कारहरूले युक्त वेदवाणीलाई पनि निःश्वासबाटै प्रकट गर्नुहुने हजुरका लागि ब्रह्माजीकै वचन पनि विस्मयकारक हुन सक्दैन। हे त्रिपुरारी! हजुरको गुणगानको पुण्यद्वारा आफ्नो वाणीलाई पवित्र गरूँ कि भन्ने अभिप्रायले मेरो बुद्धि यस स्तुति गर्ने काममा लागेको छ।

विवरण-

ज्ञानार्थक **विद्** धातुबाट वेद शब्द बन्दछ। यसको अर्थ ज्ञानको साधन या स्रोत भन्ने हुन्छ। सनातन परम्परामा वेदलाई अलौकिक अर्थलाई समेत प्रकाशित गर्ने निर्मल ज्ञानराशिको रूपमा आदर गरिन्छ। त्यसैले स्मृतिकार मनु भन्नुहुन्छ— **पितृदेवमनुष्याणां वेदश्चक्षुः सनातनम्** (मनु.स्मृ.१२/९४) अर्थात् देवता, पितृ र मनुष्य सबैका लागि वेद नै सनातन ज्ञानचक्षु हो। प्रत्यक्ष, अनुमान आदि प्रमाणले लौकिक पदार्थहरूको त ज्ञान हुन सक्छ, तर अदृष्टरूप धर्म एवं अक्षर ब्रह्मको ज्ञान वेदबाट मात्र हुन सक्छ। त्यसैले वेदको लक्षण गर्दै भनिन्छ— **धर्मब्रह्मप्रतिपादकमपौरुषेयं वाक्यं वेदः** अर्थात् धर्म र ब्रह्मलाई प्रतिपादन गर्ने अपौरुषेय वाक्य नै वेद हो। यसरी ज्ञानार्थक वेद शब्दलाई ज्ञानका साधन भएका वाक्य भन्ने अर्थमा पनि प्रयोग गरिएको छ। ज्ञानरूपमा त वेदमात्र नभई अरु सम्पूर्ण शास्त्रहरू पनि अनादि छँदैछन्, तर वेदको मन्त्र या शब्दको आनुपूर्वीलाई पनि अनादि-अपौरुषेय मानिन्छ। वेदको विशेषता यही नै हो। अपौरुषेय भन्नुको मतलब वेदलाई कुनै पनि पुरुषले नवीनरूपले रचना गरेको होइन, यो त कल्प-कल्पान्तर उही रूपमा साक्षात्कार गरिँदै पढिँदै आइएको छ भन्ने हो। मन्त्रद्रष्टा ऋषिहरूले ध्यानअवस्थामा अनाहत नादको रूपमा वेदमन्त्रको साक्षात्कार गरेका हुन्, रचना गरेका होइनन्। त्यसैगरी कल्पादिमा परमात्माले पनि यसको नवीन रूपले रचना नगरी पुरानो कल्पको उच्चारणअनुसार नै यसलाई उच्चारण गर्नुभएको हो। वेद

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भन्दछ— **धाता यथापूर्वमकल्पयत्** अर्थात् परमात्माले पूर्वकल्पको अनुसार नै वेदको प्राकट्य गर्नुभएको हो। त्यसपछि उहाँले हिरण्यगर्भ ब्रह्मालाई बनाउनुभयो र सारा ज्ञानराशि तिनलाई प्रदान गर्नुभयो— **यो ब्रह्माणं विदधाति पूर्वं यो वै वेदाँश्च प्रहिणोति तस्मै** (श्वेता.उ.६/१८)। यसरी वेदका सम्प्रदायप्रवर्तक र प्रतिपाद्य तत्त्व पनि परमात्मा नै हुनुहुन्छ। परमात्मा ज्ञानस्वरूप हुनुभएकाले ज्ञानराशिरूप वेदलाई प्रकट गर्न उहाँले कुनै प्रयास भने गर्नुपरेन, त्यो त उहाँमा स्वभावतः विद्यमान ज्ञानको अभिव्यक्तिमात्र हो। त्यसैले शास्त्रहरूले परमात्माबाट निःश्वास निस्किएसमान सजिलै वेद निस्किए भनी बताएका छन्— **निःश्वसितमेवैतद्यद् ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्वाङ्गिरसः** (बृ.उ.२/४/१०)। वेदको आधारमा नै प्राणीहरूले परमपुरुषार्थ मोक्षलाई समेत पाउन सक्छन्। त्यसैले श्लोकमा वेदवचनलाई अत्यन्त मधुर महसमान र परम हितकारी अमृतसमान भनिएको छ। यहाँ वेदको कर्मप्रतिपादक मन्त्रलाई महसँग र ब्रह्मप्रतिपादक उपनिषद्वचनलाई अमृतसँग तुलना गरिएको छ। सकाम कर्मको फल स्वर्गादिभोग सबैलाई महझैँ मीठो लाग्छ। त्यसैले कर्मप्रतिपादक मन्त्रहरूलाई महसँग तुलना गरिएको हो। उपनिषत्प्रतिपाद्य परमतत्त्वको ज्ञान जन्ममरणरूप संसारबन्धनबाट मुक्त बनाउन समर्थ छ। यसरी मृत्युबाट पर लैजाने ज्ञानलाई बताउने हुनाले उपनिषद्वाक्यलाई परम अमृत भनिएको छ। देवलोकको अमृतले त कल्पान्तसम्म मात्र जोगाउन सक्दछ, मृत्युसंसारबाट जोगाउन सक्दैन। त्यसैले ज्ञान सामान्य अमृत नभई परम अमृत नै हो।

पुष्पदन्त भन्दछन्– सर्वश्रेष्ठ अपौरुषेय वेदवचनलाई पनि निःश्वाससमान ख्याल-ख्यालमै प्रकट गर्ने हजुरलाई अरु कसको स्तुतिवचनले आकृष्ट गर्न सक्ला र? साक्षात् लोकपिता ब्रह्माजीको स्तुति पनि हजुरका लागि विस्मयकारी हुन सक्दैन। लोकव्यवहारमा जब कसैले कुनै श्रेष्ठ व्यक्तिको स्तुति गर्दछ, तब ऊ अत्यन्त फुरुङ्ग भई प्रसन्नतापूर्वक स्तुति गर्नेलाई चाहिएको वस्तु प्रदान गर्दछ, तर परमात्मालाई कुनै स्तुतिले पनि प्रसन्न पार्न नसकिएपछि के उहाँको स्तुति व्यर्थ हुन्छ त ? भन्ने शङ्का हुन सक्छ। यो शङ्का ठीक छैन, किनभने परमात्माको स्तुति आफ्नो वाणीलाई पवित्र बनाउन गर्ने हो, स्तुतिको कौशलले परमात्मालाई प्रसन्न या चकित बनाउने अभिप्रायले होइन— **न तु स्तुतिकौशलेन त्वां रञ्जयामीत्यभिप्रायेण इत्यर्थः।**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संसारका असत् पदार्थहरूको चर्चा-परिचर्चा गर्दा-गर्दै मानिसको वाणी नै असत्ले भरिपूर्ण भएको छ, अनि अर्काको दोषको वर्णन गर्दा-गर्दा यसमा दोषै-दोष भरिएको छ । यो सबै मललाई फाल्न वाणीलाई परमात्माको स्तुतिमा लगाउनुपर्दछ भन्ने पुष्पदन्तको भाव छ । यहाँ शङ्का हुनसक्छ– वाणीलाई पवित्र गर्नुको के प्रयोजन ? पवित्र गर्नुपर्ने त मनलाई हो । **मनसैवानुद्रष्टव्यम्** (बृ.उ.४/४/१९) अर्थात् परमात्मालाई साक्षात्कार गर्ने शुद्ध मनले नै हो । अतः वाणीलाई नभई मनलाई पवित्र गर्न पो प्रयास गर्नुपर्ने । त्यसैले स्तुतिको के काम ? यसको उत्तरमा टीकाकार मधुसूदन सरस्वती भन्नुहुन्छ— **वाङ्नैर्मल्येन मनोनैर्मल्यं नान्तरीयकमिति स्तुतेः सार्थक्यम्** अर्थात् वाणी निर्मल हुनेबित्तिकै मन पनि निर्मल हुन्छ । अतः स्तुति सार्थक छ । वाणीको निर्मलता मनको पवित्रताको कारण हो भन्ने बुझिन्छ । वास्तवमा जसले सबै इन्द्रियद्वारा पवित्र वस्तुलाई मात्र ग्रहण गर्दछ, त्यसैको मन पवित्र हुन्छ । इन्द्रियहरूद्वारा अपवित्र विषयको संस्कार मनमा हालिरहने व्यक्तिको मन कसैगरी पनि पवित्र हुन सक्दैन भन्ने भाव यहाँ व्यक्त भएको छ ।

यहाँ पुष्पदन्तले शिवलाई **पुरमथन** भनी सम्बोधन गरेका छन् । शिवले त्रिपुरासुर र उसको तीनै पुरलाई एउटै बाणले नष्ट गरिदिनुभएको कथा पुराणहरूमा प्रसिद्ध छ । अतः उहाँलाई पुरमथन या त्रिपुरारि भन्ने गरिन्छ । शिव प्रत्यगात्मा हुनुभएकाले शिवलीलाको आध्यात्मिक अर्थ पनि अवश्य हुन्छ । त्यो अर्थमा शिवले मुमुक्षुहरूको स्थूल, सूक्ष्म र कारण तीनैथरी पुर या शरीरलाई अनि जीवभावलाई समेत नष्ट गरिदिनुहुन्छ । शरीरलाई नौ ढोका या एघार ढोका भएको पुर(सहर)को रूपमा गरिएको वर्णन शास्त्रप्रसिद्ध नै छ— **नवद्वारे पुरे देही** (श्रीमद्भ. गी.५/१३), **पुरमेकादशद्वारम्** (क.उ.२/२/१) । यसप्रकार मुमुक्षुहरूका लागि शिव पुरमथन हुनुको विशेष प्रयोजन छ ।

यस श्लोकलाई हरिपक्षमा व्याख्या गर्दा पुरमथन शब्दको अर्थ क्षीरसागरवासी या गोकुलवासी भन्ने हुन्छ । **मथ्यते यत्र दध्यादि इति मथनं गोकुलम्** अर्थात् दही-दूध मथिने ठाउँ गोकुललाई मथन भनिन्छ । त्यसैगरी **मन्थ्यन्ते आपोऽमृतार्थं यत्र इति मथनः क्षीरोदः** अर्थात् अमृतका लागि जहाँ मन्थन गरियो त्यो क्षीरसमुद्र । **पुरं निवासस्थानं मथनः मथनं वा यस्य** अर्थात् क्षीरसागर या गोकुल जसको निवासस्थल हो त्यस्ता नारायण या कृष्ण भन्ने बुझिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अरु सबै अर्थ विष्णुपक्षमा पनि समान छ।

यो श्लोकलाई अर्को अन्वयक्रममा अर्थ गर्दा परमात्मा स्वयंले आफ्ना भक्तहरूको वाणीलाई पवित्र बनाउन त्यसलाई आफ्नो स्तुतिमा प्रवृत्त गर्नुहुन्छ भन्ने अर्थ निस्कछ। यसको अन्वयक्रम यस्तो छ— **पुरमथन ब्रह्मन्! वाचः परमम् अमृतं निर्मितवतः सुरगुरोः तव (कृते) मधुस्फीता वाक् अपि विस्मयपदं किम्? ममत्वे(निमग्नां) तां वाणीं गुणकथनपुण्येन पुनामि इति अर्थे भवतः बुद्धिः व्यवसिता।** **वाचः परमम् अमृतम्** सबैथरी वाणीको परम रहस्यलाई परमात्माले पूर्णतः जान्नुहुन्छ। यहाँ **निर्मितवान्** पद **निःशेषेण मितवान्** अर्थात् पूर्णतः नाप्नुभएको भन्ने अर्थमा षष्ठ्यन्त भई भगवान्‌को विशेषणको रूपमा आएको छ। यहाँ सुरगुरु भनेर सबै देवताका पनि गुरु परमात्मालाई बुझिन्छ। यस्ता परमात्मालाई **मधुस्फीता** अर्थात् माधुर्यले व्याप्त, **वाक्** अर्थात् साक्षात् सरस्वतीले पनि विस्मित गराउन सक्दिनन्, सामान्य भक्तको स्तुतिको के कुरा? **ममत्वे** अर्थात् जगत्‌का पदार्थको मोहजालमा नै निमग्न भएको **तां वाणीं** अर्थात् मानिसहरूको त्यस्तो वाणीलाई **पुनामि** अर्थात् पवित्र पारिदिऊँ भन्ने इच्छाले स्वयं भगवान्‌को **बुद्धि** अर्थात् इच्छाशक्ति गर्न प्रवृत्त भएको छ। यसको अर्थ परमात्माले परमकरुणावश संसारका प्राणीहरूलाई उद्धार गर्न आफैँले प्रेरित गरी स्तुति आदि गराउनुहुन्छ र त्यसबाट प्रसन्न भई तिनको कल्याण गर्नुहुन्छ भन्ने हो। उपनिषद् भन्दछ— **एष ह्येव साधु कर्म कारयति यं यमेभ्यो लोकेभ्यो उन्निनीषते** अर्थात् परमात्माले जसलाई माथिल्ला लोकमा लान खोज्नुहुन्छ, त्यसबाट सत्कर्म गराउनुहुन्छ। यो अर्थ पनि हरि र हर दुवै पक्षमा समान छ, केवल पुरमथन शब्दको अर्थ पहिलेजस्तै अलग गरिदिए पुग्दछ।

तवैश्वर्यं यत्तज्जगदुदयरक्षाप्रलयकृत्
त्रयीवस्तु व्यस्तं तिसृषु गुणभिन्नासु तनुषु।
अभव्यानामस्मिन् वरद रमणीयामरमणीं
विहन्तुं व्याक्रोशीं विदधत इहैके जडधियः ॥४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पदार्थ-

वरद = अभीष्ट वर दिने हे भगवान् !, **तव** = हजुरको, **जगदुदयरक्षाप्रलयकृत्** = जगत्को सृष्टि, स्थिति र प्रलय गर्ने, **त्रयीवस्तु** = तीनै वेदको परम तात्पर्यरूप र, **तिसृषु** = तीनवटा, **गुणभिन्नासु** = सत्त्व, रज, तम यी गुणद्वारा भिन्न-भिन्न भएका, **तनुषु** = त्रिदेवस्वरूपमा, **व्यस्तं** = विभक्त भएको, **यत्** = जुन, **ऐश्वर्यं** = ऐश्वर्य छ, **तत्** = त्यसलाई, **विहन्तुं** = खण्डित गर्न, **एके** = कोही-कोही, **जडधियः** = दुर्बुद्धि भएकाहरू, **अस्मिन्** = इहलोकमा पनि, **अभव्यानाम्**= कल्याण नहुने व्यक्तिहरूलाई, **रमणीयां**= मनपर्ने तर, **अरमणीं**= अनुचित, **व्याक्रोशीं** = आक्षेप वचन, **इह** = यस विषयमा, **विदधते** = गर्दछन् ।

भावार्थ-

हे भगवान् ! सत्त्व, रज र तम यी गुणहरूद्वारा ब्रह्मा, विष्णु र महेश्वरको रूपमा विभक्त भएको हजुरको ऐश्वर्य संसारको उत्पत्ति, स्थिति र प्रलय गर्न समर्थ छ । तीनै वेदको प्रतिपाद्य तत्त्व पनि यही हो । यस्तो अनन्त ऐश्वर्यलाई त्यस्तो व्यक्तिले मात्र खण्डन गर्न खोज्छ, जसको परलोक त के यस लोकमा पनि कल्याण हुँदैन, तर केही बुद्धिहीन मानिसहरू यस्तै आक्षेपवचन गरिरहन्छन् ।

विवरण-

यस श्लोकमा जगत्को कारणको रूपमा ईश्वरको निरूपण गरिएको छ । सृष्टिलाई हेरेर त्यसको कुनै न कुनै स्रष्टा अवश्य छ भनी निरूपण गर्ने यो युक्ति उपनिषद्मै पनि प्रसिद्ध छ । ब्रह्मको जिज्ञासा गर्ने आफ्नो सानो छोरा भृगुलाई वरुण भन्दछन्— **यतो वा इमानि भूतानि जायन्ते, येन जातानि जीवन्ति, यत्प्रयन्त्यभिसंविशन्ति तद्ब्रह्म तद्विजिज्ञासस्व** (तै.उ.३/१/१) अर्थात् जहाँबाट यी सम्पूर्ण प्राणीहरू उत्पन्न हुन्छन्, जहाँ यी अडिन्छन् र अन्तमा जहाँ गई यी सारा लीन हुन्छन्, त्यही ब्रह्म हो, त्यसकै जिज्ञासा गर । यसलाई वेदान्तशास्त्रमा ब्रह्मको तटस्थ लक्षण भनिन्छ । तटस्थ भन्नुको अर्थ **कादाचित्कत्वे सति इतरव्यावर्तकत्वम्** अर्थात् ब्रह्मभन्दा बाहिरै बसी ब्रह्मलाई बताउनु भन्ने हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सत्ता, चिद्रूपता र आनन्दरूपता ब्रह्मको स्वरूप भई ब्रह्ममा नित्य विद्यमान भएझैँ जगत्कर्तृत्व, पालकत्व र संहारकत्व ब्रह्ममा नित्य रहने होइनन्। मायालाई लिएको बेलामा मात्र ब्रह्म जगत्को रचयिता, पालयिता र संहर्ता हुने हो। फेरि, जुन बेला ब्रह्ममा जगत्कर्तृत्व छ त्यो बेला जगत्पालकत्व रहँदैन। त्यसैगरी संहारकत्व पनि रहँदैन। यसरी जगत्कर्तृत्व आदि ब्रह्ममा कहिलेकहीँ मात्र रहने धर्म हुन्। यतिचाहिँ निश्चित हो कि यी धर्म ब्रह्मलाई छाडी अन्यत्र भने कहीँ रहँदैनन्। मानिस हुन् या इन्द्रादि देवता, जगत् रच्नु कसैको वशको कुरा होइन। जगत्का पदार्थहरूलाई परस्परमा घटी-बढी मात्रामा मिलाई नयाँ आकार रचना गर्नसम्म मानिसको बुद्धिले भ्याउँछ, तर उसले जगत्मा नभएको एउटैमात्र नवीन परमाणुको रचना गर्न पनि सक्दैन। क्रममुक्तिको क्रममा सगुण ब्रह्मको लोकमा पुगेका जीवहरूमा अनन्त सामर्थ्य हुन्छ र उनीहरूले आफ्नो इच्छाको भरमा नै पितृ, देवता सबैलाई आफ्नै अघि प्रकट गर्न सक्छन् भन्ने उपनिषद्मा बताइन्छ — **स यदा पितृलोककामो भवति सङ्कल्पादेवास्य पितरः समुत्तिष्ठन्ते** (छा.उ.८/२/१) तर तिनमा अरु सबै सामर्थ्य हुँदाहुँदै पनि जगद्व्यापार अर्थात् जगत्को सृष्टि, स्थिति आदि गर्ने सामर्थ्य हुँदैन भन्ने वेदान्तशास्त्रको निर्णय छ। त्यसैले ब्रह्मसूत्रकार महर्षि वेदव्यास भन्नुहुन्छ— **जगद्व्यापारवर्जम्** (ब्र.सू. ४/४/१७)।

ब्रह्मले जगत्को सृष्टि, स्थिति र प्रलय गर्दछ भन्दा यी तीनवटा मिली ब्रह्मको एउटै लक्षण हुने हो कि यी पृथक्-पृथक् रूपमा पनि ब्रह्मका लक्षण हुन् भन्ने विषयमा समेत वेदान्तशास्त्रमा चर्चा भएको छ। आचार्यहरू भन्नुहुन्छ जगत्कर्तृत्वमात्र पनि ब्रह्मको पृथक् लक्षण हो, किनभने जगत्को रचना अरुबाट हुनसक्ने सम्भावना नै छैन। गाईको लक्षण गर्दा जसको सीङ् छ त्यही गाई हो भन्ने हो भने यो लक्षण भैँसी आदिमा पनि पुग्छ, अनि जसको माल छ त्यही गाई हो भन्दा यो लक्षण छेपारोमा पनि घट्छ। त्यसैले गाईमा मात्र रहने लक्षण गर्नुपर्‍यो भने जसको सीङ् र माल दुवै छ, त्यही गाई हो भन्नुपर्दछ। यहाँचाहिँ जगत्को स्रष्टा ब्रह्म हो यतिमात्रै भन्दा पनि लक्षण अन्यत्र कहीँ जाँदैन। त्यसैगरी जगत्पालकत्व पनि ब्रह्मको अलग लक्षण हुन सक्छ र जगत्संहारकत्व पनि ब्रह्मको अलग लक्षण हुन सक्छ। यसरी अनन्त वैचित्र्य एवम् आश्चर्यमय अनेक विशेषताहरूले युक्त भएको, मनले चिन्तन गरेर समेत नसकिने यस्तो विशाल संसारको उत्पत्ति, स्थिति र लय जहाँबाट हुन्छ, त्यही ब्रह्म हो भन्ने निश्चित हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यही श्रुति अनुकूल युक्तिको आधारमा अनेक ईश्वरवादी दार्शनिकहरूले आ–आफ्ना मतअनुसार ईश्वरसिद्धि गर्ने अनुमानहरू बनाएका छन्। नैयायिकहरू भन्दछन्— **क्षित्यङ्कुरादिकं कर्तृजन्यं कार्यत्वात् घटवत्** अर्थात् घटरूप कार्य जसरी कुमालेरूप कारणबाट उत्पन्न हुन्छ, त्यसैगरी पृथिवी आदिका परमाणुबाट द्व्यणुक, त्रसरेणुको क्रमले विश्व उत्पन्न हुन पनि कुनै चेतन कारणको अपेक्षा हुन्छ। ईश्वरको अस्तित्व स्वीकार नगर्नेहरूलाई ईश्वरवादी दार्शनिकहरूले गर्ने गरेको यो आक्षेप प्रसिद्ध छ– यदि जगत्को कर्ता कुनै सर्वसमर्थ चेतन या ईश्वर छैन भने जगत्भित्रका सबै वस्तुहरू कुनै कारणविना अनायास उत्पन्न हुनुपर्ने। त्यसो भए कुमालेविना घैंटो अनि चित्रकारविना चित्र पनि स्वतः नै बनून्। यसरी कार्यलाई हेरी कारणलाई सिद्ध गर्ने युक्तिले जगत्लाई हेरी ईश्वरलाई सिद्ध गर्दछ।

परमात्मा **त्रयीवस्तु** अर्थात् वेदका परम प्रतिपाद्य हुनुहुन्छ। उपनिषद् भन्दछ— **सर्वे वेदा यत्पदमामनन्ति** (क.उ.१/२/१५) अर्थात् सम्पूर्ण वेदहरूले जुन परम पदलाई बताउँछन्। श्रीमद्भगवद्गीतामा भनिएको छ— **वेदैश्च सर्वैरहमेव वेद्यः** (श्री.भ.गी.१५/१५) अर्थात् सम्पूर्ण वेदहरूद्वारा जानिने मै हुँ। परमेश्वर सम्पूर्ण वेदको प्रतिपाद्य हुनुहुन्छ भन्ने कुरा पुराणहरूमा सुन्दर कथात्मक ढङ्गले बताइएको पनि पाइन्छ। एकपटक ब्रह्माजीलाई जिज्ञासा भएछ कि– वेदका छुट्टा-छुट्टै मन्त्रहरूका अलग-अलग देवताहरू त छँदैछन्, सम्पूर्ण वेदद्वारा प्रतिपाद्य कुनै एउटै देवता होलान् कि नहोलान्। यसपछि उहाँले एकान्तमा गई सम्पूर्ण वेदका मन्त्रहरूद्वारा अग्निकुण्डमा हवन गरी यज्ञ सम्पन्न गर्नुभएछ। अन्तमा सम्पूर्ण वेदद्वारा समष्टि रूपमा प्रतिपाद्य शिवको नटराज स्वरूप प्रकट भएछ। नटराज रूप शिवका प्रमुख रूपहरूमध्ये एउटा हो, यसले सम्पूर्ण जगत् शिवको नृत्यबाहेक केही होइन भन्ने रहस्यलाई सङ्केत गर्दछ। नाच्ने व्यक्तिले अनेक हाउभाउ, मुद्रा आदि देखाउँछ, ती सबै मुद्राहरू नर्तकभन्दा भिन्न नभए पनि विभिन्न मुद्राका नामले प्रसिद्ध हुन्छन्। त्यसैगरी नामरूपात्मक द्वैतप्रपञ्च शिवभन्दा अभिन्न भए पनि भिन्न-भिन्न नाम र रूपमा देखिन्छ। जब शिवले नामरूपात्मक नृत्यलाई छाड्नुहुन्छ तब केवल उहाँमात्र अवशिष्ट रहनुहुन्छ। नटराज रूपले शिवमा रहने नित्य आनन्द या उल्लासलाई पनि सङ्केत गर्दछ। यसरी परम आनन्दमय एवं परम कल्याणमय शिव सबै वेदका परम तात्पर्य हुनुहुन्छ भन्ने सिद्ध हुन्छ।

पुष्पदन्त भन्दछन्– अद्वितीय शिवतत्त्व मायाका तीन गुणहरूलाई स्वीकार गरी ब्रह्मा, विष्णु र महेश्वरको रूपमा समेत प्रकट हुन्छ। जसरी व्यक्तिले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वप्नावस्थामा आफ्ना घर, परिवार र साथी-सङ्गी सबैको कल्पना गर्दछ र त्यहीँ आफूलाई पनि स्वप्नकै पात्रको रूपमा कल्पना गर्दछ, त्यसैगरी शिवले पनि मायाद्वारा सम्पूर्ण जगत्, अनेक देव-देवी आदिको कल्पना गरी स्वयम् आफूलाई पनि साकार स्वरूपमा कल्पना गर्नुहुन्छ। परमात्माको यस साकार रूपलाई महेश्वर, शिव आदि अनेक नामले पुकारिन्छ।

यहाँ जगत् उत्पत्तिको कारणको रूपमा शिवलाई बताई उहाँ अनुमान प्रमाणसिद्ध हुनुहुन्छ भनिएको छ। वेदप्रतिपाद्य तत्त्व भनी उहाँ आगमप्रमाणद्वारा सिद्ध हुनुहुन्छ भन्ने जनाइएको छ भने त्रिमूर्ति आदि साकार देवविग्रहको रूपमा शिव प्रत्यक्ष प्रमाणद्वारा सिद्ध हुनुहुन्छ भन्ने जनाइएको छ। यसप्रकार अनेक प्रमाणद्वारा सिद्ध हुनुभएका परमात्मालाई पनि नमानी नास्तिकहरू जथाभावी वचन बोल्दछन् भनी पुष्पदन्तले दुःख प्रकट गरेका छन्।

जो शिवको अस्तित्व स्वीकार गर्दैनन्, तिनीहरू कल्याणसँग द्वेष गर्नाले स्वयं **अभव्य** अर्थात् अकल्याणमय बन्दछन्। यस सन्दर्भमा शिवा भगवतीले शिवनिन्दक दक्षलाई भनेको कुरा प्रासङ्गिक हुन आउँछ— **भवानहो द्वेष्टि शिवं शिवेतरः** (श्रीमद्भा.महा.४/४/१४) अर्थात् तपाईँ अशिव-अकल्याणस्वरूप हुनुभएकाले नै कल्याणस्वरूप शिवको द्वेष गर्नुहुन्छ। शिवनिन्दापरक वाणीहरू **अभव्यानां रमणीया** अर्थात् अकल्याणमय मानिहरूलाई नै मन पर्दछन्। त्यस्ता नास्तिकहरूलाई यहाँ **जडधियः** अर्थात् बुद्धि नभएका भनी गाली गरिएको छ। जगत्का कारण, वेद प्रतिपाद्य विषय र त्रिमूर्तिस्वरूपका मूल बीज विष्णुलाई मानी यस श्लोकलाई यही रूपमा हरिपरक अर्थमा पनि लगाउन सकिन्छ।

यस श्लोकलाई अर्को क्रममा अन्वय गर्दा यसको अर्थ हे परमात्मा! जडबुद्धि भएका मानिसको अनुपयुक्त वचनलाई खण्डन गर्न कोही आस्तिक विद्वान्हरू प्रतिवादरूप शास्त्रार्थ गर्दछन् भन्ने लाग्दछ। यहाँ **जडधियः** यो पद प्रथमाको बहुवचन नभई षष्ठीको एकवचन हो। **अभव्यानां** अर्थात् अकल्याणमय व्यक्तिहरूमध्ये पनि **जडधियः** अत्यन्त जडबुद्धि व्यक्तिको **अरमणीं** अर्थात् अनुपयुक्त **व्याक्रोशीं** अर्थात् आक्षेपलाई काट्न **एके** अर्थात् शास्त्रज्ञ पुरुषहरू **व्याक्रोशीं विदधते** अर्थात् शास्त्रार्थ गर्दछन् भन्ने अर्थ बुझिन्छ। यो अर्थ पनि हरि र हर दुवै पक्षमा समान छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किमीहः किङ्कायः सखलु किमुपायस्त्रिभुवनं
किमाधारो धाता सृजति किमुपादान इति च ।
अतर्क्यैश्वर्ये त्वय्यनवसरदुःस्थो हतधियः
कुतर्कोऽयं कांश्चिन्मुखरयति मोहाय जगतः ॥५॥

पदार्थ-

खलु = निश्चय नै, **सः**= ती, **धाता** = जगत् बनाउनेले, **किमीहः** = कस्तो चेष्टा गर्दछन्, **किङ्कायः** = तिनको कस्तो शरीर छ, **किमुपायः** = कुन सामग्रीले सहित भई, **किमाधारः** = कहाँ बसेर, **किमुपादानः च** = के-के उपादानहरूलाई लिई, **त्रिभुवनं** = तीनै लोकलाई, **सृजति** = रचना गर्दछन्, **इति** = यसप्रकारका, **अतर्क्यैश्वर्ये** = अनन्त ऐश्वर्य हुनुभएका, **त्वयि** = हजुरको विषयमा, **अनवसरदुःस्थः** = अप्रासङ्गिक र विनाटुङ्गोको, **अयं** = यो, **कुतर्कः** = कुतर्कले, **जगतः** = संसारभरिका प्राणीहरूलाई, **मोहाय** = मोहित गराउन, **काँश्चित्** = कोही-कोही, **हतधियः** = बुद्धिहीनहरूलाई, **मुखरयति** = वाचाल बनाउँछ।

भावार्थ-

जगत्लाई बनाउनेवालाको चेष्टा कस्तो छ, उनको शरीर कस्तो छ र कुन ठाउँमा बसी, कस्ता सामग्रीहरूको सहायता लिई कुन-कुन उपादानहरूको प्रयोग गरेर उनले संसारको सृष्टि गर्दछन् ? भन्ने यसप्रकारका अनेक कुतर्कहरू अप्रासङ्गिक र विनाटुङ्गोका छन् । हजुरको अनन्त ऐश्वर्य त तर्कको विषय हुनसक्दैन तर पनि कोही-कोही बुद्धिहीन मानिसहरूले संसारका प्राणीहरूलाई मोहित गर्नका लागि यस्ता अनेक कुतर्कहरू उठाइरहन्छन् ।

विवरण-

यसभन्दा अघिल्लो श्लोकमा जगत्को कारणको रूपमा अनुमानप्रमाणद्वारा ईश्वरसिद्धि गरिएको थियो । जुन–जुन कार्य हुन्छ, त्यो-त्यो कुनै न कुनै कारणबाट उत्पन्न हुन्छ भन्ने नियमद्वारा जगत् रूप कार्यको पनि कुनै कर्ता छ भन्ने त्यहाँ बताइएको थियो । यही अनुमानलाई लिई पूर्वपक्षीहरूले ईश्वरको विषयमा अनेक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शङ्काहरू गरेको कुरा यस श्लोकमा बताइएको छ । पुष्पदन्तको भनाइअनुसार ईश्वरको विषयमा कुतर्क गर्नु शिवमायाको प्रभाव हो, त्यसमा कुतर्कीहरू स्वतन्त्र छैनन् भन्ने बुझिन्छ। जगत् भ्रमात्मक र मोहमय भएकाले यहाँ भ्रम र मोहको साम्राज्य चलिरहोस् भन्ने हेतुले शिवमायाले नै कुतर्कको रूप लिई ती मूर्खहरूलाई बकबक गराएको छ। नत्र आफ्नै शरीरभित्र इन्द्रिय, मन आदिलाई प्रकाशित र प्रेरित गरी सबै कार्यव्यापार सञ्चालन गर्ने प्रत्यगात्मा शिवको अस्तित्वमाथि तिनले किन शङ्का गर्दथे ? पृथिवी आदि कार्यवर्गभित्र अन्तर्यामी रूपले रहने जुन चेतन हो, त्यही आफ्नो शरीरभित्र रहने अन्तर्यामी साक्षी आत्मा भएकाले त्यसको निराकरण गर्नु के आफ्नै निराकरण भएन र ? यो सब विचार नगरी ईश्वरको निराकरण गर्नुमा पक्कै महामायाको हात छ— **बलादाकृष्य मोहाय महामाया प्रयच्छति** (श्रीदुर्गा. १/५६) । यही भाव यहाँ प्रकट भएको छ।

शङ्का गर्नेहरू भन्दछन्— यदि घैँटोजस्तै जगत् पनि कार्य भएकाले त्यसको कुनै कर्ता अवश्य सिद्ध हुन्छ भन्ने हो भने जगत्कर्ता ईश्वरमा पनि घट बनाउने कुमालेमा जस्तै सबै अवस्थाहरू देखिनुपर्ने हुन्छ । उसो भए ईश्वरले कुन इच्छाले कुन चेष्टाद्वारा जगत् बनाउँछ ? यदि ईश्वरले कुनै इच्छाले जगत् बनाउँछ भने त्यो सामान्य प्राणीहरूजस्तै कामनायुक्त हुने भयो, अनि इच्छाविना कुनै कर्ममा प्रवृत्ति नै हुँदैन । यसप्रकार पहिलो शङ्का ईश्वरको जगत् रचनासम्बन्धी इच्छाको विषयमा छ । त्यसैगरी दोस्रो शङ्का छ— **किंकायः- कः कायः शरीरं यस्य** अर्थात् जगत्कर्ता ईश्वरको शरीर कस्तो छ ? शरीरहित कुमालेले घैँटो नबनाएजस्तै शरीरहित ईश्वरले जगत् बनाउन सक्दैन। फेरि ईश्वरको त्यो शरीरलाई कसले बनायो ? यदि ईश्वर स्वयंले बनायो भन्ने हो भने शरीररचना गरुञ्जेल ईश्वर शरीररहित हुने भयो अनि अरु कसैले ईश्वरको शरीर बनाइदियो भन्ने हो भने त्यो अर्को पनि सर्वसमर्थ ईश्वर हुने भयो। यसप्रकार दोस्रो शङ्का ईश्वरको शरीरको सम्बन्धमा छ। अर्को शङ्का ईश्वरले जगत् बनाउँदा कुन-कुन सामग्रीहरूको सहायता लियो भन्ने विषयमा रहेको छ । **किमुपायः– कः उपायः सहकारिकारणम् अस्य** अर्थात् ईश्वरले जगत् बनाउँदा कुन-कुन सहकारी साधनहरूको प्रयोग गर्‍यो ? कुमालेलाई घैँटो बनाउन चक्का, लौरो, चीवर(धागो) आदि चाहिएजस्तै ईश्वरलाई जगत् बनाउन कुन-कुन साधन चाहियो ? जगत् बनाउन प्रयोग हुने ती अनेक साधनलाई पहिल्यैदेखि कसले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बनाएर राखिदिएको थियो ? कुमालेले भुइँमा बसेर नै घैँटो बनाउँछ, त्यसैगरी ईश्वरले जुन ठाउँमा बसी जगत् बनायो त्यसलाई चाहिँ पहिल्यैदेखि कसले बनाइदियो ? अर्को शङ्का जगत् बनाउँदा त्यसको उपादान कुन-कुन थिए भन्ने सम्बन्धमा छ। **किमुपादानः- किम् उपादानं समवायिरूपम् अस्य** अर्थात् जगत् बनाउन ईश्वरले कुन-कुन घटक द्रव्यहरूको प्रयोग गऱ्यो ? माटोरूप उपादानविना कुमालेले घैँटो नबनाएझैँ जगत् रचनाका लागि पनि कच्चा पदार्थहरूको रूपमा केही उपादान त पक्कै चाहियो होला ? फेरि ती उपादानलाई कसले बनायो ? भन्ने शङ्का जस्ताको तस्तै रहन्छ। यसरी ईश्वरले जगत् रचेको भन्दा यी सबै शङ्काहरूको उचित समाधान आवश्यक पर्दछ भन्ने पूर्वपक्षीहरूको भनाइ छ।

यी सबै शङ्काहरूको एउटै उत्तर हो कि– परमात्माको ऐश्वर्य अतर्क्य अर्थात् तर्कको सीमाभन्दा बाहिर छ। उपनिषद् भन्दछ— **नैषा तर्केण मतिरापनेया** (क.उ.१/९/९) अर्थात् कुतर्कद्वारा बुद्धिलाई भ्रान्त गराउनु हुँदैन। यही विषयमा ब्रह्मसूत्रकार भन्नुहुन्छ— **तर्काप्रतिष्ठात्** (ब्र.सू. २/१/११) अर्थात् तर्कको कुनै प्रतिष्ठा हुँदैन, यसलाई जता चाहियो, त्यतै घुमाउन सकिन्छ। त्यसैले तर्कको भरमा मात्र कुनै वस्तुको निर्णय हुन सक्दैन। चरा पहिला भयो कि त्यसको अण्डा भन्ने विषयमा अनन्त तर्क हुन सक्छ अनि रुख पहिला भयो कि बीउ ? भन्ने विषयमा पनि तर्क गर्न सकिन्छ। यस्ता तर्कको कुनै तुक छैन। त्यसैले परमात्माको विषयमा निर्णय गर्न तर्कको नभई शास्त्रीय प्रमाणको प्रयोग गर्नुपर्दछ। यसको अर्थ तर्क गर्नै हुँदैन भन्ने होइन, त्यो तर्क शास्त्रीय युक्तिको आधारमा गरिएको हुनुपर्दछ भन्ने मात्र हो।

शास्त्रअनुसार चाहिँ परमात्मा जगत्को निमित्त एवम् उपादानकारण दुवै हुनुहुन्छ। घैँटोका लागि कुमाले कारण भएजस्तो केवल निमित्तकारण मात्र होइन। पूर्वपक्षीले गरेका शङ्का ईश्वरलाई जगत्प्रति निमित्तकारण मात्र मान्नाले आएका हुन्, तर परमात्मा स्वयंले आफैँलाई आफैँमा जगत्को रूपमा कल्पना गर्ने भएकाले माथिका सबै शङ्काहरू निर्मूल हुन्छन्। उपनिषद् भन्दछ—

यथोर्णनाभिः सृजते गृह्णते च
यथा पृथिव्यामोषधयः सम्भवन्ति।
यथा सतः पुरुषात्केशलोमानि
तथाक्षरात्सम्भवतीह विश्वम्॥ (मु.उ.१/१/७)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माकुराले आफ्नै शरीरबाट धागो निकाली जाल बनाएझैँ, ईश्वरले पनि बाहिरी साधनको अभावमा नै जगत् बनाउनुहुन्छ । पृथिवीमा उम्रिने वृक्ष-वनस्पति पृथिवीरूप नै भएझैँ जगत् पनि परमात्माभन्दा अभिन्न नै छ अनि चेतन परमात्माबाट पनि जड जगत् बन्न सक्छ, जसरी चेतन पुरुषबाट नङ, कपाल आदि उम्रिन्छन् । यी तीन दृष्टान्तहरूद्वारा उपनिषद्ले ब्रह्मबाट कसरी जगत्को उत्पत्ति हुन्छ भन्ने कुरा स्पष्ट गरेका छन् । चेतन परमात्माले आफ्नो चैतन्यरूपतालाई नछाडिकन नै आफैँले आफैँलाई जड जगत्को रूपमा बनाउनुहुन्छ । यो उहाँको स्वभाव हो । न यसका लागि उहाँमा कुनै इच्छा छ, न त शरीर या अन्य साधनको अपेक्षा— **देवस्यैव स्वभावोऽयं आप्तकामस्य का स्पृहा** (मा.का.१/९) । परमात्माले जगत् रचना अनायास नै गर्नुहुन्छ भन्ने कुरा शास्त्रहरूमा यसरी बताइएको छ— **निःश्वसितमस्य वेदाः** (ब्र.सू.शां.भा.भामती, मङ्गल) परमात्माले सास फेर्दा वेद र वेदाङ्गहरू, वरिपरि हेर्दा पञ्च महाभूत र मुसुक्क हाँस्दा चराचर जगत् उत्पन्न हुन्छ । यस्ता अनन्त प्रभाव हुनुहुने परमात्मालाई जगत् बनाउन कुन साधनको अपेक्षा गर्नुपर्दछ र ?

मन्द अन्धकारमा अज्ञानवश डोरी सर्पको रूपमा देखिन्छ । उसो भए डोरीले आफूलाई सर्पको रूपमा कुन इच्छाले बनाउँछ ? उसले कस्तो शरीर लिई, कुन-कुन सहकारी साधन र उपादानलाई लिएर कहाँ बसी सर्पको रचना गर्छ ? आखिर डोरीले सर्पको रचना गर्न कहीँ गएको नदेखिए पनि त्यहाँ सर्प देखिएकै छ । के यी सबै तर्कहरूको समाधान अज्ञानद्वारा सर्पको रूपमा देखिनु डोरीको स्वभाव हो भन्नुभन्दा अर्को कुनै हुन सक्छ ? त्यसैले अद्वितीय शिवतत्त्वको यो स्वभाव हो कि– अज्ञानद्वारा ऊ जीव, जगत् र ईश्वरभावमा प्रकट हुन्छ ।

डोरीको सर्प त अझै बाहिरी कुरा भयो, मानिसले दिनदिनै स्वप्नावस्थामा घर, परिवार, सूर्य, चन्द्र आदि अनेक पदार्थहरूको निर्माण गरिआएको छ । स्वप्नमा उसले बाढी आएको त्यत्रो ठूलो नदी, बाघ-भालुले भरिएको वन, त्यहाँ कष्टमा फसेको आफ्नो शरीर आदिलाई कुन इच्छाले बनायो ? के व्यक्तिले म नराम्रो सपना बनाउँछु भनी त्यो सब बनाएको हो ? के व्यक्तिले त्यत्रा पदार्थहरूको रचना गर्न कुनै सहकारी साधन या उपादानहरूको प्रयोग गरेको छ ? अनि उसले त्यत्रा सूर्य र चन्द्रलाई आफ्नै शरीरभित्र कहाँ बसी बनायो ? जसरी व्यक्तिले स्वप्नभ्रमद्वारा यी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सबै पदार्थलाई रचना गर्दछ, अनि आफैँलाई पनि स्वप्नकै पात्रको रूपमा कल्पना गरी स्वप्नको भुल-भुलैयालाई अनुभव गर्दछ, त्यसैगरी शिवले पनि मायारूपी भ्रमद्वारा सारा जगत्को कल्पना गरी आफैँलाई पनि त्यही भ्रमभित्रको पात्र जीवको रूपमा समेत कल्पित गरेर भ्रमको भुलभुलैयालाई अनुभव गर्नुहुन्छ । त्यसैले वेदान्तको स्पष्ट भनाइ छ—

स्वप्नमाये यथा दृष्टे गन्धर्वनगरं यथा ।

तथा विश्वमिदं दृष्टं वेदान्तेषु विचक्षणैः ॥ (मा.का.२/३१) अर्थात् स्वप्नसंसार, जादुगरको खेल, रज्जुसर्प आदि भ्रम र आकाशमा गन्धर्वनगर जसरी देखिन्छ, त्यसैगरी परमात्मामा जगत् देखिन्छ । पूर्वपक्षीहरू जगत्लाई पूर्णतः सत्य मानी त्यसको उत्पत्ति कुनै व्यवस्थित नियमअनुसार नै हुनुपर्दछ भनेर अनेक तर्कहरू गरिरहेका छन् । वेदान्तीबाहेक अरु सबै दार्शनिकहरूले जगत्लाई सत्य नै मान्दछन् । उनीहरू त्यसको निश्चित व्यवस्था देखाउन खोज्छन् र मिलाउन नसकी दुःख पाउँछन् । वेदान्तमतमा त जगत्को उत्पत्ति या स्थितिको विषयमा कुनै निश्चित नियम या व्यवस्था नबन्नु दूषण नभई भूषण नै हो । किनभने वेदान्तको मुख्य सिद्धान्त जगत् वास्तवमा उत्पन्न भएकै छैन र भ्रमद्वारा उत्पन्न भएझैँ देखिए पनि यस अनिर्वचनीय भ्रमको निश्चित रूपले व्याख्या हुन सक्दैन भन्ने हो । त्यसैले परमात्मालाई घैँटो बनाउने कुमालेसमान मानी जगत्-उत्पत्तिको विषय शङ्का गर्नु नै अनुपयुक्त छ । यो व्याख्या पनि हरिपक्ष र हरपक्ष दुवैमा समान छ ।

अजन्मानो लोकाः किमवयववन्तोऽपि जगता-
मधिष्ठातारं किं भवविधिरनादृत्य भवति ।
अनीशो वा कुर्याद् भुवनजनने कः परिकरो
यतो मन्दास्त्वां प्रत्यमरवर संशेरत इमे ॥६॥

पदार्थ-

अमरवर = हे महादेव, **अवयववन्तः अपि** = सावयव भएका, **लोकाः** = सम्पूर्ण जगत्, **किं** = के, **अजन्मानः** = जन्मिएका होइनन् ? **जगतां** = सम्पूर्ण संसारको, **भवविधिः** = उत्पत्ति, **अधिष्ठातारं** =

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चेतन कर्तालाई, **अनादृत्य** = नमानी, **किं भवति** = के हुन सक्छ ? **अनीशः** = ईश्वरभिन्न कुनै जीवले, **कुर्यात्** = बनाउने भए, **भुवनजनने** = संसारको सृष्टिमा, **कः वा परिकरः** = कुन सामग्रीको प्रयोग हुन्छ ? **यतः** = जब कि, **इमे** = यी, **मन्दाः** = मूर्खहरू, **त्वां प्रति** = हजुरको विषयमा, **संशेरते** = संशय गर्दछन् ।

भावार्थ-

हे महादेव ! सम्पूर्ण संसार सावयव छ भने त्यो जन्मरहित कसरी हुनसक्छ ? जगत् उत्पन्न हुन्छ भने त्यहाँ कर्ताको अपेक्षा नहुने कुरा हुनसक्ला र ? फेरि सर्वसमर्थ ईश्वरबाहेक कुनै सामान्य जीवले जगत् रचना गर्ने भए त्यसका लागि के-के सामग्री हुनसक्छ ? त्यसैले हजुरबाट जगत् उत्पन्न भएको सम्बन्धमा केवल मूर्खहरूले मात्र सन्देह गर्दछन् ।

विवरण-

यस श्लोकमा ईश्वरसिद्धिको अनुमानमा अनुकूल तर्कहरू प्रस्तुत गरिएको छ । कुनै दार्शनिकहरू पृथिवी आदि महाभूतहरू उत्पन्न भएका होइनन्, यो सृष्टि त अनादि कालदेखि अनन्त कालसम्म जस्ताको तस्तै चलिरहन्छ भन्ने मान्दछन् । यो मतमा पृथिवी आदिमा कार्यत्व हेतु नै नरहने हुनाले ईश्वरसिद्धिको पूर्वोक्त **क्षित्यङ्कुरादिकं सकर्तृकं कार्यत्वात् घटवत्** भन्ने अनुमानमा स्वरूपासिद्धि दोष आइपर्छ । यसलाई निराकरण गर्न यहाँ पृथिवी आदिमा जन्यत्व अर्थात् कार्यत्व सिद्ध गरिएको छ । यसको अनुमानको आकार यस्तो छ— **क्षित्यङ्कुरादिकं जन्यं सावयवत्वात्** । यसको अर्थ जुन-जुन सावयव अर्थात् अवयववाला हुन्छ त्यो-त्यो जन्य अर्थात् उत्पन्न हुन्छ भन्ने हो । धागोहरू मिलेर कपडा बनेको र माटोका अवयवहरू मिली घैंटोरूपी अवयवी बनेको लोकप्रसिद्ध छ । यसैले कुनै पनि अवयवी वस्तु अवयवहरूको संयोगबाट उत्पन्न हुने बुझिन्छ । यो नियमबाट सावयव वस्तुमा जन्यत्व सिद्ध भए पनि निरवयव पदार्थ– परमाणु, आकाश आदिमा त जन्यत्व सिद्ध हुन सक्दैन भन्ने शङ्का हुँदा टीकाकार मधुसूदन सरस्वती लेख्नुहुन्छ— **स्वसमानसत्ताकभेदप्रतियोगित्वेनैव जन्यत्वनियमात्।** संसारमा अनन्त पदार्थहरू छन्, तिनीहरू परस्परमा भिन्न छन् । घैंटो कपडाभन्दा भिन्न छ, अनि पहाड नदीभन्दा भिन्न छ । यसरी तिनीहरूमा एक-अर्काको भेद

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बस्दछ। संसारका घैँटो, कपडा आदि सबै पदार्थहरूको सत्ता व्यावहारिक हो, त्यसैले कपडामा बस्ने घैँटोको भेद पनि व्यावहारिक नै हो। भेद अर्थात् अभाव पाइएपछि घैँटो त्यो अभावको प्रतियोगी पनि भयो। यसरी व्यावहारिक सत्तायुक्त घैँटो व्यावहारिक सत्तायुक्त आफ्नो भेदको प्रतियोगी पनि भएकाले त्यसमा जन्यत्व सिद्ध भयो। यही प्रक्रियाले परमाणु, आकाश आदि पनि पृथिवी आदिभन्दा भिन्न छँदैछन्, आकाश व्यावहारिक भएकाले पृथिवीमा पाइने त्यसको भेद पनि व्यावहारिक नै हो। त्यसैले समान सत्ता भएको भेदको प्रतियोगी भएकाले आकाश, परमाणु आदि पनि जन्य हुन् भन्ने सिद्ध हुन्छ। यहाँ भन्न खोजिएको कुरा के हो भने प्राणीहरूको दैनिक व्यवहारमा प्रयोग हुने सबैजसो पदार्थहरू उत्पन्न हुँदै नष्ट हुँदै गरेको पाइन्छ। जस्तै– घैँटो, कपडा, घर, वाहन आदि। यी पदार्थहरूलाई चाहिँ उत्पन्न गर्नुपर्ने तर यीजस्तै संसारभित्रैका पृथिवी आदिलाई उत्पन्न गर्नु नपर्ने त सम्भव हुन सक्दैन। अनन्त द्वैतप्रपञ्चको एक हिस्सा भएको घैँटो यदि उत्पन्न हुन्छ भने त्यही अनन्त प्रपञ्चको एक हिस्सा आकाश किन उत्पन्न नहुने ? यदि आकाश उत्पन्न हुँदैन भने घैँटोलाई चाहिँ किन उत्पन्न गर्नुपर्ने ? त्यसैले यौटै संसारको परिधिभित्र रहेका सबै पदार्थ परस्परमा भिन्न हुन्छन्, एकको अर्कामा भेद पाइनु यही यिनीहरूको साधर्म्य अर्थात् समता हो र यही समताद्वारा एउटा पदार्थ जन्य भएपछि अर्को पदार्थ पनि स्वतः जन्य हुन पुग्छ।

परमाणुदेखि आकाशपर्यन्तका सबै पदार्थ उत्पन्न हुनेवाला हुन् भने तिनको उत्पत्तिमा **अधिष्ठाता** अर्थात् कुनै चेतन कर्ता अवश्य चाहिन्छ। यसको अर्थ सृष्टि भएपछि त्यसको स्रष्टा अवश्य हुनुपर्दछ। यदि कसैले भन्ला– पृथिवी आदि उत्पन्न भएका पदार्थ हुन् भन्ने पनि मानौँ अनि यिनीहरूलाई उत्पन्न गर्न चेतन कर्ता चाहिन्छ भन्ने पनि मानौँ तर त्यो कर्ता ईश्वर हो भन्ने किन मान्नुपर्‍यो र ? यसको उत्तरमा भनिन्छ— **अनीशः** अर्थात् ईश्वरभन्दा भिन्न अर्को व्यक्तिले संसार बनाउन सक्दैन। सामान्य प्राणी आफूले खाएको अन्नलाई आफ्नै इच्छाले पचाउनसमेत सक्दैन। लाखौँ नाडीहरूमा निरन्तर भइरहने रगतको प्रवाह या प्राणवायुको आगमन-गमन उसको इच्छाको अधीन छैन भने उसले कसरी जगत् बनाउन सक्छ ? **अनीश्वरस्य स्वशरीररचनामप्यजानतः विचित्रचतुर्दशभुवनरचनासम्भवः** अर्थात् आफ्नै शरीरको रचना कसरी भएको छ र यसले कसरी काम गर्दछ भन्ने पनि नजान्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सामान्य प्राणीले अनन्त विचित्रताले युक्त यो जगत् बनाउन सम्भव छैन। फेरि सामान्य प्राणीलाई कुनै पनि वस्तु रचना गर्न सामग्रीको आवश्यकता पर्ने तर जगत् बन्नुभन्दा अघि जगत् निर्माणको कुनै सामग्री मिल्नु सम्भव नभएकाले पनि यो कुरा हुन सक्दैन। त्यसैले ईश्वरको विषयमा सन्देह गरी नास्तिकहरूले आफ्नै मूर्खताको परिचय दिइरहेका छन्।

वास्तवमा ईश्वरसिद्धिका लागि प्रयुक्त अनुमानलाई खण्डित गरी ईश्वरको निराकरण गर्दछु भन्ने पूर्वपक्षीको सोच नै गलत छ, किनभने ईश्वरको अस्तित्व अनुमान प्रमाणबाट सिद्ध हुने होइन। त्यो त श्रुतिप्रमाणबाट सिद्ध हुने हो। त्यसैले वेदान्तशास्त्रमा ईश्वरसिद्धिको अनुमानलाई पहाडमा धुवाँद्वारा आगो सिद्ध गर्ने अनुमानलाई जस्तो स्वतन्त्र प्रमाण मानिँदैन। यो त **श्रौत अनुमान** अर्थात् श्रुत्यनुकूल अनुमान हो। जसले श्रुतिलाई प्रमाण मान्दैन, त्यस्ताका लागि पनि ईश्वरको अस्तित्व बुझाउन श्रुतिको युक्तिलाई अनुमानको आकारमा ढालिएको मात्र हो। त्यसैले ब्रह्मसूत्रमा **जन्माद्यस्य यतः** (ब्र.सू. १/१/२) भन्ने सूत्रले जगत्-जन्मादिको कारणको रूपमा ब्रह्मलाई सिद्ध गरिसकेपछि जगत्कर्तृत्वरूप हेतुद्वारा अनुमानको आधारमा नै ब्रह्म सिद्ध हुने हो कि ? भन्ने शङ्का हुँदा त्यसको निराकरण गर्न **शास्त्रयोनित्वात्** (ब्र.सू. १/१/३) भन्ने तेस्रो सूत्र उठाइएको छ। **शास्त्रं योनिः कारणं प्रमाणम् अस्य अधिगमे** अर्थात् ब्रह्मलाई बुझ्नमा शास्त्र नै कारण या प्रमाण हो। त्यसको व्याख्या गर्दै भाष्यकार भगवत्पाद श्रीशङ्कराचार्यले तर्कहरू पनि ब्रह्मसिद्धिमा उपयोगी हुने तर तिनीहरू स्वतन्त्र प्रमाण नभई श्रुतिको सहायक हुने कुरा उल्लेख गर्नुभएको छ। यही कुरा श्लोकव्याख्याको अन्तमा मधुसूदन सरस्वती लेख्नुहुन्छ— **श्रुतिरेव परमेश्वरे प्रमाणम्, अनुमानं त्वनुकूलतर्कमात्रम्।** यसप्रकार यहाँ ईश्वरको अस्तित्वलाई सिद्ध गरिएको छ।

त्रयी साङ्ख्यं योगः पशुपतिमतं वैष्णवमिति
प्रभिन्ने प्रस्थाने परमिदमदः पथ्यमिति च।
रुचीनां वैचित्र्यादृजुकुटिल-नानापथजुषां
नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव ॥७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पदार्थ-

त्रयी = वेद, **सांख्यं** = सांख्यशास्त्र, **योगः** = योगशास्त्र, **पशुपतिमतं** = पाशुपतशास्त्र, **वैष्णवं** = वैष्णवतन्त्र, **इति** = इत्यादि, **प्रभिन्ने** = भिन्न-भिन्न, **प्रस्थाने** = शास्त्र-प्रस्थानहरूमध्ये, **इदं** = यो, **परं** = श्रेष्ठ, **अदः** = यो, **पथ्यं** = हितकारी हो, **इति च** = यस्तो प्रकारको, **रुचीनां** = रुचिहरूको, **वैचित्र्यात्** = भिन्नताले गर्दा, **नृणां** = सबै सम्प्रदायका मानिसहरूका लागि, **ऋजुकुटिलनानापथजुषां** = सीधा र बाङ्गो बाटोबाट हिंड्ने, **पयसां** = नदीहरूका लागि, **अर्णवः इव** = समुद्रजस्तै, **त्वं** =केवल हजुर नै, **एकः** = एकमात्र, **गम्यः** = अन्तिम लक्ष्य हुनुहुन्छ ।

भावार्थ-

मानिसहरूलाई जन्मान्तरीय संस्कारअनुसार वेद, सांख्य, योग, पाशुपत र वैष्णवशास्त्र यी भिन्न-भिन्न शास्त्रप्रस्थानहरूमध्ये मेरा लागि यो श्रेष्ठ हो र यो नै हितकारी हो भन्ने पृथक्-पृथक् रुचि हुने गर्दछ । यही रुचिको पृथक्ताले गर्दा अनेक सम्प्रदायमा लागेका मानिसहरूले पनि सीधा-बाङ्गा अनेक मार्गहरूबाट हिंड्ने सबै नदीहरू अन्तमा समुद्रमा मिलेझैं अद्वितीय हजुरलाई नै प्राप्त गर्दछन् ।

विवरण-

यस श्लोकमा आस्तिक दर्शनपरम्पराका आ-आफ्नै प्रक्रिया एवं मार्गहरू भए तापनि ती सबै अन्तमा परमात्मप्राप्तिमै पर्यवसित हुन्छन् भनी प्रतिपादन गरिएको छ । **त्रयी** भनेको वेद हो । यद्यपि ऋक्, यजुः, साम र अथर्व गरी वेदको चार विभाग प्रसिद्ध छ, तर तीन वेदहरूभित्रै अथर्ववेदको अन्तर्भाव हुन्छ, त्यसैले वेदलाई त्रयी भनिएको हो भन्ने एकथरी विद्वान्हरूको मत छ । अर्काथरी विद्वान्हरूको भनाइअनुसार वेदहरू चारवटा नै हुन्, किनभने वेदको विभाग बताउँदा उपनिषद्मै अथर्ववेदको स्पष्ट उल्लेख मिल्दछ, जस्तैः— **तत्रापरा ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्ववेदः** (मु.उ. १/१/५) । त्यसैले वेदलाई त्रयी भन्नुको अर्कै अर्थ छ । वेदले कर्म, उपासना र ज्ञानलाई बताउँछ । यी तीन खण्डमा विभक्त भएको हुनाले यसलाई त्रयी भनिएको हो भन्ने उनीहरूको धारणा छ । टीकाकार मधुसूदन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सरस्वतीका अनुसार यहाँ त्रयी भनेर चार वेदलाई मात्र नभई वेदका अङ्ग, उपाङ्ग र उपवेदहरू समेत मिसाएर अष्टादश विद्यालाई नै ग्रहण गर्नुपर्दछ। ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी वेद चारवटा छन् भने वेदका अङ्गहरू शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष गरी छवटा छन्। अनि पुराण, न्याय, मीमांसा र धर्मशास्त्र यी चारवटा वेदका उपाङ्ग हुन्। आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र अर्थशास्त्र यी चार उपवेदसमेत गरी यी सबै विद्याहरू अठ्ठारवटा हुन्छन्, यसैलाई अष्टादशविद्या भनिन्छ। वेदका चार उपाङ्गमध्ये पुराण शब्दले कुनै एकमात्र पुराणलाई नभई अठ्ठार पुराण, अठ्ठार उपपुराण र अन्य औपपुराण आदि सम्पूर्ण पुराणवाङ्मयलाई बुझिन्छ। न्याय भनेर न्याय र वैशेषिक दुवै दर्शनलाई लिनुपर्दछ अनि मीमांसा भनेर पूर्व र उत्तर दुवै मीमांसालाई ग्रहण गर्नुपर्दछ। त्यसैगरी रामायण, महाभारत यी इतिहासलाई धर्मशास्त्रभित्रै अन्तर्भाव गरी बुझ्नुपर्दछ। सांख्य, योग, पाशुपत र वैष्णव यी चारैवटाको यहाँ पृथक्-पृथक् ग्रहण गरिए तापनि अन्यत्रचाहिँ यी सबैको धर्मशास्त्रभित्रै अन्तर्भाव हुन्छ। वेदलाई प्रमाण मान्ने प्राचीन-अर्वाचीन अरु जति पनि सम्प्रदायहरू छन्, ती सबैको पनि यिनैमध्ये अन्तर्भाव हुन्छ। यसरी आस्तिकहरूका सबै प्रस्थानलाई त्रयी भनेर बुझिन्छ।

सामान्यतया जसले परलोक या ईश्वरलाई मान्दछ, त्यही आस्तिक हो। पूर्वीय दर्शनपरम्परामा भने आस्तिक र नास्तिक दर्शनको विभाग अलि फरक किसिमले गरिएको छ। जसले वेदलाई प्रमाण मान्दछ, त्यो आस्तिक दर्शन र जसले वेदलाई प्रमाण मान्दैन, त्यसलाई नास्तिक दर्शन भनिन्छ। यसरी दर्शनपरम्परामा ईश्वरलाई मान्ने-नमान्ने भन्दा पनि वेदलाई प्रमाण मान्ने-नमान्ने कुरा बढी महत्त्वपूर्ण मानिन्छ।

धर्म र ब्रह्मलाई प्रतिपादन गर्ने अपौरुषेय वाक्य नै वेद हो। लौकिक प्रमाणहरूद्वारा बाहिरी पदार्थहरूको ज्ञान हुन सक्छ, तर यो धर्म हो र यो अधर्म हो भनी बुझ्न वेदकै शरण लिनुपर्ने हुन्छ। महर्षि जैमिनि भन्नुहुन्छ— **चोदनालक्षणोऽर्थो धर्मः**(मीमां.सू. १/२) अर्थात् वेदको विधिवाक्यले जे गर भन्दछ, त्यही नै धर्म हो। वास्तवमा धर्मको कुनै अर्को स्वरूप छैन। जे वेदले गर भनी बताउँछ, त्यही धर्म हो र त्यसभन्दा विपरीत अधर्म— **वेदप्रणिहितो धर्मो ह्यधर्मस्तद्विपर्ययः**(श्रीमद्. भा. ६/१/४०)। वेदले भन्दछ— **अहरहः सन्ध्यामुपासीत** अर्थात् दिनदिनै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सन्ध्योपासना गर। त्यसैगरी **मा हिंस्यात् सर्वा भूतानि** अर्थात् कुनै पनि प्राणीको हिंसा नगर। यही सुनेर मानिसहरूलाई सन्ध्योपासना गर्नु धर्म हो र हिंसा गर्नु पाप या अधर्म हो भन्ने थाहा हुन्छ। हुन त पुराण, धर्मशास्त्र आदिमा धर्म-अधर्मको चर्चा आउँछ, तर ती सबै वेदका अङ्ग भएकाले र वेदार्थकै व्याख्यारूप भएकाले धर्म-अधर्मको निर्णय वेदकै अधीन छ। त्यसैगरी ब्रह्मको ज्ञान पनि वेदबाट मात्र हुन सक्छ। यद्यपि ब्रह्मतत्त्व नित्य अपरोक्ष छ र यसको सिद्धि कुनै प्रमाणको अधीनमा छैन। त्यसैले यसलाई साक्षात् अपरोक्ष पनि भनिन्छ— **यत्साक्षादपरोक्षाद्ब्रह्म** (बृ.उ. ३/४/१)। तर ब्रह्मलाई नजानिएझैँ बनाई ढाकिदिने अज्ञानलाई हटाउनचाहिँ ब्रह्मज्ञानको आवश्यकता पर्दछ। यसका लागि उपनिषद्वाक्यको श्रवण, मनन एवं निदिध्यासनको आवश्यकता पर्दछ। उपनिषत्प्रमाणद्वारा मात्र जान्न सकिने भएकाले आत्मालाई औपनिषद पुरुष भनी बताइएको छ।

वेद अपौरुषेय प्रमाण भएकाले पनि सर्वोपरि छ। प्रत्यक्ष, अनुमान आदि अरु प्रमाणहरू पुरुषसापेक्ष छन्। पुरुषमा रहने भ्रम, प्रमाद आदि दोषद्वारा अयथार्थ ज्ञान हुन सक्छ। जस्तै सर्पदेखि असाध्यै डराउने मान्छेले मन्द अन्धकारमा डोरीलाई पनि सर्पकै रूपमा देख्छ। यसरी प्रत्यक्ष ज्ञान पनि व्यक्तिसापेक्ष र भ्रमपूर्ण हुन सक्छ। व्यक्तिका इन्द्रियहरूको सामर्थ्य पनि सीमित हुन्छ, फेरि उसमा लोभ आदि स्वार्थीभाव र आलस्यजस्ता दुर्गुणहरू पनि रहन्छन्। यी सबैद्वारा उसको ज्ञानको प्रामाणिकता सन्देहास्पद हुन जान्छ। तर अपौरुषेय वेदमा यी कुनै दोष रहन्नन्। सर्वज्ञ परमात्माका वचनस्वरूप भएकाले लौकिक-अलौकिक सबै रहस्यलाई जान्ने परमात्माको ज्ञानशक्ति यहाँ प्रकट भएको हुन्छ। अतः वेदलाई **परमप्रमाण** अर्थात् सबैभन्दा बलियो प्रमाण मानिन्छ। एउटा आस्तिक व्यक्तिले आफैँले अनुभव गरेको कुरा पनि वेदविरुद्ध रहेछ भन्ने थाहा पायो भने ऊ त्यस कुरामा म नै भ्रममा परेको रहेछु भन्ने मान्न तयार हुन्छ। वेदार्थप्रतिको यही पूर्ण आस्था र समर्पणले उसलाई वेदका परम प्रतिपाद्य परमात्मतत्त्वको साक्षात्कारसम्म पुग्ने ढोका खोलिदिन्छ। अझ स्मृतिकार मनु त चार वर्ण, तीन लोक, चार आश्रम र भूत–भविष्य एवं वर्तमान सबै वेदबाट नै प्रकट भएका हुन् भनी सारा जगत्को उत्पत्ति नै वेदको अधीनमा रहेको मान्नुहुन्छ। शास्त्रमा भनिएको छ— **भूरिति व्याहरत भूमिमसृजत** अर्थात् सृष्टिकर्ता ब्रह्माजीले **भूः** भन्ने वैदिक शब्दको उच्चारण गरेर नै भूमिको सृजना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्नुभयो । त्यसैले सनातनपरम्परामा वेद केवल ज्ञानको स्रोतमात्र नभई सारा संसारसृष्टिको मूल पनि हो ।

वेद मन्त्र र ब्राह्मण गरी दुई भागमा विभक्त छ । यज्ञानुष्ठानसँग सम्बन्धित द्रव्य र देवताको विषयमा बताउने या तिनको स्मृति गराइदिने मन्त्र हुन् । यिनको समूहलाई संहिता भनिन्छ । ऋग्वेदसंहिता, यजुर्वेदसंहिता र सामवेदसंहिता गरी मुख्यतः तीन संहिता प्रसिद्ध छन् । यीमध्ये गायत्री आदि छन्दमा बाँधिएका मन्त्रहरूको समूहलाई ऋग्वेद भनिन्छ, तिनै ऋचाहरू गीतिविशिष्ट हुँदा तिनको सङ्ग्रहलाई सामवेद भनिन्छ भने यजुर्वेदचाहिँ यी दुवैभन्दा विलक्षण मन्त्रहरूको सङ्ग्रह हो । यसप्रकार मन्त्रसंहिता तीनथरी भएजस्तो ब्राह्मण पनि तीनैथरी रहेको छ । संहिताहरूमा यज्ञसम्बन्धी मन्त्रहरूको सङ्ग्रहमात्र हुन्छ, ती मन्त्रहरूमध्ये कस-कसलाई कुन-कुन यज्ञमा कसरी प्रयोग गर्ने भन्ने कुरा ब्राह्मणभागले नै बताउँछ । त्यसैगरी यज्ञीय प्रयोगका आध्यात्मिक रहस्यहरू र आत्मतत्त्वसम्बन्धी वर्णनहरू पनि यिनै ब्राह्मण ग्रन्थ एवं ब्राह्मण भागकै अङ्ग मानिने आरण्यक शास्त्रहरूमा पाइन्छ । यसरी यज्ञीय प्रयोगदेखि रहस्यात्मक चिन्तनसम्म ब्राह्मणग्रन्थहरूको क्षेत्र रहेको देखिन्छ । ब्राह्मणमध्ये पनि कुनै कुराको विधान गर्ने अर्थात् यसो गर भनी बताउने भागलाई विधिभाग भनिन्छ । कुनै कुराको निन्दा या प्रशंसा गरी विधिलाई पुष्टि गर्ने भागलाई अर्थवाद भनिन्छ भने यी दुवैभन्दा विलक्षण तत्त्वप्रतिपादक भागलाई उपनिषद् भनिन्छ ।

विधि के हो ? भन्ने विषयमा पनि शास्त्रकारहरूका अनेक धारणाहरू छन् । **अग्निहोत्रं जुहुयात् स्वर्गकामः** यस वाक्यले अग्निहोत्र यज्ञ गर्नुपर्दछ भन्ने बुझिन्छ । यहाँ अग्निहोत्रलाई कर्म बनाई हवनको विधान गरिएको छ । यस विषयमा मीमांसकहरू भन्दछन् स्वर्ग जान चाहने मान्छेले जुन अग्निहोत्र यज्ञ गर्दछ, त्यो यज्ञ त क्षणप्रध्वंसी छ अर्थात् निश्चित अवधिपछि त्यो समाप्त हुन्छ तर मृत्यु नभई स्वर्ग नपुगिने हुनाले पहिल्यै नष्ट भइसकेको यज्ञले पछि हुने स्वर्गफललाई दिन सक्दैन । त्यसैले यज्ञद्वारा उत्पन्न हुने अनि स्वर्गफललाई उत्पन्न गर्नसक्ने मध्यवर्ती अदृष्टको कल्पना गर्नुपर्दछ । यसैलाई **नियोग** भनिन्छ । यजमानले यही नियोग उत्पन्न गर्न यज्ञ गरेको हुन्छ । सामान्यतया कर्म गरेपछि कर्मानुसारको धर्म–अधर्म उत्पन्न हुन्छ र त्यहीअनुसार शुभ–अशुभ फल पाइन्छ भनी प्रसिद्ध जनधारणालाई नै अलि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दार्शनिक शैलीमा व्याख्या गर्दै मीमांसकहरूले अदृष्ट या नियोगको प्रतिपादन गरेको बुझिन्छ। उनीहरूको विशेष धारणा के हो भने **अग्निहोत्रं जुहुयात्** भन्ने विधिवाक्यमा नै यस नियोगको प्रतीति हुनुपर्दछ, नत्र क्षणिक क्रियाले स्वर्गफल दिन नसक्ने हुनाले यजमानको यज्ञमा प्रवृत्ति नै हुँदैन। त्यसैले उनीहरू जुहुयात् यस विध्यर्थक क्रियापदलाई धातु, लकार आदिको रूपमा छुट्याई त्यसको भिन्न-भिन्न अर्थ बताउँछन्। हु धातुको अर्थ देवताको उद्देश्यले चरु आदि द्रव्यको त्याग गर्नु या अर्पण गर्नु भन्ने हुन्छ। लिङ्लकारको अर्थचाहिँ शाब्दी भावना हो। अनि आख्यातार्थ या लकारार्थचाहिँ आर्थी भावना हो। यसप्रकार **अग्निहोत्रं जुहुयात्** यस वाक्यको पूरा रूप हुन्छ— **अग्निहोत्रहोमेन इष्टं भावयेत्** अर्थात् अग्निहोत्र यागद्वारा स्वर्गसाधक अपूर्वलाई उत्पन्न गर्नू। यही नियोग नै विधि हो भन्ने प्राभाकर मीमांसकहरूको मत छ। भाट्ट मीमांसकहरू चाहिँ शाब्दी भावनालाई नै विधि मान्दछन्, अनि तार्किकहरू इष्टसाधनतालाई नै विधि मान्दछन्। जसरी शयन, जलपान आदि लौकिक क्रियाहरूमा इष्टसाधनताको ज्ञान अर्थात् यो गर्नु मेरा लागि सुखको साधन हो भन्ने बोधद्वारा प्रवृत्त भइन्छ, त्यसैगरी यागादि कर्ममा पनि त्यही इष्टसाधनताको ज्ञान प्रवर्तक हुन्छ भन्ने तार्किकहरूको मत छ। यसरी विधिको विषयमा अनेक मतहरू रहेका छन्।

विधिलाई पनि फेरि चार भागमा विभक्त गरिएको छ– उत्पत्ति विधि, अधिकार विधि, विनियोग विधि र प्रयोग विधि। कर्मको स्वरूपलाई मात्र बताउने विधिलाई उत्पत्तिविधि भनिन्छ। अधिकार विधि भनेको चाहिँ इतिकर्तव्यतासहित यागको फलसँग सम्बन्ध बताउने विधिवाक्य हो। यज्ञका अङ्गहरूको यज्ञसँग सम्बन्धलाई बताउने विधि विनियोग विधि हो र तीनै विधिलाई मिलाई अङ्गसहित प्रधान कर्मलाई एउटै प्रयोगमा विधान गर्ने वाक्यलाई प्रयोग विधि हो।

अर्थवाद वाक्य भनेको विधिवाक्यझैँ कुनै कर्म आदिको विधान नगर्ने तर कर्मको निन्दा या प्रशंसाद्वारा विधिप्रतिपादित अर्थलाई नै परिपुष्ट गर्ने वाक्य हो। जस्तै– दिनदिनै सन्ध्योपासना गर्नुपर्दछ भन्ने विधिवाक्यले बताएकै अर्थलाई **ऋषयो दीर्घसन्ध्यत्वाद् दीर्घमायुरवाप्नुवन्** अर्थात् ऋषिहरूले दीर्घकालसम्म सन्ध्या गर्ने गरेकाले उनीहरू दीर्घायु भए भन्ने वाक्यले पुष्टि गरेको छ। यसरी कहीँ प्रशंसाद्वारा अनि कहीँ निन्दाद्वारा विधिप्रतिपादित अर्थलाई परिपुष्ट गर्नु यसको काम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हो। यो अर्थवाद पनि तीन प्रकारको हुन्छ– गुणवाद, अनुवाद र भूतार्थवाद। जुन वाक्यको शक्यार्थ या अभिधार्थ प्रत्यक्षादि प्रमाणद्वारा विरुद्ध छ, तर कुनै गौण अर्थ या तात्पर्यार्थ बताई उसले विधिवाक्यको अर्थलाई पुष्ट गर्दछ भने त्यसलाई गुणवाद भनिन्छ। प्रमाणान्तरद्वारा पनि सिद्ध नै भएको कुरालाई बताई विध्यर्थलाई पुष्ट गर्ने वाक्य अनुवाद वाक्य हो, अनि यी दुवैभन्दा भिन्न अर्थवाद वाक्यलाई भूतार्थवाद वाक्य भनिन्छ। यो वाक्य न प्रमाणन्तरद्वारा विरुद्ध अर्थ बताउँछ न त प्रमाणान्तरद्वारा सिद्ध अर्थलाई नै। आख्यानात्मक प्रसङ्ग भएका वाक्यहरूलाई कुनै न कुनै विधिकै शेष मानी भूतार्थवादभित्र गणना गरिन्छ।

वेदान्त अर्थात् उपनिषद्वाक्यहरू विधि र अर्थवाद दुवैभन्दा भित्र छन् किनभने अज्ञात अर्थलाई बुझाई अनुष्ठानमा समेत प्रवृत्ति गराउने वाक्यलाई विधिवाक्य भनिन्छ। वेदान्तले जीव र ब्रह्मको एकतारूपी अज्ञात अर्थलाई बताए पनि कुनै अनुष्ठानमा प्रवृत्त गर्दैन। स्वर्ग जान चाहनेले अग्निहोत्र यज्ञ गरोस् भन्ने सुनेपछि जसरी मानिस यज्ञानुष्ठानमा प्रवृत्त हुन्छ, त्यसरी **तत्त्वमसि** अर्थात् तिमी त्यही हौ भन्ने सुनेपछि कुनै अनुष्ठानमा प्रवृत्त हुँदैन। यसैगरी अर्थवाद वाक्य स्वयंमा प्रमाणयुक्त हुँदैन र अरु कुनै पुरुषार्थलाई सिद्ध गर्न पनि सक्दैन। तर वेदान्त वाक्यचाहिँ उपक्रम, उपसंहार आदि तात्पर्यनिर्णायक लिङ्गहरूद्वारा जीव र ब्रह्मको एकतारूपी अर्थलाई प्रामाणिक रूपमा बताउँछ, अनि परमपुरुषार्थरूप मोक्षफललाई प्रदान गर्दछ। अतः उपनिषद् विधि र अर्थवादभन्दा भिन्न वाक्य हो। उपनिषद्हरूमध्ये कुनै ब्राह्मण-आरण्यक ग्रन्थहरूमा आएका छन् भने कुनै मन्त्रात्मक मूल संहितामा। जस्तै– बृहदारण्यकोपनिषद् आरण्यकभित्र पर्ने उपनिषद् हो भने ईशावास्योपनिषद् शुक्लयजुर्वेदीय संहितामा पर्दछ। यसरी मन्त्र र ब्राह्मणभागको समष्टिलाई नै वेद भनिन्छ।

चार वेदका चार उपवेदहरू क्रमशः आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र अर्थशास्त्र हुन्। तीमध्ये धन्वन्तरि, भारद्वाज आदिद्वारा उपदेश गरिएको र चरकद्वारा संक्षिप्त रूपमा ग्रन्थाकारमा रचना गरिएको चरकसंहिता नामक आयुर्वेदशास्त्र प्रसिद्ध छ। त्यसैगरी सुश्रुतले पनि अर्को ग्रन्थ रचना गरेका छन्। आयुर्वेद शास्त्रले रोग एवं त्यसको कारण र रोगनिवृत्ति एवं त्यसको साधनलाई बताउँछ। यसैगरी धनुर्वेद विश्वामित्रद्वारा रचना गरिएको हो। दीक्षापाद, सङ्ग्रहपाद, सिद्धिपाद र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रयोगपाद गरी चार पाउ रहेको यस शास्त्रको पहिलो पाउमा आयुधको लक्षण, तिनको मुक्त, अमुक्त, मुक्तामुक्त र यन्त्रमुक्त गरी चार प्रकारको भेद, यिनका अधिकारी- क्षत्रिय कुमारहरूको दीक्षा, अभिषेक आदि बताइएको छ । विशेष प्रकारका अस्त्र-शस्त्रहरूको लक्षण र सङ्ग्रहप्रकार दोस्रो पाउमा बताइएको छ भने तेस्रो र चौथो पाउमा गुरुपरम्पराप्राप्त विशेष अस्त्र-शस्त्रहरूको अभ्यास र मन्त्र एवं अभ्यासद्वारा सिद्ध भएका विशेष अस्त्रहरूको प्रयोगप्रक्रिया बताइएको छ । यसरी धनुर्वेदले दुष्टहरूबाट प्रजा एवं देशको रक्षा गर्नका लागि क्षत्रियहरूलाई स्वधर्मरूप युद्धको ज्ञान दिन्छ । गान्धर्ववेद शास्त्रलाई भरतमुनिले रचना गर्नुभएको हो । नृत्य, गीत, वाद्य आदि अनेक प्रकार भएको यस शास्त्रको प्रयोजन देवताको आराधना गर्नु, स्वरसाधनाद्वारा नादको अनुभव गर्दै निर्विकल्प समाधिमा पुग्नु हो । नादसाधना यदि असली रूपमा गर्ने हो भने त्यसले अनाहत नादमा अवश्य पुऱ्याउँछ । शिव, सरस्वती, विष्णु, कृष्ण आदिसँग नादयन्त्रहरू- डमरु, वीणा, शङ्ख, मुरली आदि रहेबाट नादको सम्बन्ध परमात्मासँग छ भन्ने बुझिन्छ । त्यसैगरी अर्थशास्त्रचाहिँ नीतिशास्त्र, शिल्पशास्त्र आदि रूपमा अनेक प्रकारको छ । भीष्म, विदुर आदिद्वारा बताइएका र महाभारत आदिमा प्रसिद्ध अनेक नीति-प्रकरणहरू छन् । अनि हात्ती-घोडा आदि पशुहरूको नस्ल परीक्षण र प्रयोगको ज्ञान, कृषि-व्यापार एवं अन्य शिल्पको ज्ञानदेखि लिएर चौसठ्ठी कलाको ज्ञानसमेत अर्थशास्त्रभित्रै पर्दछ । चौसठ्ठी कलाभित्र भोजन बनाउने, कविता नाटकआदि रचना गर्ने, माला एवं वस्त्रहरूद्वारा श्रृङ्गार गर्ने, रत्नहरू पर्गेल्ने, सुगा आदिको स्वर अनुकरण गर्नेदेखि लिएर वास्तुविद्या, जुवाको ज्ञान आदि अनेक कलाको ज्ञान पर्दछन् । यसरी चार उपवेदहरूको पनि लौकिक-अलौकिक प्रयोजन रहेको देखिन्छ ।

वेदका छ अङ्ग- शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिषलाई क्रमशः मानवीय अङ्गको रूपमा घ्राणेन्द्रिय, हात, मुख, श्रोत्रेन्द्रिय, पाउ र आँखासमान मानिएको छ । घ्राणेन्द्रिय नभएको मानिसले सुगन्ध-दुर्गन्ध छुट्याउन नसकेजस्तो शिक्षाविना मानिसले वेदका उदात्त, अनुदात्तआदि स्वरहरूको भेदलाई छुट्याउन सक्दैन । हात नभएको मानिसले कुनै काम गर्न नसकेजस्तै कल्पलाई नजानी मानिसले कुनै यज्ञीय प्रयोगहरू सम्पन्न गर्न सक्दैन । मुख नभएको मानिसले बोल्न, व्यवहार गर्न केही नसकेजस्तो व्याकरणको ज्ञानविना पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मानिसले वेदको अध्ययन गरी अर्थ बुझ्ने, त्यसको प्रयोग गर्ने आदि केही पनि गर्न सक्दैन। श्रोत्रेन्द्रियविना मानिसले अर्काको बोली सुन्न-बुझ्न नसकेजस्तो निरुक्तको ज्ञानविना पनि मानिसले वैदिक शब्दको अर्थ बुझ्न सक्दैन। पाउविना मानिस हिंड्न नसकेजस्तै छन्दको ज्ञानविना व्यक्ति वेदको उच्चारण गर्ने दिशामा एक पाइला पनि बढ्न सक्दैन। अनि आँखाविना मानिसले आफू बस्नका लागि कुन ठाउँ योग्य-अयोग्य छ भनी छुट्याउन नसकेजस्तो ज्योतिषविना पनि व्यक्तिले यज्ञीय प्रयोगका लागि कुन समय योग्य-अयोग्य छ केही पनि छुट्याउन सक्दैन। यसैले यी छ शास्त्रलाई वेदका छ अङ्ग भनिन्छ।

यीमध्ये शिक्षाको काम उदात्त, अनुदात्त, स्वरित यी स्वरहरूको उच्चारण सिकाउनु हो। कुन वर्णलाई कसरी र कति मात्रामा उच्चारण गर्ने भन्ने कुरा शिक्षाले बताउँछ। सबै वेदमा प्रयोग हुने गरी पाणिनि मुनिले बनाएको शिक्षा नौ खण्डको छ र वेदैपिच्छेका प्रातिशाख्य भनिने शिक्षाग्रन्थहरू भिन्न-भिन्न छन्। यिनले आ-आफ्नो वेदको उच्चारण-प्रक्रियालाई बताउँछन्। उदात्त, अनुदात्त स्वरितलाई जुन रूपमा उच्चारण गर्नुपर्ने हो, त्यहीरूपमा उच्चारण नगर्दा वैदिक प्रयोगको फल नै विपरीतसमेत हुन सक्छ। यसको उदाहरणका लागि त्वष्टा ऋषिले इन्द्रलाई मार्ने पुत्र उत्पन्न गर्न **इन्द्रशत्रो विवर्धस्व स्वाहा** भन्दै यज्ञमा आहुति गर्दा उच्चारण-प्रक्रिया थोरै फरक पर्न जानाले इन्द्रलाई मार्ने नभई इन्द्रले नै मार्ने वृत्रको उत्पत्ति भएको पौराणिक कथा प्रसिद्ध छ। त्यसैले शिक्षा ग्रन्थको अध्ययन आवश्यक छ।

व्याकरणको काम शब्दहरूको व्युत्पादन गर्नु, तिनलाई प्रकृति-प्रत्ययमा छुट्याउन या सन्धि-समास आदिद्वारा जोड्न सिकाउनु हो। व्याकरणको ज्ञानविना व्यक्तिले वेदमा सुनिएका समस्त पदहरूको कुन समासको आधारमा के अर्थ हो भन्ने कुरा बुझ्न सक्दैन। अनि कर्ता, कर्म आदिको परस्परमा अन्वय या सम्बन्धलाई निर्क्योल गरी पूर्ण वाक्यको अर्थ के हो ? भन्ने पनि बुझ्न सक्दैन। यज्ञीय प्रयोगका क्रममा उदाहरण रूपमा बताइएको एउटा शब्दलाई हेरी अरु-अरु शब्दलाई पनि त्यही वचन, लिङ्ग, विभक्तिमा रूपायन गरी प्रयोग गर्न पनि व्याकरणकै ज्ञान चाहिन्छ। जस्तै **इन्द्राय स्वाहा** भनी उदाहरणमा बताइएबाट विष्णु, ब्रह्मा, निर्ऋति आदि देवताहरूलाई पनि चतुर्थ्यन्त नाम बनाई **विष्णवे स्वाहा, ब्रह्मणे स्वाहा, निर्ऋतये स्वाहा** भनी प्रयोग गर्न व्याकरणको ज्ञान चाहिन्छ। महामुनि पाणिनिले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महेश्वरको आशीर्वादबाट प्राप्त **अइउण्** आदि प्रत्याहारसूत्रहरूलाई मूल आधार बनाई **वृद्धिरादैच्** सूत्रबाट आरम्भ गरी **अ अ** भन्ने सूत्रसम्म जम्मा आठ अध्यायमा विभक्त अष्टाध्यायी ग्रन्थको रचना गर्नुभएको छ । सूत्रमाथि भगवान् शङ्करकै कृपापात्र गण यिनै पुष्पदन्तले पृथिवीलोकमा कात्यायनको रूपमा अवतीर्ण भई वार्तिक रचना गर्नुभएको छ भने सूत्र एवं वार्तिकमाथि शेषावतार भगवान् पतञ्जलिले विस्तृत महाभाष्य रचना गर्नुभएको छ । वास्तमा सबै विद्याहरूका प्रवर्तक र आदिस्रोत शिव नै हुनुहुन्छ— **ईशानः सर्वविद्यानाम्** । तर व्याकरण शास्त्रचाहिँ महेश्वरद्वारा नै पूर्णतः संरक्षित रहँदै आएको छ । पाणिनिमाथि कृपा गरी व्याकरण प्रवर्तन गर्नु, आफ्नो कृपापात्र गणलाई पठाई वार्तिक रच्न लगाउनु र जटाजूटमा बाँधिएको शेषलाई पठाई महाभाष्य रच्न लगाउनु महेश्वरको नै कृपा हो । यसैले यी तीन मुनिद्वारा प्रवर्तित व्याकरणलाई माहेश्वर व्याकरण भनिन्छ । यद्यपि ऐन्द्र, कौमार आदि अरु पनि व्याकरणहरू प्रसिद्ध छन्, तर मधुसूदन सरस्वतीका अनुसार वेदको अङ्ग माहेश्वर व्याकरण नै हो । अरु व्याकरणको मुख्य प्रयोजन लौकिक पदहरूको सिद्धि गर्नुमात्र हो ।

निरुक्त वैदिक शब्दहरूको अर्थ बताउने वैदिक शब्दकोष हो । यास्काचार्यले **समाम्नायः समाम्नातः** बाट आरम्भ गरी तेह्र अध्यायमा निरुक्त ग्रन्थको रचना गर्नुभएको छ । यहाँ नाम, आख्यात, निपात र उपसर्गको भेदले चारथरी पदको विभाग गरी वैदिक पदहरूको अर्थ गरिएको छ । **सृण्येव जर्भरी तुर्फरी** जस्ता क्लिष्ट मन्त्रहरूको अर्थ निरुक्तको अध्ययनविना लाग्न सक्दैन । अर्थज्ञानविनाको वेदको अध्ययन गधाले चन्दनको भारी बोकेसमान महत्त्वहीन हुन्छ । शब्दार्थज्ञानकै लागि यास्कले निघण्टु नामक पञ्चाध्यायात्मक ग्रन्थको पनि रचना गर्नुभएको छ, त्यसलाई निरुक्तकै अन्तर्गत लिनुपर्दछ । त्यसैगरी अमरसिंह, हेमचन्द्र आदिद्वारा विरचित कोषग्रन्थहरूलाई पनि निघण्टुसमान निरुक्तअन्तर्गत मानी अध्ययन गर्नुपर्दछ ।

छन्दःशास्त्र पिङ्गल मुनिले रचना गर्नुभएको हो । छन्दको ज्ञानविना वेदमन्त्रको अध्ययन अपूर्ण हुने हुनाले यसको पनि अध्ययन गर्नुपर्दछ । पिङ्गल मुनिले **धी श्री स्त्रीम्** सूत्रबाट आरम्भ गरी आठ अध्यायमा विभक्त छन्दःशास्त्र बनाउनुभएको छ । यसमा पाँच अध्यायसम्म वेदमा प्रयोग हुने छन्दको निरूपण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरिएको छ भने अन्तका तीन अध्यायमा पुराण, इतिहास आदि ग्रन्थहरूमा समेत प्रयोग हुने लौकिक छन्दहरूको निरूपण गरिएको छ।

वैदिक कर्ममा समयको ज्ञान अन्यन्त अपेक्षित हुनाले ज्योतिषशास्त्रको पनि अध्ययन आवश्यक छ। वेदमा दर्श, पौर्णमासजस्ता यज्ञहरूको प्रसङ्ग आउँछ। त्यसका लागि कहिले अमावस्या अनि कहिले पूर्णिमा भनी बुझ्नु आवश्यक छ। मास, ऋतु र संवत्सरको ज्ञान ज्योतिषशास्त्रकै अधीनमा छ। त्यसैले आचार्य अलगध, गर्ग आदिले ज्योतिषशास्त्रका अनेक ग्रन्थहरू रचना गरेका छन्। ज्योतिर्मण्डलीय ताराहरूको गति, अवस्थिति, राशिसञ्चरण आदि सबैथरी अध्ययन गर्ने ज्योतिषशास्त्र ऋषिहरूको आन्तरिक ज्ञानचक्षुद्वारा साक्षात्कृत र परिवर्धित प्रत्यक्ष प्रमाणभूत शास्त्र हो। ग्रहण आदिको निर्णय गर्न आजसम्म पनि यस शास्त्रको प्रामाणिकता निःसन्दिग्धरूपमा सिद्ध छ।

वैदिक अनुष्ठानको प्रयोग र त्यसको क्रमलाई जान्न कल्पसूत्रहरूको अध्ययन आवश्यक पर्दछ। कल्पसूत्रहरू पनि अनेक प्रकारका छन्। होता, उद्गाता र अध्वर्युसम्बन्धी प्रयोगका लागि पृथक्-पृथक् कल्पसूत्रहरू रचिएका छन्। तीमध्ये होतासम्बन्धी प्रयोगका लागि आश्वलायन, सांख्यायन आदिले कल्पसूत्र रचना गरेका छन्, अध्वर्युसँग सम्बन्धित कल्पसूत्र बौधायन, आपस्तम्ब, कात्यायन आदिले बनाएका छन् भने उद्गातासँग सम्बन्धित प्रयोगका लागिचाहिँ लाठ्यायन, व्रीह्यायण आदिले कल्पसूत्र रचना गरेका छन्। यसरी वेदको अध्ययन, अर्थबोध र प्रयोगका लागि यी शिक्षा आदि छ वेदाङ्गहरूको ज्ञान आवश्यक छ।

चार उपाङ्गहरूमध्ये पुराणहरू भगवान् वेदव्यासद्वारा विरचित हुन्। पुराण शब्दको अर्थ **पुरा अपि नव** अर्थात् पुरानो भएर पनि नयाँ भन्ने हो। वेदमा सूत्ररूपमा आएका आख्यानहरूको विस्तृत रूप, तिनबाट जीवनमा उतार्नुपर्ने शिक्षा र रहस्यात्मक दार्शनिक चिन्तन पनि पुराणहरूमा पाइन्छ। वेदको अध्ययन एवम् अर्थबोध गर्न सबैले सक्दैनन् भन्ने बुझी भगवान् बादरायणले महाभारतरूप इतिहास र पुराणहरूको रचना गर्नुभएको हो। यिनीहरूमा वेदकै अर्थको आख्यानात्मक विस्तृत वर्णन पाइन्छ। उपनिषद्को अद्वैत तत्त्व बुझ्न गाह्रो भएकाले त्यसको योग्यता प्राप्त गर्न प्राणीहरूलाई इष्टदेवको उपासनामा प्रवृत्त गर्नुमा पनि पुराणहरूको भूमिका छ। पूर्वजन्मको संस्कारअनुसार जो जसको इष्ट स्वरूप छ, त्यसको आराधना गरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चित्तशुद्धिको क्रमले अद्वैत ब्रह्मलाई प्राप्त गराउन अनेक इष्टदेवसम्बन्धी अनेक पुराणहरू छन्। यी पुराणहरूले ती-ती उपास्य इष्टदेवलाई सर्वसमर्थ ईश्वर या परब्रह्म तत्त्वकै रूपमा व्याख्या गरी सनातन परम्परामा अनेकतामा एकताको नयाँ सुगन्ध थपेका छन्। यद्यपि यज्ञकर्ताले वैदिक यज्ञमा सबै देवताहरूका माध्यमले एउटै परमात्माको पूजन गर्ने हो भन्ने कुरा मन्त्रद्रष्टा ऋषिहरूबाट लुकेको थिएन, तर पनि लौकिक स्तरमा अनेक उपास्य देवहरूलाई अद्वितीय परमात्माको रूपमा प्रचार गर्ने श्रेय पुराणहरूलाई नै जान्छ। पुराण नपढेको व्यक्तिले रहस्यमय वेदार्थलाई जान्न सक्दैन। त्यसैले भनिन्छ– इतिहास र पुराणको सहयोगद्वारा नै वेदार्थलाई बुझ्नुपर्दछ, केही पनि अध्ययन नगरेको मानिसले सीधै वेदार्थ बुझ्न खोज्यो भने उसले अर्थको अनर्थ लगाइदिन्छ। त्यसैले त्यस्ता मानिसहरूसँग वेदसमेत डराउँछ— **बिभेत्यल्पश्रुताद् वेदो मामयं प्रहरिष्यति**। यी पुराणहरू मुख्यतया अठ्ठारवटा छन् र अठ्ठारवटै उपपुराण र अन्य औपपुराणसमेत गरी पुराणवाङ्मय अत्यन्त विस्तृत रहेको देखिन्छ।

वेदको अर्को उपाङ्ग न्याय प्रत्यक्षादि प्रमाणहरूद्वारा पदार्थहरूको स्वरूपनिर्धारण गर्ने शास्त्र हो। यहाँ न्याय भनेर न्याय एवं वैशेषिक दुवै दर्शनशास्त्रलाई लिनुपर्दछ। महर्षि गौतमले पाँच अध्यायमा विभक्त न्यायसूत्रको रचना गर्नुभएको छ भने त्यसमाथि वात्स्यायनको भाष्य रहेको छ। न्यायदर्शनले सोह्रवटा पदार्थहरू मान्दछ– प्रमाण, प्रमेय, संशय, प्रयोजन, दृष्टान्त, सिद्धान्त, अवयव, तर्क, निर्णय, वाद, जल्प, वितण्डा, हेत्वाभास, छल, जाति र निग्रहस्थान। यी सोह्र पदार्थहरूको **तत्त्वज्ञान** अर्थात् यथार्थस्वरूपलाई जानेपछि मोक्ष प्राप्ति हुन्छ भन्ने यिनीहरूको मत छ। यिनीहरू भन्दछन्— **दुःखजन्मप्रवृत्तिदोषमिथ्याज्ञानानाम् उत्तरोत्तरापाये तदनन्तरापायादपवर्गः** (न्या.सू. १/२) अर्थात् पदार्थतत्त्वको ज्ञानद्वारा मिथ्याज्ञान नष्ट हुन्छ, मिथ्याज्ञान नष्ट भएपछि दोष नष्ट हुन्छ, त्यसबाट प्रवृत्ति नष्ट हुन्छ, कर्महरूमा प्रवृत्ति नष्ट भएपछि कर्मफलभोगका लागि लिइने जन्म हुँदैन, अनि जन्म नभएपछि दुःख हुँदैन। यसरी उत्तर-उत्तरको नाशद्वारा पूर्व-पूर्व नष्ट हुँदै अन्तमा सबै प्रकारको दुःख नष्ट भएपछि मोक्ष हुन्छ। न्यायदर्शनअनुसार तत्त्वज्ञानद्वारा अन्तमा २१ प्रकारको दुःख नै नष्ट हुनु मोक्ष हो, २१ दुःखभित्र सुख पनि पर्दछ। यसरी न्यायको मोक्ष दुःखरहित भएजस्तै सुखले पनि रहित छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महर्षि कणादद्वारा रचित वैशेषिकदर्शनले द्रव्यादि सात पदार्थहरूको साधर्म्य-वैधर्म्यको ज्ञानद्वारा मोक्ष हुन्छ भन्ने बताउँछ। सात पदार्थहरू यसप्रकार छन्– द्रव्य, गुण, कर्म, सामान्य, विशेष, समवायरूप भावपदार्थ र सातौँ अभावपदार्थ। पदार्थहरूको विश्लेषण प्रक्रियामा न्यायदर्शनभन्दा पनि वैशेषिक दर्शनको प्रक्रिया स्पष्ट र बुझ्न सुगम छ। त्यसैले दार्शनिकहरू द्रव्यआदि प्रमेय पदार्थहरूको विश्लेषणमा वैशेषिक दर्शनलाई र प्रत्यक्षादि प्रमाणको विश्लेषणमा न्यायदर्शनलाई प्रामाणिक मान्दछन्। कणादविरचित यस दर्शनलाई वैशेषिक किन भनिएको हो भने यसले हरेक परमाणुलाई एक-आपसमा भिन्न बनाउन ती परमाणुहरूमा **विशेष**नामक पदार्थको कल्पना गरेको छ। यहाँ के बुझ्नुपर्दछ भने तत्त्वज्ञानको अन्तिम सीमासम्म यी न्याय-वैशेषिक दर्शनको पहुँच नभए पनि ईश्वरलाई नमान्ने नास्तिकहरूसँग अनुमान आदि प्रमाणरूप अस्त्रले युद्ध गरी परास्त गर्न यिनको ठूलो भूमिका छ। इतिहासमा पनि सनातन धर्म एवं देवमन्दिर आदि माथि अनेकथरी प्रहार हुँदा त्यसको प्रतिरक्षामा नैयायिक विद्वान्हरूले आफूलाई अग्रपंक्तिमा खडा गरेको पाइन्छ। वेदान्तमतमा त श्रुति नै परमप्रमाण हो, तर जसले श्रुतिलाई नै प्रमाण मान्दैन, उसँग वेदान्तीले कसरी लड्ने। यही बेला अनुमानवादी न्यायदर्शनको भूमिका प्रबल हुन्छ। अतः वेदलाई प्रमाण नमान्नेका लागि वेदको प्रमाणत्व सिद्ध गर्न, ईश्वर नमान्नेका लागि ईश्वरसिद्धि गर्न र पदार्थतत्त्वविवेकका लागि न्यायदर्शनको अध्ययन अपेक्षित छ।

वेदको अर्को उपाङ्ग मीमांसा पनि दुईथरी छ– एउटा कर्ममीमांसा अनि अर्को ब्रह्ममीमांसा। मीमांसा शब्दको अर्थ पूज्य वा उत्तम विचार भन्ने हुन्छ। वेदार्थको पर्यालोचन गर्नु उत्तम विचार भएकाले वेदका कर्मकाण्ड या ज्ञानकाण्ड यी दुवै भागको तात्पर्यनिर्णय गर्ने शास्त्रलाई मीमांसा भनी बताइएको हो। दुईमध्ये पनि पहिलो कर्ममीमांसा शास्त्रलाई मीमांसादर्शन र ब्रह्ममीमांसाशास्त्रलाई वेदान्तदर्शन भन्ने गरिन्छ। वेदान्त भनेका मुख्यतः उपनिषद् नै हुन्। ती मूल वेदकै अन्तर्गत हुन्, वेदका उपाङ्ग होइनन्। वेदको अन्त अर्थात् परम तात्पर्यलाई बताउने हुनाले उपनिषद्लाई वेदको शिर भन्ने अर्थमा **श्रुतिशिराः, आम्नायमस्तकम्** भन्ने जस्ता शब्दले बताइन्छ। यहाँ उपनिषद्को अर्थलाई विचार गर्ने सूत्र, भाष्य आदि जति पनि दर्शनग्रन्थहरू छन्, तिनलाई वेदाङ्गको रूपमा ग्रहण गरिएको छ। त्यसैले टीकाकार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मधुसूदन सरस्वतीले मीमांसाको दुई भागलाई कर्ममीमांसा र शारीरकमीमांसा भनी छुट्याउनुभएको छ । कर्ममीमांसा भनेको महर्षि जैमिनिप्रणीत बाह्र अध्यायमा विभक्त मीमांसासूत्र हो भने शारीरकमीमांसा भनेको भगवान् बादरायणविरचित चार अध्यायमा विभक्त वेदान्तसूत्र हो ।

महर्षि जैमिनिले **अथातो धर्मजिज्ञासा** (जै.सू. १/१) बाट आरम्भ गरी **अन्वाहार्ये च दर्शनात्** सम्म गरी द्वादशाध्यायी मीमांसासूत्रको रचना गर्नुभएको छ । यसले वैदिक कर्महरूको स्वरूप, फल, त्यसको अधिकारी आदिको विषयमा निर्णय गर्दछ । जैमिनिद्वारा नै विरचित सङ्कर्षणकाण्ड नामक चार अध्यायको सूत्रग्रन्थ पनि प्रसिद्ध छ, यसलाई देवताकाण्ड पनि भनिन्छ । उपासनारूप कर्मको प्रतिपादन गर्ने हुनाले यो पनि कर्ममीमांसाअन्तर्गत पर्दछ । मीमांसादर्शनअनुसार यज्ञादि नै धर्म हुन् । जैमिनि भन्नुहुन्छ— **चोदनालक्षणोऽर्थो धर्मः** (जै. सू. १/२) अर्थात् वेदको विधिवाक्यले जे गर्नू भनी बताएको छ, त्यही नै धर्म हो । सामान्य लोकप्रसिद्धि र अन्य तार्किक आदिको मतअनुसार यज्ञ गर्दा उत्पन्न हुने अदृष्टलाई धर्म मानिन्छ भने मीमांसादर्शनअनुसार यज्ञरूप धर्मद्वारा नियोग या अपूर्व उत्पन्न भई त्यसैद्वारा स्वर्गप्राप्ति हुन्छ भन्ने मानिन्छ । उनीहरूको मतमा स्वर्गप्राप्ति नै मोक्ष हो । स्वर्ग भनेको त्यस्तो सुख हो, जसमा कुनै दुःख छैन, सबैको चाहनाको विषय पनि त्यही हो भनिन्छ ।

शारीरकमीमांसा भनेको **अथातो ब्रह्मजिज्ञासा**बाट आरम्भ गरी **अनावृत्तिः शब्दादनावृत्तिः शब्दात्** सूत्रसम्म जम्मा चार अध्यायमा विभक्त सूत्रग्रन्थ हो । शारीरकमीमांसा शब्दको अर्थ यसप्रकारको छ– **कुत्सितं शरीरं शरीरकम्, तत्र निवसतीति शारीरको जीवः, तस्य मीमांसा पूज्यविचारः** अर्थात् कुत्सित शरीरभित्र बस्ने जुन जीव छ, त्यसको यथार्थ स्वरूपको विषयमा विचार गर्ने शास्त्र । महर्षि बादरायणद्वारा विरचित यस ग्रन्थको पहिलो अध्यायलाई समन्वयाध्याय, दोस्रो अध्यायलाई अविरोधाध्याय, तेस्रो अध्यायलाई साधनाध्याय र चौथो अध्यायलाई फलाध्याय भनिन्छ । पहिलो अध्यायमा सम्पूर्ण उपनिषद्हरूको अद्वितीय ब्रह्ममा नै समन्वय देखाइएको छ, किनभने उपनिषद्वाक्यरूपी फूलहरू लिई धागोमा उनेसमान ती सबैको यौटै तात्पर्यलाई बुझाउनु नै ब्रह्मसूत्रको प्रयोजन हो— **उपनिषद्वाक्यकुसुमग्रथनार्थत्वात् सूत्राणाम्** (ब्र.सू.शां.भा. १/१/२) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दोस्रो अध्यायमा अरु दार्शनिकहरूद्वारा गरिएको शङ्का या ब्रह्मको अद्वितीयतामा प्रतीयमान विरोधलाई हटाई आफ्नो सिद्धान्त स्थापित गरिएको छ। तेस्रो अध्यायमा ब्रह्मप्राप्तिका बहिरङ्ग साधन- वर्णधर्म, आश्रमधर्म र अन्तरङ्ग साधन– श्रवण, मनन आदिको विषयमा निरूपण गरिएको छ भने चौँथो अध्यायमा क्रममुक्ति र विदेहमुक्ति आदिको निरूपण गरिएको छ।

वेदान्तशास्त्रको विषय अत्यन्त विस्तृत र गहन भए पनि यसको सिद्धान्त छोटकरीमा यस्तो छ– ब्रह्म नै सत्य हो, जगत् मिथ्या हो र जीव ब्रह्म नै हो। अद्वितीय ब्रह्मतत्त्वमा त्रिगुणात्मिका माया कल्पित हुँदा मायाको सत्त्वगुणमा ब्रह्म ईश्वरभावमा अभिव्यक्त हुन्छ। सत्त्वगुण प्रकाशस्वरूप र ज्ञानात्मक हुनाले ईश्वरमा अज्ञानको आवरण छैन। उहाँ सर्वज्ञ हुनुहुन्छ, अनि सबैथरी शक्ति र विभूतिले सम्पन्नसमेत हुनुहुन्छ। यही शक्तिको कारण उहाँले मायालाई वशमा गर्नुभएको छ। मायाको रजोगुणमा ब्रह्मचैतन्य अभिव्यक्त हुँदा त्यो जीवरूप बन्दछ। रजोगुण उपाधि भएकाले जीव अल्पज्ञ-अल्पशक्तिमान् छ। ऊ ईश्वरजस्तो सर्वज्ञ पनि छैन अनि जगत्जस्तो जड पनि छैन। जीवले वास्तवमा ब्रह्मस्वरूप भएर पनि अज्ञानको आवरणका कारण आफूलाई सानो शरीरमा सीमित गरी म यत्तिमात्र हुँ भन्ने बुझ्दछ। तत्त्वज्ञानद्वारा अज्ञान नष्ट हुनेबित्तिकै यो ब्रह्मस्वरूप भइहाल्छ। यसैगरी मायाको तमोगुणमा ब्रह्मचैतन्य अभिव्यक्त हुँदा यो जगत्रूपमा देखिन्छ। तमोगुण अज्ञानात्मक भएकाले जगत् जडरूप देखिन्छ, वास्तवमा जगत् ब्रह्ममात्र हो, त्यसभन्दा अलग होइन। डोरीमा देखिएको सर्पको डोरीभन्दा अतिरिक्त सत्ता नभएजस्तै जगत्को पनि ब्रह्मसत्ताभन्दा अतिरिक्त कुनै सत्ता छैन। देखिन चाहिं देखिने तर आफ्नो कुनै सत्ता नहुने पदार्थलाई मिथ्या भनिने हुनाले जगत्लाई मिथ्या भनिन्छ। यसरी जीवभाव, जगद्भाव र ईश्वरभाव यी सबै ब्रह्ममा मायाद्वारा कल्पित भएका हुन् र माया पनि स्वयंमा मिथ्या वस्तु हो भन्ने वेदान्तको मत रहेको छ। यो कुनै अलग दार्शनिक सिद्धान्त नभई उपनिषद्को नै सिद्धान्त हो। जस्तै— **सदेव सोम्येदमग्र आसीदेकमेवाद्वितीयम्** (छा.उ. ६/२/१) अर्थात् हे बाबु यो जगत् उत्पन्न हुनुभन्दा अघि सत् ब्रह्मस्वरूप नै थियो र यौटै अद्वितीय तत्त्वरूप थियो। **नेति नेति** (बृ.उ.३/९/२६) अर्थात् ब्रह्ममा मायाको कार्य जगत् र माया पनि छैन आदि। वेदान्त दर्शनअनुसार मोक्ष भनेको जीवले अज्ञानद्वारा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कल्पित भएको अयथार्थ स्वरूपलाई छाडी ज्ञानद्वारा यथार्थ स्वरूप थाहा पाउनु हो। मोक्ष कुनै अतिरिक्त वस्तु होइन— **अविद्यानिवृत्युपलक्षितः आत्मा मोक्षः** अर्थात् अविद्यानिवृत्तिद्वारा उपलक्षित आत्मा नै मोक्ष हो। यसरी वेदान्तदर्शनले वेदको शिरोभाग उपनिषद्कै निचोडलाई आफ्नो सिद्धान्तको रूपमा स्वीकार गर्दछ। वस्तुतः अद्वैत वेदान्तदर्शन भनेकै उपनिषद्दर्शन हो, त्योभन्दा अलग कुनै दार्शनिक सिद्धान्त होइन। त्यसैले वेदान्तसारकार लेख्नुहुन्छ— **वेदान्तो नामोपनिषत्प्रमाणम्**। वास्तवमा वेदान्तदर्शन प्राणीहरूलाई यही जीवनमै परम शान्ति प्रदान गर्न सक्ने दर्शन हो, अरु दर्शनले जस्तो लोक-लोकान्तरमा पुग्ने मुक्ति या मरेपछि हुने मोक्षको सपना यसले देखाउँदैन। यसले लोक-लोकान्तरमा बस्ने कुनै देवताको उपासनालाई पनि सिकाउँदैन। यसले त सम्पूर्ण संसारभरि व्यापक भएर पनि आफ्नै मन-मन्दिरमा उपलब्ध हुने आफ्नै वास्तविक स्वरूप परमात्माको दर्शन गर्न सिकाउँछ। यसैले यो आत्माभन्दा भिन्न अर्को कुनै तत्त्वको नभई स्वयं आत्माकै अन्वेषण गर्ने दर्शन हो। उपनिषद्को उद्घोष यही छ— **आत्मनस्तु कामाय सर्वं प्रियं भवति** (बृ.उ. २/४/५) अर्थात् आफ्नै लागि सम्पूर्ण वस्तु प्रिय हुन्छ। **आत्मनोऽन्यं प्रियं ब्रुवाणं ब्रूयात् प्रियं रोत्स्यति** (बृ.उ. १/४/८)अर्थात् आत्माभन्दा भिन्न अरु कुनै पदार्थलाई प्रिय मानी आसक्ति गर्ने व्यक्तिलाई भनिदिनू कि त्यसले मानिआएको प्रिय अनात्मा हुनाले त्यसले एक दिन नष्ट भई उसलाई अवश्य रुवाइदिनेछ। प्राणीहरूका शरीर, इन्द्रिय, मन, बुद्धि यी सबैभन्दा पर रहेको उनीहरूको मूल व्यक्तित्वको खोजी यही दर्शनले गर्दछ। संसारमा योमात्र त्यस्तो दर्शन हो, जसले आध्यात्मिक, आधिदैविक र आधिभौतिक तापबाट सन्तप्त भएको व्यक्तिलाई **तत्त्वमसि** (छा.उ. ६/ड/७)अर्थात् तिमी नै ब्रह्म हौ भन्ने सिकाई **चिदानन्दरूपः शिवोऽहं शिवोऽहम्** अर्थात् सच्चिदानन्दरूप शिवतत्त्व नै म हूँ भनी अनुभव गराइदिन्छ। ब्रह्मस्वरूपको अज्ञानद्वारा खडा भएको यस संसार-दुःखबाट बँच्ने एउटै उपाय भनेको त्यस अज्ञानलाई नाश गर्नु हो। अज्ञान नष्ट गर्न अरु साधन नभई ज्ञान नै आवश्यक हुन्छ। के रातको अन्धकारलाई झलमल्ल प्रकाश गर्नुभन्दा बाहेक तोप पड्काउनु, शङ्ख-घण्टा बजाउनु, नाक-कान बन्द गर्नुजस्ता उपायले हटाउन सकिन्छ ? त्यसैले वेदले भन्दछ— **तमेव विदित्वातिमृत्युमेति नान्यः पन्था विद्यतेऽयनाय** (शु.य.वे. ३१/३८) अर्थात् त्यही ब्रह्मतत्त्वलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अपरोक्ष रूपले साक्षात्कार गरेर मात्र मृत्युलाई अतिक्रमण गर्न सकिन्छ, मोक्षका लागि योभन्दा अर्को बाटो छैन। यसरी मोक्षका लागि मूल राजमार्ग भनेको उपनिषद्मार्ग नै हो, अरु दर्शनशास्त्र या सम्प्रदाय-परम्पराहरू त त्यहीँ पुऱ्याउने गोरेटा हुन्। वेदान्तको मूल मर्ममा पुग्न सबै शाखामार्गहरू छिचोलिसकेको हुनुपर्दछ। निष्काम कर्मयोगको अनुष्ठानद्वारा मलदोषलाई नहटाई, इष्टदेवोपासनाद्वारा चित्त पगालेर विक्षेप दोषलाई नहटाई कसैले अद्वितीय आत्मदर्शन गर्न सक्दैन। उसले वेदान्तश्रवण गऱ्यो भने पनि गीताले भनेझैँ **श्रुत्वाप्येनं वेद न चैव कश्चित्** (श्रीम. गी २/२९) अर्थात् सुन्दासुन्दै पनि उसले केही बुझ्दैन। त्यसैले व्यक्तिलाई क्रमशः साधनामार्गमा अग्रसर गराउनका लागि अन्य दर्शनशास्त्र या सम्प्रदाय-परम्पराहरू चलेका हुन्। सबै शास्त्रको मूर्धन्य अद्वैत वेदान्तदर्शन नै हो र अरुचाहिँ सबै यसका शेष या अङ्ग हुन्। यही कुरा बताउँदै टीकाकार मधुसूदन सरस्वती लेख्नुहुन्छ— **इदमेव सर्वशास्त्राणां मूर्धन्यं, शास्त्रान्तरं सर्वमस्यैव शेषभूतम्**।

वेदको चौँथो उपाङ्ग धर्मशास्त्र भनेका मनु, याज्ञवल्क्य, वशिष्ठ, पराशर, व्यास आदिद्वारा विरचित वर्णधर्म, आश्रमधर्म आदिका प्रतिपादक शास्त्रहरू हुन्। व्यासविरचित महाभारत र वाल्मीकिविरचित रामायण दुवै इतिहासग्रन्थको रूपमा प्रसिद्ध शास्त्रहरू धर्मशास्त्रकै रूपमा वेदाङ्गभित्र पर्दछन्। त्यसैगरी वेदमा योग्यता नभएका व्यक्तिहरूलाई स्मार्त विष्णुदीक्षा, शिवदीक्षा आदिको माध्यमले कल्याणमार्गमा प्रवृत्त गर्न अनेक ऋषिहरूद्वारा आ-आफ्ना स्मृतिमा प्रतिपादित सांख्य, वैष्णव, शैव आदि मतहरू पनि धर्मशास्त्रअन्तर्गत नै पर्दछन् भन्ने टीकाकार मधुसूदन सरस्वतीको मत रहेको छ। यहाँचाहिँ सांख्य, पशुपतिमत आदिको छुट्टै उल्लेख गरिएकाले मात्र तिनीहरूको पृथक् व्याख्या गरिएको छ।

सांख्य शब्द संख्या शब्दबाट बन्दछ। यसको अर्थ तत्त्वहरूको गणना गर्ने शास्त्र भन्ने हुन्छ— **संख्यायन्ते तत्त्वानि यस्मिन् शास्त्रे तत् सांख्यम्**। पहिले साङ्ख्य शब्दले ज्ञानयोग या वेदान्त भन्ने अर्थलाई पनि बुझाउँथ्यो— **ज्ञानयोगेन सांख्यानाम्** (श्रीम.गी ३/३)। दार्शनिक सिद्धान्तको रूपमा चाहिँ कपिल मुनिले यस शास्त्रको उपदेश गर्नुभएको हो। सांख्यशास्त्रको चर्चा पुराण, महाभारत आदिमा पनि पाइन्छ। महाभारतमा राजा जनकले आफूले पञ्चशिखबाट ज्ञानोपदेश सुनेको कुरा बताउनुभएको छ, अनि श्रीमद्भागवतमा पनि कपिल मुनिले आसुरिलाई तत्त्वज्ञान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपदेश गर्नुभएको वर्णन आउँछ । कपिल मुनिद्वारा उपदिष्ट साङ्ख्यशास्त्रलाई अझै स्पष्ट दर्शनको रूपमा ग्रन्थबद्ध गर्ने काम ईश्वरकृष्णले गरेका छन् । यिनले रचना गरेको सांख्यकारिका कपिल मुनिद्वारा प्रणीत सूत्रभन्दा पनि दार्शनिक जगत्मा प्रसिद्ध छ । सम्पूर्ण दर्शनका ज्ञाता सर्वतन्त्रस्वतन्त्र श्रीवाचस्पति मिश्रले पनि सांख्यशास्त्रमाथि आफ्नो लेखनी चलाउँदा यही सांख्यकारिकालाई व्याख्या गरेबाट यसको प्रामाणिकता स्पष्ट हुन्छ । सांख्यदर्शनले सम्पूर्ण संसारको कारण प्रकृतिलाई मान्दछ । यस क्रममा प्रकृतिबाट महत्तत्त्व उत्पन्न हुन्छ, महत्तत्त्वबाट अहङ्कार र त्यसबाट पञ्च ज्ञानेन्द्रिय, पञ्च कर्मेन्द्रिय, पञ्च तन्मात्रा र मन यी सोह्र कार्यवर्ग उत्पन्न हुन्छन् अनि यिनका अंशबाट पञ्च महाभूत उत्पन्न हुन्छन्—

प्रकृतेर्महाँस्ततोऽहङ्कारस्तस्माद् गणश्च षोडशकः ।
तस्मादपि षोडशकात् पञ्चभ्यः पञ्च भूतानि ॥ (सां.का. २२)

यसरी प्रकृति र त्यसका कार्य २४ तत्त्वमा पुरुष थपिँदा २५ तत्त्वहरू रहेका छन् । प्रकृतिमा जब तीन गुणहरूको क्षोभ हुन्छ, तब प्रकृति जगत्को रूपमा परिणत हुन्छ र तीन गुण साम्यावस्थामा हुँदाचाहिँ जगत्सृष्टि रहन्न । प्रकृति आफ्नै स्वरूपमा रहन्छ । सांख्य सिद्धान्तअनुसार संसार त्रिगुणात्मक देखिएकाले यसको कारण तत्त्व पनि त्रिगुणात्मक नै हुनुपर्दछ, अतः निर्गुण निर्विकार पुरुष जगत्को कारण हुन सक्दैन । ऊ त केवल भोक्ता अर्थात् प्रकाशक हो । यस्तो पुरुषको प्रकृतिका कार्यसँग केही सम्बन्ध छैन तर उसले प्रकृतिभन्दा आफूलाई अलग गरी बुझ्न नसकेकाले त्यसका कार्यलाई आफूमा रहेको मानेको छ । यही नै बन्धन हो । जब प्रकृति र पुरुष भिन्न हुन् भन्ने विवेक ज्ञान हुन्छ, तब बन्धन नष्ट हुन्छ । यसरी सांख्यदर्शनले प्रकृति-पुरुषको भेदज्ञानद्वारा मोक्ष हुने कुरा मान्दछ ।

दार्शनिक सिद्धान्तमा सांख्यसमान भए पनि सांख्यशास्त्रमा चर्चा नगरिएको ईश्वरलाई छब्बीसौँ तत्त्वको रूपमा मान्ने र साधनप्रक्रियामा विशेष जोड दिने दर्शन योगदर्शन हो । यसलाई सेश्वर सांख्यदर्शन पनि भन्ने गरिन्छ । योगदर्शनका रचयिता महर्षि पतञ्जलि हुन्, यद्यपि योगदर्शनमा बताइने ध्यान, समाधि आदिको अभ्यास योगसूत्रको रचनाभन्दा पनि पहिलेदेखि हुने गर्दथ्यो । त्यसैले योगसाधना सनातन-परम्पराको प्राचीन विषय भए पनि यसलाई पृथक् दार्शनिक सिद्धान्तको रूपमा सूत्रबद्ध गर्ने काममात्र पतञ्जलिले गर्नुभएको हो । पतञ्जलिविरचित योगसूत्रमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जम्मा चार अध्याय या पाउहरू छन् । त्यसको प्रथम पादलाई समाधिपाद, द्वितीय पादलाई साधनपाद भनिन्छ भने तृतीय पादलाई विभूतिपाद र चतुर्थ पादलाई कैवल्यपाद भनिन्छ । तीमध्ये पहिलो पाउमा चित्तवृत्तिनिरोधका अनेक साधन– समाधि, ईश्वरप्रणिधान आदिको निरूपण गरिएको छ भने दोस्रो पाउमा चित्त विक्षिप्त भएको व्यक्तिका लागि चित्तवृत्तिनिरोध असम्भव भएकाले त्यसका लागि यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधि यी आठ अङ्गहरूको उपदेश गरिएको छ । अष्टाङ्गयोगको अभ्यासद्वारा निर्बीज या निर्विकल्प समाधिमा अवस्थित हुने पुरुषमा देखिने योगविभूतिहरूको वर्णन तेस्रो पाउमा गरिएको छ भने चौँथो पाउमा मोक्षको वर्णन गरिएको छ ।

योगदर्शनले पनि प्रकृति-पुरुषको विवेकज्ञानद्वारा नै मोक्ष हुने मान्दछ, तर यी दुईलाई भिन्न रूपमा बुझ्न चञ्चल चित्तवृत्ति भएको मानिसले कहिल्यै पनि सक्दैन । त्यसैले योगदर्शनले चित्तवृत्तिनिरोध र त्यसका लागि गरिने समाधि आदिको अभ्यासलाई जोड दिन्छ । यसरी योगदर्शन सांख्यकै दार्शनिक निचोडलाई अनुभवमा उतार्न गरिने प्रयोगात्मक अभ्यास हो भन्दा पनि हुन्छ । अर्को शब्दमा भन्दा योग क्रियाप्रधान हो भने सांख्यशास्त्रचाहिँ विचारप्रधान हो । योगदर्शनले क्लेश, कर्म, पूर्वकर्मको फल र कर्मसंस्कारले रहित पुरुषको रूपमा ईश्वरलाई मान्दछ— **क्लेशकर्मविपाकाशैरपरामृष्टः पुरुषविशेषः ईश्वरः** तर अरु दर्शनमा जस्तो जगत्सृष्टि आदिमा ईश्वरको कुनै भूमिका छैन, केवल पुरुषको समाधिसिद्धिका लागि उपकारकको रूपमा मात्र ईश्वरलाई मानिन्छ । वेदान्तमतअनुसार योगको अभ्यासद्वारा त्वं पदार्थ जीवको शोधन हुन्छ, किनभने जीवको दोष या मलिनता भनेकै चञ्चल चित्तवृत्ति, त्यसमा रहेका वासना आदि हुन् । यसपछि शुद्ध भएको त्वंपदार्थ जीवले उपनिषद्को श्रवण, मनन, निदिध्यासनद्वारा तत्पदको लक्ष्यार्थ परमात्मासँग आफूलाई जोड्न सक्दछ अर्थात् अभिन्नरूपमा अनुभव गर्न सक्दछ । यसरी परमात्मासँग सधैँका लागि जोडिनु नै योगको वास्तविक अर्थ हो, किनभने जोडिनु भन्ने अर्थ भएको **युजिर्** धातुबाट नै योग शब्द बन्दछ । त्यसैले ज्ञानको साधनको निरूपण गर्ने क्रममा वेदान्तशास्त्रमा चित्तवृत्तिनिरोधरूप योगलाई निष्काम कर्मभन्दा पनि अन्तरङ्ग साधनको रूपमा मान्यता दिइएको छ । भगवान् श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ– हे अर्जुन ! तपस्वीहरूभन्दा पनि, शास्त्रज्ञानीहरूभन्दा पनि र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निष्काम कर्मका अभ्यासीहरूभन्दा पनि योगी नै श्रेष्ठ छ, त्यसैले तिमी योगी बन— **कर्मिभ्यश्चाधिको योगी तस्माद्योगी भवार्जुन** (श्रीम.गी.६/४६)।

पशुपतिमत भनेको भगवान् पशुपतिले नै उपदेश गर्नुभएको शास्त्रको रूपमा प्रसिद्ध छ। यो भगवान् शिवबाट नै चलेको निगम-परम्पराजस्तै अर्को आगम-परम्परा हो। निगम अर्थात् वेद शिवको निःश्वासभूत अपौरुषेय वाणी हो, यो अनादि कल्पदेखि परमात्माद्वारा उही रूपमा उच्चरित हुँदै आइरहेको छ। तर आगम अर्थात् तन्त्रचाहिँ शिवविरचित भएकाले पौरुषेय वाणी हो। आगम शब्दको अर्थ गर्दै भनिन्छ—

आगतं शिववक्त्रेभ्यो गतं च गिरिजाश्रुतौ।

तस्मादागम इत्युक्तो विद्वद्भिस्तत्त्वदर्शिभिः॥ (कुला.तं. १७) अर्थात् शिवबाट आई पार्वतीमा सरेको विद्या नै आगम हो। शिवबाट वेदसम्प्रदाय ब्रह्माजीमा सरेजस्तो तन्त्रसम्प्रदायचाहिँ ब्रह्मविद्या-रूपिणी पार्वतीमा सरेको छ। यसबाट वेदमार्गमा ब्राह्मणहरूको अग्राधिकार रहेजस्तो तन्त्रमार्गमा स्त्रीहरूको अग्राधिकार रहेको सूचित हुन्छ। वास्तवमा वेदमार्ग अर्थात् उपनिषद्ले स्वयंप्रकाश ज्ञानस्वरूप जुन तत्त्वको प्रतिपादन गर्दछ, तन्त्रमार्गले पनि त्यही तत्त्वलाई प्रकाश र विमर्श भनी शिव-शक्तिको रूपमा उपासना गर्दछ। लौकिक दृष्टान्तको रूपमा बुझ्दा सूर्य प्रकाश हो अनि जगत्लाई प्रकाशित गर्न चारैतिर फैलिएका किरणहरू विमर्श हुन्। प्रकाश आफ्नो विमर्शरूप किरणले सहित भएजस्तो स्वयंप्रकाश शिव पनि विमर्शरूप शक्तिले सहित हुनुहुन्छ भनी तन्त्रशास्त्रले मान्दछ। वास्तवमा जगत्को अपेक्षा नहुँदा प्रकाश विमर्शरहित नै छ, तर जगत्व्यापारमा उन्मुख हुन लागेको समयमा त्यो प्रकाश विमर्शको रूपमा तन्किन या विस्तृत हुन थाल्दछ। टर्चलाइटको प्रकाश कुनै वस्तुलाई प्रकाशित गर्न उन्मुख भएजस्तो जब स्वयंप्रकाश तत्त्व **बहु स्यां प्रजायेय** (छा.उ. ६/२/३) अर्थात् म एक छु अब धेरै बन्दछु भनी जगत्-उन्मुख बन्दछ, त्यही बेला त्यो विमर्शले सहित हुन्छ। यसरी तन्त्रमतले प्रतिपादन गर्ने भनेको उपनिषद्ले जस्तो निरपेक्ष ब्रह्मतत्त्वलाई नभई जगत्तर्फ उन्मुख हुन लागेको सबीज ब्रह्मलाई हो। आखिर आगम-निगम आदि सबैथरी विद्याका अधीश्वर एवं प्रवर्तक शिव नै हुनुहुन्छ— **ईशानः सर्वविद्यानाम्**। अतः वेदले उहाँमा पुऱ्याएजस्तो तन्त्रले पनि उहाँमै पुऱ्याउँछ। अतः यहाँ पुष्पदन्ताचार्यले परमात्मासम्म पुऱ्याउने मार्गको रूपमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तन्त्रमतको पनि उल्लेख गर्नुभएको हो। तन्त्रका शैव, शाक्त, वैष्णव, गाणपत आदि अनेक भेद भए पनि यहाँ मुख्यतः शैव र वैष्णव तन्त्रको उल्लेख गरेबाट अरुको पनि ग्रहण गरेको बुझ्नुपर्दछ। शिव र शक्तिको अभेद सम्बन्ध भएकाले शैवतन्त्रको ग्रहणबाट शाक्ततन्त्रको पनि ग्रहण स्वतः सिद्ध छँदैछ, अनि विष्णु नै शिवपुत्र बनी गणपतिको रूपमा अवतीर्ण हुनभएको थियो भन्ने पुराण-कथालाई आधार मान्दा गाणपत तन्त्रलाई वैष्णवतन्त्रमा अन्तर्भाव गर्न सकिन्छ। अथवा शिवपुत्र भएकाले शिवाभिन्न रूपमा मानी शैवतन्त्रभित्रै त्यसको अन्तर्भाव गर्न पनि सकिन्छ। सूर्यलाई नारायणरूप मानिने हुँदा सौरतन्त्रको वैष्णवतन्त्रमा अन्तर्भाव स्पष्ट छँदैछ।

पाँच अध्याय भएको पाशुपतशास्त्र भगवान् पशुपतिले नै रच्नुभएको भन्ने प्रसिद्ध छ। **अथातः पाशुपतयोगविधिं व्याख्यास्यामः** भन्ने वाक्यबाट सुरु भएको यस शास्त्रको पहिलो अध्यायमा पशु जीवको र दोस्रो अध्यायमा पशुपति ईश्वरको निरूपण गरिएको छ। यहाँ जीवलाई कार्य र ईश्वरलाई कारण भनिएको छ। पाशुपतशास्त्रको तेस्रो अध्यायमा योगको वर्णन छ, पशुपतिमा चित्त समाधान गर्नु नै योग हो। चौँथो अध्यायमा शरीरमा भस्मलेपन गर्ने आदि विधिको वर्णन छ। पाँचौ अध्यायमा दुःखान्तरूप मोक्षको निरूपण गरिएको छ। यसरी पाशुपत तन्त्रको कार्य, कारण, योग, विधि र दुःखान्त गरी पाँच भाग रहेको देखिन्छ।

शैव तन्त्रका अनेक भेदहरू छन्– वीर शैव दर्शन, नकुलीश पाशुपत दर्शन, प्रत्यभिज्ञा या त्रिक दर्शन, रसेश्वर दर्शन आदि। यीमध्ये प्रत्यभिज्ञा दर्शनलाई काश्मीरी शैवदर्शन पनि भनिन्छ र यो वेदान्तसँग मिल्दो-जुल्दो छ। यसका प्रमुख आचार्यमध्ये महामाहेश्वर अभिनव गुप्त मुख्य हुन्। यस दर्शनअनुसार जीवले आफूलाई शिवरूपमा बुझ्नुलाई प्रत्यभिज्ञा ज्ञान भनिन्छ। **सोऽयं देवदत्तः** अर्थात् त्यो यही देवदत्त हो भन्दा देवदत्तमा त्यो र यो भन्ने दुवै अवस्थाको बोध हुन्छ । यहाँ पहिले र अहिलेको अवस्था भिन्न-भिन्न भए पनि देवदत्त एउटै भएजस्तो अज्ञानावस्थामा जीव र पाशुपत-ज्ञानावस्थामा हुने शिव एउटै हो। अज्ञानकालमा पाशद्वारा बाँधिएको जीव नै पाशुपतयोगको अभ्यास गरेपछि ब्रह्म बन्दछ भन्ने प्रत्यभिज्ञादर्शनको मत हो। यसरी प्रत्यभिज्ञा दर्शनले अद्वैत मतलाई प्रतिपादन गरेको देखिन्छ। शैव तन्त्रमा तीन तत्त्वहरू मानिन्छन्– पशु, पाश र पति। **पाशबद्धः पशुः प्रोक्तः** अर्थात् कामना, कर्मबन्धन आदिको पाशले जुन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जीव बाँधिएको छ, त्यही पशु हो। पाश भनेको बन्धनका कारण वासनाहरू हुन्, जसलाई दार्शनिक भाषामा आणव आदि मलको रूपमा बताइन्छ। **पाशान्मुक्तः सदाशिवः** अर्थात् स्वयं पाशमुक्त भई अरुलाई पनि पाशमुक्त गराउन सक्ने ईश्वर पशुपति हुनुहुन्छ। शैव तन्त्रमा शिवलाई पञ्चकृत्यकारी मानिन्छ, अर्थात् शिवमा पाँच शक्तिहरू नित्य रहन्छन्– सृष्टिशक्ति, पालनशक्ति, संहारशक्ति, तिरोधानशक्ति र निग्रह-अनुग्रहशक्ति। सृष्टि, स्थिति र संहारशक्ति प्रसिद्ध नै छन्। तिरोधानशक्ति भनेको आफ्नो स्वरूपलाई ढाकी जगत्रूपमा प्रतीत गराइदिनसक्ने सामर्थ्य हो, यसैलाई निग्रहशक्ति पनि भनिन्छ। शिवले नै निग्रहशक्तिद्वारा प्राणीहरूलाई मोहित गरिदिनुहुन्छ भने अनुग्रह शक्तिद्वारा अज्ञान नष्ट गरी मुक्त गरिदिनुहुन्छ। शिवको उपासना गर्नाले जीवले उहाँको अनुग्रह पाउँछ र सारा पाशहरू छिनाई मुक्त हुन्छ।

यसैगरी वैष्णव मत नारदद्वारा रचिएको पाञ्चरात्र आगमको आधारमा चलेको छ। वैष्णव मतमा चतुर्व्यूहको उपासना गर्ने प्रक्रिया रहेको छ। वासुदेव, प्रद्युम्न, अनिरुद्ध र सङ्कर्षण यी चारलाई चतुर्व्यूह भनिन्छ। वासुदेव भगवान् सबैका कारण हुनुहुन्छ। उहाँबाट सङ्कर्षणरूप जीव उत्पन्न हुन्छ, त्यहाँबाट प्रद्युम्न नामक मन र त्यसबाट अनिरुद्धरूप अहङ्कार उत्पन्न हुन्छ। वैष्णव मत पनि अनेक प्रकारका छन्। तीमध्ये रामानुजप्रतिपादित विशिष्टाद्वैत, माध्वप्रोक्त द्वैत, निम्बार्कप्रतिपादित द्वैताद्वैत र वल्लभप्रोक्त शुद्धाद्वैतदर्शन आदि प्रसिद्ध छन्। यी सबै दर्शनमध्ये रामानुजप्रतिपादित विशिष्टाद्वैत दर्शन मुख्य मानिन्छ। विशिष्टाद्वैत मतमा तीन पदार्थ प्रसिद्ध छन्– चित्, अचित् र ईश्वर। चित् भनेको जीव हो, अचित् भनेको जगत् हो अनि ईश्वरचाहिँ यी दुवैका नियामक हुन्। चित्, अचित् दुवै ईश्वरका शरीर हुन् र ईश्वर यी दुवैका अन्तर्यामी हुन् भन्ने मानिन्छ। शरीर-शरीरीमा अभेद हुने भएकाले चित् र अचित्रूप शरीरले विशिष्ट ईश्वर अद्वितीय हनुहुन्छ भन्ने विशिष्टाद्वैत मत हो। वास्तवमा विशिष्टाद्वैत दर्शनको मूल बृहदारण्यकोपनिषद्मा प्रतिपादित अन्तर्यामी ब्राह्मण हो। त्यहाँ जो पृथिवीभित्र बस्छ, पृथिवी जसको शरीर हो, जसलाई पृथिवीले जान्दैन, अनि जो पृथिवीभित्र पसी अन्तर्यामीरूपले त्यसलाई नियमन गर्दछ, त्यही अन्तर्यामी हो भनी उपदेश गरिएको छ। यसैगरी जो सम्पूर्ण प्राणीहरूभित्र बस्दछ, सम्पूर्ण प्राणीहरू जसका शरीर हुन्, सबै प्राणीहरूले जसलाई जान्दैनन् र जसले सबै प्राणीहरूभित्र पसी तिनलाई नियमित गर्दछ, त्यही अन्तर्यामी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हो— **यः सर्वेषु भूतेषु तिष्ठन्, सर्वाणि भूतानि यस्य शरीरं, सर्वाणि भूतानि यं न विदुः यः सर्वाणि भूतानि अन्तः स्थित्वा यमयति एष ते आत्मान्तर्यामी अमृतः** (बृ.उ.३/७/१५) भनी बताइएको छ। यसरी जीव र जगत् ईश्वरका शरीर भएकाले नित्य मानिन्छन्। चिदचित्‌रूप शरीरले विशिष्ट ब्रह्म अद्वितीय छ र त्यो नित्य शरीरविशिष्ट हुनाले सगुण छ, निर्गुण होइन भन्ने विशिष्टाद्वैत मत हो। त्यस्ता सबैका अन्तर्यामी ईश्वरलाई आगम-विधिले उपासना गरी जीवले विष्णुको लोक, उहाँको जस्तै रूप आदि पाउनुलाई नै मुक्ति भनिन्छ। सायुज्य मुक्ति भनेको पनि जीव भगवद्विग्रहमा मिल्नु हो, त्यसैले सायुज्यमा पनि जीव-ईश्वरमा अंशांशिभाव रहेकै हुन्छ भन्ने मानिन्छ। तन्त्रहरूमध्ये तामस सामग्रीहरूको प्रयोग गरिने वामाचार पूर्णतः वेदबाह्य हो र लौकिक कामनाहरूको पूर्ति गर्नु नै त्यसको प्रयोजन हो। अतः त्यसको यहाँ गणना गरिएको छैन।

यसप्रकार यहाँ देखाइएका सबै प्रस्थानहरूको संक्षेपमा तीनथरी सिद्धान्त रहेको छ– आरम्भवाद, परिणामवाद र विवर्तवाद। यद्यपि बौद्ध दर्शनको सङ्घातवाद यीभन्दा अलग प्रसिद्ध छ तर यहाँ वेदानुयायी दर्शनको मात्र चर्चा गरिएकाले त्यस मतलाई उल्लेख गरिएको छैन। नैयायिक, वैशेषिक र मीमांसकहरू आरम्भवादी हुन्। पृथिवी, जल आदिका परमाणुहरू नित्य छन् र तिनीहरू परस्पर मिली द्व्यणुक, त्रसरेणु आदिको क्रमले अनन्त विस्तृत ब्रह्माण्डको आरम्भ अर्थात् रचना हुन्छ। परमाणुहरूको परस्पर संयोगमा नैयायिक-वैशेषिकहरू ईश्वरेच्छालाई कारण मान्दछन् भने मीमांसकहरू चाहिँ प्राणीको कर्मलाई। कारण माटोमा कार्य घट पहिल्यैदेखि हुँदैन। कारणमा पहिले नभएको कार्य नै कारण-व्यापारद्वारा उत्पन्न हुन्छ भन्ने यस सिद्धान्तलाई असत्कार्यवाद पनि भनिन्छ। यसैगरी अर्को परिणामवाद सांख्य, योग र पाशुपतहरूको हो। त्रिगुणात्मक प्रकृति नै महत्तत्त्व, अहङ्कार आदिको क्रमले जगत्‌रूपले परिणत हुन्छ भनेकाले यस मतलाई परिणामवाद भनिएको हो। दूध स्वतः दहीरूपमा परिणत भएझैँ अचेतन प्रकृति पनि स्वतः जगत्‌को रूपमा परिणत हुन्छ। यसैगरी वैष्णवहरू पनि परिणामवादी नै हुन् उनीहरू ब्रह्म नै जगत्‌को रूपमा परिणत हुन्छ भन्ने मान्दछन्। उनीहरूको मतअनुसार माटोमा अव्यक्त रूपले घट विद्यमान हुन्छ र कारणव्यापारद्वारा त्यसलाई व्यक्त गरिन्छ। अतः कार्य कारणमा अव्यक्त रूपमा पहिल्यैदेखि रहेको हुन्छ भनी मान्ने यस सिद्धान्तलाई सत्कार्यवाद

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि भनिन्छ। यिनीहरूका अनुसार यदि कारणमा पहिले हुँदै नभएको वस्तु पछि उत्पन्न हुने हो भने घैँटो बन्नका लागि माटो नै किन चाहियो ? पानीबाट पनि घैँटो बनोस्। अतः माटोमा घैँटो, बीजमा वृक्ष अव्यक्त रूपमा रहेकाले ती-ती कारणबाट ती-ती कार्य नै उत्पन्न हुन्छन्, हुँदै नभएको कार्य कहीँबाट अकस्मात् उत्पन्न हुँदैन। असत्कार्यवादी नैयायिकहरू यो समस्यालाई यसरी समाधान गर्दछन्– माटोमा घैँटो नभए पनि घैँटो बनाउन सक्ने सामर्थ्य छ। त्यसैले जुन-जुन कारणमा जुन-जुन कार्य उत्पन्न गर्ने सामर्थ्य छ, त्यसबाट त्यही-त्यही कार्य उत्पन्न हुन्छ।

यी दुवैभन्दा भिन्न विवर्तवाद अद्वैतवेदान्तको सिद्धान्त हो। अद्वितीय ब्रह्मतत्त्व आफूभन्दा अभिन्न मायाशक्तिद्वारा जगत्को रूपमा कल्पित हुन्छ भन्ने वेदान्तको सिद्धान्त छ। विवर्त शब्दको अर्थ हुन्छ— **स्वस्वरूपम् अपरित्यज्य स्वरूपान्तरेण भानम्** अर्थात् आफ्नो स्वरूपलाई नछाडी अर्को रूपले देखिनु। मन्द अन्धकारमा अज्ञानका कारण डोरी सर्पको रूपमा देखिए पनि त्यहाँ डोरीले आफ्नो स्वरूपलाई छाडेको छैन। वस्तुले आफ्नो स्वरूपलाई नछाडी अर्को रूपमा देखिने भन्ने बित्तिकै त्यो अर्को रूप अध्यस्त र अवास्तविक हो भन्ने स्वतः थाहा हुन्छ। त्यसैले डोरी व्यावहारिक सत्य हो भने सर्पचाहिँ प्रातिभासिक हो। ठीक यसैगरी ब्रह्म अज्ञानका कारण जगत्रूपमा देखिए पनि उसले आफ्नो स्वरूपलाई छाडेको छैन। त्यसैले जगत् ब्रह्ममा कल्पित हो, पारमार्थिक सत्तावाला वस्तु होइन। यही कुरालाई दार्शनिक भाषामा **उपादानविषमसत्ताककार्योत्पत्तिः** अर्थात् उपादानको जुन सत्ता छ, त्योभन्दा तल्लो सत्ताको कार्य उत्पन्न हुनु नै विवर्त हो भनिन्छ। त्यसैले जगत् ब्रह्मको विवर्त हो भन्ने वेदान्तसिद्धान्त छ।

विवर्तवादअनुसार जगत्लाई ब्रह्मस्वरूप हो भनी बताउन पनि मिल्दछ, अनि जगत् अवास्तविक हो भनी बताउन पनि। रज्जुसर्पको भ्रम ज्ञानद्वारा हटेपछि अहिलेसम्म देखिएको सर्प त डोरी नै रहेछ भनी बताउन र यो त सर्प होइन रहेछ भनी बताउन पनि मिलेजस्तै तत्त्वसाक्षात्कारद्वारा अज्ञान नष्ट भएपछि यो जगत् अद्वितीय ब्रह्मस्वरूप रहेछ भनी बताउन अथवा यो जगत् हुँदै नभएको रहेछ भनी बताउन पनि मिल्दछ। त्यसैले **सर्वं ह्येतद् ब्रह्म** (मा.उ.२) जस्ता श्रुतिले सम्पूर्ण जगत्लाई ब्रह्मरूप बताएको र **नेति नेति** (बृ.उ. ३/९/२६) जस्ता श्रुतिले जगत्को असत्ता बताएको दुवैथरी भनाइ मिल्न आउँछ। त्यसैले वेदान्तमा सबैथरी उपनिषद्वचनहरूको समन्वय हुने देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वास्तवमा वेदान्तदर्शनले जगत्को अनन्त विविधतालाई पनि अद्वितीय ब्रह्ममा समन्वय गर्दछ । अतः यसमा परस्परविरोधी दार्शनिक सिद्धान्तको पनि समन्वय हुनु अनौठो होइन । दिनभरि आकाशभरि छरिएर उडेका चरा साँझमा थाकेर सबैतिरबाट आफ्नै गुँडमा आई बसेझैँ बुद्धिको दार्शनिक उडानमा चारैतर्फ फिँजिएका दर्शनहरू पनि अन्तमा थाकेर वेदान्त-गुँडमा नै विश्राम गर्न आइपुग्छन् । वेदान्त आत्माको प्रतिपादक भएकाले सबैका लागि आफ्नै घर त हुँदै हो । वास्तवमा अनेक दार्शनिकहरूले जीव, जगत्, ईश्वरको विषयमा आ-आफ्नो मतअनुसार वादविवाद गरेर वेदान्तलाई नै पुष्ट गरिरहेका छन् । जगत्को विषयमा तिनका धारणाहरू परस्परमा बाझिएपछि र तीमध्ये कुन असल हो भन्ने नछुट्टिएपछि जगत्को निश्चित स्वरूप बताउनै सकिन्न भन्ने वेदान्त-सिद्धान्त अनायास नै सिद्ध हुन पुग्छ । यही नै वेदान्तको अनिवर्चनीयतावाद हो । वेदान्तदर्शन एउटै ब्रह्मलाई मात्र सत्य मान्दछ र जगत् आदिको स्वरूपलाई निर्धारण गर्न प्रवृत्त हुँदैन । जगत्को विषयमा कुनै निश्चित धारण बन्नै सक्दैन भनी चुप लागेकाले अरु दार्शनिकहरू– जो जगत्को निश्चित व्यवस्था गर्न र अर्काले गरेको व्यवस्थालाई भत्काउन प्रयास गरिरहेका छन्, तिनीहरूसँग वेदान्तको कुनै लडाइँ झगडा छैन । बरु अन्तमा ती सबैले पनि वेदान्तकै धारणालाई स्वीकार गर्नुपर्दछ—

स्वसिद्धान्तव्यवस्थासु द्वैतिनो निश्चिताः दृढम् ।

परस्परं विरुध्यन्ते तैरयं न विरुध्यते ॥ (मा.का.३/१७) यसरी अन्तमा सबै दार्शनिकहरूको वेदान्तमा नै पर्यवसान हुने देखिन्छ ।

यहाँ शङ्का हुन्छ कि- सबै दर्शनहरूको अन्तमा वेदान्तमा नै पर्यवसान हुने भए व्यासका शिष्य जैमिनि, भगवान्का अवतार कपिल मुनिजस्ता महापुरुषहरू के भ्रान्त भएका थिए र तिनीहरूले मीमांसा, सांख्यजस्ता पृथक् दर्शनको परम्परा चलाए ? यसको उत्तर दिँदै टीकाकार मधुसूदन सरस्वती लेख्नुहुन्छ— **न हि ते मुनयो भ्रान्ताः** अर्थात् ती मुनिहरू भ्रान्त थिएनन्, किनभने ती सर्वज्ञ थिए । तर पनि विषयमा आसक्त भएका र यो लोक परलोकका अनेक फललाई भोग्न चाहने व्यक्तिहरूले उपनिषद्को अद्वैत-तत्त्वलाई बुझ्न सक्दैनन् भनेर उनीहरूलाई कर्म-उपासनामा लगाएर चित्त शुद्ध गर्न र त्यसबाट तत्त्वज्ञानका लागि योग्य बनाउन ऋषिहरूले अनेक शास्त्र र सम्प्रदायभेद चलाएका हुन् । विषयवासना नष्ट नभएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यक्तिले यदि वेदान्तश्रवण गऱ्यो भने उसले ईश्वर पनि छैन, धर्म-अधर्म पनि छैन भन्ने बुझी आफ्नो मनोमानी आचरण गर्न प्रवृत्त हुन्छ र महानास्तिक बन्दछ। ताते-ताते गर्न पनि नजानेको बच्चालाई पहाडको उच्च शिखरमा हिँड्न छाडिदिँदा दुर्घटना भएजस्तै अयोग्य व्यक्तिले वेदान्तोपदेश ग्रहण गर्दा दुर्घटनामात्र हुन्छ। पहाडमा दौडिने सामर्थ्य नहुञ्जेल व्यक्तिलाई घरकै आँगनमा ताते-ताते गराउनु, सम्मो बाटोमा हिँड्न अभ्यास गराउनुको विकल्प छैन। त्यसैगरी वेदान्तलाई ग्रहण गर्न योग्य नहुन्जेलका लागि ऋषिहरूले अनेक शास्त्रहरूमा जीवलाई ताते-ताते गर्न सिकाउनुको कुनै विकल्प छैन। कर्मयोगको अनुष्ठानद्वारा मल दोष नष्ट नभएको र उपासना-समाधि आदिद्वारा विक्षेप दोष नष्ट नभएको मानिस वेदान्तमा अधिकारी हुँदैन। अतः मीमांसा आदि शास्त्रले कर्मको डटेर प्रशंसा गर्नु, वैष्णव पाशुपत आदि दर्शनले इष्टदेवोपासनाको श्रेष्ठता बताउनु र योग-सांख्य आदिले चित्तवृत्तिनिरोध, समाधि र विवेकज्ञान आदिको महिमागान गर्नु वेदान्तका लागि प्रतिकूल होइन, अनुकूल नै छ। वास्तवमा चार्वाकले शरीर ठीक राख्नुपर्दछ भनेको कुरा पनि वेदान्तसँग बाझ्दैन। किनभने स्वस्थ शरीरबाट नै आत्मचिन्तन गर्न सजिलो हुन्छ। नैयायिक, वैशेषिक आदिले पनि पदार्थतत्त्वविवेक गर्न सिकाएर जगत्का पदार्थहरूको यथार्थ स्वरूपलाई बताउँछन् र वैराग्य उत्पन्न गर्न नै सघाउ पुऱ्याउँछन्। यसरी सबै दर्शनहरूले आ-आफ्नो सिद्धान्तलाई प्रतिपादन गर्दै वेदान्ततर्फ नै अङ्गुलीनिर्देश गरिरहेका छन्। मधुसूदन सरस्वती लेख्नुहुन्छ— **तत्र तेषां तात्पर्यमबुद्ध्वा तत्तन्मतमेव उपादेयत्वेन गृह्णन्तो जनाः ऋजुकुटिलनानापथजुषः भवन्ति** अर्थात् वेदान्तशास्त्रमा नै सबैको परम तात्पर्य रहेको कुरालाई नबुझेर कोही मानिसहरू ती-ती शाखा-प्रशाखा मतहरूलाई नै परम उपादेय ठान्दछन्। त्यसैले परमात्मप्राप्तिको सीधा मार्ग वेदान्तमा नलागी तिनीहरू घुमाउरो बाटोमा लागेका हुन्छन्। **इदं परम् अदः पथ्यम्** अर्थात् यही मत सर्वश्रेष्ठ हो र यही नै मेरा लागि हितकर हो भन्ने सम्झी तिनीहरू आफूलाई मन पर्ने ती-ती मतहरूमा लाग्दछन्। अझ वास्तविक कुरा के भने पूर्वकर्मको वासनाअनुसार अनेक मतमा आकृष्ट भएका तिनीहरूलाई वेदान्तमार्ग सीधा हो अनि अरु मार्ग घुमाउरा हुन् भन्ने पनि थाहा हुन्न। उनीहरूलाई त आफू हिँडेको घुमाउरो बाटो नै सीधा हो भन्ने लाग्दछ र आफूमात्र नभई आफ्ना आफन्त, दाजु-भाइलाई पनि त्यही

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाटोमा ल्याउन पाए हुन्थ्यो भनी प्रयास गर्दछन्। मधुसूदन सरस्वती लेख्नुहुन्छ— **कुटिलेऽपि ऋजुभ्रान्त्या प्रवर्तन्ते** अर्थात् यिनीहरू घुमाउरो या सहायक मार्गलाई पनि सीधा एवं मूल मार्ग ठानी त्यसमा प्रवृत्त हुन्छन्। तर घुमाउरो मार्गमा लागेको भरमा तिनीहरूले परमात्मालाई नपाउने होइनन्, किनभने सानो खोला गङ्गामा मिसिई समुद्रमा पुगेझैँ त्यस सम्प्रदायद्वारा बताइएको कर्म-उपासना आदिबाट चित्त शुद्ध भएपछि उनीहरूले वेदान्तको ज्ञानद्वारा मोक्ष पाउँछन्— **न च विपर्ययेऽपि परमेश्वराप्राप्तिः, अन्तःकरणशुद्धिवशेन पश्चादृजुमार्गाश्रयणात्**। यसप्रकार यहाँ सबैथरी आस्तिक सम्प्रदायहरूले सीधा एवं घुमाउरो मार्गद्वारा अद्वितीय शिवतत्त्वलाई नै प्राप्त गर्दछन् भनी बताइएको छ। हरिलाई नै अद्वितीय परमात्मतत्त्व मान्दा सम्पूर्ण श्लोकार्थ हरिपक्षमा पनि समान नै छ।

महोक्षः खट्वाङ्गं परशुरजिनं भस्म फणिनः
कपालं चेतीयत्तव वरद तन्त्रोपकरणम्।
सुरास्तां तामृद्धिं विदधति भवद्भ्रूप्रणिहितां
न हि स्वात्मारामं विषयमृगतृष्णा भ्रमयति ॥८॥

पदार्थ-

वरद = हे भगवान्! **महोक्षः** = बूढो गोरु, **खट्वाङ्गं** = खाटको एउटा खुट्टा, **परशुः** = बञ्चरो, **अजिनं** = हात्तीको छाला, **भस्म** = भस्म, **फणिनः** = सर्पहरू, **कपालं च** = खप्परसमेत, **इति** = गरी, **इयत्** = यिनै, **तव** = हजुरका, **तन्त्रोपकरणं** = व्यवहार चलाउने सामग्री हुन्, **सुराः तु** = देवताहरूले चाहिँ, **भवद्भ्रूप्रणिहितां** = हजुरको आँखीभौँको इसाराद्वारा प्राप्त, **तां तां** = ती-ती, **ऋद्धिं** = अनन्त समृद्धिलाई, **दधति** = धारण गर्दछन्, **हि** = निश्चय नै, **स्वात्मारामं** = आत्माराम महापुरुषलाई, **विषयमृगतृष्णा** = विषयभोगको तिर्सनाले, **न भ्रमयति** = घुमाउँदैन॥

भावार्थ-

हे शिव! बूढो गोरु, खाटको खुट्टो, बञ्चरो, हात्तीको छाला, चिताभस्म, सर्पहरू र खप्पर यिनै हजुरका व्यवहार चलाउने सामग्रीहरू हुन्। सम्पूर्ण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवताहरूमा रहेको अनन्त समृद्धिचाहिँ उनीहरूलाई हजुरको आँखीभौँको इसाराले नै प्राप्त भएको हो । निश्चय नै आत्माराम महापुरुषलाई विषयभोगको तिर्सनाले सताउँदैन ।

विवरण-

यस श्लोकमा पुष्पदन्तले भगवान्को साकार रूपको वर्णन गरेका छन् । यसभन्दा अघि ईश्वरको विषयमा उठेका शङ्काहरूलाई निराकरण गरी सबै आस्तिक सम्प्रदायहरूले एउटै परमात्मालाई पाउने कुरा बताइयो । यहाँ शिवको स्वरूप र स्वभाव रहस्यमय भएको बताइएको छ । सम्पूर्ण संसारका एकमात्र ईश्वर भएर पनि उहाँले आफ्नो साथमा त्यस्ता उपकरण या सामानहरू राख्नुभएको छ कि– ती व्यर्थका लाग्दछन् । उहाँले बूढो गोरु, खाटको खुट्टो, टुटेको बञ्चरो, छाला, खरानी, सर्पहरू र खप्पर आफ्नो साथमा राख्नुभएको छ । न कुनै राम्रा गहना, न राम्रा वस्त्र, न त कुनै ऐश्वर्यका सामग्रीहरू नै उहाँसँग छन् । हेर्दा अत्यन्त दीन, दरिद्र व्यक्तिजस्ता हुनुहुन्छ ।

वास्तवमा शिवको **तन्त्रोपकरण** अर्थात् घरगृहस्थीका सरसामान हेर्दा उहाँको दिनचर्यामा प्रपञ्चको कुनै स्थान देखिन्न । उहाँले सवारीका लागि एउटा बूढो गोरु राख्नुभएको छ, जो न छिटो दौडिन सक्छ, न ठूलो भारी उठाउन नै । उहाँकै कृपाबाट अनन्त सम्पदा प्राप्त गरेका देवताहरूले चाहिँ ऐरावत हात्ती, शीघ्रगामी गरुड, हंस, उच्चैःश्रवा घोडा, पुष्पक विमान आदि सवारीका साधन राखेका छन् । कैलाशको शिखरमा उहाँको कुनै आलिसान महल त छँदैछैन । त्यहाँका गुफा र थुम्काहरू नै उहाँका निवासस्थान हुन् । त्यसमाथि त्यही गुफामा पनि उहाँसँग सुत्ने एउटा खाट पनि छैन, पहिलेदेखि टुटेको खाटको एउटा खुट्टो त्यत्तिकै लडिरहेको छ । विस्तारा नै नभएपछि कहाँ विश्राम गर्ने, सुत्ने ? त्यसैले शिव सधैँ समाधिमै मग्न भइरहनुहुन्छ । वैकुण्ठ लोक, सत्य लोक, स्वर्ग लोक आदि दिव्य लोकहरूमा अनेक दिव्य मणि-माणिक्यले बनेका महलमा रहने देवताहरूको अघि शिवको बसाइ महादरिद्रको झैँ देखिन्छ । शिवको घरमा हतियारको नाममा एउटा **खण्डपरशु** अर्थात् टुटेको बञ्चरो छ, त्यसलाई जोडजाड पारी उध्याउनेसम्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि कसैको ध्याउन्न छैन । त्यही टुटेको बञ्चरोले अलि-अलि दाउरा काटे भोजन पाकिहाल्छ, त्योभन्दा बढी किन चाहियो ? हिमालयको त्यो महाठण्डीमा शिवसँग वस्त्रको नाममा जम्मा एउटा **गजचर्म** अर्थात् हात्तीको छाला छ, जसलाई कहिले कहीँ उहाँले जिउमा लपेट्नुहुन्छ । श्रृङ्गार साधनको रूपमा उहाँसँग भस्ममात्र छ, कुनै दिव्य चन्दन कस्तुरीचूर्ण आदि बहुमूल्य प्रसाधन होइन । त्यो खरानी पनि चिताभस्म हो, जसलाई शरीरभरि दलेर सेताम्मे भएपछि उहाँको श्रृङ्गार पूरा हुन्छ । त्यसैगरी उहाँका गहनाहरू पनि अचम्मका छन् । जसको नजिक पर्न पनि प्राणीहरू डराउँछन्, त्यस्ता सर्पहरू उहाँका आभूषण हुन् । तिनै सर्पलाई नाडीमा लपेट्दा बाला भयो, घाँटीमा झुण्ड्याउँदा माला । अरु दिव्य आभूषणहरू बनाउने झन्झटमा को लागिरहोस् । फेरि गहना बनाउनका लागि सम्पत्तिको जोरजाम पनि गर्नुपर्‍यो अनि बनाएपछि सुरक्षितसँग राख्न घर पनि चाहियो । केही नभएकालाई गहनाको के वास्ता ? शिवसँग खाना खाने भाँडोको रूपमा एउटा खप्पर छ । बस् उहाँको साथमा योभन्दा बढी कुनै सामान नै छैन ।

स्वयं शिवमात्र नभई उहाँको सम्पूर्ण पारिवारिक संरचना नै अनौठो खालको छ । आफ्नै पाँच मुख छन्, दुई पुत्रहरूमध्ये एउटाको छवटा मुख छन् अनि अर्कोको चाहिँ पेट असाध्यै ठूलो छ । यस्ता खञ्चुवा परिवारका मूलीचाहिँ धोती न टोपीका नाङ्गाबुङ्गा छन् । धन्न गृहिणीका रूपमा अन्नैअन्नले पूर्ण रहने अन्नपूर्णा पार्वती हुनुहुन्छ र यी सबै बाँचेका छन् । जब शिवको सम्पूर्ण परिवार एक ठाउँमा जम्मा हुन्छ त पार्वतीको वाहन सिंहले शिवको वाहन गोरुलाई खाउँ-खाउँ गर्छ । उता गणेशको वाहन मूसालाई शिवको घाँटीको सर्पले अनि सर्पलाई चाहिँ कार्तिकेयको वाहन मयूरले खान खोज्दछन् । तर यी सबैका जन्मजात पारस्परिक विद्वेषबाट अनभिज्ञ शिव भने निर्द्वन्द्व, निर्विकार र आत्माराम हुनुहुन्छ । त्यही निर्द्वन्द्वता र अखण्ड समाधिको प्रभावले गर्दा ती विरोधी प्राणीहरूले परस्परको विरोध बिर्सिएका छन् र शिवपरिवारमा शान्ति छ । मानौँ विरोधै विरोधको बीचमा बसेर पनि कसरी परम आनन्दमय जीवन बिताउन सकिन्छ भनी शिवले प्राणीहरूलाई शिक्षा दिनुभएको हो कि ? जस्तो लाग्छ । एउटा परिवारका वृद्ध घरमूलीले सबै व्यवहारका टन्टा कुनै योग्य पुत्रलाई सुम्पेर चुपचाप निःस्पृह भई बसेझैँ शिवले पनि संसारव्यवस्थाको चाँजोपाँजो मिलाउने जिम्मेवारी र अधिकार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विष्णुलाई सुम्पिनुभएको छ र आफू चुपचाप बस्नुभएको छ। संसार-घरका ज्येष्ठ सदस्य या घरमूली शिवको यस्तै निःस्पृह चाला छ।

शिवको स्वरूपको विषयमा कविहरूका यस्तै अनेकथरी विचारहरू छन्। एकजना कवि आफ्नो कल्पना थप्दै भन्दछन्– शिवको वेढङ्गी दिनचर्या हेर्दा उहाँको साथमा रहने बूढो गोरु असाध्यै दुब्लो भएको छ। ऊ सोच्छ– मेरा मालिकले अमृतमय चन्द्रमालाई शिरमा धारण गर्नु त ठीकै छ, तर अमृत धारण गरेपछि त्यो विषालु सर्पलाई चाहिँ घाँटीमै किन झुण्ड्याउनु भएको होला ? अझ त्यतिले नपुगी दुनियाँले हार-गुहार गरे भन्दैमा संसारै जलाउन सक्ने विषलाई किन पिएको होला ? एकातिर अमृत अनि अर्कोतिर विष, यो कस्तो चाला हो ? त्यसैगरी यिनले त्रिलोकसुन्दरी ललितविग्रहा शिवालाई अर्धाङ्गिनी बनाउनु नै थियो भने कामदेवलाई तेस्रो नेत्रको अग्निज्वालाले किन भस्म बनाउनुभएको होला ? कामलाई नष्ट गर्ने अनि विवाह गर्ने यो कस्तो चाला हो ? त्यसैगरी हतियारको रूपमा बञ्चरो साथमा राख्नु ठीकै हो, तर हतियार राखेपछि त्यसको धार मार्ने या खिया लगाउने धुलो खरानी किन जिउभरि दलेको होला ? यसरी चिन्ता गर्दा गर्दा स्वामीभक्त त्यो बूढो गोरु दुब्लो भएको छ। यसप्रकार जुनसुकै दृष्टिले विचार गर्दा पनि शिवको व्यवहार बेढङ्गको र दरिद्र पाराको देखिन्छ। तर पुष्पदन्त भन्दछन्– यो शिवको आत्माराम स्वभाव हो। आत्माराम व्यक्ति सुख र दुःखमा, भोगप्राप्ति एवं त्यसको अभावमा समेत समान रूपले आनन्दित रहन्छ। शिवमा पनि विषयभोगको कुनै कामना छैन। जसमा कामना छैन उसले अनेकथरी विषयको सङ्ग्रह किन गर्ने ? त्यसैले शिवले सुविधाका सामग्रीहरू सँगाल्नुभएको छैन।

पुष्पदन्त भन्दछन्– जसको भ्रू अर्थात् आँखीभौँको अलिकति इसाराबाट मात्र पनि देवताहरूमा अनन्त ऐश्वर्यको सृजना हुन्छ, उहाँले आफ्ना लागि चाहेको भए तीभन्दा उत्तमोत्तम ऐश्वर्यको रचना गर्न सक्नुहुन्थेन र ? तर विषयभोगको यो मृगतृष्णामा शिव पर्नुहुन्न। मरुभूमिमा सूर्यको प्रकाश टल्किएर पानीसमान देखिनुलाई मृगतृष्णा भनिन्छ। त्यसबाट पानी निकाल्न हजारौँ वर्ष प्रयास गरे पनि एक थोपा निकाल्न सकिन्न। त्यसैले जसले यो मृगतृष्णा हो भनी बुझेको छ, ऊ त्यहाँबाट पानी निकाल्ने झन्झटमा पर्दैन। संसार पनि असत्य भएकाले यसका पदार्थहरूको सङ्ग्रह गरी तिनबाट सुखभोग गर्न खोज्नु मरुभूमिबाट जल निकाल्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खोज्नुजस्तै हो । देवता, मनुष्य आदि शिवमायाबाट मोहित भई संसारलाई सत्य ठान्दछन् र दिव्य पदार्थहरूको सङ्ग्रह गर्न खोज्दछन्, तर शिवलाई संसारको असत्यता निश्चित भएकाले उहाँले कुनै विलासी पदार्थको सङ्ग्रह गर्नुभएको छैन । जीवन्मुक्त संन्यासीले जीवन धारणका लागि मात्र भिक्षापात्र, वस्त्र, दण्ड आदि आफूसँग राखेझैँ शिवले पनि गजचर्मको वस्त्र, खप्परको भिक्षापात्र साथमा राख्नुभएको हो ।

शिवका साथमा रहने वस्तुका अनेक रहस्यात्मक अर्थ रहेका छन् । **धर्मो वृषभ उच्यते** अर्थात् धर्मलाई नै वृषभ भनिन्छ । अनादि कालदेखिको जुन सनातन धर्म छ, त्यसमै शिव चढ्नुहुन्छ, अर्थात् उहाँलाई प्राप्त गर्न सनातन धर्मकै सहारा लिनुपर्दछ । यो सनातन धर्म बूढो छ- छिटो हिंड्न सक्दैन । यसले कर्मद्वारा पापको नाश, उपासनाद्वारा चञ्चलताको नाश गरेर बिस्तारै शिवस्वरूपमा पुऱ्याउँछ । बर्खे च्याउसरीका अनेक सम्प्रदायहरूले आफ्नो मतमा आए केही दिनमै परमात्मप्राप्ति हुने आशा देखाई कल्पनाको तीव्र उडान भरेर आध्यात्मिक जीवनलाई नै दुर्घटनाग्रस्त बनाउनेजस्तो कामचाहिँ यसले गर्दैन । त्यसैले छिटो हिंड्ने या उड्ने अन्य साधन नभई ढिलो हिंड्ने यही बूढो गोरु नै शिवलाई प्रिय छ ।

खाटका चारवटा खुट्टाहरू भएसमान मानव-जीवनमा चार पुरुषार्थहरू छन्, तीमध्ये एउटा खुट्टो शिवसँग मात्र छ । चाहिएअनुसारको सम्पत्ति र अनेक विषयभोग जुनसुकै देवताले पनि दिन सक्दछन्, तर मोक्षचाहिँ शिवकृपाविना हुनेवाला छैन । शिव नै अज्ञान हरण गर्ने **हर** हुनुहुन्छ । **ज्ञानमिच्छेन्महेश्वरात्** अर्थात् ज्ञान चाहियो भने महेश्वरसँग माग्नू भन्ने प्रसिद्धि छ । ज्ञानविना अज्ञानात्मक संसारबन्धनबाट मुक्त हुने कुनै अर्को उपाय छैन । त्यसैले मोक्षको साधन भएको तत्त्वज्ञान प्रदान गर्ने हुनाले शिव मोक्षदाता हुनुहुन्छ । वेदान्तमा तत्त्वज्ञानका लागि तत्पदार्थ र त्वंपदार्थको शोधन गर्ने प्रक्रिया बताइन्छ । वास्तवमा कर्म, उपासना आदि साधनद्वारा त्वंपदार्थको शोधन गर्न सकिन्छ, तर तत्पदार्थको शोधन कसरी हुन्छ ? के एउटा जीवले ईश्वरमा रहेको मायारूप उपाधिलाई आफ्नो प्रयासले हटाउन सक्ला र ? कदापि सक्दैन । सम्पूर्ण साधनाद्वारा चित्त शुद्ध गरेपछि अर्थात् त्वम्पदार्थको शोधन गरेपछि ऊ ईश्वरको शरणागत बन्नै पर्दछ । उसमाथि कृपा गरी जब महेश्वरले आफ्नो उपाधि हटाइदिनुहुन्छ, तब जीव र शिवको एकात्मक मिलन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्भव हुन्छ। यही नै तत्त्वसाक्षात्कार या जीवब्रह्मैक्यबोध हो। उपनिषद् भन्दछ— **यमेवैष वृणुते तेन लभ्यस्तस्यैष आत्मा विवृणुते तनूं स्वाम्** (क.उ. १/२/२३) अर्थात् जिज्ञासुले आत्मालाई वरण गर्‍यो अर्थात् निरन्तर आत्मचिन्तन, आत्मचर्चा आदि गर्‍यो भने उसको आत्माले आफ्नो स्वरूपलाई प्रकट गरिदिन्छ। आफ्नो स्वरूपलाई प्रकट गरिदिनु यही नै परमात्माको कृपा हो, त्यसैले वेदान्तमा ज्ञानका लागि ईश्वरकृपा अनिवार्य मानिन्छ। यसप्रकार महेश्वर शिवको कृपाविना ज्ञान एवं मोक्ष हुन सक्दैन भन्ने निश्चित छ।

परशु अर्थात् बञ्चरोले दाउरालाई दुई फ्याक पार्दछ। त्यसैले शिवसँग रहने यो बञ्चरो नित्य र अनित्य वस्तुलाई छुट्ट्याउने विवेक हो। यही विवेक नै प्रत्यगात्मा शिवको हतियार हो र यसैद्वारा अनित्य संसारलाई अलग गरी उहाँ नित्य आत्मभावमा अवस्थित हुनुहुन्छ। शिवले धारण गर्ने गजचर्म भनेको नामरूपात्मक सम्पूर्ण जगत् हो। वस्त्रले व्यक्तिलाई ढाकेझैँ अद्वितीय शिवको स्वरूपलाई यसैले ढाकेको छ। यो द्वैतप्रपञ्च हात्तीको छालासमान अत्यन्त व्यर्थ छ, तर सर्वव्यापक शिवलाई ढाक्न सक्ने अर्को कुनै वस्त्र नहुनाले अरु देवताले जस्तो राम्रो रेशमी वस्त्र नलगाई शिवले यही गजचर्म आफूमा लपेट्नुभएको छ। पुराणहरूमा के पनि कथा आउँछ भने एकपटक शिवदर्शन गर्न भनी भगवान् विष्णु कैलाश जानुभयो। विष्णुको वाहन गरुडले मार्ला भन्ने डराई शिवको घाँटीमा रहेको सर्पले चन्द्रमाको अमृत खायो। त्यस क्रममा एक थोपा तल झरी गजचर्ममा पर्दा अमृतस्पर्शबाट हात्ती जीवित भई हिंड्यो र शिव दिगम्बर-नाङ्गै बन्नुभयो। वास्तवमा योग्य अधिकारीहरूले दिगम्बर अर्थात् नामरूपात्मक उपाधिले शून्य निरुपाधिक रूपमै शिवदर्शन पाउँछन्। अज्ञानीहरू चाहिँ यसका लागि योग्य हुँदैनन्। त्यसैले अज्ञानीहरूका लागि आफ्नो निरुपाधिक स्वरूप ढाक्न शिवले नामरूपात्मक गजचर्म धारण गर्नुभएको हो।

यसैगरी भस्मधारणको पनि रहस्य छ। नामरूपात्मक प्रपञ्च जब ज्ञानद्वारा जल्दछ, तब त्यो भस्म हुन्छ। जगत्को बाध आखिरमा कहाँ हुन्छ ? उनै शिवमा। किनभने जुन वस्तु जहाँ कल्पित भएको हो, त्यो त्यहीँ बाधित हुने हो। यसरी जगत् बाधित भई शिवस्वरूपमै मिलेको रहस्यलाई भस्मधारणले अभिव्यक्त गरेको छ। यो भस्म पनि चिताभस्म हो, अर्थात् शरीर जलेको खरानी हो। ज्ञानद्वारा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्तमा जलाउनुपर्ने पनि यही देहात्मभावलाई हो । जब देहात्मभाव या जीवभाव बाधित हुन्छ, तब जीव शिवस्वरूप नै बन्दछ या शिवमै मिल्दछ । यसरी जीवभाव भस्म भई शिवस्वरूपमै मिलेको कुरालाई चिताभस्मधारणले बुझाउँछ । शिवले धारण गर्ने आभूषणचाहिँ **फणिनः** अर्थात् सर्पहरू हुन् । सर्पहरू विषयुक्त हुन्छन्, तर मृत्युञ्जय या अमृतेश्वर शिवमा पुगेपछि यिनीहरू निर्विष हुन्छन् । मन पनि विषयको संस्काररूपी विषले भरिएको छ । अझ सर्पको विषभन्दा पनि विषयरूपी विष एकमात्राले बढी अर्थात् कडा छ । यस्तो कडा विष धारण गर्ने मन सर्पझैं अत्यन्त चञ्चल पनि छ । तर शिवस्वरूपमा लाग्यो भने यही मन निर्विष, चञ्चलतारहित बन्दछ । यसरी शुद्ध भएको मन शिवको गहनासमान बन्दछ भन्ने बुझिन्छ । शिवले खाना खाने भाँडोचाहिँ **कपालं** अर्थात् खप्पर हो । मानिसका ज्ञानेन्द्रियहरू शिरोभागमा नै हुन्छन् । रूप ग्रहण गर्ने चक्षुरिन्द्रिय, शब्द ग्रहण गर्ने श्रोत्रेन्द्रिय, गन्ध ग्रहण गर्ने घ्राणेन्द्रिय, रस ग्रहण गर्ने रसनेन्द्रिय शिरमा नै छन् अनि स्पर्शको अनुभव पनि गालामा धेरै हुने भएकाले सबै ज्ञानेन्द्रियहरू कपालप्रदेशमा नै रहन्छन् । यी इन्द्रियद्वारबाट जुन-जुन विषयरूप आहार भित्र छिर्छन्, शिव तिनैको भोक्ता हुनुहुन्छ । भोक्ता अर्थात् प्रकाशक । वास्तवमा चक्षुरिन्द्रियले रूपदर्शन या श्रोत्रेन्द्रियले गन्धग्रहण गरेको कुरा प्रत्यगात्माले प्रकाशित नगरी कसरी सिद्ध हुन सक्छ र ? उपनिषद्मा भनिन्छ— **सर्वे देवा अस्मै बलिमाहरन्ति** अर्थात् सम्पूर्ण इन्द्रियरूप देवताहरूले अन्तर्यामी आत्मालाई ती-ती विषयरूपी बलि अर्थात् उपहार या कर अर्पण गर्दछन् । यही नै अन्तर्यामी शिवको आहार हो । यसरी कपाल धारणबाट शिवले नै सबै विषयको ज्ञानलाई प्रकाशित गरिदिनुहुन्छ भन्ने रहस्य प्रकट भएको छ ।

टीकाकार मधुसूदन सरस्वतीले चाहिँ शिवसँग बूढो गोरु आदि हुनुको आगमशास्त्रीय रहस्यलाई स्पष्ट गर्नुभएको छ । उहाँ लेख्नुहुन्छ— **पुरुष-प्रधान-महत्-अहङ्कार-तन्मात्रा-इन्द्रिय-भूतानि महोक्षादिरूपेण गुप्तानि भगवन्तं महेश्वरमुपासते** अर्थात् पुरुष, प्रकृति, महत्तत्त्व, अहङ्कार, पञ्च तन्मात्रा, इन्द्रियहरू र महाभूतहरूले क्रमशः बूढो गोरु, खट्वाङ्ग, बञ्चरो, गजचर्म, भस्म, सर्प र खप्परको रूपमा गुप्त भई महेश्वरको उपासना गर्दछन् । यसरी शिवस्वरूपको रहस्य गहन र अनन्त छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हरिपक्षमा चाहिँ यो श्लोकले शङ्ख-चक्र धारण गर्नुहुने शेषशायी रूपको स्तुति गरेको छ । यसको अन्वयक्रम यस्तो छ— **वरद महः, अक्षः, कपालम्, भस्मफणिनः अजिनम् अङ्गं खट्वा, परशुः इति इयत् तव तन्त्रोपकरणम्** । यहाँ **महः अक्षः** भनेको तेजोमय चक्र हो । **कपालं** भनेका पानीमा उत्पन्न हुने शङ्ख र पद्म हुन् । यहाँ **भस्मफणिनः अजिनम् अङ्गं खट्वा** भन्ने एउटा वाक्यांश हो । यसको अर्थ भस्मसमान सेतो शेषनागको अङ्ग र त्यसको छाला नै विस्तारा भन्ने हो । बञ्चरोचाहिँ जमदग्निपुत्र रामको अवतारमा धारण गरिएको हो । यिनीहरू नै भगवान् विष्णुका व्यवहार-सामग्री हुन् । शेषशय्यामा **अङ्गं** अर्थात् शेषको शरीरचाहिँ बिछ्यौना र **अजिनं** उसको छालाचाहिँ त्यसमाथि ओछ्याइएको तन्नाजस्तो भन्ने बुझ्नुपर्दछ । निश्चय नै **रामम्** अर्थात् सबै योगीहरू रमाउने त्यस तत्त्वलाई **स्वात्मा** अर्थात् स्वयं भगवान्भन्दा भिन्न सत्ता नभएको **विषयमृगतृष्णा** अर्थात् मायामरीचिकाले **न भ्रमयति** अर्थात् घुमाउन सक्दैन भन्ने अर्थ लाग्दछ ।

ध्रुवं कश्चित् सर्वं सकलमपरस्त्वध्रुवमिदं
परो ध्रौव्याऽध्रौव्ये जगति गदति व्यस्तविषये ।
समस्तेऽप्येतस्मिन् पुरमथन तैर्विस्मित इव
स्तुवन् जिह्रेमि त्वां न खलु ननु धृष्टा मुखरता ॥९॥

पदार्थ-

पुरमथन = हे त्रिपुरारि ! **कश्चित्** = कसैले, **सर्वम् इदम्** = सम्पूर्ण यो जगत्लाई, **ध्रुवं** = नित्य, **गदति** = भन्दछ, **अपरः तु** = अरुले चाहिँ, **सकलं** = सम्पूर्ण जगत्लाई, **अध्रुवं** = असत्, **परः** = अर्काथरीले, **समस्ते अपि** = सम्पूर्ण, **एतस्मिन्** = यो, **जगति** = जगत्मा, **ध्रौव्याध्रौव्ये** = नित्यता र अनित्यता, **व्यस्तविषये** = अलग-अलग वस्तुहरूमा छन्, भन्दछन्, **तैः** = ती अनेक मत-मतान्तरहरूबाट, **विस्मितः इव** = आश्चर्यचकित भएझैँ, **त्वां** = हजुरलाई, **स्तुवन्** = स्तुति गर्दै, **जिह्रेमि** = लाज मान्दछु, **ननु** = के, **मुखरता** = स्तुतिवचन बोल्नु नै, **धृष्टा न खलु** = धृष्टता नहोला र ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ-

हे शिव ! कोही सांख्यमतानुयायीहरू सम्पूर्ण जगत्लाई नित्य मान्दछन् । माध्यमिक आदि अरुचाहिँ सम्पूर्ण जगत्लाई असत्य-शून्यरूप भन्दछन् । त्यसैगरी नैयायिकआदि दार्शनिकहरू यस संसारमा कुनै नित्य र कुनै अनित्य गरी अलग-अलग वस्तुहरू छन् भन्दछन् । यी सबैको मत-मतान्तरबाट म आश्चर्यचकित भएको छु र परमात्माको विषयमा केही बोल्नु नै पनि धृष्टता हुने हो कि ? भन्ने ठानी हजुरको स्तुति गर्दा लाज मानिरहेको छु ।

विवरण-

दार्शनिक जगत्मा संसार सत्य हो कि असत्य हो भन्ने विषयमा मतभेद देखिन्छ । सांख्य, योगी, मीमांसक आदि जगत्लाई सत्य मान्दछन् । असत् अर्थात् नभएको वस्तु कहिल्यै पनि उत्पन्न हुँदैन र सत् अर्थात् भएको वस्तु कहिल्यै पनि नष्ट हुँदैन । त्यसैले जगत् सर्वदा सत्य नै छ । जुन बेलामा संसार स्थूलरूपमा व्यक्त हुँदैन, त्यस बेलामा पनि यो आफ्नो कारण परमाणुमा अव्यक्त रूपमा रहेको हुन्छ । व्यक्तरूपमा आउँदा त यसको अस्तित्व स्पष्ट नै छ । अतः जगत् सत्य हो भन्ने उनीहरूको सिद्धान्त हो ।

कुनै दार्शनिकहरू **सकलम् अध्रुवम्** अर्थात् सम्पूर्ण प्रपञ्च असत् या क्षणिक हो भनी बताउँछन् । माध्यमिक, योगाचार, सौत्रान्तिक र वैभाषिक मतानुयायीहरूको यो मत हो । उनीहरूको मतमा जसको अर्थक्रिया अर्थात् व्यवहार गर्न सकिन्छ त्यही सत्य हो । त्यसैले तत्कालको व्यवहारमा प्रयुक्त हुने जति सबै वस्तु सत् हो, तीनै कालमा रहनेखालको कुनै सत् वस्तु छैन । व्यवहारमा प्रयुक्त हुने सबै पदार्थहरू **क्षणविध्वंसी** छन् अर्थात् क्षण-क्षणमा ध्वंस भइरहेका छन् । जुन बेलामा **अयं घटः** भन्ने व्यवहार हुन्छ, त्यो बेलामा मात्रै घट सत्य हो, तर वास्तवमा त्यो क्षणिक भएकाले असत् हो । यसरी यी दार्शनिकहरू सम्पूर्ण जगत् क्षण-क्षणमा बदलिई ध्वंस हुने भएकाले त्यो असत्-क्षणिक हो भनी बताउँछन् ।

अरु कुनै दार्शनिकहरू जगत्मा **ध्रौव्याध्रौव्ये** अर्थात् नित्यता–अनित्यता **व्यस्तविषये** अर्थात् पृथक्-पृथक् वस्तुमा छन् भनी मान्दछन् । नैयायिक, वैशेषिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आदि दार्शनिकहरू पृथिवी, जल, तेज, वायुका परमाणुहरू नित्य हुन् र यिनका कार्य स्वरूपचाहिँ अनित्य हुन् भन्ने मत स्वीकार गर्दछन्। नैयायिकको मतमा चार द्रव्यका परमाणुहरू नित्य भएजस्तै आकाश, काल, दिक्, आत्मा र मन यिनीहरू पनि नित्य हुन्। यसरी जगत्मा कुनै अनित्य, कुनै नित्य वस्तुहरू छन्।

यी तीनैथरी दार्शनिकरुमध्ये सांख्य, मीमांसकले ईश्वरलाई नै नमानी प्रकृतिले स्वयं जगत् सृष्टि गर्दछ भन्ने स्वीकार गर्छन् भने सौगत दार्शनिकहरूले झन् वेदलाई समेत प्रमाण नमानी जगत् असद्रूप-क्षणिक छ र ईश्वर पनि छैन भन्दछन्। ईश्वरको सत्ता मान्ने योगीहरू पनि जगत्सृष्टिमा ईश्वरको कुनै हात छैन, त्यो काम त प्रकृतिकै हो भनी बताउँछन्। जो नैयायिकहरू जगत्कारणको रूपमा ईश्वरलाई मान्दछन् तिनले पनि घैँटो बनाउन कुमाले निमित्तकारण भएजस्तो परमाणु आदि उपादानबाट जगत् बनाउन ईश्वर पनि निमित्तकारणमात्र हो भन्ने मान्दछन्। ईश्वरले जगत् बनाउन अरु साधनको अपेक्षा गर्ने भएकाले यो मतमा पनि ईश्वरको ऐश्वर्यशक्ति सङ्कुचित छ। कसैले ईश्वर मान्दै नमान्ने अनि मानेकाले पनि ईश्वरलाई निश्चित शक्तिमात्र भएका भनी मान्ने गरेको देखिन्छ। पुष्पदन्त भन्दछन्— **तैः** अर्थात् ईश्वरसम्बन्धी ती अनेक मतमतान्तरहरूबाट **विस्मितः इव** अर्थात् म आश्चर्यचकितझैँ भएको छु। त्यत्रा ठूला मनीषीहरूले त ईश्वरको विषयमा यस्ता धारणा व्यक्त गरिरहेका छन् भने मैले स्तुति गर्दा पनि कुनै अनुपयुक्त कुरा पो भनिने हो कि भनी **जिह्रेमि** अर्थात् लजाइरहेको छु। **ननु मुखरता न धृष्टा खलु ?** अर्थात् ईश्वरको विषयमा बोल्नलाई मुख बाउनु नै धृष्टता हुन जाने त होइन ? अतः ईश्वरको स्वरूपनिर्णयमा प्रवृत्त नहुने, बरु पुराण आदिमा जति पनि शिवलीलाहरू बताइएका छन्, तिनैलाई गाई स्तुति गर्ने पुष्पदन्तको मनसाय देखिन्छ। त्यसैले उनले यसपछिका १३ श्लोकहरूमा पौराणिक लीला-प्रसंगहरूकै गान गरेका छन्।

यस श्लोकलाई अर्को प्रकारले पनि अर्थ गर्न सकिन्छ– जैमिनि, गौतम, कणाद, कपिलजस्ता ठूला-ठूला महर्षिहरूले पनि कसैले जगत्लाई सत्य, कसैले जगत्लाई क्षणिक अनि कसैले चाहिँ नित्य-अनित्य दुवैथरी मानी परमात्माको ऐश्वर्यलाई सीमितरूपमा नै व्याख्या गरेका छन्। **तैः विस्मितः इव** अर्थात् ती अनेक ऋषिहरूले पनि त्यस्तो व्याख्या गरेको सुनी म आश्चर्यचकितझैँ भएको छु। **ननु मुखरता धृष्टा** निश्चय नै उनीहरूले परमात्माको ऐश्वर्यलाई सीमित भनी बताउनु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धृष्टता नै हो । मचाहिँ परमात्मा नै स्वाभिन्न मायाशक्तिबाट आफैँ नै आफैँमा अनन्त प्रपञ्चको रूपमा बन्नुभएको हो र यसो हुँदा पनि परमात्माको स्वरूपमा परिवर्तन आएको छैन भन्ने उपनिषत्प्रोक्त विवर्तवादलाई स्वीकार गर्दछु । अतः **स्तुवन् न जिह्लेमि खलु** अर्थात् हजुरको स्तुति गर्न लाज मान्दिन, किनभने म उपनिषद्प्रोक्त असल मार्गमा छु भन्ने विश्वास छ । हरिपक्षमा पनि यी दुवै अर्थ समान नै छन् । त्यसका लागि **पुरमथन** शब्दले तेस्रो श्लोकको व्याख्यामा बताइएअनुसार क्षीरसागरवासी नारायण या गोकुलवासी श्रीकृष्ण भन्ने बुझ्नुपर्दछ ।

तवैश्वर्यं यत्नाद् यदुपरि विरिञ्चिर्हरिरधः
परिच्छेत्तुं यातावनलमनलस्कन्धवपुषः ।
ततो भक्ति-श्रद्धाभर-गुरु-गृणद्भ्यां गिरिश यत्
स्वयं तस्थे ताभ्यां तव किमनुवृत्तिर्न फलति ॥१०॥

पदार्थ-

गिरिश = हे कैलाशवासिन् ! **अनलस्कन्धवपुषः** = अग्निस्तम्भजस्तो स्वरूप हुनुभएका, **तव** = हजुरको, **ऐश्वर्यं** = ऐश्वर्यलाई, **परिच्छेत्तुं** = सीमितरूपमा निश्चय गर्न, **यत्नात्** = प्रयत्नपूर्वक, **विरिञ्चिः** = ब्रह्माजी, **उपरि** = माथि, **हरिः** = भगवान् विष्णु, **अधः** = तलतिर, **यातौ** = जानुभयो, तर, **यत्** = जुन, **अनलं**= असफल हुनुभयो, **ततः** = त्यसपछि, **भक्तिश्रद्धाभरगुरुगृणद्भ्यां** = पूर्ण भक्ति एवं श्रद्धापूर्वक बारम्बार स्तुति गरिरहेका, **ताभ्यां** = उनीहरूको अघि, **स्वयं** = हजुर स्वयं, **तस्थे** = प्रकट हुनुभयो, **तव** = हजुरको, **अनुवृत्तिः** = सेवा, **किं** = के कुरा, **न फलति** = प्रदान गर्दैन र ?

भावार्थ-

हे शिव ! अग्निस्तम्भजस्तो हजुरको ज्योतिर्लिङ्गस्वरूपको आदि र अन्त पत्ता लगाउन ब्रह्माजी माथि र भगवान् विष्णु तलतिर जानुभयो तर उहाँहरू दुवै असमर्थ हुनुभयो । त्यसपछि अत्यन्त श्रद्धा र भक्तिपूर्वक स्तुति गरेपछि ती दुईको अघि प्रकट भई हजुरले दर्शन दिनुभयो । वास्तवमा हजुरको सेवाले कुन फल प्रदान गर्दैन र ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विवरण-

यस श्लोकमा शिवको उपासनाबाट सबै कुरा प्राप्त हुन्छ भन्ने कुरा पौराणिक कथाको दृष्टान्तद्वारा बताइएको छ। अद्वितीय शिवतत्त्वमा जब त्रिगुणात्मिका माया खडा हुन्छ तब उहाँ मायाधीश महेश्वर बन्नुहुन्छ। यद्यपि ईश्वर एउटै हुनुहुन्छ तर पनि मायाको सत्त्व, रज र तमोगुणलाई नियन्त्रित गरी सृष्टि, स्थिति र संहारको व्यवस्था गर्नका लागि उहाँ ब्रह्मा, विष्णु र रुद्रको स्वरूपमा प्रकट हुनुहुन्छ। ईश्वरका अभिव्यक्ति या मूर्तिहरू अलग भए पनि उहाँ वास्तवमा एउटा नै हुनुहुन्छ। अतः सनातन धर्मले जुनसुकै मूर्तिको रूपमा ईश्वरलाई मानेर पनि उपासना गर्न सकिने स्वतन्त्रता दिएको छ। मायाधीश महेश्वरमा यी अनेकथरी रूपको कल्पना उपासकहरूको भावअनुसार भएको हो। त्यसैले ईश्वरको शिव, विष्णु, देवी, गणेश या सूर्य जुनसुकै रूपलाई पनि मूल मानी अरुलाई त्यसको अङ्ग मानेर आ-आफ्नो भावअनुसार उपासना गर्ने परम्परा छ। त्यसमध्ये विष्णुभक्तहरू भगवान् विष्णुलाई मूल ईश्वर अनि ब्रह्माआदि देवताहरूलाई उहाँकै अनेक मूर्ति मानी उपासना गर्दछन् भने शिवभक्तहरू शिवलाई नै मूल ईश्वर अनि ब्रह्मा, विष्णु आदिलाई उहाँकै विभिन्न मूर्तिको रूपमा उपासना-आदर गर्दछन्। एउटै महर्षि वेदव्यासले विष्णुभक्तिपरक विष्णुपुराण, शिवभक्तिपरक शिवपुराण, देवीभक्तिपरक देवीभागवतपुराण आदि रचना गरी सबै उपास्य देवदेवीहरू अद्वितीय ईश्वर नै हुन् भनी प्रतिपादन गर्नुभएको छ। सनातन धर्मको यो रहस्यलाई बुझिएन भने पृथक्-पृथक् देवोपासकहरूका बीच तिम्रा देवताभन्दा हाम्रा देवता ठूला भन्ने झै-झगडा उत्पन्न हुन सक्छ। तेरो देवता ठूलो कि मेरो देवता ठूलो भन्ने झगडा, तँ ठूलो कि म ठूलो भन्ने झगडा नै हो। यस्तो तँ-तँ र म-म को विवादले अशान्तिमात्र निम्त्याउँछ। तँभन्दा म ठूलो भन्ने विवादले ब्रह्मा र विष्णुजस्ता श्रेष्ठ देवताहरूलाई समेत अशान्त एवं दुःखी बनाइदियो। अन्तमा अद्वितीय परमात्मामा शरणापन्न हुँदा उनीहरूले परम शान्ति प्राप्त गरे। त्यसैले आ-आफ्ना देवता ठूला भनी विवाद गर्ने सम्प्रदायवादीहरूलाई पहिले नै ती-ती देवताले समेत ठूलो-सानोको विवाद गर्दा दुःख पाएको कुरा बताई सावधान गर्नु पनि प्रस्तुत कथाको रहस्य देखिन्छ। वास्तवमा ईश्वरका त्रिमूर्तिमध्ये भएकाले विष्णु र ब्रह्मामा अभिमान, भ्रम आदि दोष छैन, तर पनि सामान्य अज्ञानी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राणीहरूलाई शिक्षा दिन उहाँहरूमा अभिमान जागेको देखाइएको हो भन्ने बुझिन्छ।

यस प्रसङ्गको अर्को तात्पर्यचाहिँ शिवभक्तहरूको शिवमै अनन्य भक्तिलाई दृढ गर्नु हो। एउटै महेश्वरले अनेक रूपमा आफूलाई प्रकट गर्नुभएको छ भनेपछि उपासकहरूको श्रद्धा ती सबै रूपप्रति समान रूपले बाँडिनु निश्चित छ। जीवन्मुक्त महापुरुषहरूमा यो हुनु नौलो होइन, किनकि उनीहरूका लागि कुनै इष्टको अनन्य उपासना गरेर चित्तशुद्धि गर्नुपर्ने बाँकी काम छैन। त्यसैले ऊ आफ्ना नजिक आउने सबैथरी उपासकहरूलाई स्वयं आफूले समेत गरेको देखाएर ती-ती इष्टदेवोपासनामा समानरूपले प्रवृत्त पनि गर्दछ, तर जिज्ञासुलाई त भक्तिद्वारा चित्तको चञ्चलतालाई हटाउनु छ। श्रद्धाको बलले लगातार एउटै इष्टमा मन स्थिर गरी चञ्चलतारूपी दोषलाई नष्ट गर्नुपर्नेमा सबैथरी इष्टस्वरूपको उपासनामा लागियो भने त मनको चञ्चलता नष्ट हुँदैन र भक्तिको प्रयोजन नै समाप्त हुन्छ। त्यस्ताले आफ्नो इष्टदेवको अनन्यभावले नै उपासना गर्नुपर्ने हुन्छ। यसका लागि अरु इष्टस्वरूपबाट मनलाई हटाउन र श्रद्धालाई एकै दिशामा केन्द्रित गर्न पुराणहरूमा यस्ता अनेक प्रसङ्गहरू बताइएका हुन्छन्। श्रीमद्भागवतको अन्ततिर जन्मजात विष्णुभक्त भएर पनि ईश्वरका सबै रूपमा आस्था भई सबैतर्फ श्रद्धा-भक्ति बाँडिएका राजा परीक्षित्लाई विष्णुमै अनन्य श्रद्धा उत्पन्न गर्न शिवावतार परमहंस श्रीशुकदेवले शिवभन्दा भगवान् विष्णु नै श्रेष्ठ भएको कथा सुनाउनुभएको छ। त्यसैगरी शिवपुराणमा हिरण्यकशिपुलाई नष्ट गरेपछि भगवान् नृसिंहमा सबैभन्दा शक्तिशाली छु भन्ने भाव उत्पन्न भएकाले त्यसलाई हटाउन शिवले आफ्नो गण वीरभद्रलाई पक्षीको रूपमा पठाउनुभएको र उसले नृसिंहलाई खर्लप्पै निली फेरि बाहिर निकालिदिएको बताई शिवगण त यस्ता शक्तिशाली हुन्छन् भने स्वयं शिव कस्तो हुनुहोला ? भनी श्रद्धाभाव जगाउन खोजिएको छ। सबै देवताहरू आफ्नै इष्टका अनेक मूर्ति भएको बुझी तिनको अनादर पनि नगर्नु अनि दृढ श्रद्धाचाहिँ आफ्नै इष्टस्वरूपमा हुनु यही अनन्यता हो। एउटी विवाहिता स्त्री आफ्नै पतिप्रति पूर्ण समर्पित हुन्छिन् तर पतिगृहका ज्येष्ठ सदस्यहरूलाई पनि उचित आदर सेवा गर्दछिन्। उनी सासू-ससुरा आदि सबैको सेवा गर्दा पनि यी सबै सम्बन्धका केन्द्रबिन्दु पतिको ध्याउन्न भने छोड्दिनन्। अनन्यता यस्तै किसिमको हुन्छ।

भक्तहरूको अनन्यताभित्र प्रेमको गहिरो रहस्य लुकेको हुन्छ। प्रेममा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अहङ्कार, आग्रह, स्वार्थको कुनै स्थान हुँदैन । प्रेम संसारको सबैभन्दा ठूलो शक्ति हो, जसद्वारा भक्तले सर्वसमर्थ परमात्मालाई पनि वशमा बनाउँदछ । प्रेमको सम्बन्धमा बाँधिनाले भगवान्ले आफ्नो असली निर्गुण स्वरूपलाई समेत वास्ता नगरी भक्तको अघि सीमित साकार रूपमा आफूलाई प्रकट गर्नुहुन्छ । यही प्रेमकै कारणले भक्तलाई अरुले दिएको सुखभन्दा आफ्ना उपास्यले दिएको दुःखै भए पनि त्यही प्रिय लाग्छ । यहाँ शिवका अनन्य भक्त उपमन्युले देवराज इन्द्रलाई भनेको कुरा सान्दर्भिक हुन्छ—

अपि कीटः पतङ्गो वा भवेयं शङ्कराज्ञया ।
न तु शक्र त्वया दत्तं त्रैलोक्यमपि कामये ॥ (महा.अनु. १४/१८६) ।

अर्थात् हे देवराज म शिवको आज्ञाले कीरा या फट्याङ्ग्रै हुन पनि राजी छु तर तिमीले दिएको भने तीनै लोकको राज्यसमेत मलाई चाहिन्न । यही अनन्यताका लागि यहाँ ब्रह्मा र विष्णुले आपसमा झगडा गरेको र पछि शिवशरणमा परी शान्ति पाएको देखाइएको छ ।

कल्पको आदिमा ब्रह्मा र विष्णुको बीचमा हामीमध्ये को ठूलो भन्ने विवाद भयो । ब्रह्माले भन्नुभयो– म सम्पूर्ण सृष्टिलाई रचना गर्नेवाला विधाता हुँ, त्यसैले म ठूलो । विष्णुले भन्नुभयो– म त झन् सृष्टिकर्ता तिमीलाई पनि उत्पन्न गर्नेवाला हुँ, त्यसैले म ठूलो । यस बीचमा ब्रह्माजी भन्नुहुन्छ– तिमीले मलाई जन्माउन सक्ने भए सारा सृष्टि पनि आफैँ उत्पन्न गर्थ्यौ होला । मैले नै त्यो काम किन गर्नुपर्थ्यो ? यसरी यी दुईबीचको विवाद बढ्दै गयो । अद्वितीय शिवले मायाद्वारा एकबाट अनेक रूपमा प्रकट भई गर्न खोज्नुभएको जगत्लीला यी श्रेष्ठ देवताहरूको विवादले रोकिने भयो । वास्तवमा श्रेष्ठताको अभिमानले आन्तरिक ज्ञानदृष्टि धमिलो भएका यी दुवै देवतालाई यो कुरा याद भएन कि– जसले हामीलाई सृष्टि गर्‍यो र हामीभित्र अन्तर्यामी चैतन्यरूपले प्रवेश गरी हाम्रा सारा व्यवहारहरूलाई प्रकाशित गरिरहेको छ, त्यही तत्त्व हामी दुवैभन्दा ठूलो हो । उनीहरूको भ्रम र अङ्कार तोड्न शिवले उनीहरूका अघि अनादि अनन्त ज्योतिर्लिङ्गको स्वरूप प्रकट गर्नुभयो । त्यो अनन्ततामा **अनलस्कन्ध** अर्थात् यौटा पारावाररहित अग्निस्तम्भ प्रकट भएको देखी ती दुवैलाई कौतुहल भयो । विष्णुले ब्रह्माजीलाई सोध्नुभयो– के यसको सृष्टि तिमीले गरेका हौ ? उत्तर आयो–होइन । अनि ब्रह्माजीले पनि प्रश्न गर्नुभयो– के

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसलाई तिमीले जन्माएका हौ ? विष्णुबाट पनि उत्तर आयो- होइन । त्यसपछि दुवैले निश्चय गरे कि जसले यो ज्योतिर्मय अग्निस्तम्भको रहस्यलाई पहिले पत्ता लगाउँछ त्यही नै हामीमध्ये ठूलो हुन्छ । संसारमा आसक्त प्राणीहरू जसले अनाचार व्यभिचार गरेर भए पनि धेरै सम्पत्ति, घर, जमिन जोड्छ, त्यही ठूलो हो भन्ने दौडमा लागेका हुन्छन् । त्योभन्दा त जसले परमात्माको रहस्यलाई चाँडै बुझ्छ, त्यही ठूलो हो भन्ने प्रतिस्पर्धा हुनु राम्रो हो । अहङ्कारद्वारा भए पनि अरु संसारतिर नभई परमात्मातिर अभिमुख हुनुले ब्रह्मा-विष्णुको देवत्वलाई स्पष्ट गर्दछ ।

रजोगुणी व्यक्ति कहिल्यै पनि तल पर्न चाहन्न, ऊ ठेसै लाग्ने जमिन छ भने पनि तल नहेरी माथितिरै हेरेर हिँड्न खोज्छ । ब्रह्माजी रजोगुणी भएकाले ज्योतिःस्तम्भको रहस्य पत्ता लगाउन माथितिर उड्नुभयो, विष्णु सत्त्वगुणी भएकाले झुक्न या तलतिर जान पनि स्वीकार गर्नुभयो । यी दुवै देवता सदाशिवको **ऐश्वर्य** अर्थात् विराट्ता या महिमालाई **परिच्छेत्तुं** अर्थात् परिच्छिन्न गर्न या यत्ति नै रहेछ भनी सीमित रूपमा बुझ्न चाहन्थे । तर तिनले **अनलम्** अर्थात् अनन्त समयसम्म दौड लगाउँदा पनि त्यस ज्योतिःस्तम्भको छेउ-टुप्पो फेला पार्न सकेनन् । आखिरमा दुवैको मनमा यस्तो भाव आयो कि– हामीले यो ज्योतिःस्तम्भको रहस्यलाई बुझ्न सक्दैनौँ । यस्ता श्रेष्ठ देवता भएर पनि हामीले जसको रहस्य बुझ्न सकेनौ, त्यही पो हामीभन्दा ठूलो हो । जब उनीहरूको मनभित्रको अभिमान निवृत्त भयो र उनीहरू भित्रैदेखि शरणापन्न भए, तब आशुतोष शिव **स्वयं तस्थे** अर्थात् आफैँ उनीहरूको अघि साक्षात् प्रकट हुनुभयो । यसरी हजुरको **अनुवृत्तिः** अर्थात् सेवाले **किं न फलति** के फल दिँदैन ? असीम, अनन्त र सर्वव्यापी परमात्मालाई पनि आँखाले देखिने साकार स्वरूपमा प्रकट गर्नु भनेको सामान्यतया असम्भव नै हो । परमात्माको शुद्ध भक्तिले यस्तो असम्भवलाई त सम्भव बनाउँछ भने अरु फल दिने कुरामा के शङ्का रहला र ?

शास्त्रज्ञहरूका अनुसार ब्रह्मा–विष्णुको अघि ज्योतिर्लिङ्ग प्रकट भएको र उनीहरूले अन्तमा शरणागत भई स्तुति गरेको दिन नै महाशिवरात्रि हो र त्यसकै स्मृतिमा शिवरात्रिको दिनमा शिवको आराधना गर्ने गरिएको हो । शिवरात्रिका दिन ज्योतिर्लिङ्ग प्रकट हुनुको र ब्रह्मा-विष्णुले पुरा प्रयास गर्दा पनि ज्योतिर्लिङ्गको रहस्य पत्ता लगाउन नसक्नुकाभित्र अनेक रहस्यहरू पनि रहेका छन् । वास्तवमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रात्रि भनेको अज्ञान, मोह र निद्राको स्वरूप हो। सम्पूर्ण संसार अज्ञानात्मक र मोहमय छ। त्यसैले यो रात्रि हो। सूर्यको उदयले अन्धकाररूप रात्रिलाई नष्ट गरेजस्तो स्वयंप्रकाश शिवतत्त्वको ज्ञानले मात्र यो अज्ञानमय रात्रिलाई नष्ट गर्न सक्दछ ? त्यसैले आफैँभित्र अन्तर्यामी शिवतत्त्व अपरोक्ष रूपमा प्रकट भएको दिन नै शिवरात्रि हो। जब यो अज्ञानमय संसारमा मुमुक्षु व्यक्तिभित्र शिवतत्त्व अपरोक्ष रूपमा प्रकट हुन्छ, तब उसले सांसारिक व्यक्तिहरूले भन्दा भिन्न आचरण गर्दछ। त्यसैलाई श्रीमद्भगवद्गीतामा अज्ञानीहरूको रातमा ज्ञानी जाग्दछ र अज्ञानीहरू जागा हुने दिनमा ज्ञानी निदाउँछ भनी बताइएको छ। परमात्मतत्त्व अज्ञानीहरूका लागि नजानिएको र रात्रिसमान छ। त्यही तत्त्वमा ज्ञानीहरू जाग्दछन्। यही कारणले शिवरात्रिको समयमा सामान्य संसारी व्यक्तिहरू अचेत भई सुतेको बेला शिवभक्तहरू जागा रही शिवोपासनामा लाग्दछन्। अतः अज्ञानात्मक संसारमा शिवतत्त्वको ज्ञान उदय भएको क्षण नै शिवरात्रिको वास्तविक रहस्य हो।

ब्रह्मा र विष्णुले पूरा सामर्थ्य लगाउँदा पनि ज्योतिर्लिङ्गको आदि अन्त पत्ता लगाउन सकेनन्। अन्तमा उनीहरू शरणागत भइसकेपछि परमात्मा स्वयं प्रकट हुनुभयो भन्ने कथाले अर्को साधनात्मक रहस्यलाई पनि स्पष्ट पारेको छ। मुमुक्षु व्यक्तिले जब साधना सुरु गर्दछ, तब ऊ अहङ्कारयुक्त नै हुन्छ। ब्रह्मा-विष्णु दुवै अहङ्कारवश शिवरहस्यको खोजीमा प्रवृत्त भएजस्तै ऊ पनि अहङ्कार अर्थात् जीवभावबाट शिवतर्फ अभिमुख भएको हुन्छ। म शिवतत्त्वलाई जानेरै छाड्छु भन्ने भाव आखिर प्रमातृत्वभाव या अहङ्कार नै हो। त्यसैले वेदान्तशास्त्रमा मुमुक्षु व्यक्तिलाई **उन्नीत प्रमाता** भनिएको छ। ऊ प्रमाता त हुँदै हो तर संसारको नभई संसारका कारण परमात्माको खोजीमा लागेकाले उन्नीत भएको छ अर्थात् अलि माथि उठेको छ। जब जीवले म शिवतत्त्वको साक्षात्कार गरेर छाड्छु भन्ने निश्चय गर्दछ, तब त्यसका लागि कर्म, उपासना, योग आदि अनेक साधनामा प्रवृत्त हुन्छ। उसले दिन-दिनै आफ्नो खोजीको वेगलाई बढाउँदै वेदान्तशास्त्रको श्रवण, मनन, निदिध्यासन समेत गर्न थाल्दछ। साधनाको वेगमा जति माथि पुगे पनि अनन्त तत्त्वलाई परिच्छिन्न बुद्धिद्वारा के गरी फेला पार्न सकिन्थ्यो र ? ब्रह्मा-विष्णुले जति उड्दा पनि ज्योतिर्लिङ्गको पारावार नभेटेजस्तो जति प्रयास गरे पनि साधकको बुद्धिले त्यो असीम तत्त्वलाई सम्झिन-बुझ्न सक्दैन। अन्तमा जीवले आफ्नो कर्म,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपासना, वेदान्ताध्ययन आदिको प्रयासलाई विनीत भावले परमात्मामा समर्पित गर्नै पर्दछ । जब आफ्नो साधनाको बलले परमात्माको रहस्य फेला पार्छु भन्ने अभिमान शिथिल हुन्छ र उसले आफ्नो सारा साधनात्मक प्रयास र आफैँसमेतलाई पनि परमात्मामा समर्पित गरिदिन्छ, त्यही बेलामा उसमाथि शिवकृपा हुन्छ । त्यसैले अनुभवीहरू भन्दछन्– ब्रह्मसाक्षात्कार हुनका लागि ब्रह्मप्राप्तिको मानसिक सङ्कल्प पनि शिथिल हुनु या बिलाउनु जरुरी छ । किनभने जबसम्म कुनै सङ्कल्प-इच्छा रहन्छ, तबसम्म चित्त पूर्णतः वासनारहित र चञ्चलताशून्य हुँदै हुँदैन । तलाउमा एउटै मात्र ढुङ्गो च्याप्ल्याङ्ङ खसुञ्जेल त्यसबाट उठेको तरङ्गका कारण स्वच्छ आकाश त्यहाँ प्रतिबिम्बित हुँदैन । मनमा पनि एउटै मात्र भए पनि कुनै इच्छा तरङ्गित भइरहुन्जेल त्यो शान्त हुन सक्दैन । त्यसमा कसरी सर्वव्यापी शिवतत्त्वको साक्षात्स्वरूप प्रकट होस् । त्यसैले **नाशान्तमानसो वापि प्रज्ञानेनैनमाप्नुयात्** (क.उ. १/२/२४) यस कठश्रुतिको व्याख्या गर्दै भगवत्पाद श्रीशङ्कराचार्यले मोक्षप्राप्तिको इच्छा मनमा तरङ्गित हुन्जेलसम्म **प्रज्ञानेन** अर्थात् वेदान्तश्रवण, मनन आदिद्वारा पनि परमात्मतत्त्वलाई पाउन सकिन्न भनी बताउनुभएको छ । जब व्यक्तिले आफ्नो सम्पूर्ण सक्रियतालाई शिथिल गरी शिवशरणमा दीन-हीन भावले पुग्छ तब शिवले यही अहङ्कारशून्य स्थितिमा आफ्नो स्वरूपलाई प्रकट गर्नुहुन्छ, किनभने शिवप्राप्तिमा बाधक भनेको अहङ्कार नै हो । यसरी ब्रह्मा-विष्णुले सारा प्रयास छाडी शिवको शरणमा पर्दा उहाँ **स्वयं तस्थे** अर्थात् आफैँ प्रकट हुनुभएको थियो, उनीहरूको खोजी या साधनाको बलले गर्दा होइन । यसैगरी साधकका अघि पनि शिव आफ्नै कृपाद्वारा प्रकट हुनुहुन्छ, कुनै व्यक्तिको प्रयासले शिवलाई प्रत्यक्ष गर्ने होइन भन्ने रहस्य यसबाट स्पष्ट हुन्छ ।

यस श्लोकलाई हरिपक्षमा अर्थ गर्दाचाहिँ ब्रह्माजी र शेषनागलाई भगवान्ले दर्शन दिनुभएको अर्थ निस्कन्छ । **विरिञ्चः उपरि** अर्थात् ब्रह्माजी भगवान्को नाभिकमलमाथि हुनुहुन्छ । अनि **हरिः** अर्थात् सर्प या शेषनाग **अधः** अर्थात् पातालमा । विराट्रूप परमात्माको असीमित ऐश्वर्यलाई नाप्न यी दुवै सबैभन्दा माथि सत्यलोक र सबैभन्दा तल पातालसम्म पुगे, तर **अनलम्** अर्थात् सफल भएनन् । त्यहाँभन्दा माथि र तल जान नसकी जब **ताभ्यां स्वयं तस्थे** अर्थात् ती दुवैद्वारा त्यहीँ स्थिर भई तपस्या गरियो, तब भगवान्ले दुवैलाई दर्शन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिनुभयो। यस पक्षमा **गिरिश** शब्दको अर्थ गोवर्धनरूप गिरिमा शयन गर्ने श्रीकृष्ण या मन्दराचललाई मथ्ने विष्णु भन्ने हुन्छ। **गोवर्धनाख्ये गिरौ गोपीः रमयन् शेते** अर्थात् गोपीहरूसँग क्रीडा गर्दै गोवर्धनगिरिमा शयन गर्ने श्रीकृष्ण गिरिश हुनुहुन्छ। अनि **गिरिं मन्दरं श्यति तनूकरोति क्षीरोदं मथनन्** अर्थात् क्षीरसागर मन्थन गर्दा देवता र दानव दुवै पक्षबाट स्वयं भगवान्ले नै मन्थन गर्नुभएको थियो। त्यसबेला विराट् स्वरूप धारण गर्नुभएका भगवान् विष्णुले त्यो मन्दराचललाई पनि सानो बनाइदिनुभयो। त्यसैले उहाँ गिरिश हुनुहुन्छ।

अयत्नादापाद्य त्रिभुवनमवैरव्यतिकरं
दशास्यो यद्बाहूनभृत रणकण्डू-परवशान् ।
शिरःपद्मश्रेणी-रचितचरणाम्भोरुह-बलेः
स्थिरायास्त्वद्भक्तेस्त्रिपुरहर विस्फूर्जितमिदम् ॥११॥

पदार्थ-

त्रिपुरहर = हे त्रिपुरारि ! **दशास्यः** = दशटाउके रावणले, **त्रिभुवनं** = तीनै लोकलाई, **अयत्नात्** = अनायास, **अवैरव्यतिकरं** = वैरभावले शून्य, **आपाद्य** = बनाएर, **रणकण्डूपरवशान्** = युद्धको चिलाइले सताइएका, **बाहून्** = आफ्ना हातहरूलाई, **यत्** = जसरी, **अभृत** = धारण गऱ्यो, **इदं** = यो, **शिरःपद्मश्रेणीरचितचरणाम्भोरुहबलेः** = आफ्ना शिरहरूलाई कमलको फूलसरी हजुरको चरणमा अर्पण गर्ने, **स्थिरायाः** = स्थिर, **त्वद्भक्तेः** = हजुरको भक्तिको, **विस्फूर्जितं** = प्रभाव हो।

भवार्थ-

हे शिव ! रावणले तीनै लोकलाई विनाप्रयास नै वैरभावले रहित बनाएको थियो। उसका हातहरू सधैँ युद्धका लागि चिलाइरहन्थे। यो अतुलनीय पराक्रम उसले हजुरको चरणकमलमा आफ्ना शिरहरूलाई कमलको फूल चढाएसरी अर्पण गरी प्राप्त गरेको थियो। त्यसैले रावणको यो अनन्त पराक्रम हजुरको स्थिर भक्तिको नै प्रभाव थियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विवरण-

योभन्दा अघिल्लो श्लोकमा **तव अनुवृत्तिः किं न फलति** अर्थात् हजुरको सेवाले के फल दिंदैन र ? सबै फल दिन्छ भनी बताइयो । त्यहाँ भगवत्सेवाद्वारा ब्रह्मा र विष्णुलाई अहङ्कार नष्ट गरिदिने तत्त्वज्ञान भएको बताइएको थियो । शिवको भक्तिले मोक्षमात्र होइन, भोग चाहनेलाई भोग, बल चाहनेलाई बल सबै मिल्छ भन्ने बताउन यहाँ रावणको प्रसङ्ग बताइएको छ ।

रावणले तीनै लोकमा विजय प्राप्त गरेको थियो । **वैरस्य व्यतिकरः- कारणं वैरव्यतिकरः, नास्ति वैरव्यतिकरः दर्पादिः यत्र इति अवैरव्यतिकरम्** अर्थात् म बलियो छु भन्ने दर्पका कारण नै कसैसँग वैरभाव गरिन्छ । तर रावणसँग तीन लोकका कसैले पनि म बलियो छु भनी दर्प नदेखाउने हुनाले तीनै लोकलाई उसले वैरिशून्य बनाएको थियो । अरुले युद्ध गर्न डराएपछि उसको हातको **रणकण्डू** अर्थात् युद्धको चिलाई कहिल्यै पनि शान्त भएन । अर्थात् उसको धीत मर्ने गरी युद्ध गर्न सक्ने वीर कोही पनि भएन । यस्तो शक्ति उसले पूर्वकालमा गरिएको शिवको आराधनाबाट नै पाएको थियो । **शिरःपद्मश्रेणीरचितचरणाम्भोरुहबलेः** पदको अर्थ हुन्छ— **शिरांसि एव पद्मानि, तेषां श्रेणीः, तया रचितः चरणाम्भोरुहयोः बलिः यस्यां सा** अर्थात् रावणका शिरहरू नै कमलका समूहजस्ता छन्, तिनलाई भगवान्‌को चरणकमलमा उपहारको रूपमा उसले अर्पण गरेको थियो । नौवटा टाउको काटेपछि दसौँ टाउको पनि शिवमा अर्पण गर्न काट्‌नै लाग्दा प्रकट भई शिवले वर दिनुभएको थियो भन्ने पौराणिक कथा प्रसिद्ध छ ।

यस श्लोकमा संसारको भोगमा आसक्त भएको व्यक्तिले भगवान्‌को स्थिर भक्ति अर्थात् कठिन तपस्या, आराधना गरेर पनि त्यसबाट शत्रुविजय, असीमित वैभव, पराक्रम आदि लौकिक विषयकै प्राप्ति गर्ने कुरा बताइएको छ । परमात्माको आराधना गरेर पनि विनाशी संसारकै इच्छा गर्नु अत्यन्त तुच्छ कुरा हो, किनभने परमात्मबाट त अविनाशी मोक्ष फल नै पाउन सकिन्छ । आफूसँग प्रसन्न भई सम्पूर्ण पृथिवीको राज्य नै सुम्पन तयार रहेको राजासँग एउटा गाउँको बिर्ता माग्नुसमान भोगासक्त व्यक्ति पनि सर्वसमर्थ ईश्वरसँग तुच्छ भोगहरू नै माग्दछ । सामान्य जीवको दृष्टि यस्तै धमिलो हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रावण आध्यात्मिक अर्थमा अहङ्कारको प्रतीक हो । **रावयति–रोदयति सर्वान्** अर्थात् जसले सबैलाई रुवाइदिन्छ, त्यही नै रावण हो । अहङ्कारले पनि सबैलाई दुःख दिन्छ । विद्याको, बलको, कुलको, सीपको, ऐश्वर्यको अहङ्कारले युक्त भई मानिसहरू एकले अर्कालाई गन्दैनन् अनि सबैले मलाई मान्नुपर्दछ भन्ने भ्रममा परी अशान्त हुँदै जीवनलाई दुःखमय बनाउँछन् । यो रावण **दशास्य** अर्थात् दशटाउके छ । पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय यी दशै इन्द्रियका मालिक यही हो । वेदान्तमा अहङ्कारलाई नै जीव भनिन्छ । यो स्वतः भोगमा आसक्त हुन्छ । त्यसैले मानिस वैदिक कर्म गर्दा पनि बढीजसो सकाम कर्ममा नै आकृष्ट हुन्छ । सकाम कर्महरू गर्दा पनि इन्द्रियनिग्रह गर्नुपर्ने हुन्छ । त्यसैले रावणले आफ्ना सबै टाउका अर्पण गरेजस्तो सारा इन्द्रियलाई विषयप्रदेशमा जानबाट रोकी व्यक्तिले तपस्या गर्दछ । तर इन्द्रियलाई मात्र परमात्मामा चढाएर के गर्नु ? तिनमा रहेको विषयभोगको कामनालाई पनि चढाए पो पूर्ण समर्पण हुन्थ्यो । त्यसैले भोगकामनालाई अर्पण नगरी गरेको क्षणिक इन्द्रियनिग्रहले मोक्षरूपी पूर्ण फल दिँदैन, अपितु विनाशी संसाररूपी फल नै दिन्छ ।

यस श्लोकलाई विष्णुपरक अर्थ गर्दा रावण र बलि दुवैको भक्तिको प्रभाव यहाँ बताइएको छ । यहाँ **त्रिपुरहर** भन्ने सम्बोधनले शिवलाई नभई ज्ञानद्वारा स्थूल, सूक्ष्म, कारण तीनै शरीरलाई नष्ट गरिदिने भन्ने अर्थमा विष्णुलाई बुझ्नुपर्दछ । रावण पहिले भगवान् विष्णुको द्वारपाल थियो । सनक आदिको शापको कारण राक्षस हुँदा पनि उसले त्यही भक्तिको प्रभावले तीनै लोकलाई वैररहित बनायो । त्यसैगरी उत्तरार्ध श्लोकले चाहिँ बलिको भक्तिको महिमा बताएको छ । यहाँ **शिरःपद्मश्रेणीरचितचरणाम्भोरुह** भन्ने यो सम्बोधन हो । तेस्रो पाउ राख्नका लागि बलिले आफ्नो शिर अर्पण गर्दा उसकै शिररूपी कमलमा आफ्नो चरणकमल राख्नुहुने हे भगवान् ! हजुरले बलिको यज्ञमा जानु, मगन्ते बनी भिक्षा माग्नु आदि सबै लीला **बलेः स्थिरायाः त्वद्भक्तेः विस्फूर्जितम्** अर्थात् बलिको स्थिर भक्तिको नै फल थियो । अर्थात् बलिले आफ्नो भक्तिको प्रभावले भगवान्लाई समेत भिक्षुक बनाइदिए भन्ने अर्थ बुझिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अमुष्य त्वत्सेवा-समधिगतसारं भुजवनं
बलात् कैलासेऽपि त्वदधिवसतौ विक्रमयतः ।
अलभ्या पातालेऽप्यलसचलिताङ्गुष्ठशिरसि
प्रतिष्ठा त्वय्यासीद् ध्रुवमुपचितो मुह्यति खलः ॥१२॥

पदार्थ-

त्वत्सेवा-समधिगतसारं = हजुरको सेवाद्वारा बलिष्ठ भएको, **भुजवनं** = वनसमानका बीस भुजालाई, **बलात्** = बलपूर्वक, **कैलाशे अपि** = कैलाशमा पनि, **विक्रमयतः** = पराक्रम देखाउन प्रयोग गर्ने, **अमुष्य** = यस रावणको, **प्रतिष्ठा** = स्थिति, **त्वयि** = हजुरले, **अलसचलिताङ्गुष्ठशिरसि** = आलस्यपूर्वक बूढी औँलाको टुप्पो अघि सार्दा, **पाताले अपि** = पातालमा पनि, **अलभ्या आसीत्** = अलभ्य भयो, **ध्रुवं** = निश्चय नै, **उपचितः** = बढेको, **खलः** = मूर्ख, **मुह्यति** = मोहित हुन्छ ।

भावार्थ-

रावणका जङ्गलसमान बीस भुजाहरू हजुरको सेवाद्वारा बलिष्ठ भएका थिए तर पनि हजुरकै निवास कैलाशमा उसले आफ्नो बलको प्रयोग गऱ्यो । जब हजुरले बिस्तारै आफ्नो बूढी औँलाको टुप्पो अघि सारी कैलाशलाई अलिकति दबाउनुभयो, त्यसपछि रावण भासिएर पातालमा पुग्यो र त्यहाँ पनि अडिन गाह्रो भयो । निश्चय नै सम्पत्ति, पराक्रम आदिले युक्त भएपछि दुष्ट व्यक्ति विवेकहीन हुन्छ ।

विवरण-

यस श्लोकमा रावणको चरित्रको माध्यमले दुष्ट व्यक्तिको स्वभाव बताइएको छ । सबैजसो मानिसहरू जब परमात्माको कृपाले सुख-समृद्धि प्राप्त गर्दछन्, तब उनीहरू यो बिर्सिन्छन् कि– यो सबै त्यही ईश्वरको अनुग्रह हो । उनीहरू त आफ्नो बुद्धि, बलको आधारमा अनुकूल परिस्थिति प्राप्त भएको ठान्दछन् र त्यसमा अहङ्कार गर्छन् । ईश्वरबाट प्राप्त भएको विद्या, बल, सुख आदिलाई आफ्नै प्रयासले भएको र आफ्नै मात्र ठान्नु नै अहङ्कार हो । रावणले पनि ईश्वरको सेवाबाट प्राप्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएको अपरिमित बललाई आफ्नै पौरख ठान्न थाल्यो। अहङ्कारले व्यक्तिलाई परमात्माबाट विमुख गरी आफूतिर फर्काइदिन्छ। त्यसैले अहङ्कारी मानिस संसारमा मभन्दा ठूलो कोही छैन भनी सधैँ आफ्नै प्रशंसा गरिरहन्छ। वास्तवमा विद्या, बल आदि सबै सद्गुणहरूको मूल स्रोत ईश्वर नै हुनुहुन्छ। अभिमानका कारण व्यक्ति आफूतर्फ फर्कन्छ र ईश्वरबाट पराङ्मुख हुन्छ। सबैथरी सद्गुणको मूल स्रोतबाट पराङ्मुख भएपछि त्यही क्षणमा उसको सद्गुण क्षीण हुन थाल्दछ। अनेक मूलहरूको जल मिलेर ठूलो भएको नदीले अब म ठूलो भएँ, मलाई ती स–साना मूलहरूको जल चाहिन्न भन्यो भने के हुन्छ ? केही समयमा नै त्यो नदी सुक्छ। त्यसैले लोकमा पनि बढी अहङ्कारलाई दुर्गुण मानिन्छ। यसरी अहङ्कार सद्गुणहरूकै आधारमा उठ्ने अनि तिनै सद्गुणहरूलाई खाइदिने सर्वभक्षी हो।

रावणमा अपरिमित बलको मद त छँदै थियो, कुनै राम्रो प्रतिद्वन्द्वी पाउन नसकेकाले उसले कैलाश पर्वतलाई नै उचाली आफ्नो हातको चिलाइ मेट्छु भन्ने सोच्यो। उसको बल **त्वत्सेवासमधिगत** अर्थात् शिवकै सेवाबाट प्राप्त भएको थियो, त्यसलाई उसले **त्वदधिवसतौ** अर्थात् शिवकै निवासस्थानमा प्रहार गर्न प्रयोग गऱ्यो। आजसम्म पनि सबै दुष्टहरू यस्तै गर्दछन्। जहाँबाट आफू बढ्यो, शक्तिशाली भयो, पहिले त्यसैलाई नष्ट गर्न खोज्दछन्। आजकल पढेलेखेका भनाउँदा मानिसहरू अनादिकालीन परम्परादेखि आफ्ना पूर्वजहरूसम्म अक्षुण्ण चल्दै आएको सदाचार, संस्कार र संस्कृतिलाई धज्जी-धज्जी पारी उडाउनुमा आफ्नो विद्वत्ता झल्किने सोच्दछन्। आफ्नो देशलाई नराम्रो भन्नु, आफ्ना आमा-बाबुलाई बेढङ्गका ठान्नु र आफ्नो धर्मलाई अवैज्ञानिक-असान्दर्भिक ठान्नु यही नै रावणको पन हो। दृश्य-अदृश्य जुन-जुन तत्त्व मिली आफ्नो व्यक्तित्व बनेको छ, तिनकै अस्तित्वलाई नकारेर मानिस कसरी जीवित रहन सक्ला र ? तर मूर्ख व्यक्ति आफ्नै मूललाई काटी म ठूलो हुन्छु भन्ने ठान्दछ।

पुष्पदन्त भन्दछन्–जब रावणले कैलाश हल्लायो तब त्यस हलचललाई शान्त गर्न **अङ्गुष्ठशिर** अर्थात् भगवान्‌को बुढीऔंलाको टुप्पो **अलसचलित** अर्थात् अल्छी लागेर हिंडेको जस्तो गरी विस्तारै कैलाशलाई थिच्न अगाडि बढ्यो। भगवान्‌ले आफ्नो बूढी औंलाको टुप्पोले अलिकति छोएझैं के गर्नु भएको थियो, रावण त्यहीँ भास्सिई पाताल पुग्यो। यसरी जसको कृपाले अनन्त बल प्राप्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरेको थियो, अहङ्कारका कारण आफ्नो बलको दुरुपयोग गरी तिनै परमात्मालाई सताउन खोज्ने रावणको दुरवस्था देखाइयो।

शास्त्रहरूमा बताइन्छ- मनुष्यजन्म अत्यन्त दुर्लभ छ— **जन्तूनां नरजन्म दुर्लभम्** (वि.चू. २)। पशु आदि अविवेकी योनिहरूभन्दा मनुष्यजन्म श्रेष्ठ छँदैछ, अझ पुण्यभूमि भारतवर्षमा मनुष्यको रूपमा जन्म लिन त देवताहरूको पनि चाहना हुन्छ। त्यसैले यस्तो श्रेष्ठ मनुष्यजीवन पाउन थोरै पुण्यले पुग्दैन। किनभने मनुष्यजीवन नै पुण्यमय छ— **पुरुषो वाव सुकृतम्** (ऐ.उ. १/२/३)। पशु आदि अनेक योनिहरूमा घुमिरहेको जीवले भगवान्सँग मलाई मनुष्य बनाइदिनुहोस्, म हजुरको सेवा, सत्कर्म, शास्त्रचिन्तन आदि गरेर आदर्श जीवन बिताउँछु भनी प्रार्थना गरिरहन्छ भन्ने विद्वान्हरू बताउँछन्। यसरी **त्वत्सेवासमधिगत** अर्थात् हजुरको प्रार्थना गर्नाले प्राप्त भएको विवेकयुक्त जीवनलाई पनि दुष्ट प्राणीहरू दुष्कर्ममा लगाउँछन्। अझ नास्तिकहरू त भगवान्को कृपाबाट प्राप्त विवेक-बुद्धिलाई **त्वदधिवसतौ** अर्थात् भगवान्को परमधाम या स्वरूपमाथि नै प्रहार गर्न पो प्रयोग गर्दछन्। **तद्विष्णोः परमं पदं सदा पश्यन्ति सूरयः** (शु.य.वे. ६/५) अर्थात् सत्पुरुषहरू जुन विवेक-बुद्धिद्वारा सर्वव्यापक परमात्माको स्वरूपलाई साक्षात्कार गरिरहन्छन्, त्यही बुद्धिद्वारा एउटा नास्तिकचाहिँ परमात्मा छँदैछैन भनी सिद्ध गर्न खोज्छ। उपनिषद् भन्दछ— **असन्नेव स भवति असत् ब्रह्मेति वेद चेत्** (तै.उ.२/६/१) अर्थात् जसले ब्रह्म छैन भन्ने बुझ्दछ, त्यो स्वयं पनि असत् हुन्छ, किनकि उसले शरीरभित्र रहने अन्तर्यामी आत्मालाई नै निराकरण गरिरहेको छ। यस्ता व्यक्तिहरूलाई पातालमा पनि **प्रतिष्ठा** अर्थात् स्थिति या शान्ति प्राप्त हुँदैन। पाताल अर्थात् निन्दित योनिहरू। श्रीमद्भगवद्गीतामा भगवान् श्रीकृष्ण भन्नुहुन्छ—

आसुरीं योनिमापन्ना मूढाः जन्मनि जन्मनि।
मामप्राप्यैव कौन्तेय ततो यान्त्यधमां गतिम्॥(श्रीम.गी. १६/२०)

अर्थात् हे अर्जुन ! अज्ञानात्मक आसुरी योनिहरूमा जाकिएका ती मूर्खहरू जन्म-जन्मान्तरसम्म मलाई प्राप्त गर्न सक्दैनन्। उनीहरू झन्-झन् तल्ला योनिहरूमा पर्दछन् र दुःख पाइरहन्छन्। यसरी भगवान्ले प्रसन्न भई दिएको मनुष्यजीवन या विवेकलाई भगवान्कै निराकरणमा दुरुपयोग गर्ने व्यक्तिले जन्म-जन्मान्तर शान्ति नपाउने कुरा यहाँ बताइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस श्लोकलाई विष्णुपरक व्याख्या गर्दा **कैलासे** यो पद भगवान्को सम्बोधन हो । क्रीडार्थक **किल** धानुबाट कैलास शब्द बन्दछ । सामान्यतया **केलतः क्रीडां कुरुतः इति केलौ शिवाशिवौ, तौ आसते यत्र** भन्ने विग्रहबाट बनेको कैलास शब्दले आनन्दमय शिव र शिवाको निवास भन्ने अर्थ दिन्छ भने यहाँ हरि भगवान्लाई **कैलासि** शब्दले बताई सम्बोधनमा **कैलासे** भन्ने प्रयोग गरिएको हो । **केलनाय असिः यस्य** अर्थात् क्रीडाका लागि खड्ग धारण गर्नुहुने भगवान् । तीनै लोक वास्तवमा **त्वदधिवसति** अर्थात् हजुरकै सम्पत्ति हो । यस्तो भगवान्कै वस्तु भगवान्लाई नै दिन्छु भनी बलिले सङ्कल्पपूर्वक **भुजवनं** अर्थात् हस्तोदक वामनलाई प्रदान गरे । हजुरको हातको सम्बन्ध हुनेबित्तिकै त्यो जल **समधिगतसारं** अर्थात् सौभाग्यशाली भयो । तीन पाउ भूमि बलिले दिन नसक्दा पनि हजुरले **अलसचलिताङ्गुष्ठशिरसि** अर्थात् आलस्यपूर्वक आफ्नो पाउलाई बलिको शिरमाथि राखी उसलाई **पाताले** अर्थात् पाताल पुऱ्याउनुभयो र त्यहाँ उसकै द्वारपाल बनेर बसी **अलभ्या प्रतिष्ठा** अर्थात् कसैले पनि प्राप्त नगरेको सम्मान दिनुभयो । हजुरले बलिलाई **उपचितः खलः मुह्यति** अर्थात् यो असुरलाई माथिल्लो राज्य दियो भने यसले मोहले अन्धो भई मलाई बिर्सन्छ भन्ने विचारले स्वर्गभ्रष्ट गर्नुभएको हो । यसरी भगवान् विष्णुको स्तुति गरिएको छ ।

यदृद्धिं सुत्राम्णो वरद परमोच्चैरपि सती-
मधश्चक्रे बाणः परिजनविधेयत्रिभुवनः ।
न तच्चित्रं तस्मिन् वरिवसितरि त्वच्चरणयोः
न कस्या उन्नत्यै भवति शिरसस्त्वय्यवनतिः ॥१३॥

पदार्थ-

वरद = हे वरदाता ! **परिजनविधेयत्रिभुवनः** = तीनै लोकद्वारा सेवकसमान आज्ञा पालन गरिने, **बाणः** = बाणासुरले, **सुत्राम्णः** = इन्द्रको, **परमोच्चैः** =अत्यन्त उच्च, **सतीम्** = भएको, **ऋद्धिम् अपि** = समृद्धिलाई पनि, **यत्** = जसरी, **अधः चक्रे** = तल्लो तहको बनाइदियो, **तत्** = त्यो कुरा, **त्वच्चरणयोः** = हजुरको चरणमा, **वरिवसितरि** = प्रणाम गर्ने, **तस्मिन्** =

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उसका लागि, **न चित्रं** = आश्चर्य होइन, **त्वयि** = हजुरमा, **शिरसः** = शिर, **अवनतिः** = झुकाउनु, **कस्यै** = कुनचाहिँ, **उन्नत्यै** = उन्नतिका लागि, **न भवति** = नहोला र ?

भावार्थ-

भक्तहरूको सबै इच्छा पूरा गर्ने हे शिव ! तीनै लोकले सेवकसमान भई बाणासुरको आज्ञा पालन गर्दथे र उसले इन्द्रको सर्वोच्च ऐश्वर्यलाई पनि तल्लो तहको बनाइदिएको थियो। हजुरको चरणमा नमस्कार गर्ने उसका लागि यो अनन्त ऐश्वर्य कुनै आश्चर्यको कुरा पनि होइन, किनभने हजुरको अघि शिर झुकाउनाले मात्र सबैथरी उन्नति प्राप्त हुन्छ।

विवरण-

यस श्लोकमा बाणासुरको दृष्टान्त दिई शिवचरणमा वन्दना गर्नुको महत्त्व बताइएको छ। बाणासुर **परिजनविधेयत्रिभुवनः** थियो। **परिजनो दासः, तद्वत् विधेयं त्रिभुवनं यस्य** अर्थात् तीनै लोक उसका लागि दाससमान आज्ञाकारी थियो। उसले इन्द्रको ऐश्वर्यलाई पनि तल्लो तहको बनाइदिएको थियो। यो सबै हजुरको चरणको वन्दनाले नै भएको थियो र वास्तवमा **तत् न चित्रं** त्यस्तो हुनु कुनै आश्चर्यको कुरा पनि होइन। शिवचरणमा झुक्नाले व्यक्तिले अविनाशी मोक्षसुख त पाउँछ भने विनाशी भौतिक सुख-सम्पत्ति पाउनु के अनौठो कुरा भयो र ?

प्राणीहरू आफ्नो काम बनाउनका लागि अनेकौं दुष्ट व्यक्तिहरूको अघि पनि झुकिरहेका देखिन्छन्। स-साना स्वार्थ सिद्ध गर्नका लागि सबैका अघि झुक्दा-झुक्दै उनीहरूको जीवन अन्त हुन्छ। यद्यपि सबैका अघि झुक्नु राम्रै हो, किनभने विनय, विनम्रता यी सद्गुणहरू हुन्, तर स्वाभाविक रूपले हुने विनम्रतामात्र श्रेष्ठ हो। स्वार्थ सिद्ध गर्ने उद्देश्यले देखाइने विनम्रता त निष्फल हुन्छ। त्यसरी झुक्नु व्यक्तिको अवनति हो, उन्नति होइन। ऊ जतिजति संसारको अघि झुक्छ, त्यति-त्यति उसलाई संसारले थिच्छ र ऊ तल पर्दै जान्छ।

शिवचरणमा झुक्नुचाहिँ योभन्दा ठीक विपरीत हुन्छ। व्यक्ति जति-जति शिवको चरणमा झुक्दछ, ऊ त्यति-त्यति उचाइमा उठ्दछ। शिव सबैथरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कल्याणमय गुणहरूका खानी हुनुहुन्छ । समुद्रमा गोता लगाई रत्नहरू प्राप्त गरेझैँ शिवचरणमा झुकेर अनन्त गुणरूपी रत्नहरू पाउन सकिन्छ । शिवको अघि झुक्नु भनेको कुनै दोस्रो व्यक्तिको अघि झुक्नु होइन, यो त आफ्नै अस्तित्वप्रति समर्पित हुनु हो । व्यक्तिले सांसारिक मोह, अनेकथरी व्यवहार र दुर्वृत्ति, दुर्भावहरूका कारण आफ्नो परम कल्याणमय एवं सत्य, शिव, सुन्दररूप अस्तित्वलाई अनुभव गर्ने अवसर पाएकै हुँदैन । अहंलाई नै बिर्सेर इदंको खोजी गर्ने यस्ता मानिसहरूका लागि आत्मस्वरूपको अनुसन्धान गर्ने पहिलो सिँढी भनेकै शिववन्दना हो । शिववन्दनाले व्यक्तिलाई अशिव अर्थात् अकल्याणतर्फ झुक्नबाट रोक्छ । आखिर व्यक्ति कुनै न कुनै चीजलाई नसमाइकन बाँच्नै सक्दैन भने संसारलाई भन्दा शिवलाई समात्नु नै अनन्तगुणा राम्रो हो ।

शास्त्रज्ञहरू भन्दछन्— **नमः शब्दः त्यागवाची** अर्थात् नमः शब्दले त्यागलाई जनाउँछ । केको त्याग भने- दुर्गुण, दुर्वृत्ति, पाप, अज्ञान र अभिमानको त्याग । आगोमा जति-जति पोलिन्छ, त्यति-त्यति सुनको कल्मष नष्ट भई त्यो स्वच्छ भएझैँ शिवलाई नमस्कार गर्दा पनि व्यक्ति झन्-झन् कल्मषरहित एवं शुद्ध बन्दछ । शास्त्रमा भनिन्छ—

महादेव महादेव महादेवेत्ययं ध्वनिः ।

संसारबीजदावाग्निः सत्यं सत्यं न संशयः ।। अर्थात् महादेव, महादेव भन्ने शब्द नै संसारको बीऊसमेतै डढाउन सक्ने डँढेलो हो । यसमा सन्देह छैन । यसरी एउटा व्यक्तिको मात्र दोषको के कुरा ? सम्पूर्ण संसारदोषको मूल अज्ञानैलाई समेत नष्ट गर्नसक्ने डँढेलो हुनुहुन्छ भगवान् । जन्ममरण चक्रको कारण भएका कर्मरूपी बीउहरूलाई भर्जन गरिदिने या भुटिदिने भन्ने अर्थमा शिवलाई **भर्ग** पनि भनिन्छ । यस्ता परमात्माको शरणमा जानु आफूलाई शुद्ध गर्नु हो । यसरी नमस्कार शब्दले दुर्वृत्ति-दोषहरूलाई त्याग्नु भन्ने जनाउँछ । नमस्कार गर्दा व्यक्तिले झुक्नै पर्दछ । त्यो बेलामा व्यक्ति अहङ्काररहित भएको हुन्छ । झुकेर नमस्कार गर्नु अहङ्कार रोगको औषधि हो । त्यसैले सनातन परम्परामा जसले जसलाई देखे पनि झुकेर नमस्कार गर्नुपर्दछ भनी सबैको अहङ्कार रोगलाई नष्ट गर्ने अचूक औषधिको व्यवस्था गरिएको छ । आजकल प्राणीहरू अहङ्कार त्याग्नुलाई आफ्नो सर्वस्व गुम्नुसमान मान्दछन्, त्यसैले कसैले कसैलाई नमस्कार गर्दैन । आपसमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हात मिलाउने, हात हल्लाउने आदि अभिवादनका नौला विधिहरू निस्किएका छन्। सनातन शास्त्रहरूको आज्ञा छ— **यत्किञ्च भूतं प्रणमेदनन्यः** (श्रीमद्भा. महा.११/२/४१) अर्थात् परमात्माको अनन्य भक्तले मानिसदेखि कीराफट्याङ्ग्रा र वृक्ष, वनस्पतिसम्मका जति पनि प्राणीहरू छन्, ती सबैलाई प्रणाम गर्नुपर्दछ।

नमस्कारको सबैभन्दा उच्च अवस्था आफूलाई सम्पूर्णतः भगवान्मै समर्पित गरिदिनु हो। यसरी जीवले जीवभावलाई परमात्मामा चढाई स्वयं शिवस्वरूप बन्नु नै असली नमस्कार हो। त्यसैले उपनिषद्मा भनिन्छ— **तुर्यावस्था नमस्कारः** (भावनोपनिषद्) अर्थात् नमस्कार गर्नु तुरीयावस्था हो। एउटा मुमुक्षु व्यक्ति आफ्ना जाग्रत्, स्वप्न, सुषुप्ति तीनै अवस्थालाई र स्थूल, सूक्ष्म, कारण यी तीनै उपाधिलाई परमात्मामै चढाई तुरीय आत्मभावमा अवस्थित हुन चाहन्छ। अनि जीवन्मुक्त व्यक्तिचाहिँ ती सबै उपाधिहरूलाई शिवमा चढाई स्वयं शिवस्वरूप भएर विचरण गर्दछ। यस दृष्टिले हेर्ने हो भने शिवको वास्तविक नमस्कार ब्रह्मज्ञानीले नै गरेको हुन्छ, किनभने ऊ तुरीय आत्मभावमा अवस्थित भएको हुन्छ। यसप्रकार शिवबाट विद्या, बुद्धि आदि सद्गुणरूपी रत्नहरू पाउन चाहने, आफ्नो दुर्गुण र पापहरूलाई हटाउन चाहने, बिस्तारै-बिस्तारै अहङ्कार नष्ट गर्न चाहने र जीवभावलाई त्यागी तुरीय आत्मभाव या शिवस्वरूपलाई प्राप्त गर्न चाहने सबैले आ–आफ्नो स्तरबाट शिवलाई नमस्कार गरी ती-ती फल प्राप्त गर्दछन् भन्ने बुझिन्छ।

यौटा अनन्य शिवभक्तलाई चाहिँ नमस्कार गर्नु र नगर्नु दुवैमा समस्या देखापर्दछ। अहिलेसम्म संसारचक्रमा जन्मिरहनुको अर्थ उसले आजसम्म एकपटक पनि शिवलाई नमस्कार गरेको रहेनछ भन्ने हुन्छ, किनभने शिवलाई एक पटकमात्र राम्ररी नमस्कार गरियो भने सहजै मुक्ति मिल्दछ। शास्त्रहरू यहाँसम्म भन्दछन् – कसैले भावपूर्वक तीनपटक महादेव, महादेव, महादेव भन्ने नाम जप्दछ भने पहिलो नाम जप्नाले नै उसलाई मुक्ति मिलिहाल्दछ, अरु दुई नाम जपेबाट त स्वयं शिव आफूलाई उसको ऋणी भएको ठान्नुहुन्छ— **प्रथमेनैव मुक्तिः स्याद् द्वाभ्यां शम्भुर्ऋणी भवेत्**। त्यसैले भक्त आफ्नो जन्म भएबाट नै अनुमान लगाउँछ कि उसले पूर्वजन्ममा कहिल्यै शिवनमस्कार गरेको थिएन र यो उसबाट ठूलो भूल हुन गएको छ। त्यो भूललाई सच्याउन अहिले शिवनमस्कारमात्र गरिरहनुको कुनै विकल्प छैन तर त्यसमा पनि समस्या छ। पहिलो समस्या त शिवनमस्कार गरेपछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऊ मुक्त भइहाल्दछ र उसले फेरि अर्कोपटक शिवनमस्कार गर्न पाउँदैन। अनि अर्को समस्याचाहिँ भावपूर्वक वन्दना गर्दा शिवले आफूलाई त्यस व्यक्तिको ऋणी भएको ठान्नुहुन्छ र भक्त शिवलाई ऋणी बनाउन पनि चाहन्न। यसरी पूर्वजन्ममा शिववन्दना नगरेको, अर्को पटक शिववन्दना गर्न नपाइने र शिवलाई ऋणी बनाउनेसम्मका यी अनेक अपराधहरूको लागि क्षमा माग्न उसले के गरोस् ? भावपूर्वक शिववन्दना गर्नुभन्दा बढी उसले के गर्न नै जानेको छ र ? त्यसैले सबैथरी भूल क्षर्मा गर्नका लागि शिवभक्त बारम्बार शिवकै वन्दना गरिरहन्छ। भक्तले सबै समस्या आफूमा सुम्पिएपछि शिवले ती सबै समस्याको समाधान कसरी गर्नुहुन्छ, त्योचाहिँ स्वयं शिवले नै जान्नुहोला, तर यति कुरा चाहिँ शास्त्रहरूले बताएका छन्– यस्तो अनन्य भक्तिको प्रभावबाट शिव त्यस व्यक्तिको अधीन बन्नुहुन्छ। अनन्य शिवभक्तका यस्तै भावलाई व्यक्त गर्दै अप्पय दीक्षित नामका एकजना भक्त कवि भन्दछन्—

वपुः प्रादुर्भावादनुमितमिदं जन्मनि पुरा
पुरारे न क्वापि क्षणमपि भवन्तं प्रणतवान्।
नमन्मुक्तः सम्प्रत्यहमतनुरग्रेऽप्यनतिमान्
इतीश क्षन्तव्यं तदिदमपराधद्वयमपि ॥ अर्थात् हे शिव ! मेरो शरीर उत्पन्न भएबाटै यो निश्चित हुन्छ कि मैले अघिल्ला जन्ममा एकपटक पनि हजुरलाई प्रणाम गरेनछु। अहिले हजुरलाई प्रणाम गरेँ भने पनि म तत्काल मुक्त हुन्छु र त्यसपछि पनि मैले शिववन्दना गर्न सक्दिन। त्यसैले पहिले नमस्कार नगरेको र पछि नमस्कार गर्न नसक्ने मेरा यी दुवै अपराधलाई हजुर क्षमा गरिदिनुहोस्। यसरी भक्तहरूको भावको गहिराइ अनन्त हुन्छ।

यसप्रकार मनमा भोगवासना भएका व्यक्तिले शिवनमस्कार गर्दा अनन्त भोग, ऐश्वर्यलाई पाउने अनि वासनाशून्य व्यक्तिहरूले शिवनमस्कार गर्दाचाहिँ अविनाशी मोक्षफल पाउने कुरा स्पष्ट हुन्छ। त्यसैले पुष्पदन्त भन्दछन्– शिवको अघि शिर झुकाउनु **कस्यै उन्नत्यै न भवति** अर्थात् कुनचाहिँ उन्नतिका लागि हुँदैन र ? अपि तु भुक्ति र मुक्ति दुवैथरी उन्नतिका लागि हुन्छ।

यस श्लोकको विष्णुपरक अर्थ गर्दाचाहिँ यहाँ देवराज इन्द्रले भगवान् विष्णुको सेवा गरेकै कारणले उनको राज्य त्रिलोकव्यापी भएको अर्थ लाग्दछ। यहाँ **परम वरद** यी दुई पद सम्बोधन हुन्। **सुत्राम्णः** इन्द्रको, **परिजनविधेयत्रिभुवनः**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तीनै लोकलाई वशवर्ती बनाउने, **बाणः** बाणले. **ऋद्धिं** उनको ऐश्वर्यलाई **उच्चैः अधः अपि सतीं चक्रे** अर्थात् स्वर्गदेखि पातालसम्म फैलाइदियो । यस्तो कुरा हजुरको शरणमा वन्दना गर्ने इन्द्रका लागि आश्चर्य होइन भन्ने अर्थ गर्नुपर्दछ ।

अकाण्ड-ब्रह्माण्ड-क्षयचकित-देवासुरकृपा-
विधेयस्याऽऽसीद् यस्त्रिनयन विषं संहृतवतः ।
स कल्माषः कण्ठे तव न कुरुते न श्रियमहो
विकारोऽपि श्लाघ्यो भुवनभयभङ्गव्यसनिनः ॥१४॥

पदार्थ-

त्रिनयन = हे त्रिनेत्रधारी ! **अकाण्डब्रह्माण्डक्षयचकितदेवासुर-कृपाविधेयस्य** = असमयमा नै ब्रह्माण्ड क्षय हुन खोज्दा डराएका देवता र असुरहरूमाथि कृपा गर्ने, **विषं** = कालकूट विषलाई, **संहृतवतः** = पिइदिने, **तव** = हजुरको, **कण्ठे** = घाँटीमा, **कल्माषः** = जुन कालो दाग, **आसीत्** = लागेको थियो, **सः** = त्यसले, **श्रियं न कुरुते** = शोभा बढाउँदैन भन्ने, **न** = होइन, **अहो** = आश्चर्य छ, **भुवनभयभङ्गव्यसनिनः** = जगत्‌को कष्टलाई नष्ट गर्ने स्वभाव भएका व्यक्तिका लागि, **विकारः अपि** = त्यसबाट आएको दोष पनि, **श्लाघ्यः** = प्रसंशनीय हुन्छ ।

भावार्थ-

हे शिव ! समुद्रमन्थनबाट उत्पन्न कालकूट विषद्वारा असमयमा नै सम्पूर्ण ब्रह्माण्डको प्रलय हुन लागेको देखी देवता र दानवहरू सबै भयभीत भए । उनीहरूमाथि कृपा गर्न हजुरले त्यो सम्पूर्ण विषलाई पिई घाँटीमा समेट्नुभयो र त्यसद्वारा हजुरको घाँटीमा कालो दाग देखियो तर त्यस दागले पनि हजुरको शोभामा कुनै हानि गरेन, किनभने जगत्‌को कष्टलाई नष्ट गर्ने स्वभाव भएका महापुरुषका लागि त्यसद्वारा प्राप्त भएको दोष पनि अत्यन्त प्रसंशनीय हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विवरण-

यस श्लोकमा शिवले प्राणीहरूको दुःखलाई नष्ट गर्न आफैँमाथि आपत्तिलाई पनि स्वीकार गर्नुहुन्छ भनी उहाँको दयामयताको वर्णन गरिएको छ। साथसाथै अमृतका लागि मन्थन गर्दा विष निस्किएको प्रसङ्गका अनेक अर्थहरू पनि रहेका छन्।

देवता र दानव दुवै अमर हुन चाहन्थे। उनीहरूले विधातालाई कसरी अमर हुन सकिन्छ भनी सोधे। उहाँले उत्तर दिनुभयो– अमृत पिएरमात्र अमर हुन सकिन्छ। त्यसको उपाय सोध्दा उहाँले देवता र दानव दुवै मिली समुद्रमन्थन गर्नुपर्दछ भनी बताइदिनुभयो। यी दुवैलाई अमृत पिउने इच्छा त छँदै थियो, त्यसैले भित्री मनबाट नभए पनि बाहिरी मोर्चाबन्दीका लागि मात्र यिनीहरू मिले। भित्र-भित्र परस्परमा द्वेष भए पनि बाहिर-बाहिर स्वार्थका लागि मात्र मिली मन्थन गर्दा अमृत नभई हलाहल विष पो निस्कियो। ब्रह्माजीले त देवता-दानव सबै मैत्री भावले रहन थाले र उनीहरूले एकमन भई समुद्रमन्थनको उद्योग गरे भने अमृत निस्कने कुरा बताउनुभएको थियो। संसारमा यदि सबै प्राणीहरूले परस्पर मिली एक-अर्काको हित गर्दै जीवन बिताउने हो भने यहाँ अवश्य नै सुख र शान्तिको अमृत बर्सिन्छ, तर मानिसहरू आफ्नो स्वार्थ सिद्ध गर्नमात्र अर्कासँग मिल्दछन्। मनभित्र असमझदारी, मतभेद हुँदाहुँदै पनि व्यवहार चलाउनका लागिमात्र मिल्दा संसारमा अमृत नभई असन्तोष, अशान्ति र कलहको विष नै प्रकट भइरहेको देखिन्छ। हरेक घरदेखि हरेक राष्ट्रसम्म व्यवहाररूपी मन्थनबाट यही अशान्तिको विष नै प्रकट भइरहेको देखिन्छ। एउटा परिवारमा पति-पत्नी आ-आफ्ना स्वार्थ, वासना आदि पूर्ति गर्न परस्परमा मिल्दछन्, तर निःस्वार्थ एवं प्रेमपूर्ण मिलन नभएकाले अशान्ति र कलहको विष प्रकट भइरहेको छ। त्यसैगरी राष्ट्रमा पनि अनेक कुनीतिवादीहरू एक-अर्काका परम वैरी भएर पनि सत्ता-स्वार्थका लागि परस्परमा मिलिरहेका छन् र तिनीहरूले बनाएको धर्मछाडा सरकारका कारण राष्ट्रभर अत्याचार, भ्रष्टाचार, कुसंस्कार, अधर्मजस्ता जहरहरू प्रकट भएका छन् र सारा लोक त्यसको मारमा परेको छ। स्वार्थप्रेरित देखावटी मिलनले विषमात्र निकाल्छ, किनकि त्यो धोकापूर्ण एवं षड्यन्त्रमय हुन्छ। यो लौकिक शिक्षा पनि यस प्रसङ्गले दिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अमृतका लागि समुद्रमन्थन गरिरहँदा जब विष निस्कियो, तब देवता र दानव दुवै आश्चर्यचकित भए। त्यो हलाहल विष चारैतिर फैलिँदै थियो र त्यसको प्रभावले **अकाण्ड** अर्थात् असमयमा नै ब्रह्माण्डको क्षय हुने सम्भावना थियो। एकहजार चतुर्युगी बित्दा ब्रह्माजीको एक दिन र त्यति नै समय बित्दा उहाँको एक रात हुन्छ। यो क्रमले १०० वर्ष बित्दा जब ब्रह्माजीको आयु समाप्त हुन्छ, तबमात्र ब्रह्माण्डको महाप्रलय हुनुपर्ने हो, तर अहिले अनुचित समयमै प्रलय हुन लागेको देखेर देवता, ऋषि आदि सबै प्राणी आत्तिए। देवताहरूले भगवान् विष्णुलाई गुहारे, किनभने त्यस समुद्रमन्थनमा उनीहरूलाई मार्ग निर्देशन गर्ने अगुवा उहाँ नै हुनुहुन्थ्यो। विष्णुले भन्नुभयो– हामीमध्ये कसैले पनि हलाहल विषको यो समस्यालाई समाधान गर्न सक्दैनौँ, किनभने हामी सबै पक्ष-प्रतिपक्षमा विभाजित छौँ। यो समस्यालाई त देवता-दानव आदि सबैमा समान भाव राख्ने निर्विकार एवं निर्द्वन्द्व शिवले नै समाधान गर्न सक्नुहुन्छ। वास्तवमा पुराणप्रोक्त शिवलीलालाई हेर्ने हो भने हामीले त्यहाँ यही विशेषता पाउछौँ कि– उहाँ अरु देवताहरू जस्तो कसैको पक्ष र कसैको विपक्षमा हुनुहुन्न। उहाँका उपासक देवताहरू पनि छन्, दानवहरू पनि छन्। यतिमात्र नभई तामस आचरण भएका कयौँ भिल्ल, निषाद, व्याधा आदि पनि भगवान्का कृपापात्र भएका छन्। उहाँको सबैमा समदृष्टि छ। यहाँसम्म कि संसारमा सबैले छिःछिः-दुर्दुर् गर्ने भूत, प्रेत, पिशाचहरूलाई पनि उहाँले शरण दिनुभएको छ। भोग-विलासमा मस्त भएका बेला देवताहरूले शिवलाई नसम्झे पनि आपत्ति परेको बेलामा उनीहरू कसको शरणमा जाउन्। आखिर दिनभर साथी-सङ्गीसँग खेल्दा-खेल्दा जब भोकप्यास लाग्छ तब न बच्चाहरूले आमालाई सम्झिने हुन्! भगवान् विष्णुलाई अघि लगाई सारा देवता हस्याङ्फस्याङ् गर्दै आफ्नो अघि आएको शिवले देख्नुभयो। उनीहरू सबैको मुख निन्याउरो देखी उहाँले कुनै असाध्य आपत्ति लाइलागेछ भनी थाहा पाइहाल्नुभयो। शिवले संसारव्यवस्थाका लागि सबैजसो शक्तिहरू भगवान् विष्णुलाई प्रदान गरी आफू व्यवहारको झमेलाबाट अलग भएर एकान्तमा आसन जमाउनुभएको छ। त्यसैले देवता, मानव आदिका सबै आपत्तिहरू भगवान् विष्णुले नै समाधान गर्नुहुन्थ्यो। तर आज सबै देवतासँगै विष्णु पनि आउनुभएको थियो। आउनेबित्तिकै देवताहरूले समुद्रमन्थनमा विष प्रकट भएको कुरा बताए अनि कति सजिलैसँग हजुरले त्यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषलाई पिई संसारको रक्षा गरिदिनुपर्‍यो भनेर समेत बिन्ती गर्न थ्याए। शिव मुसुक्क हाँस्नुभयो र अर्धाङ्गिनी शिवातर्फ नजर लगाउनुभयो। जगन्माता पार्वतीले जगत्को समस्या पनि बुझ्नुभएको थियो र उहाँलाई शिवको अनन्त प्रभाव पनि थाहा थियो। त्यसैले **प्रभावज्ञान्वमोदत** (श्रीमद्भा.महा. ८/७/४१)अर्थात् शिवको प्रभाव जान्ने उहाँले सम्पूर्ण जगत् दग्ध गर्ने त्यस विषलाई पिउनका लागि अनुमोदन गर्नुभयो। शिवले सम्पूर्ण जगत्लाई विनष्ट गर्न सक्ने त्यस विषलाई अँजुलीमै समेट्नुभयो र एक घुड्कीमै पिइदिनुभयो। पूरा निलिदिँदा उदरस्थ सम्पूर्ण ब्रह्माण्ड जल्ने अनि बाहिर निकाल्दा बाहिरकै जगत् विनष्ट हुने भएकाले शिवले त्यस विषलाई यसरी घाँटीमै अड्याउनुभयो कि त्यो निल्नु र ननिल्नुको बीचभागमा स्थिर भयो।

शिवले घाँटीमै विष अड्याउनुको अनेक कारण खोज्ने क्रममा एक जना कविले भनेका छन्—

सम्भ्रान्तायाः शिवायाः पतिविलयभिया सर्वलोकोपतापात्।

संविग्नस्यापि विष्णोः सरभसमुभयोर्वारणप्रेरणाभ्याम् ॥ अर्थात् आफ्ना पति शिवलाई देवताहरूले विष पिउन भनेको देखी पतिप्रेमवश पार्वती माता डराउनुभयो र उहाँले शिवलाई हुन्न-हुन्न भनी **वारण** अर्थात् रोक्नुभयो। उता विष्णुचाहिँ सम्पूर्ण लोक विषज्वालाबाट तप्त भइरहेको देखेर शिवलाई बारम्बार विष पिउन प्रेरित गरिरहनुभएको थियो। जगत्लाई जलाउने विषले आफ्ना पतिलाई केही असर गर्ला भनी पार्वती माता डराउनु पनि स्वाभाविक थियो, अनि जगत्लाई पालन गर्ने जिम्मेवारी भएकाले भगवान् विष्णुले विषको समस्या समाधान गर्न शिवलाई प्रेरित गर्नु पनि सान्दर्भिक थियो। फेरि यी दुवै शिवलाई यति प्रिय छन् कि दुवैलाई उहाँले आफ्नो अर्धाङ्गको रूपमा स्वीकार गर्नुभएको छ। अर्धनारीश्वरको रूपमा पार्वतीलाई र हरिहर मूर्तिमा हरिलाई उहाँले अर्धाङ्गको रूपमा लिनुभएको स्पष्ट नै छ। त्यसैले दुवैको इच्छालाई पूरा गर्न सर्वसमर्थ शिवले विष निलेझैँ पनि गर्नुभयो र ननिलेझैँ पनि। निल्नु भनेको घाँटीभन्दा तल पुर्‍याउनु हो, त्यो नभएपछि पार्वतीको इच्छा पूरा भयो अनि बाहिरको विषलाई मुखभित्र समेटिसकेपछि विष्णुको इच्छा पनि पूरा भयो।

आध्यात्मिक अर्थमा अमृत भनेको मोक्ष हो। मानव जीवन मोक्षप्राप्तिका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लागि नै हो। देवताहरू सत्त्वगुणी अनि दानवहरू रजोगुणी भएकाले देवता-दानव भनेका सत्त्वगुणी वृत्ति र रजोगुणी वृत्ति हुन्। सत्त्वगुणी वृत्ति भनेको वैराग्य हो अनि राग या प्रेम, कर्ममा प्रवृत्ति आदिचाहिँ रजोगुणी वृत्ति हुन्। कुनै व्यक्तिको कर्म पनि परमात्माभिमुख नै छ, उसले परमात्मालाई नै प्रेम गर्दछ र उसको ज्ञान अर्थात् विचार या चिन्तन पनि परमात्माकार नै छ भने त्यस्तो व्यक्तिको साधनात्मक मन्थनबाट मोक्षरूपी अमृत अवश्य प्रकट हुन्छ। तर मानिसहरू आफूलाई सर्वतोभावले परमात्मामा केन्द्रित गर्न सक्दैनन्। उनीहरूको विचार र कर्ममा सामञ्जस्य हुँदैन। प्राणीहरू विचार त असल गर्दछन्, तर त्यसलाई कर्ममा उतार्न सक्दैनन् र भन्दछन्- अचेल कठिन तपस्या, उपासना आदि गर्ने समय छैन। यही कारणले मोक्षरूप अमृत नभई अज्ञानरूप विष नै प्राणीहरूको हात परिरहेको छ। यो न्यूनतालाई हटाउन सक्ने एकमात्र भगवान् शिव हुनुहुन्छ। जब व्यक्तिले मैले आफ्नो सामर्थ्यले यो अज्ञानलाई हटाउन सक्दिन भनी आफूलाई पूर्णतः शिवको शरणमा सुम्पिन्छ तब उसको न्यूनतालाई शिवले हरण गरिदिनुहुन्छ। जीवको अज्ञानलाई हरण गरिदिनु नै शिवले हलाहल विषपान गर्नु हो। जीवलोकलाई हायल-कायल बनाइदिने त्यो अज्ञानविष पचाउन शिवलाई कुनै गाह्रो पनि हुँदैन, किनभने शिवले समष्टि अज्ञान या मायारूप उपाधिलाई नै आफ्नो अधीनमा राख्नुभएको छ। यो उपाधि नै विकार हो, तर यसले शिवको स्वरूपमा कुनै हानि भने गरेको छैन। वास्तवमा शिवले माया उपाधि स्वीकार गरेकै प्राणीहरूको दुःख, अज्ञान आदि हरण गर्नका लागि हो, किनभने प्राणीहरूलाई संसारबन्धनबाट मुक्ति दिनु नै संसार सृष्टि गर्नुको मूल उद्देश्य हो। शिवबाट हुने जुनसुकै लीला प्राणीहरूको संसारभयलाई नष्ट गर्नकै लागि हुने गर्दछ। यो उहाँको सदाको आदत हो। त्यसैले शिवलाई यहाँ **भुवनभयभङ्गव्यसनी** भनिएको छ। त्यसैले प्राणीहरूलाई मुक्ति प्रदान गर्नका लागि शिवले मायारूपी विकारलाई स्वीकार गर्नु पनि **श्लाघ्यः** अर्थात् शोभादायक नै छ।

समुद्रमन्थनको अर्को आध्यात्मिक अर्थ यसप्रकार छ– साधकको हृदयसमुद्रमा निरन्तर मन्थन चलिरहेको छ। बृहदारण्यकोपनिषद् भाष्यमा भगवत्पाद श्रीशङ्कराचार्यले बताएअनुसार शास्त्रजनित प्रवृत्ति नै देवता र सांसारिक रुचिअनुसारका प्रवृत्ति नै असुर हुन्। सामान्य व्यक्ति सधैँ रुचि अनुसारकै प्रवृत्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्दछ, त्यसैले उसको हृदयमा कुनै मन्थन या सङ्घर्ष हुँदैन। अनि आत्मनिष्ठ भएको व्यक्तिको मन पनि संसारतिर नतानिने हुनाले त्यसमा पनि मन्थन हुँदैन। तर जो जिज्ञासु छ, उसको हृदयमा त निरन्तर द्वन्द्व चलिरहेको हुन्छ। मन्दराचल निश्चयको प्रतीक हो अनि मन्दराचलको नेति बनाइएको वासुकि नागचाहिँ मनको प्रतीक हो, किनभने मन सर्पजस्तै चञ्चल या विषले भरिएको पनि छ। यो मनलाई विषयभोगको प्रवृत्तिरूपी असुरहरूले आफूतर्फ तान्दा व्यक्तिको निश्चय संसारतिर ढल्किएको थियो अनि अहिले उपासना, आत्मचिन्तन आदि शास्त्रीय वृत्तिहरूले तान्दाचाहिँ उसको निश्चय परमात्माभिमुख भएको छ। यसरी हृदयमा भोगेच्छा र मोक्षेच्छाको बीच मन्थन-तानातानी हुनु साधकको साधनावस्था हो। साधकले मोक्षरूपी अमृतकै इच्छाले स्वाभाविक विषयप्रवृत्तिका संस्कारहरूलाई रोकी अन्तर्मुख गराउन खोज्दछ तर साधनाको क्रममा सबभन्दा पहिलाचाहिँ विष निस्कन्छ। विष अर्थात् चित्तभित्रका अनन्त पूर्वसंस्कारहरूको मैलो। साबुन लगाएर मिच्दा कपडाभित्रको मैलो बाहिर निस्किएझैँ जब साधनाको प्रभावले चित्तभित्रको मैलो बाहिर निस्कन थाल्छ, तब साधकको मनमा अनन्त दुर्भावहरूको बाढी आउँछ। उसले अहिलेसम्म नसोचेका कुराहरू पनि मनमा खेल्न थाल्दछन्। अध्यात्मयात्राको यो अँध्यारो गल्लीलाई पार गरेपछि मात्र साधकले आफ्नो लक्ष्यलाई भेट्टाउन सक्दछ। शिवले विष पिएझैँ सबै दुर्भावहरूको बाढीलाई जसले सर्लक्कै निलिदिन सक्छ र धैर्यपूर्वक आफूलाई नियन्त्रित राख्न सक्छ, त्यसैले पछि अमृत/मोक्ष पाउँछ।

यस श्लोकलाई विष्णुपरक अर्थ गर्दाचाहिँ **त्रिनयन** शब्दले तीन नेत्र हुनुभएका शिव भन्ने अर्थ नभई तीनै लोकका आँखासमान सर्वप्रकाशक विष्णु भगवान् भन्ने अर्थ बुझाउँछ। यहाँ विष शब्दका अनेक अर्थमध्ये जल भन्ने अर्थ लिइएको छ। कथाको सन्दर्भ उठाउँदै टीकाकार मधुसूदन सरस्वतीले बताउनुभएको छ– स्वायम्भुव मनुको पालामा जब असमयमा समुद्र बढी ब्रह्माण्ड नै डुब्न लागेको जस्तो भयो, तब डराएका प्राणीहरूमाथि अनुग्रह गर्न भगवान्ले वराहको रूप धारण गरी समुद्रको जललाई छ्याललब्याल बनाई सुकाइदिनुभयो। त्यस बेलामा जिउमा **कल्माषः** अर्थात् हिलो लाग्यो र **तव** अर्थात् हजुरका भक्तहरूले त्यही रूपको स्तुति गर्न लागे। यस्तो हिलैहिलोले दूषित भएजस्तो स्वरूपको स्तुति गर्दा स्तुतिकर्ताहरूको कण्ठ शोभित नै भयो, अशोभित भएन। किनभने भगवान्ले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संसारका प्राणीहरूको दुःखलाई नष्ट गर्न नै आफूमाथि हिलोरूप विकार स्वीकार गर्नुभएको थियो भन्ने अर्थ यसबाट निस्कन्छ ।

असिद्धार्था नैव क्वचिदपि सदेवासुरनरे
निवर्तन्ते नित्यं जगति जयिनो यस्य विशिखाः ।
स पश्यन्नीश त्वामितरसुरसाधारणमभूत्
स्मरः स्मर्तव्यात्मा न हि वशिषु पथ्यः परिभवः ॥१५॥

पदार्थ-

ईश = हे परमेश्वर ! **जयिनः** = जगत्‌विजयी, **यस्य** = जसका, **विशिखाः** = बाणहरू, **सदेवासुरनरे** = देवता, असुर र मानिससमेतका, **जगति** = सम्पूर्ण जगत्‌भर, **क्वचित् अपि** = कहीँ पनि, **नित्यं** = कहिल्यै , **असिद्धार्थाः** = व्यर्थ भई, **न निवर्तन्ते एव** = फर्किँदैनन्, **सः** = तिनै, **स्मरः** = कामदेवले, **त्वां** = हजुरलाई, **इतरसुरसाधारणं** = अरु सामान्य देवतासमान, **पश्यन्** = ठान्नेबित्तिकै, **स्मर्तव्यात्मा** = सम्झनाको मात्र विषय, **अभूत्** = भएर, **हि** = निश्चय नै, **वशिषु** = जितेन्द्रियहरूमाथि,**परिभवः** = गरिएको तिरस्कार, **न पथ्यः** = कल्याणकारी हुँदैन ।

भावार्थ-

हे महेश्वर ! विश्वविजयी कामदेवका बाणहरू देवता, दानव र मनुष्यसमेत सम्पूर्ण जगत्‌मा कहीँ-कहिल्यै व्यर्थ भई फर्किएका छैनन् । तिनै कामदेवले जब हजुरलाई पनि अरु सामान्य देवतासमान कामको वशमा पर्ने ठाने, तत्कालै उनी केवल सम्झनयोग्य भए । निश्चय नै जितेन्द्रिय महापुरुषहरूको तिरस्कार गर्नु कल्याणकारी हुँदैन ।

विवरण-

पुराणोक्त कथाअनुसार तारकासुरलाई शिवपुत्रबाहेक अरुको हातबाट नमर्ने वर प्राप्त भएको थियो । उता शिव सतीवियोगद्वारा झन् विरक्त भई अखण्ड

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समाधिमा मग्न हुनुहुन्थ्यो । यस्तो अवस्थामा शिवको पुत्र हुनु कसरी सम्भव थियो र ? आखिर देवताहरूले शिवकी अभिन्न शक्ति शिवाको आराधना गरे र उहाँले पार्वतीको रूपमा हिमालयको घरमा उत्पन्न भई देवताहरूको काम सिद्ध गर्ने आश्वासन दिनुभयो । यता भगवती माता हिमालयपुत्री पार्वती बनी उत्पन्न हुनुभयो उता तारकासुरचाहिँ वरको प्रभावले देवताहरूलाई झन्-झन् कष्ट दिँदै थियो । पार्वतीले कठोर तपस्याद्वारा शिवलाई प्रसन्न बनाउनुभएपछि उहाँहरूको विवाह त भयो, तर शिवलाई पार्वतीप्रति अझै पनि कामना उत्पन्न भएन । शिवपुत्रको उत्पत्तिमा विलम्ब हुनाले आत्तिएका देवताहरूले कामदेवलाई गुहारे । तिमीले देवता, दानव र मानव सबैको मनमा कामनाको सञ्चार गर्न सक्छौ, तिमी त जगत्विजयी हौ भनी उक्साए । आफ्नो प्रशंसा सुनी उक्सिएर उनी शिवमा कामना उत्पन्न गर्न सक्छु भन्ने सोची त्यो काम गर्न तम्सिए ।

श्लोकको पूर्वार्धमा कामदेवको महत्त्व र पराक्रमको वर्णन गरिएको कुरालाई विचार गर्दा यो स्वतः अनुमान हुन्छ– देवताहरूले यस्तै कुरा भनी कामदेवलाई उक्साएका थिए । **सदेवासुरनरे** अर्थात् सुर, असुर र नर यी सबैमा **जयिनः यस्य विशिखाः** अर्थात् जगत्विजयी जसका बाणहरू **असिद्धार्थाः न निवर्तन्ते** अर्थात् रित्तै फर्किँदैनन् । काम बनाएर मात्र फर्किन्छन् । तीनै लोकमा शिवबाहेक कुन त्यस्तो जीव छ र जसमा कामनाको प्रभाव नपरेको होस् ? इन्द्रादि देवताहरू अमृत, अप्सरा र नन्दन वनको विहार आदिमा आसक्त भई नित्य कामनाका वशमा रहन्छन् । असुरहरू पनि सुरा-सुन्दरीमा आसक्त छन् र उनीहरूमा कहिले-कहीँ तीनै लोकलाई जित्ने कामना उत्पन्न भएको पाइन्छ । मानिसहरू त झन् स-साना वस्तुहरूको कामनाले पनि विक्षिप्त भई त्यसलाई प्राप्त गर्न मरिमेट्दछन् । यसरी संसारमा सबैतिर कामनाको अकण्टक राज्य छ । यो कामनाले संसारमा रहेकालाई मात्र होइन, एकान्त वनमा बस्ने योगी, ध्यानी र तपस्वीहरूलाई पनि मनभित्र पसी सताइरहेकै हुन्छ । अनेक सिद्धिहरू प्राप्त गर्ने इच्छादेखि लोकमा सर्वाधिक सम्मान-प्रसिद्धि होस् भन्ने इच्छासम्म कामनाकै राज्य छ । यतिमात्र नभई भक्तहरूको मनमा इष्टदेवको दिव्य लोकलाई प्राप्त गरी त्यहाँ अनन्त कालसम्म रहने जुन इच्छा हुन्छ, त्यो पनि कामनाकै राज्य-विस्तारभित्र पर्दछ । जो-जो शिवमायाबाट वशीभूत छन्, ती सबैमा कामनाको प्रभाव रहेकै हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्पूर्ण जगत्भरि आफ्नो अखण्ड प्रभाव भएको देखेपछि कामदेवलाई लाग्यो– मैले शिवलाई पनि प्रभावित पार्न सक्छु । तर कामदेवलाई थाहा थिएन– आफूमा भएको यो विश्वविजयी सामर्थ्य शिवमायाको मोहात्मक शक्ति हो । जसको मायाको अधीनमा रही कामदेव जगत्लाई वशमा गर्थे तिनै मायापतिमाथि उनको के वश चल्दथ्यो र ? यो त आगोबाट उठेको झिल्काले म आगोलाई पोल्न सक्छु भनिठानेसमान भएन र ? तर शिवमायाको वशमा परेकाले कामदेवलाई यो कुरा याद भएन । शिवलाई **इतरसुरसाधारणं पश्यन्** अर्थात् अरु सामान्य देवताहरूजस्तै ठानेर कामदेवले बाण प्रहार गरे । तर तत्कालै उनी **स्मर्तव्यात्मा** भइसकेका थिए, अर्थात् कामदेव थिए अरे ! भनी सम्झना गर्ने कुरामात्र बाँकी थियो । टीकाकार मधुसूदन सरस्वतीले यहाँ **पश्यन्** शब्दमा हेत्वर्थक शतृप्रत्यय गरिएको हो भनी बताउनुभएको छ । यसको तात्पर्य कामदेवले शिवलाई अरु देवतासमान मान्नु नै ऊ भस्म हुनुको कारण हो भन्ने हुन्छ । शतृ प्रत्ययले अपूर्ण कालको अर्थलाई पनि जनाउँछ । यसको मतलब कामदेवले शिवलाई सामान्य देवतासमान के सोच्न भ्याएका थिए, तत्काल नै उनी भस्म भए, बीचमा एक क्षणको पनि विलम्ब भएन भन्ने हुन्छ । पुष्पदन्तको भनाइको भावअनुसार शिवमा कामदेवले बाण प्रहार गर्न भ्याएको होइन । उसको बाणले शिवलाई कसरी स्पर्श गर्न सक्थ्यो र ? उसले केवल मैले शिवलाई वशमा पार्न सक्छु भनेर सोचेको मात्र हो र यत्तिकैमा ऊ भस्म भयो ।

भक्तहरू भन्दछन्– शिवले पहिले कामदेवको सृष्टि गर्दा आफ्ना भक्तबाहेक अरुलाई मात्र कामनाको वशीभूत बनाउनू भनी आज्ञा दिनुभएको थियो, तर जब सारा संसारलाई जित्दै गयो, तब कामदेवमा आफ्नो सामर्थ्यको अहङ्कार चढ्न थाल्यो र उसले बिस्तारै शिवभक्तहरूलाई पनि दुःख दिन थाल्यो । अखण्ड शिवचिन्तनमा मग्न रहनेहरूमा त कुन छिद्र पाओस् र प्रवेश गरोस् । तर व्यवहारमा व्यस्त हुनुपर्ने शिवभक्तहरूमा उसले प्रवेश गर्ने प्रशस्तै ठाउँ पाउँथ्यो । शिवाज्ञानुसार जसले दिनको एक पटकमात्र भए पनि शिवको भक्तिपूर्वक सम्झना गर्दछ, उसलाई कामदेवले दुःख नदिनुपर्ने थियो, तर कामदेव आफ्नो मर्यादा नाघ्दै थियो । आफूमा अनेक कामना उत्पन्न हुन थालेपछि शिवभक्तहरू तिनलाई नष्ट गर्न भनी भगवान्को प्रार्थना स्तुति आदि गर्दथे । जब आज शिवले कामदेव स्वयम् आफ्नै माथि पनि बाण खैंचिदै प्रहार गर्न तत्पर भएको देख्नुभयो, तब उहाँलाई विश्वास भयो– यसले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उद्दण्डताको हद नाघेछ। शिवभक्तहरूलाई दुःख दिने अपराध त यसले पहिल्यै पनि गरिसकेको थियो । त्यसैले अलि टेँढो नजरले हेरी यसलाई तर्साउँछु भनी शिवले कामप्रति थोरै वक्रदृष्टि के लगाउनुभएको थियो, ऊ तत्काल भस्म भयो । यसबाट सबै शिवभक्तहरू असाध्यै खुसी भए।

.उता देवताहरूलाई चाहिँ यो कुरा चित्त बुझेन । ब्रह्माजीले पनि जगत्‌को विस्तारका लागि काम अनिवार्य चाहिने बताउन थाल्नुभयो । यसैगरी कामपत्नी रतिले पनि आफ्नो पतिको जीवन भिक्षा माग्न थालिन् । शिवले भन्नुभयो– यसले मेरा भक्तहरूलाई दुःख दिन्थ्यो, त्यसैले मैले भस्म गरिदिएको हुँ। अब तपाइँहरू सबै चाहनुहुन्छ भने यो कामदेव **अनङ्ग** अर्थात् शरीररहित भई बाँचोस् र अब आइन्दा मेरा भक्तहरूलाई दुःख दिने काम नगरोस् । रतिले आफ्ना पतिलाई सशरीर प्राप्त गर्ने चाहना गरेपछि भगवान्‌ले द्वापरको अन्तमा कृष्णपुत्र प्रद्युम्नको रूपमा कामदेव सशरीर उत्पन्न हुने र त्यहीँ रतिले उसलाई पाउने व्यवस्था मिलाइदिनुभयो । यसैले कामदेवले शिवभक्तहरूलाई सताउन सक्दैन ।

यस श्लोकलाई विष्णुपरक अर्थ गर्दा कामदेवको प्रभाव वर्णन गरिएको पूर्वार्धको अर्थ उस्तै हो । उत्तरार्धमा श्रीकृष्णबाट कामदेव सशरीर उत्पन्न भएको प्रसङ्ग बताइएको छ। यहाँ **इतरसुर** अर्थात् सबै देवताभन्दा विलक्षण हे भगवान् ! भन्ने यो सम्बोधन हो। **स्मर्तव्यात्मा** अर्थात् भस्म भई केवल सम्झनामा मात्र रहेको **सः कामः** अर्थात् त्यो कामदेव **त्वाम्** अर्थात् हजुरलाई **पश्यन्** अर्थात् हेर्दै **अभूत्** अर्थात् जन्मियो । त्यो पनि **साधारणम्** अर्थात् ठ्याक्कै हजुरकै स्वरूपमा । यहाँ शङ्का हुन्छ– भगवान्‌जस्तो त अर्को कोही छैन भने कामदेव कसरी उस्तै भए ? यसको उत्तरमा भनिन्छ– वास्तवमा कामदेव र परमात्मा उस्तै छैनन् । **परिभवः** अर्थात् कामदेव **वशिषु** अर्थात् योगी-तपस्वीहरूमा **न पथ्यः** अर्थात् हितकारक मानिन्न, तर परमात्माचाहिँ उनीहरूका लागि परम मङ्गलमय हुनुहुन्छ, त्यसैले यी दुईमा भिन्नता छ। **परिभवति- अनर्थे योजयति** भन्ने अर्थमा यहाँ परिभव शब्दले कामदेवलाई बताइएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महीं पादाघाताद् व्रजति सहसा संशयपदं
पदं विष्णोर्भ्राम्यद्भुजपरिघरुग्णग्रहगणम् ।
मुहुर्द्यौर्दौःस्थ्यं यात्यनिभृतजटा-ताडिततटा
जगद्रक्षायै त्वं नटसि ननु वामैव विभुता ॥१६॥

पदार्थ-

पादाघातात् = पाउको आघातले, **मही** = पृथिवी, **सहसा** = अनायास, **संशयपदं** = सन्देहमा, **व्रजति** = पुग्छ, **विष्णोः पदं** = अन्तरिक्षलोक, **भ्राम्यद्भुजपरिघरुग्णग्रहगणं** = घुमिरहेका परिघसमान हजुरका हातको प्रहारद्वारा तितरवितर भएका नक्षत्रसमूहले युक्त भई (नष्ट हुन खोज्छ), **अनिभृतजटाताडिततटा** = फैलिएका जटाद्वारा सीमाप्रदेशमा आघात पुगेको, **द्यौः** = स्वर्गलोक पनि, **दौःस्थ्यं** = दुरवस्थामा, **याति** = पुग्दछ, **त्वं** = हजुर, **जगद्रक्षायै** = जगत्रक्षाकै लागि, **नटसि** = ताण्डवनृत्य गर्नुहुन्छ, **ननु** = साँच्चै, **विभुता** = व्यापकता पनि, **वामा एव** = कहिलेकहीँ प्रतिकूल नै हुँदो रहेछ ।

भावार्थ-

हे शिव ! हजुरले जगत्रक्षा गर्नकै लागि ताण्डवनृत्य गर्नुहुन्छ तर त्यसबेला हजुरको पाउको आघातले पृथिवी नै चूर्ण हुने हो कि ? भन्ने सन्देह हुन्छ। परिघसमान हजुरका हातहरू घुम्दा सारा नक्षत्रहरू तितरवितर भई अन्तरिक्षलोक नै नष्ट हुन्छ कि ? भनेझैं लाग्छ । फैलिएका जटाहरूद्वारा स्वर्गलोकका अनेक प्रदेशहरू ठोक्किँदा स्वर्गलोककै दुरवस्था हुन्छ । साँच्चै कहिलेकहीँ ईश्वरको व्यापकता र अनन्त सामर्थ्य पनि सामान्य लोकको लागि प्रतिकूल नै हुँदोरहेछ ।

विवरण-

कालबल नामक असुरलाई मोहित गर्न शिवले सन्ध्याकालमा ताण्डव नृत्य गर्नुहुन्छ । असुरले सन्ध्याकालमा असीमित बलशाली हुने वर पाएको छ, त्यसैले शिव हरेक दिन सन्ध्याकालमा उसलाई मोहित गर्न ताण्डव नृत्य गर्नुहुन्छ । कालबल असुरलाई एउटा पाउले थिची नृत्य गरिरहेको शिवको नटराज विग्रह प्रसिद्ध छ । असुरले जगत्लाई विनष्ट नगरोस् भन्ने उद्देश्यले शिवले नृत्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्नुहुन्छ, तर उहाँले नृत्य गर्दा पनि संसार त्यसको वेगलाई सहन नसकी अत्यन्त व्यथित हुन्छ । त्यसैले भनिन्छ— **विभुता वामा एव** अर्थात् धेरै सामर्थ्य हुनु पनि प्रतिकूल नै हुँदो रहेछ ।

परमात्माको महिमा अनन्त छ । उहाँको प्रत्येक रोमकूपमा अगणित ब्रह्माण्डहरू सजिलै सञ्चरण गर्दछन् । यौटा ब्रह्माण्ड नै यति धेरै विशाल हुन्छ कि – हामीले देख्ने गरेको आकाशमै पृथिवीभन्दा लाखौँ, करोडौँ गुणा ठूला ताराहरू तोरीका दानाजत्रा टिलपिलाइरहेका देखिन्छन् । यस्ता अनन्त ब्रह्माण्ड धारण गर्ने परमात्माको आघातलाई पृथिवीले कसरी सहुन् ? उहाँले पाउलाई अलिकति दबाउनुहुन्छ त पृथिवी म रहन्छु कि नष्ट हुन्छु ? भन्ने सन्देहमा पर्दछ । त्यसैगरी शिवले नृत्य गर्न हातहरू फैलाउँदा त्यसको प्रहारबाट सम्पूर्ण अन्तरिक्षलोक नै पीडित हुन्छ । **भ्राम्यद्भुजपरिघरुग्णग्रहगणम्** को व्युत्पत्ति हुन्छ— **भ्राम्यद्भिः भुजपरिघैः रुग्णाः ग्रहगणाः यस्मिन् तत्** अर्थात् भालासमानका भगवान्का घुमिरहेका हातहरूद्वारा **विष्णुपद**-अन्तरिक्षका सारा ग्रहहरू **रुग्ण**-पीडित भइरहेका छन् । नाच्दाखेरि शिवका जटाहरू फुकेका छन् र **अनिभृतजटा** अर्थात् ती फुकेका जटाहरू चारैतर्फ फैलिँदा त्यसले **द्यौः** अर्थात् स्वर्गलोकका **तट** अर्थात् अनेक प्रदेशहरूलाई प्रताडित गरिरहेको छ । यसरी शिवले जगत्को कल्याणकै लागि नृत्य गरे पनि संसारचाहिँ त्यसको वेगलाई सहन नसकी व्यथित हुन्छ ।

साधकहरू भन्दछन्– शिवको यो नृत्य शरीरभित्र पनि भइरहेको छ । **यत् पिण्डाण्डे तद् ब्रह्माण्डे** अर्थात् जे पिण्ड अण्डमा हुन्छ, त्यही बाहिरी ब्रह्माण्डमा हुन्छ । साधनात्मक सक्रियता आरम्भ हुनु नै शिवको नृत्य सुरु हुनु हो । त्यसक्रममा साधनाको आघातबाट सबभन्दा पहिले मूलाधार उद्दीप्त हुन्छ । योग र तन्त्रशास्त्रअनुसार मूलाधार चक्र पृथिवीतत्त्वप्रधान छ । साधकको साधनाले जब मूलाधारमा आघात गर्दै जान्छ तब त्यहाँको पृथिवीतत्त्व क्षीण हुँदै जान्छ र म रहन्छु कि रहन्न ? भन्ने सन्देहमा पर्दछ । यस क्रममा पृथिवीप्रधान भएकाले साधकको शरीर पनि क्षीण हुने, दुब्लाउने आदि हुन्छ । जब साधकको चेतना मूलाधारलाई अतिक्रमण गरी माथि बढ्छ, तब मणिपूर, स्वाधिष्ठान आदिलाई छिचोल्दै त्यो हृदयप्रदेशमा पुग्छ । हार्दाकाश नै विष्णुको पद वैकुण्ठ हो । त्यसमा आघात पर्दा सम्पूर्ण विष्णुलोकमा खलबली मच्चिन्छ । साधकको चित्तमा त्यसबेला

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जन्म-जन्मान्तरका अनेक दूषित संस्कारहरू यसरी जाग्न थाल्दछन्, ऊ स्वयम् आश्चर्यचकित हुन्छ। पूर्वसंस्कारहरूलाई यसरी निकालेपछि मात्र व्यक्तिको चित्त शुद्ध हुन्छ। साधनाकालमा चाहिँ चित्तक्षेत्र नराम्ररी **रुग्ण** अर्थात् पीडित हुन्छ। यसभन्दा अघि बढेपछि साधक विशुद्ध चक्रलाई भेदन गरी भ्रूमध्य-आज्ञाचक्रमा पुग्दछ। यही नै **द्यौः** अर्थात् द्युलोक हो। शिवको जटा भनेको निरन्तर बढिरहेको साधकको तपःशक्ति नै हो। त्यसबाट द्युलोक-भ्रूमध्यमा आघात पर्दा शिरमा असाध्यै गरम हुने, भारी हुनेजस्ता लक्षणहरू देखिन्छन्। द्युलोक **दौःस्थ्य** अर्थात् दुरवस्थामा प्राप्त हुन्छ। यसरी सबैतिरबाट सम्पूर्ण रूपले शुद्ध भई जीव बल्ल शिवको परम स्थान सहस्रारमा प्राप्त हुन्छ। वास्तवमा ब्रह्माण्ड होस् या पिण्डाण्ड, शिवको निवास सर्वोच्च प्रदेश हिमालय शिखर या सहस्रारमा नै हुन्छ। त्यसैले सहस्रारमा पुगी जब जीव शिवसँग एक भई मिल्दछ, तबमात्र कालबल असुरको संहार हुन्छ अर्थात् व्यक्ति समयको सीमित बन्धनबाट मुक्त हुन्छ।

योगीहरू जब आफ्नो प्राणलाई सुषुम्णा पथबाट माथि उठाएर सहस्रारमा लगी स्थापित गर्दछन्, तब घण्टौं समाधिमा लीन भई उनीहरू समय बितेको थाहै पाउँदैनन्। वेदान्तको दृष्टिमा कालबलको संहार भनेको व्यक्तिको आत्मबोध समयको सङ्कुचित सीमाबाट मुक्त हुनु हो। शरीरमा आत्मभाव हुन्जेल प्राणीहरूले आफूलाई सय वर्षभन्दा अघि नभएको, सय वर्षभन्दा पछि नहुने र बीचमा रहेको सीमित अस्तित्वको रूपमा मान्दछन्। उनीहरू हरेक पदार्थलाई अखण्ड सत्स्वरूप ब्रह्मको रूपमा हेर्न सक्दैनन् र खण्ड-खण्ड कालमा विभक्त गरी कार्य र कारणको विभाजन गर्दछन्। पहिले भएको कारण, अनि पछि हुने कार्य भनी समयको परिच्छिन्नतामा नै वस्तुहरूको अस्तित्वलाई निर्धारण गर्दछन्। वास्तवमा सम्पूर्ण जगत् उत्पत्ति हुनुभन्दा अघि, उत्पत्तिकालमा र विनाशपछि पनि अखण्ड ब्रह्मरूप नै छ। यसमा भूत, भविष्य, वर्तमानको भेद छैन। मायाद्वारा अखण्ड सत्यवस्तु ब्रह्ममा पनि खण्ड-खण्ड पदार्थको अस्तित्व भासित हुन्छ। यही नै कालबल हो। जब तत्त्वसाक्षात्कारद्वारा जीव शिवरूप बन्दछ, तब उसले आफूलाई या सम्पूर्ण जगत्लाई पनि अखण्ड ब्रह्मरूपमा नै अनुभव गर्दछ। जहाँ भूत, भविष्य, वर्तमान तीनै कालको आरोप हुन्छ, त्यस्तो ब्रह्म बनिसकेको व्यक्तिमा कालको बल कसरी चल्न सक्दछ र? यही नै कालबलको नाशका लागि शिवको ताण्डव नृत्य हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तडि आघाते धातुबाट ताण्डव शब्द बन्दछ । यसको अर्थ आघात गर्नु भन्ने हुन्छ । सामान्य प्राणीहरू शरीर, इन्द्रिय, मन, प्राण आदिलाई नै आत्मा मान्दछन् । उनीहरूको आत्मबोध त्यहाँ टाँसिएको हुन्छ । शिव जब प्राणीहरूलाई ती अनात्मवस्तुहरूको संसर्गबाट मुक्त गर्न खोज्नुहुन्छ तब तिनमा आघात गर्नैपर्ने हुन्छ । फलामका टुक्राहरू वर्षौंसम्म एकै ठाउँमा रहे भने खिया लागी परस्परमा टासिन्छन् । तिनलाई बलपूर्वक नठटाई अलग गर्न सकिन्न । त्यसैगरी अनादि कालदेखि शरीर आदिमा टाँसिएको जीवलाई अलग गर्न पनि त्यहाँ आघात गर्नैपर्ने हुन्छ । साधनात्मक आघातले सबैभन्दा पहिला शरीरलाई ठटाउँछ । त्यसैले योगाभ्यासको प्रथम श्रेणीमा शरीर क्षीण हुने, दुब्लो हुने आदि हुन्छ । त्यसपछिको आघात मनलाई हुन्छ । मनमा शिवताण्डवको आघात पर्दा मनभित्र पूर्ववासनाहरूको आँधी देखिन्छ । वासनाहरू सबै नष्ट भइसकेपछि भने साधकको मन पूर्णतः निश्चल हुन्छ । यसरी साधक मनभन्दा अलग हुन्छ । अन्तिममा पालो आउँछ अहंको । यही नै तत्त्वसाक्षात्कारको प्रमुख बाधक हो । भ्रूमध्य अहंको क्षेत्र हो । शरीर इन्द्रिय आदि सारा उसकै आज्ञाअनुसार चल्ने हुनाले अहंको क्षेत्रलाई आज्ञाचक्र पनि भनिन्छ । सामान्य व्यक्तिलाई अहं नै आत्मा हो भन्ने लाग्दछ, तर वेदान्तसाधक सुषुप्ति अवस्थामा अहंको लोप भए पनि आत्मा विद्यमान भएको तथ्यलाई विचार गर्दछ र निरन्तर निदिध्यासनद्वारा अहंलाई सर्वथा आत्मामा विलीन गरी अखण्ड आत्मभावले रहन्छ । यसरी क्रमशः शरीर, मन र अहंलाई आघात गर्न शिवको आन्तरिक ताण्डवनृत्य जीवको कल्याणकै लागि हुन्छ, साधनावस्थामा ऊ मेरो शरीरै नष्ट हुने भयो, मेरो मन त झन् अस्थिर भयो, मेरो अहं अर्थात् अस्तित्वकै लोप हुने भयो भनी डराउँछ ।

यस श्लोकलाई विष्णुपरक अर्थ गर्दा यहाँ भगवान्ले कुन समयमा अवतार लिनुहुन्छ भन्ने वर्णन छ । जगत्को रक्षाका लागि नै हजुर **नटसि** अर्थात् नटले अनेक वेष फेरेझैं मत्स्यादि अनेक अवतार धारण गर्नुहुन्छ । यहाँ **महीपात् र आघातात्** यी दुई पद दुष्ट राजा या शासकहरूलाई बुझाउन आएको हो । **आसमन्तात् घातः यस्मात्** अर्थात् जसबाट हिंसा या विनाशमात्र हुन्छ, त्यस्तो **महीपात्** अर्थात् दुष्ट शासकबाट पृथिवी नै नष्ट हुन खोज्दछिन् । त्यसबेला दुष्टहरू विष्णुको **पद** अर्थात् यज्ञशाला आदिमा विध्वंस मच्चाउन आफ्नो भुजबलको प्रयोग गर्दछन् र **परिघ**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आदि घुमाउँदै **ग्रह** नामका यज्ञीय पात्रहरूलाई छिन्नभिन्न बनाउँछन् । त्यसबेला **अनिभृतजटा** अर्थात् जटा पाल्ने, काला, सेता, राता वस्त्र लगाउने आदि अनेक पाखण्ड मतहरूले द्युलोकको **तट** अर्थात् सर्वोच्च स्थान वैकुण्ठ आदि लोकमाथि ताडन-आक्षेप आदि गर्दछन् । यसरी सनातन धर्मलाई धर्मछाडा राज्यसत्ता, विप्लवी उपद्रवीहरू र पाखण्ड मतहरू मिलेर ध्वस्त गर्न लागेको बेलामा भगवान्ले अवतार धारण गर्नुहुन्छ । भगवान् श्रीकृष्णले श्रीमद्भगवद्गीतामा धर्मको ग्लानि र अधर्मको उत्थान हुन लागेको बेलामा म अवतार धारण गर्दछु भनी यही कुरा बताउनुभएको छ ।

वियद्व्यापी तारागणगुणित-फेनोद्गमरुचिः
प्रवाहो वारां यः पृषतलघुदृष्टः शिरसि ते ।
जगद्द्वीपाकारं जलधिवलयं तेन कृतमि-
त्यनेनैवोन्नेयं धृतमहिम दिव्यं तव वपुः ॥१७॥

पदार्थ-

वियद्व्यापी = आकाशगङ्गाको रूपमा ब्रह्माण्डबाहिर व्यापक भएको, **तारागणगुणितफेनोद्गमरुचिः** = चम्किएका ताराहरूको प्रकाशले फिंज अझै चम्किलो देखिएको, **यः** = जुन, **वारां** = गङ्गाजलको, **प्रवाहः** = प्रवाह, **ते** = हजुरको, **शिरसि** = शिरमाथि, **पृषतलघुदृष्टः** = एउटा बिन्दुसमान सानो देखियो, **तेन** = त्यसैले, **जगत्** = पृथिवीलाई, **जलधिवलयं** = समुद्रको रूपमा चारैतिरबाट ढाकी, **द्वीपाकारं** = द्वीपको आकारमा, **कृतं** = बनायो, **इति** =भने, **अनेन एव** = यसैबाट, **तव** = हजुरको, **धृतमहिम** = अनन्त महिमाशाली, **दिव्यं** = दिव्य, **वपुः** = विग्रहको, **उन्नेयं** = अनुमान गर्नुपर्दछ ।

भावार्थ-

हे शिव ! आकाशगङ्गाको रूपमा ब्रह्माण्डमा व्याप्त भएको अनि ताराहरूको प्रकाश पर्नाले फिंज अझै चम्किलो देखिएको जुन गङ्गाजलको प्रवाह थियो, त्यो त हजुरको शिरमा आई एउटा बिन्दुसमान साह्रै सानो देखियो । त्यही जलले सम्पूर्ण पृथिवीलाई समुद्रको रूपमा चारैतिरबाट ढाकी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वीपको आकारमा बनाइदियो। यसैबाट हजुरको अलौकिक विग्रह कति व्यापक छ भन्ने अनुमान गर्नुपर्दछ।

विवरण-

यस श्लोकमा गङ्गावतरणको प्रसङ्ग बताइएको छ। पुराणप्रसिद्ध कथाअनुसार राजा सगरले आयोजना गरेको अश्वमेध यज्ञको घोडाको रक्षाका लागि उनका साठी हजार पुत्रहरू गएका थिए। त्यसबीचमा इन्द्रले घोडा लुकाई कपिल मुनिको आश्रममा लगी बाँधिदिए। सगरपुत्रहरू घोडा खोज्दा-खोज्दै मुनिको आश्रममा पुगे। उनीहरूलाई यसैले घोडा चोरी छद्मभेषमा लुकेको हो भन्ने भ्रम भयो। उनीहरूले कपिल मुनिको समाधिलाई भङ्ग गर्न खोजे, त्यसको परिणाममा ती सबै जलेर भस्म भए। मुनिलाई अपमान गरेकाले शापवश दग्ध भएका तिनको उद्धार कसरी हुन्छ भन्ने पत्ता लगाउँदा गङ्गाको धाराले मात्र तिनको उद्धार हुन सक्छ भन्ने थाहा भयो। त्यसपछि गङ्गाको धारालाई पृथिवीमा ल्याउन अंशुमान् र दिलीपले पुस्तौँ-पुस्ता तपस्या गरी प्राण त्यागे। त्यसपछि भगीरथको पालो आयो र उनको तपस्याबाट गङ्गा प्रसन्न भई पृथिवीमण्डलमा आउन राजी भइन्। गङ्गालाई कसले धारण गर्ने ? भन्ने समस्या पऱ्यो। ब्रह्माण्डको बाहिरबाट आएको गङ्गाधारालाई धारण गरिएन भने त्यसले पृथिवीलाई छेडी पातालमा प्रवेश गर्दथ्यो र भगीरथको परिश्रम नै निष्फल हुन्थ्यो। जो पायो उसैले गङ्गाको वेगलाई धारण गर्नसक्ने कुरा भएन। यो समस्याको समाधान यही निस्कियो– गङ्गाको वेगलाई धारण गर्न भगवान् शिवमात्र समर्थ हुनुहुन्छ। भगीरथले शिवको तपस्या गरे र शिवले पनि गङ्गाको वेगलाई थामिदिने आश्वासन दिनुभयो। यसरी गङ्गालाई पृथिवीमा ल्याउने सबै अनुकूल व्यवस्था तयार भयो।

गङ्गाको व्यापकताको वर्णन गर्दै पुष्पदन्त भन्दछन्– गङ्गाको प्रवाह **वियद्व्यापी** अर्थात् सम्पूर्ण आकाशलाई ढाकेर रहेको थियो। आकाशगङ्गामा रहेका नक्षत्रहरू चम्किँदा गङ्गाको फीँजमा कान्ति थपिएझैं भएको थियो। गङ्गाको यस्तो विशालता थियो। जब गङ्गा पृथिवीमा झर्न थालिन्, तब भगवान् शिवलाई भगीरथले भने– तयार भई रहनुहोस्। शिवचाहिँ सामान्य भावले बसिरहनुभएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थियो। अनन्त-अनन्त विश्वब्रह्माण्डलाई धारण गर्ने अद्वितीय परमात्मालाई जाबो यौटा ब्रह्माण्डको आकाशगङ्गाको वेग कत्रो ठूलो कुरा थियो र? आकाशभरि व्याप्त भएकी गङ्गाजीले सोचिन्– शिवले मलाई सामान्य ठान्नुभएको छ, म उहाँलाई आफ्नो प्रबल वेग देखाउँछु। त्यसबेला गङ्गाको मनमा आफ्नो प्रबल वेगद्वारा शिवलाई पनि हायलकायल पार्दछु भन्ने अलि-अलि अहङ्कारको भाव पलाएको थियो। उता प्रबल वेगसँग गङ्गा खसिन्, यता सामान्य भावले बसिरहनुभएका शिवलाई आफ्नो शिरमाथि कुनै पानीको थोपा खसेर शीतल भएसमान लाग्यो। त्यो शीतल पानी शिरमै अडियोस् भनेर उहाँले जटा कस्नुभयो। पुष्पदन्त भन्दछन्– शिवको जटामा अवरुद्ध हुँदा त्यत्रो गङ्गाप्रवाह त **पृषतलघुदृष्टः- पृषतात् अपि लघुः इव दृष्टः** अर्थात् एउटा जलबिन्दुभन्दा पनि सानोझैँ देखियो। गङ्गाजी जब शिवजटाभित्रै हराइन्, तब उनको म साह्रै व्यापक छु र आफ्नो वेगले शिवलाई पनि हायलकायल पार्दछु भन्ने अभिमान चूर्ण-चूर्ण भयो। उनलाई त्यहाँबाट बाहिर निस्कने मार्गसमेत मिलेन। शिव भने आफ्नै निर्द्वन्द्व-निर्विकार स्थितिमा मस्त हुनुहुन्थ्यो। भगीरथले धेरै समय कुर्दा पनि जब शिवजटाबाट गङ्गाप्रवाह खसेको देखेनन्, तब उनले शिवको स्तुति गरे र शिवले जटालाई अलि खुकुलो बनाई गङ्गाप्रवाह निस्कने मार्ग बनाइदिनुभयो र त्यसबाट भगीरथको प्रयोजन सिद्ध भयो।

आधिभौतिक रूपमा भएको गङ्गावतरणले आध्यात्मिक रहस्यतर्फ पनि सङ्केत गरेको छ। सगर भनेको जीवभाव या मन हो। यो गर अर्थात् विषयसंस्काररूपी विषले सहित छ, त्यसैले सगर हो। यस मनका साठी हजार अर्थात् अनन्त वृत्तिहरू छन्। जीवका यी वृत्तिहरू संसारका अनेकौँ विषयतर्फ सदा तानिइरहन्छन्, तर जब उसले सत्कर्महरू गर्न थाल्दछ, तब पुण्यसंस्कारका कारण यिनीहरू एकाग्र भई एकैदिशामा अघि बढ्दछन्, सगरका ६० हजार छोरा घोडा खोज्न अघि बढ्नु भनेको यही हो। मनोवृत्तिले शास्त्रसंस्कारको यौटै दिशालाई पकड्नु र त्यसमा स्थिरभावले अघि बढ्नुलाई व्यवसायात्मिका बुद्धि भनिन्छ। यो अध्यात्मयात्राको पहिलो स्तर हो। साठीहजार छोराहरूले घोडा खोज्दै कपिलको आश्रममा पुग्दा त्यहीँ जल्नु भनेको विवेकज्ञानद्वारा मनोवृत्ति शुद्ध हुनु हो। प्रकृति या पुरुषको विवेक या नित्य र अनित्यको विवेक भएपछि मनका वृत्तिहरू अनित्य संसारतर्फ लाग्दैनन् र ती वृत्तिहरूलाई बाहिरी विषयमा डोऱ्याउने भोगवासना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि जल्दछन् । सिपीलाई चाँदी ठानी त्यसलाई टिप्न दौडिएको व्यक्तिले नजिक गई यो त सिपी रहेछ भनी जान्दा उसको इच्छा त्यहीँ नष्ट भएजस्तै संसारसुखमा तानिएका जीवका मनोवृत्तिहरू पनि संसार अनित्य रहेछ र आत्मामात्र नित्य रहेछ भन्ने जानेको क्षणमा त्यहीँ लुप्त हुन्छन् या जल्दछन् । यही नै विवेकज्ञानरूपी कपिलको नेत्राग्निबाट ६० हजार पुत्र जल्नु हो, तर यो विवेकज्ञानले मोक्ष दिन सक्दैन, किनभने मोक्षका लागि त जीव र ब्रह्मको ऐक्यज्ञान हुनुपर्दछ । त्यसैले विवेकद्वारा जलिसकेका भए पनि अन्तःकरणवृत्तिरूपी सगरका पुत्रहरूको मुक्तिका लागि अपरोक्षज्ञानरूप गङ्गाको अवतरण आवश्यक पर्दछ ।

गङ्गाजललाई सबैभन्दा बढी पवित्र मानिन्छ । त्यसैगरी श्रीमद्भगवद्गीतामा भगवान् श्रीकृष्ण भन्नुहुन्छ— **न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते** (श्रीभ.गी. ४/३८) अर्थात् यस संसारमा ज्ञानभन्दा पवित्र अर्को वस्तु छैन । यो गङ्गाजल ब्रह्माण्डभन्दा बाहिर यस कारणले रहेको छ– ज्ञान नामरूपात्मक प्रपञ्चभन्दा भिन्न छ । भगीरथ अर्थात् धैर्य र दृढनिश्चयपूर्वकको साधनाले जब गङ्गाको धारा बग्दछ अर्थात् अखण्डाकारवृत्तिरूप ज्ञानधारा चल्दछ, तबमात्र प्राणीहरूको मुक्ति सम्भव छ ।

ज्ञान प्राणीहरूका लागि यति बढी महत्त्वको वस्तु छ तर अद्वितीय परमात्मा, जो वृत्तिरूप ज्ञान उत्पन्न हुनुभन्दा अघि अनि ज्ञान उत्पन्न भएपछि पनि एकरस, समान र निर्द्वन्द्व हुनुहुन्छ, उहाँमा त्यो एक बिन्दुसमान हुन जान्छ । जीवले अनेक साधनाद्वारा एकपटक ब्रह्माकार वृत्ति बनाउँछ र तत्काल नै उसको काम पूरा हुन्छ । ब्रह्ममा बारम्बार वृत्ति बनाउने होइन । अझ ब्रह्माकार वृत्तिले अज्ञानलाई नष्ट गर्नेबित्तिकै स्वयं वृत्ति पनि अज्ञानको कार्य भएकाले तत्क्षण नष्ट हुन्छ र अधिष्ठान चैतन्यमा विलीन हुन्छ । अखण्डाकार ज्ञानधाराले परमात्मालाई छुन्छ कि छुँदैन पनि पत्तो हुन्न । त्यसैले शिवलाई गङ्गाप्रवाह आएको पनि ख्याल भएन । यही ज्ञानधाराले जब जीवको मन, मनका वृत्तिहरूमा स्पर्श गर्छ, तब खरानी पानीमा बगेर त्यहीँ मिलेझैँ मनोवृत्तिहरू पनि त्यही ब्रह्माकार वृत्तिमै एक भई मिल्दछन् र जीव पूर्णतः मुक्त हुन्छ ।

यस श्लोकलाई विष्णुपरक अर्थ गर्दा यहाँ वामनावतारको क्रममा उहाँको अङ्गुष्ठप्रहारबाट ब्रह्माण्डमा छिद्र पर्दा बाहिर रहेको आकाशगङ्गाको जल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्मलोकमा खसेको प्रसङ्ग बताइएको छ। अनेक तारागण नै फिंजसमान शोभित भएको ब्रह्माण्डभन्दा बाहिरको जुन **वियद्व्यापी** अर्थात् आकाशव्यापी जलधारा हो, त्यसलाई **शिरसि** अर्थात् सम्पूर्ण लोकहरूको शिरःस्थानीय ब्रह्मलोकमा झर्दा **ते** अर्थात् हजुरले **पृषतलघुदृष्टः** अर्थात् बिन्दुभन्दा पनि सानो देख्नुभयो। सम्पूर्ण पृथिवीलाई समुद्र बनी घेर्ने त्यही जललाई बिन्दुभन्दा पनि सानो ठान्ने हजुरको त्रिविक्रमरूप कति विशाल थियो होला? भन्ने अर्थ गर्नुपर्दछ।

रथः क्षोणी यन्ता शतधृतिरगेन्द्रो धनुरथो
रथाङ्गे चन्द्रार्कौ रथचरणपाणिः शर इति।
दिधक्षोस्ते कोऽयं त्रिपुरतृणमाडम्बरविधि-
र्विधेयैः क्रीडन्त्यो न खलु परतन्त्राः प्रभुधियः॥१८॥

पदार्थ-

क्षोणी = पृथिवी नै, **रथः** = रथ, **शतधृतिः** = ब्रह्माजी नै, **यन्ता** = सारथि, **अगेन्द्रः** = सुमेरु पर्वत नै, **धनुः** = धनु, **चन्द्रार्कौ** = चन्द्र र सूर्य नै, **रथाङ्गे** = रथका दुई पाङ्ग्रा, **अथ** = यसैगरी, **रथचरणपाणिः** = चक्रपाणि विष्णु, **शरः** = बाण, **इति** = यसप्रकार, **त्रिपुरतृणं** = त्रिपुरासुररूपी त्यान्द्रोलाई, **दिधक्षोः** = डढाउन खोज्ने, **ते** = हजुरका लागि, **अयं** =यो, **आडम्बरविधिः** = देखावटी चाल, **कः** = किन आवश्यक थियो र? **खलु** = निश्चय नै, **विधेयैः** = अनेक सामग्रीहरूद्वारा, **क्रीडन्त्यः** = लीलाविहार गर्ने, **प्रभुधियः** = परमात्माको स्वतन्त्र इच्छाशक्ति, **न परतन्त्राः** = परतन्त्र हुन सक्दैन।

भावार्थ-

हजुरका लागि त्रिपुरासुर एउटा त्यान्द्रोसमान थियो, तर पनि यसलाई दग्ध गर्न हजुरले पृथिवीलाई नै रथ बनाउनुभयो, ब्रह्माजीलाई सारथि, सुमेरु पर्वतलाई धनुष, चन्द्र र सूर्यलाई रथका पाङ्ग्रा, चक्रधारी भगवान् विष्णुलाई बाणको रूपमा सुसज्जित गर्नुभयो। यो देखावटी चाल किन आवश्यक थियो र? तर हजुर आफ्नै इच्छाका अधीन अनेक वस्तुहरूद्वारा लीलाविहार गर्न खोज्नुहुन्छ र हजुरको इच्छाशक्ति पूर्णतः स्वतन्त्र छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विवरण-

यस श्लोकमा त्रिपुरासुरको संहार भएको प्रसङ्ग बताइएको छ । पुराणप्रोक्त कथाअनुसार त्रिपुरासुरले कठिन तपस्या गरी सबैथरी अस्त्र-शस्त्रहरूद्वारा अभेद्य तीनवटा पुरहरू प्राप्त गरेको थियो । तीमध्ये एउटा सुनको, अर्को चाँदीको र तेस्रोचाहिँ फलामको थियो । ती तीनै पुर स्वतन्त्र रूपमा आकाशमा विचरण गर्दथे र लामो समयको अन्तरालमा केही क्षणका लागि आपसमा जोडिन्थे । त्रिपुरासुरलाई प्राप्त वरदानअनुसार तीनै पुर एकसाथ जोडिएको बेला जसले एउटै बाणले यी पुरहरूलाई विद्ध गर्न र नष्ट गर्न सक्दछ, त्यसैबाट उसको मृत्यु हुन्थ्यो । यस्तो अनौठो वरप्रभावबाट त्रिपुरासुर त्रिलोकविजयी भयो र देवताहरूलाई सताउन थाल्यो । आफूहरूबाट केही उपाय नलागेपछि ती सबै अन्तमा उनै देवाधिदेव परमेश्वर शिवकहाँ शरण माग्न पुगे । शिवलाई देवता-दानवबीचको परस्पर वैरभावमा केही लिनु-दिनु थिएन, तर देवताहरू स्वर्गमा, दैत्यहरू पातलमा र मानिसहरू भूमिमा रहने व्यवस्था बिग्रन लाग्यो भन्ने जगत्स्रष्टा ब्रह्माजीको प्रार्थनामा उहाँले त्रिपुरासुरलाई नष्ट गर्ने आश्वासन दिनुभयो । यद्यपि त्रिपुरासुरलाई उहाँले आफ्नो सङ्कल्पमात्रले नष्ट गर्न सक्नुहुन्थ्यो, तर शिवलाई लीला गर्ने इच्छा भयो । उहाँले सबै देवताहरूलाई पनि सहयोगी भूमिका दिई त्रिपुरासुरविनाशको जस सबैमा जाओस् भन्ने सोच्नुभयो । जसअनुसार पृथिवी नै भगवान्का लागि रथ बन्ने भइन्, **शतधृतिः** अर्थात् ब्रह्माजी सारथि बन्नुभयो, **अगेन्द्र** अर्थात् सुमेरु पर्वत नै धनु बन्ने भयो, सूर्य र चन्द्र नै रथका दुई पाङ्ग्रा बन्ने भए, भगवान् विष्णु नै बाण बन्ने हुनुभयो । यसरी सबै देवशक्तिहरूलाई उचित स्थान दिई शिवले त्रिपुरसंहारको राम्रै तयारी गर्नुभयो । पुष्पदन्त भन्दछन्– वास्तवमा यो सबै तयारी भगवान्को क्रीडामात्र थियो । शिव नित्य क्रीडामय हुनुहुन्छ । उहाँ सधैँ नृत्यमय रहने हुनाले उहाँको नाम नै **नटराज** अर्थात् नाच्नेहरूका राजा भन्ने प्रसिद्धि छ । जसरी एउटा नटले अनेक वेष फेरी अनेक भूमिकामा अनेक रूपले आफूलाई प्रस्तुत गर्दछ, त्यसैगरी शिवले पनि अद्वितीय आफूलाई मायाद्वारा अनेक रूपमा कल्पित गरी यो जगत्रूपी नाटकलाई सञ्चालन गर्नुहुन्छ । यो जगत् अनादिकालदेखिको शिवको क्रीडा या अभिनय नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हो, जसलाई आफ्नै चैतन्यरूप पर्दामा प्रक्षिप्त गरी जीवको रूपमा दर्शकसमेत बनेर शिवले स्वयं चलाइरहनुभएको छ। वास्तवमा यो क्रीडाका सूत्रधार पनि उहाँ, पात्र पनि उहाँ, दर्शक पनि उहाँ र रङ्गभूमि या आधार पनि उहाँ नै हुनुहुन्छ। त्यसैले भनिन्छ—

कल्पयत्यात्मनात्मानमात्मा देवः स्वमायया।
स एव बुद्ध्यते भेदानिति वेदान्तनिश्चयः ॥ (मा.का.२/१२) अर्थात् परमदेवले आफैँमा आफैँलाई मायाद्वारा अनेक भेदमा कल्पित गर्नुहुन्छ र आफैँले यो भेदलीलालाई अनुभव पनि गर्नुहुन्छ। यही वेदान्तसिद्धान्त हो। वेदान्तशास्त्रमा जगत्‌लाई बन्धन, दुःख या पापमय रूपमा भन्दा पनि शिवको उल्लासको अभिव्यक्तिका रूपमा लिइन्छ। यहाँ दुःख त हाम्रो अज्ञान या भ्रमको कारणले भइरहेको छ। त्यसैले अज्ञानीहरू नामरूपको घुम्टोले ढाकिएका शिवलाई जगत्‌को रूपमा देखिरहन्, तर ज्ञानीहरूचाहिँ जगत्‌को रूपमा भइरहेको शिवको क्रीडा या नृत्यलाई सहजै चिन्दछन्।

सामान्य दृष्टिले हेर्ने हो भने पनि के जगत् यौटा तालबद्ध नृत्यसमान छैन र ? समुद्रबाट सूर्यले सोसेको बाफ पानी बनी बर्सिएर अनेक नदीहरूको माध्यमले फेरि समुद्रमा नै पुगिरहेको छ। ऋतुचक्रको परिवर्तनसँगै वृक्ष-वनस्पतिहरूमा पात झर्ने, पालुवा लाग्ने, फलफूल लाग्ने आदि अनेक भावभङ्गी देखिन्छन्। वर्षाको समयमा कहाँ-कहाँबाट आकाशै ढाक्ने काला बादलहरू जम्मा हुन्छन् र पृथिवीलाई जलवर्षाले हरा-भरा बनाउँदै शरद्‌ऋतुसम्म सेता भई आकाशमै बिलाउँछन्। हरेक पटक रात्रिकाललाई आफ्नो शीतल प्रकाशले उज्ज्यालो बनाउने चन्द्रमा अस्ताउन के भ्याएको हुन्छ, पूर्व दिशामा अरुण उदाएर आफ्नो लालिमा छर्न भ्याइहाल्छ। यसरी सधैँ एकनासको भएर पनि क्षण-क्षणमा नयाँजस्तो लाग्ने यो जगत्‌व्यवहार के कुनै सुयोग्य निर्देशकले निर्देशित गरेको व्यवस्थित र सर्वाङ्गपूर्ण अभिनयजस्तो लाग्दैन र ? आफू अद्वितीय भएर पनि एकबाट अनेक हुने सङ्कल्प गरी अनन्त द्वैतप्रपञ्चको क्रीडा गर्ने शिव नै हुनुहुन्छ। त्यसैले त्रिपुरसंहारमा पनि उहाँले आफ्नो स्वभावका कारण त्यस्तै खेल गर्नुभयो।

शिवले त्रिपुरासुरलाई संहार गर्नु केवल पुरानो इतिहास मात्रै नभई आध्यात्मिक रहस्य पनि हो। वास्तवमा मुमुक्षुहरूका लागि शिवले त्रिपुरासुरलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नष्ट गर्नु भनेको स्थूल, सूक्ष्म र कारण शरीर या जाग्रत्, स्वप्न र सुषुप्ति यी तीनै उपाधिहरूलाई नष्ट गरिदिनु हो । जाग्रत् अवस्थामा व्यक्तिको स्थूल शरीर मुख्य हुन्छ । स्वप्नावस्थामा सूक्ष्म शरीर या मन प्रमुख हुन्छ । सुषुप्ति अवस्थामा कारण या अज्ञान नै सर्वेसर्वा हुन्छ । यसरी विभिन्न अवस्थामा विभिन्न उपाधिलाई लिई जीव यिनमा क्रीडा गरिरहन्छ । त्यसैले उपनिषद्मा भनिन्छ— **पुरत्रये क्रीडति यस्तु जीवः** । यी सबै उपाधिहरूले तुरीय आत्माको स्वरूपलाई ढाकेका छन्, अतः यिनको विनाश गर्नु आवश्यक छ । भक्तहरू भन्दछन्– वास्तवमा त्रिपुरासुर त शिवको दृष्टिद्वारा नै नष्ट भएको थियो । रथ, सारथि आदि सामग्रीहरू त केवल देखाउनका लागि थिए । त्यसैगरी स्थूल, सूक्ष्म र कारण यी उपाधिहरूको नाश शिवको दर्शन या अपरोक्ष साक्षात्कारद्वारा हुन्छ । रथ आदि साधनको तयारीचाहिँ साधकले साधनावस्थामा गर्ने तयारी हुन् । उपनिषद्अनुसार पृथिवीरूपी रथ भनेको शरीर हो, किनभने शरीरमा रहेर नै साधना हुन सक्छ— **शरीरं रथमेव तु** (क.उ. १/३/३) । ब्रह्मा समष्टि बुद्धिका अभिमानी देवता हुन् । त्यसैले यहाँ **शतधृतिः** अर्थात् ब्रह्मा भनेर व्यक्तिको सद्बुद्धि– जो धैर्य, श्रद्धा आदि गुणले सम्पन्न छ, त्यसलाई लिनुपर्दछ । त्यसैले उपनिषद्मा भनिन्छ— **बुद्धिं तु सारथिं विद्धि** (क.उ. १/३/३) । उपाधिविनाशको साधनामा सुमेरु पर्वतरूप धनुष भनेको प्रणव नै हो, अनि विष्णुरूप बाण भनेको स्वयं जीव हो । त्यसैले भनिन्छ— **प्रणवो धनुः शरो ह्यात्मा** (मु.उ. २/२/४) । प्रणवार्थको विचारपूर्वक जब जीव तुरीय ब्रह्ममा प्रविष्ट हुन्छ, तब त्यही जीवब्रह्मैक्यको ज्ञानद्वारा जीवभावका कारण सारा उपाधिहरूको समूल विनाश हुन्छ । कथाप्रसङ्गमा जब तीन पुरहरू समान रूपमा जोडिन्छन्, तब प्रहार गर्दामात्र तिनीहरू नष्ट हुन्छन् भनी बताइएको छ । यसको तात्पर्य तीनै अवस्था या तीनै शरीरहरूमा समान रूपमा मिथ्यात्वको निश्चय हुनुपर्दछ भन्ने हो । जाग्रत् आदि अवस्था परस्परमा व्यभिचरित छन्, त्यसैले ती क्षणिक या मिथ्या हुन् भनी बुझ्नु नै तीन पुरहरूलाई जोड्नु हो । यही बेलामा शिवतत्त्वको अपरोक्षसाक्षात्कारले यिनलाई भस्म गरिदिन्छ ।

वास्तवमा पृथिवी आदिलाई रथ बनाई गरिएको तयारीबाट त्रिपुरासुर नष्ट भएको होइन । शिवको तीक्ष्ण-दृष्टिबाट नै ऊ भस्म भएको थियो । ठीक यसैगरी कर्म, उपासना, शम, दमआदि साधनको बलले जीवको उपाधि नष्ट हुने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

होइन। यसको अन्तिम उपाय त प्रत्यगात्मा शिवले प्रसन्न भई आफ्नो स्वरूपलाई अनावृत गरी दर्शन दिनु हो। अझ भन्ने हो भने शिव नित्य अनावृत हुनुहुन्छ। सम्पूर्ण बुद्धिवृत्तिको प्रकाशक प्रत्यक्चेतनको रूपमा उहाँ नित्य अपरोक्ष हुनुहुन्छ, तर उहाँको नित्य अनावृत रूपलाई जान्नका लागिमात्र साधकले साधना गर्ने हो। यसरी हेर्दा अज्ञान या उपाधिको नाशमा साधकको भूमिका भनेको सहयोगीको मात्र हो। त्रिपुररूपी उपाधिको विनाश आफैँले गर्ने भए पनि कौतुकी शिव यो चाहनुहुन्छ कि– मुक्तियात्रामा साधकको पनि केही भूमिका होस्, यही नै उहाँको खेल हो।

यस श्लोकलाई विष्णुपरक अर्थ गर्दा यहाँ रावणको विनाश गर्नका लागि भगवान् अनेक साधन स्वीकार गरी खेल गर्नुभएको कुरा बताइएको छ। रावण संहारका लागि इन्द्रद्वारा पठाइएको रथ **क्षोणी** अर्थात् पृथिवीसमान थियो, अनि ब्रह्मा सारथि, सुमेरु पर्वत धनुष र सूर्यचन्द्र नै रथका पाङ्ग्रा थिए। **शरः** अर्थात् उहाँले प्रयोग गरेको वैष्णवास्त्र **स्वयं रथचरणपाणिः** अर्थात् विष्णुरूप छँदैथियो। **त्रिपुरतृणं** अर्थात् त्रिकूट शिखरमा आश्रित तुच्छ लङ्का नगरीलाई दग्ध गर्नका लागि हजुरलाई यी सबै आडम्बर किन गर्नुपर्दथ्यो र ? भन्ने अर्थ गर्नुपर्दछ।

हरिस्ते साहस्रं कमलबलिमाधाय पदयोः
यदेकोने तस्मिन् निजमुदहरन्नेत्रकमलम्।
गतो भक्त्युद्रेकः परिणतिमसौ चक्रवपुषा
त्रयाणां रक्षायै त्रिपुरहर जागर्ति जगताम्॥१९॥

पदार्थ-

त्रिपुरहर = हे त्रिपुरारि !, **हरिः** = विष्णु भगवान्ले, **ते** = हजुरका, **चरणयोः** = चरणमा, **साहस्रं** = एकहजार, **कमलबलिं** = कमलपुष्पको उपहार, **आधाय** = अर्पण गरेर (त्यस क्रममा), **तस्मिन्** = त्यसमा, **एकोने** = एक पुष्प कम हुँदा, **यत्** = जुन, **निजं** = आफ्नै, **नेत्रकमलम्** = नेत्ररूपी कमल, **उदहरत्** = अर्पण गर्नुभयो, **चक्रवपुषा** = सुदर्शन चक्रको रूपमा, **परिणतिं गतः** = परिणत भएको, **असौ** = त्यही, **भक्त्युद्रेकः** = भक्तिको बाढी नै, **त्रयाणां** = तीनै, **जगतां** = लोकको, **रक्षायै** = रक्षाका लागि, **जागर्ति** = जागिरहेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ-

हे शिव ! भगवान् विष्णुले हजुरको चरणमा नित्य एकहजार कमलपुष्पहरू अर्पण गर्नुहुन्थ्यो, यसक्रममा कुनै दिन एउटा कमलको फूल कम हुँदा उहाँले आफ्नो नेत्रकमल नै हजुरमा अर्पण गरिदिनुभयो । उहाँको त्यस्तो भक्तिको उद्रेक नै पुनः उहाँलाई सुदर्शन चक्रको रूपमा प्राप्त भयो र त्यसैले निरन्तर तीनै लोकको रक्षा गरिरहेको छ ॥

विवरण-

यहाँ भगवान् श्रीहरिले गर्नुभएको शिवभक्तिको महिमागान गरिएको छ । भगवान् विष्णु शिवका परम भक्तहरूमध्ये एक हुनुहुन्छ । यसैले शिवले योग्य सम्झी संसारव्यवहार चलाउने सबैथरी शक्ति र उत्तरदायित्वहरू उहाँलाई नै सुम्पनुभएको छ । सबैथरी शक्तिले सम्पन्न भएर पनि भगवान् विष्णुले आफ्नो आत्माको रूपमा शिव नै अवस्थित हुनुभएको र त्यही अद्वितीय शिवतत्त्वको सत्ता एवं चैतन्य पाएर नै आफूसमेतको सम्पूर्ण ब्रह्माण्ड गतिशील रहने गरेको बिर्सनुभएको छैन । त्यसैले विष्णुपुराणमा उहाँ भन्नुहुन्छ— **शिवो ममात्मा** । अन्तःकरण उपाधि भएको अज्ञानी जीव त शिवतत्त्वसाक्षात्कारद्वारा शिवात्मा बन्न सक्दछ भने अद्वितीय शिवतत्त्व नै त्रिगुणात्मिका मायाको सत्त्वगुणलाई लिई विष्णुरूपमा बनेकाले उहाँ शिवात्मा हुनुमा के सन्देह छ र ? भगवान् विष्णु अद्वितीय शिवकै अर्को रूप अनि अनन्य शिवभक्त भएकाले उहाँ शिवजत्तिकै पूज्य पनि हुनुहुन्छ । यही कुरा महाभारत भन्दछ—

स एष रुद्रभक्तश्च केशवो रुद्रसम्भवः ।
कृष्ण एव हि यष्टव्यो यज्ञैश्चैव सनातनः ॥ (महा.भा.द्रोण. २०१/९५) अर्थात् कृष्ण शिवबाट उत्पन्न र शिवका अनन्य भक्त भएकाले यज्ञहरूद्वारा यिनकै पूजा गर्नुपर्दछ ।

महाभारतमा हामी श्रीकृष्णको चरित्र हेर्दा पाउँछौँ कि उहाँको अनन्त ऐश्वर्य, पराक्रम आदिमा शिवभक्तिकै आन्तरिक रहस्य लुकेको छ । ऋषि उपमन्युबाट शिवमन्त्रको दीक्षा लिई कठिन तपस्याद्वारा उहाँले शिवलाई यसरी प्रसन्न गराउनुभएको छ कि एक-दुई वरमात्र नदिई शिव-पार्वतीले उहाँलाई चौबीसवटा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वरहरू वरमाथि वर गरी बर्सानुभएको छ । नारायणको तपस्याबाट प्रसन्न भई वर दिंदै गर्दा शिव यतिसमेत भन्न भ्याउनुहुन्छ—

अपि वै समरं गत्वा भविष्यसि ममाधिकः (महा.भा.द्रोण. २०१/८४) अर्थात् तिमी युद्धभूमिमा उत्रियौ भने मभन्दा पनि बढी अर्थात् मलाई पनि परास्त गर्नसक्ने हुनेछौ । गुरु या माता-पिताहरू आफ्नो बच्चो आफूभन्दा अघि बढेको हेर्न चाहन्छन् भन्ने लौकिक स्नेहको अभिव्यक्ति पनि यहाँ छ । अध्येताहरू भन्दछन्— महाभारत युद्धको सुरुआतमा जब भगवान् श्रीकृष्णले आफ्नो ईश्वरीय रूप प्रकट गर्नुभयो, त्यसबेलामा आफूलाई **कालोऽस्मि लोकक्षयकृत्** (श्रीमद्.गी.११/३२) अर्थात् म संसारक्षय गर्ने काल हुँ भनी प्रलयङ्कर हरको रूपमा नै परिचित गराउनुभएको छ । अनि यही तत्त्व बुझेका हुनाले जयद्रथवधको भीषण प्रतिज्ञा गरेको दिन अर्जुनले नित्य साँझमा शिवलाई अर्पण गरिने पूजोपचार श्रीकृष्णलाई नै अर्पण गरिदिएका छन् । अझ रमाइलो कुरा के हुन्छ भने त्यसै रात जब श्रीकृष्णले योगशक्तिद्वारा अर्जुनलाई उडाएर शिवकहाँ पुऱ्याउनुहुन्छ, तब अर्जुनले आफूले साँझमा कृष्णलाई अर्पण गरेको माला आदि पूजाद्रव्य शिवमा प्राप्त भएको देख्दछन् । साम्प्रदायिक आग्रहको अँध्यारो युगमा केही पुराणहरूमा शिव र विष्णुको एकात्मताका विरोधी प्रक्षिप्त अंश थपी हिलो छेप्ने प्रयास भए पनि शुद्धरूपमा उपलब्ध यस्ता अनेक शास्त्रहरूको अध्ययनबाट हामीले शिव र विष्णुको एकात्मक सम्बन्धलाई पहिल्याउन सक्छौं ।

पुष्पदन्तले उठाएको प्रसङ्गचाहिँ भगवान् विष्णुले शिवका हजार नाम जपी १००० कमल अर्पण गर्ने सन्दर्भको हो । शिवस्वरूप नै भएर पनि भगवान् विष्णुले शिवाराधना गर्नुभएको साधनाकालको यो कथा हो । यस बेलासम्म भगवान् विष्णु कालचक्रलाई धारण गर्ने विश्वनियामकको रूपमा हुनुहुन्थेन । उहाँले प्रतिदिन हजार कमलपुष्पले शिवाराधना गर्ने नियम राखेअनुसार दिनदिनै उपासना गर्नुहुन्थ्यो । विष्णुको आराधनाबाट अत्यन्त प्रसन्न भई आशुतोष शिव सर्वस्व दिने मनसायमा हुनुहुन्थ्यो । तर विष्णुको उच्चतम निष्ठा सबैको अघि प्रकट गरेर मात्र वर दिने विचार गर्नुभयो उहाँले । वास्तवमा कसैले कसैलाई कुनै श्रेष्ठ वस्तु प्रदान गर्दछ त अरुको मनमा यो धारणा हुन्छ कि त्यसका लागि त म पनि योग्य थिएँ । त्यसैले ममाथि पक्षपात गरी उसलाई मात्र श्रेष्ठ वस्तु प्रदान गरिएको हो । तर जब

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लिने व्यक्तिमा अरु सामान्य मानिसमा नभएको उच्च निष्ठा, बलिदान या त्याग प्रकट भइसकेको छ भने कसैले पनि शङ्का गर्ने ठाउँ नै रहँदैन। त्यसै कारणले जब भगवान्‌ले भक्तलाई केही दिन खोज्नुहुन्छ त पहिला उसको भक्तिको परीक्षा लिनुहुन्छ। यो परीक्षा यस कारणले होइन कि भगवान्‌लाई भक्तको निष्ठामा शङ्का छ, उहाँ त आफ्ना उपासकको हरेक बाहिरी–भित्री भावहरू जान्नुहुन्छ। तर सामान्य प्राणीहरूको अघि उपासकको दृढ निष्ठा प्रकट होस् भन्ने हेतुले नै भक्तिमा परीक्षा हुने गर्दछ।

पुष्पदन्त भन्दछन्— **तस्मिन् एकोने** अर्थात् हजार कमलपुष्पको समूहबाट एउटा फूल हराएपछि भगवान् विष्णु विचारमग्न हुनुभयो। एउटा कमल कम हुनु शिवको परीक्षा थियो। अब सहस्रनामद्वारा नामैपिच्छे कमलपुष्प चढाउने सङ्कल्प गरी बसिसकेकाले बीचमा उठी पूजा भङ्ग गर्न पनि भएन र पूजालाई अधूरै छोड्न पनि। त्यति नै बेला झटपट विष्णुले सोच्नुभयो- मलाई कमलनयन, पुण्डरीकाक्ष आदि नामले सम्बोधन गरिन्छ। त्यसैले कमलको ठाउँमा कमलसमान आफ्नो आँखा नै चढाइदिन्छु। उहाँले **निजं नेत्रकमलम्** अर्थात् आफ्नै नेत्रकमल झिकी हजारौँ कमलपुष्पको रूपमा अर्पण गर्नभयो। सामान्य प्राणीहरू कुनै सानो लौकिक व्यवधान आयो भने पनि आफ्नो नित्यकर्म, पूजा, आराधना आदि सबैलाई छाड्न तयार हुन्छन्। तर भगवान् विष्णुमा भक्तिको बाढी उर्लिएकाले उहाँले सजिलै त्यत्रो त्याग गर्नुभयो। जब हृदयमा प्रेमको बाढी आउँछ, तबमात्र यस्त बलिदानहरू हुन सक्छन्। प्रेमको उद्रेकले शून्य भएको व्यक्तिले चाहिँ थोरै त्याग गर्नुपर्ने भयो भने पनि त्यसलाई अनेक बहाना बनाई ढाकछोप गर्न खोज्छ। जब भगवान् विष्णुले नेत्रकमल नै अर्पण गरिदिनुभयो तब आशुतोष शिवले प्रसन्न भई विष्णुलाई सुदर्शन चक्र प्रदान गर्नुभयो र आजसम्म पनि त्यही चक्रद्वारा विष्णुले तीनै लोकको रक्षा गरिरहनुभएको छ।

सुदर्शनचक्र प्रदान गर्नुका अनेक रहस्यात्मक अर्थमध्ये एउटा कालचक्रको सम्पूर्ण नियन्त्रण प्रदान गर्नु भन्ने हुन्छ। विष्णुको हातमा रहने सुदर्शन चक्र कालचक्रजस्तै नित्य गतिशील छ। अनि कालचक्रले सबै पदार्थहरूलाई नष्ट गर्न सकेझैँ यसले पनि सम्पूर्ण पदार्थहरूलाई, अस्त्र-शस्त्रहरूलाई नष्ट गरिदिन सक्दछ। यही कालचक्रको नियन्त्रणद्वारा भगवान् विष्णु तीनै लोकको रक्षा गर्नुहुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आध्यात्मिक अर्थमा चाहिँ सुदर्शन भनेको ज्ञान हो। **सुष्ठु दृश्यते परमार्थतत्त्वं येन** अर्थात् जुन ज्ञानद्वारा परमार्थतत्त्व आत्मा राम्ररी देखिन्छ, त्यही सुदर्शन हो। यसको अर्थ शिवले नित्य शिवात्मताको साक्षात्कार गर्ने अखण्ड ज्ञान भगवान् विष्णुलाई प्रदान गर्नुभयो भन्ने हो। शिवले दिने सबैभन्दा ठूलो वर पनि त यही ज्ञान नै हो, किनभने अरु सारा सांसारिक पदार्थ या अनेक शक्ति सिद्धिरू सबै मायामय भएकाले विनाशी नै हुन्। फेरि नित्य शिवयोगीमा सम्पूर्ण सिद्धिहरू स्वतः नै आउँछन्। त्यसका लागि पृथक् प्रयास गरिरहनुपर्दैन। भगवान् विष्णुले आफ्नो दृष्टि चढाएकाले उहाँलाई शिवले निर्मल ज्ञानदृष्टि दिनुभएको कुरा पनि मिल्न आउँछ। यसबाट कुनै साधकको जीवनमा भगवान्ले परीक्षाका लागि अभावको परिस्थिति उत्पन्न गरिदिँदा पनि जसले आफ्नो दृष्टि परमात्मामा नै चढाउँछ, अर्थात् उहाँभन्दा अरुतर्फ मन लगाउँदैन, त्यही व्यक्तिलाई भगवत्कृपा प्राप्त हुन्छ भन्ने पनि बुझिन्छ।

यस श्लोकलाई विष्णुपरक अर्थ गर्दाचाहिँ यहाँ इन्द्रले भगवान् विष्णुको उपासना गरेका कारण तीनै लोकलाई पालन गर्ने सामर्थ्य प्राप्त गरेको बताइएको छ। यहाँ **त्रिपुरहर** सम्बोधनले सम्पूर्ण उपाधिहरूलाई नष्ट गरिदिने परमात्मा भन्ने अर्थ बुझ्नुपर्दछ। **हरिः** अर्थात् इन्द्रले हजुरको चरणमा **साहस्रम् नेत्रकमलम्** अर्थात् हजार आँखाहरूलाई **कमलबलिम् आधाय** अर्थात् कमलोपहारको रूपमा समर्पण गरे अर्थात् हजार नेत्रहरूद्वारा भगवच्चरणको दर्शन गरे। यस पक्षमा **यदेकोनेतस्मिन्** पदावलीलाई **यत् एकः अनेतस्मिन्** भनी पदच्छेद गर्नुपर्दछ। यसको तात्पर्य इन्द्र एक्लैले आफूलाई **अनेतस्मिन्** अर्थात् यस लोकभन्दा भिन्न स्वर्ग लोकमा **उदहरत्** अर्थात् माथि उठाए। उनको निरन्तर भगवद्दर्शनरूपी **भक्त्युद्रेकः** अर्थात् भक्तिको प्रभाव नै **चक्रवपुषा** अर्थात् ऐरावत, उच्चैःश्रवा आदि सैन्यचक्रको रूपमा परिणत भई तीनै लोकको रक्षा या शासनमा लागिरहेको छ। यस्तो अर्थ गर्नुपर्दछ।

क्रतौ सुप्ते जाग्रत् त्वमसि फलयोगे क्रतुमतां
क्व कर्म प्रध्वस्तं फलति पुरुषाराधनमृते ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अतस्त्वां सम्प्रेक्ष्य क्रतुषु फलदान-प्रतिभुवं
श्रुतौ श्रद्धां बद्ध्वा दृढपरिकरः कर्मसु जनः ॥२०॥

पदार्थ-

क्रतौ = यज्ञ, **सुप्ते** = समाप्त भएपछि, **क्रतुमतां** = यज्ञकर्ताहरूका लागि, **फलयोगे** = फलप्रदान गर्न, **त्वं** = हजुर, **जाग्रत् असि** = जागिरहनुहुन्छ, **पुरुषाराधनम् ऋते** = ईश्वरको प्रसन्नताविना, **प्रध्वस्तं** = नष्ट भएको, **कर्म** = कर्मले, **क्व फलति** = कसरी फल प्रदान गर्न सक्छ ? **अतः** = त्यसैले, **क्रतुषु** = यज्ञहरूमा, **फलदानप्रतिभुवं** = फलप्राप्तिको प्रत्याभूति गर्ने, **त्वां** = हजुरलाई, **संप्रेक्ष्य** = हेरेर नै, **जनः** = मानिस, **श्रुतौ** = वेदमा, **श्रद्धां** = श्रद्धा, **बद्ध्वा** = राखी, **कर्मसु** = कर्मानुष्ठानमा, **दृढपरिकरः** = प्रवृत्त हुने गर्दछ ॥

भावार्थ-

यज्ञ आदि कर्महरू निश्चित अवधिपछि अवश्य नै समाप्त हुन्छन् । त्यस्तो क्षणिक कर्मले व्यक्तिलाई कालान्तरमा प्राप्त हुने फल कसरी दिनसक्छ र ? अतः कर्म समाप्त भइसकेपछि पनि हजुरचाहिँ यज्ञकर्ताहरूलाई फल प्रदान गर्न निरन्तर जागा रहनुहुन्छ । कर्म गर्दा फलप्राप्तिको प्रत्याभूति गर्ने हजुरलाई हेरेर नै मानिसहरू वेदमा अटल आस्था राखी कर्मानुष्ठानमा निःशङ्क प्रवृत्त हुन्छन् ।

विवरण-

यस श्लोकमा प्राणीहरूले विभिन्न कर्महरू गरिसकेपछि परमात्मा ती कर्महरूको फल प्रदान गर्नका लागि निरन्तर जागरुक रहने कुरा बताइएको छ । यदि परमात्मा निरन्तर जागरुक रहनुभएन भने प्राणीहरूले गरेको कर्मको फल कसले प्रदान गर्ने ? भन्ने समस्या आउँछ । त्यसैले परमात्मा कहिल्यै सुत्नुहुन्न, **जाग्रत्** अर्थात् सधैँ जागा रहनुहुन्छ । यहाँ मीमांसकहरू भन्दछन्– कर्मफल प्रदान गर्नका लागि ईश्वर किन चाहियो र ? अपूर्वले नै कर्मफल दिइहाल्छ नि ? **अग्निहोत्रं जुहुयात् स्वर्गकामः** अर्थात् स्वर्ग जान चाहने व्यक्तिले अग्निहोत्र यज्ञ गरोस् भन्ने वेदको विधिवाक्यलाई सुनेपछि यजमान अग्निहोत्र यज्ञमा प्रवृत्त हुन्छ । यज्ञ त क्षणिक हुन्छ, पहिल्यै नष्ट भइसकेको यज्ञले कालान्तरमा हुने फललाई दिन सक्दैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसैले यज्ञद्वारा उत्पन्न हुने अपूर्व नामक मध्यवर्ती कार्यको कल्पना गर्नुपर्दछ, त्यही अपूर्वले स्वर्गफल प्रदान गर्दछ। यज्ञ आदि धर्मद्वारा उत्पन्न हुने त्यही अपूर्वलाई जुहुयात् भन्ने पदले बुझाउँछ, अनि त्यसैलाई उत्पन्न गर्नका लागि यजमानले कर्म गर्दछ भन्ने मान्दछन्। यस पक्षलाई निराकरण गर्दै टीकाकार मधुसूदन सरस्वती लेख्नुहुन्छ— **न हि लोके कुत्रापि विनष्टस्य कर्मणोऽपूर्वद्वारा फलजनकत्वं दृष्टम्** अर्थात् लोकमा कहीँ पनि कर्मले अपूर्वद्वारा फल दिएको देखिन्न। भात खाएपछि तृप्तिरूप फल हुन या पढेपछि विद्वान् हुन खानु-पढ्नु आदि क्रियाभन्दा अर्को कार्यको आवश्यकता पर्दैन। लोकअनुसार नै वेदमा पनि व्यवस्था हुनुपर्दछ। अतः अपूर्वले फल दिन्छ भन्ने नमिल्दो कल्पनामात्र हो। बरु लोकमा सेवा आदिद्वारा कुनै चेतन पुरुषलाई खुसी बनाइयो भने उसले प्रसन्न भएर पछि फल दिएको देखिन्छ। यसैगरी शास्त्रीय आज्ञाअनुसार कर्म गर्ने व्यक्तिदेखि प्रसन्न भई परमात्माले त्यसको फल दिनुहुन्छ भन्ने सिद्धान्त नै ठीक देखिन्छ।

फेरि कर्मफलभोग भनेको निरपेक्ष रूपमा सम्भव हुने चीज नै होइन। त्यसका लागि योग्य देश, काल, निमित्त आदिको अपेक्षा गर्दछ। कसैले पूर्वकर्मअनुसार बाटोमा खसेको सुनको सिक्री भेट्नुछ भने लागि सिक्री लगाउने व्यक्ति त्यही समयमा त्यही ठाउँमा आइपुगेको हुनुपर्‍यो। उसले कारणवश त्यहाँ खसाएको हुनुपर्‍यो अनि सिक्री पाउने व्यक्ति पनि तत्कालै त्यहाँ पुगेको हुनुपर्‍यो। साँपले कसैलाई डसी कर्मको फल भोगाउनु छ भने पनि त्यही झाडीमा त्यही समय साँप र व्यक्ति दुवै हुनुपर्दछ। यसैगरी राम्रा-नराम्रा सबै कर्मफल भोग गर्न अनेक निमित्तहरूको अपेक्षा हुन्छ। यी सबै निमित्तहरूको यथोचित संयोजन के कुनै जड कर्म या त्यस्तै जड अपूर्वले गर्न सक्दछ र ? त्यसैले कर्मफलदाता कुनै यौटा चेतन चाहिन्छ, त्यो पनि सर्वज्ञ एवं सर्वसमर्थ ईश्वर नै हुनुपर्दछ। मानिसले एकै दिनमा कयौँ जन्म लगाएर भोग्न पर्ने पाप गर्न सक्छ, अनि कयौँ जन्मसम्म भोग्न सकिने पुण्य पनि। कसैले वनमा डढेँलो लगाई हजारौँ जीवजन्तुहरूलाई अकारण मारेर गरेको पाप होस् या भोक-प्यासले प्राण जान लागेको सत्पुरुषलाई श्रद्धापूर्वक भोजनले तृप्त पारी गरेको पुण्यकर्म होस् ! कसले कहाँ कति पुण्यकर्म गर्‍यो र त्यसको फल कहिले, कहाँ, कसरी दिने भन्ने कुरा सर्वज्ञ ईश्वरलाई मात्र थाहा हुन्छ। यौटा व्यक्तिले मात्र होइन, संसारका अनेकौँ प्राणीहरूले क्षण-क्षणमा गरेको कर्मको लेखा-जोखा राख्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्वज्ञबाहेक अरु कसले सक्ला र ? त्यसैले कर्म या अपूर्व आदिले नभई ईश्वरले नै प्राणीहरूलाई कर्मानुसार फल दिने निश्चित हुन्छ ।

यहाँ ईश्वरलाई फलदानको **प्रतिभू** भनिएको छ । अर्थात् कसैले शास्त्रोक्त कर्म गऱ्यो भने त्यसको फल दिने प्रत्याभूति परमात्माले गर्नुभएको छ । जसरी एउटा राष्ट्रले एउटा कागजको टुक्रोमा यो लिएर आउने व्यक्तिलाई दश रुपैँया दिइनेछ भनी प्रत्याभूति अर्थात् जमानत गरेको हुन्छ । त्यही प्रत्याभूतिमा विश्वास गरी त्यस कागजको टुक्रोलाई दश रुपैँया भनी व्यवहार गरिन्छ । मानिसको विश्वास त्यो कच्चा कागजको टुक्रोमा होइन, राष्ट्रको प्रत्याभूतिमा छ । ठीक त्यसैगरी अनुष्ठान गर्नेबित्तिकै समाप्त भइहाल्ने क्षणिक कर्म त साधनमात्र हो, कसैलाई पनि त्यसले फल देला भन्ने विश्वास हुनै सक्दैन । तै पनि मानिसहरू किन कर्म गरिरहेका हुन्छन् त ? भन्दा कर्म गर्दा फल दिने प्रत्याभूति ईश्वरले गर्नुभएको छ । फेरि ईश्वरको व्यवस्था राज्यको व्यवस्थाभन्दा अनन्तगुणा विवेकपूर्ण र करुणामय पनि छ । कुनै व्यक्तिले जीवनभर असल काम मात्रै गरेको छ, तर एक दिन उसबाट कुनै त्रुटि भयो भने राज्यले उसलाई कारागारमा लगी थुनिदिन्छ । त्यहाँ धेरै समय राम्रो गरेको कुराको नभई कति समय नराम्रो गऱ्यो ? भन्ने मात्र विचार हुन्छ । ईश्वरको व्यवस्थामा चाहिँ कसैले जीवनभरि पाप गऱ्यो र अन्तिम समयमा पश्चात्ताप गरी भगवत्स्मरण गऱ्यो भने पनि त्यसलाई करुणाकै आँखाले हेरिन्छ । अतः त्यस्तो सामान्य राज्यले गरेको प्रत्याभूतिमा त मानिसलाई विश्वास हुन्छ भने ईश्वरको प्रत्याभूतिमा कसलाई विश्वास हुँदैन र ? ईश्वरले कर्मफल दिन्छु भन्ने प्रत्याभूति कहिले गर्नुभएको छ भन्दा पुष्पदन्त भन्दछन्— **श्रुतौ** अर्थात् आफ्नो वेदरूप वाणीमा भगवान्‌ले यो कुरा व्यक्त गर्नुभएको छ । वेद आदि शास्त्रहरू परमात्माका आज्ञावचन हुन्, तिनैमा यो कर्म गरे यो फल पाइन्छ भनी प्रत्याभूति गरिएको छ । अतः ती-ती फल चाहने मानिसहरू ती-ती कर्ममा तत्पर भई प्रवृत्त भएका छन् । यो अर्थ शिवपक्ष र विष्णुपक्ष दुवैमा समान छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रियादक्षो दक्षः क्रतुपतिरधीशस्तनुभृतां
ऋषीणामार्त्विज्यं शरणद सदस्याः सुर-गणाः ।
क्रतुभ्रंशस्त्वत्तः क्रतुफल-विधान-व्यसनिनो
ध्रुवं कर्तुः श्रद्धा-विधुरमभिचाराय हि मखाः ॥२१॥

पदार्थ-

शरणद = भक्तहरूलाई शरण दिने हे भगवन् !, **क्रियादक्षः** = कर्म गर्न अत्यन्त कुशल, **तनुभृतां** = प्रजाहरूका, **अधीशः** = अधिपति, **दक्षः** = दक्ष नै, **क्रतुपतिः** = यज्ञकर्ता, **ऋषीणां** = ऋषिहरूको, **आर्त्विज्यं** = ऋत्विक्‌को रूपमा उपस्थिति, **सुरगणाः** = देवगणहरू नै, **सदस्याः** = सदस्यहरू (हुँदाहुँदै पनि), **क्रतुफलविधानव्यसनिनः** = यज्ञको फल प्रदान गर्ने स्वभाव भएका, **त्वत्तः** =हजुरबाटै, **क्रतुभ्रंशः** =यज्ञविनाश भयो, **ध्रुवं**=निश्चय नै, **श्रद्धाविधुरं**= श्रद्धारहित, **मखाः** = यज्ञहरू, **कर्तुः** = यजमानकै, **अभिचाराय** = विनाशका लागि हुन्छन् ।

भावार्थ--

हे भगवन् ! दक्षयज्ञमा कर्म गर्न अत्यन्त निपुण प्रजापति दक्ष स्वयं यजमान थिए। भृगु आदि ऋषिहरू ऋत्विक्‌को रूपमा थिए भने स्वयं देवताहरू यज्ञका सदस्य थिए। यो सब हुँदाहुँदै पनि यज्ञफलदाता स्वयं हजुरबाट नै त्यस यज्ञको विध्वंस भयो । निश्चय नै श्रद्धाविना दुर्भावले प्रेरित भई गरिएको यज्ञ यजमानकै विनाशको कारण हुन्छ ।

विवरण-

यसभन्दा अघिल्लो श्लोकमा वेद–वेदाङ्गमा पूर्ण श्रद्धा राखी जसले यज्ञ गर्दछ, त्यस्तो व्यक्तिलाई ईश्वरले कर्मफल प्रदान गर्नुहुन्छ भनी बताइएको थियो । वेदका अङ्ग कल्पसूत्र आदिमा यज्ञहरूको जस्तो विधान बताइएको छ, त्यसलाई त्यही रूपमा मान्नु नै वेदमा पूर्ण श्रद्धा राख्नु हो। जसले पूर्ण विधिअनुसार यज्ञ नगरी आफ्नो मनपरी रूपमा यज्ञादि कर्महरू गर्दछ भने त्यसलाई ईश्वरले नै दण्ड दिनुहुन्छ भन्ने कुरा यस श्लोकमा दक्षचरित्रको माध्यमबाट बताइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुराणप्रोक्त कथाअनुसार एक पटक प्रजापति दक्ष सभामा आउँदा सबै देवता, ऋषि आदिले उठी उनको स्वागत गरे । तर शिवचाहिँ ध्यानस्थ हुनुभएकाले आफ्ना ससुरा दक्ष आएको थाहा पाउनुभएन र स्वागतका लागि उठ्नुभएन। दक्षमा लौकिक सम्बन्धको दृष्टि प्रधान थियो, उनी प्रजापति भएकाले रजोगुणी त छँदै थिए। त्यसैले देवाधिदेव शिवलाई आफ्ना अन्य ज्वाँइसमान सामान्य देवता सोची आफ्नो अनादर भएकोमा क्रुद्ध भए। सम्पूर्ण संसारभित्र अन्तर्यामी आत्मस्वरूपले पसी त्यसलाई अस्तित्ववान् बनाउने शिवले आफ्नो मायामय सृष्टिको सामान्य कारिन्दा दक्ष, जसलाई सन्ततिपरम्परा र कर्मविधिको विस्तारका लागि नियुक्त गरिएको थियो, उसलाई उठेर स्वागत गर्नुपर्ने थियो र ? तर रजोगुणी दक्षले अहिले अहङ्कारवश शिवको स्वरूपलाई भुलेका थिए। उनले भरिएको सभामा शिवको अपमान गर्दै भने– यो क्रियाविधिलाई नजान्ने, सधैँ अपवित्र रहने र मनमानी आचरण गर्ने शिवलाई मैले नचाहँदा नचाहँदै पनि पिता ब्रह्माजीको आज्ञाले आफ्नी जेठी छोरी सती दिएँ। तर मेरो अनादर गर्ने यसलाई अब म कुनै यज्ञमा भाग दिन्नँ आदि आदि । वास्तवमा कुनै व्यक्तिले आकाशको अनादर गर्छु भनी माथि मुन्टो फर्काएर थुक्यो भने के आकाशको अपमान हुन्छ र ? अपि तु त्यो थुक सबै त्यही व्यक्तिमाथि परी उसैको अपमान हुन्छ । दक्षले पनि भन्नु-नभन्नु भनी शिवको अपमान गरेँ भन्ने सोचे, तर विश्वात्मा शिवको अपमान गर्न खोज्दा स्वयं उनकै अपमान हुन गएको दक्षलाई थाहा भएन। यता आत्माराम शिव भने निर्द्वन्द्व निर्विकार भावमा पूर्ववत् समाधिस्थ हुनुहुन्थ्यो। सर्वज्ञ उहाँबाट दक्षको दुर्भाव लुकेको थिएन, मुसुमुसु हाँसी त्यहाँबाट उहाँ निस्कनुभयो । रिसाएको व्यक्तिलाई आफूले जसको अपमान गरिरहेको छ, त्यसले कुनै प्रतिक्रिया देखाएन भने झन् रिस उठ्छ। शिवको उपेक्षाबाट दक्ष झन् क्रुद्ध भए र मुर्मुरिँदै घरतर्फ लागे । शिव गण्डकीको निर्मल धारासमान हुनुहुन्छ, एउटा मोड आयो-गयो । उहाँमा केही परिवर्तन भएन, तर दक्ष सानो पोखरीसमान थिए, जसले आफूमा फ्याँकिएको फोहोरलाई भित्री तहमा धारण गरिराख्छ। त्यसैले दक्ष शिवद्वेषको आगोमा भतभती जल्न थाले।

एकपटक उनले त्यस्तो यज्ञको अयोजना गरे, जसमा सबै देवताहरू बोलाइएका थिए, तर त्यहाँ शिवको कुनै स्थान थिएन। शास्त्रविधिअनुसार यज्ञमा शिवलाई महत्त्वपूर्ण हिस्सा अर्पण गर्नुपर्ने हुन्छ। यज्ञको आरम्भमा पनि र अन्तमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि रुद्रभागको अनिवार्य व्यवस्था हुनुपर्दछ। किनकि यज्ञका आरम्भ पनि उहाँ नै हुनुहुन्छ, अनि यज्ञका अन्त पनि। माटोबाट आरम्भ हुने अनि माटोमै विलीन घैँटो माटोकै स्वरूप भएझैँ शिवबाट आरम्भ हुने अनि शिवमै अन्त हुने यज्ञ शिवमय नै हो। अझ इन्द्र, अग्नि, वरुण आदिका रूपमा ती-ती यज्ञभागहरूलाई ग्रहण गर्ने पनि त शिव नै हुनुहुन्छ, किनभने उपनिषद्अनुसार— **एको रुद्रो न द्वितीयाय तस्थुः** (श्वेता.उ. ३/२) अर्थात् शिव अद्वितीय हुनुहुन्छ, उहाँभन्दा अर्को तत्त्व छैन। यस्ता शिवलाई यज्ञबाट निष्कासन गर्ने मनसाय दक्षले राखे। यज्ञमा निमन्त्रित केही तत्त्वदर्शी ऋषिहरूले शिवविना यज्ञ सम्पन्न हुँदैन। त्यस्तो यज्ञमा भाग लिने जोसुकैको पनि अमङ्गलमात्र हुन्छ भनी चेतावनीसमेत दिए, तर अरु ब्राह्मणलाई दक्षले सम्झाई बुझाई यज्ञमा पौरोहित्यको लागि वरण गरे। देवताहरूलाई चाहिं रुद्रलाई नदिइएको भाग थपिदिने भनी उनले यज्ञका सदस्य बनाए। बिचरा स्वार्थी देवताहरूलाई यो याद भएन कि शिवलाई यज्ञबाट निष्कासन गर्न खोज्नु मूर्ख व्यक्तिले आफ्नो घरबाट आकाशलाई निकाली फाल्न खोज्नुसमान हो। यौटा व्यक्ति आकाशलाई कोठाबाट निकाल्छु भनी भएभरका सबै सामानलाई बाहिर हुत्याउन थाल्यो, तर जति-जति उसले सामान हुत्यायो, आकाश त त्यति नै बढ्न पो थाल्यो। सम्पूर्ण सरसामान जहाँ अडिएका थिए, त्यस आधारलाई उसले कसरी हटाउन सक्थ्यो र ? शिव त सम्पूर्ण जगत्लाई निराकरण गर्दा पनि निषेधको अवधि या अधिष्ठानको रूपमा अवशिष्ट रहने तत्त्व हुनुहुन्छ। उहाँलाई कसैले कहींबाट कहाँ निकाल्न सक्छ र ? फेरि समुद्रमन्थनको बेला हलाहल विष निस्कँदा त्यो सबै शिवकै भागमा लगाउने देवताहरूले अहिले यज्ञभागचाहिं शिवलाई नलगाउनु अर्को हास्यास्पद कुरा थियो। जे होस् अहङ्कार र द्वेषबाट प्रेरित दक्षको अगुवाइमा स्वार्थपरायण व्यक्तिहरूको समूह मिली त्यहाँ शिवविनाको अशिवरूप यज्ञ सम्पन्न गर्न लागिएको थियो।

पुष्पदन्त भन्दछन्— त्यो यज्ञमा सबैथोक पूर्ण थियो। कर्ममा अत्यन्त दक्ष मानिने र कर्मका विस्तारक स्वयं प्रजापति दक्ष त्यसका यजमान थिए। भृगुजस्ता ठूला महर्षिहरू ऋत्विग् थिए, अनि देवताहरू सशरीर आई यज्ञका सहभागी- सदस्य बनेका थिए। यति सब हुँदाहुँदै पनि त्यहाँ यज्ञका मूल आत्मा शिवचाहिं हुनुहुन्थेन। त्यो वेदविधिमा पूर्ण श्रद्धा राखी त्यहीअनुसार गरिएको यज्ञ थिएन। शिवलाई तल्लो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देखाउन द्वेषबाट प्रेरित भई गरिएको **श्रद्धाविधुरम्** अर्थात् श्रद्धाहीन यज्ञ थियो। **श्रद्धाविरहितं यज्ञं तामसं परिचक्षते** (श्रीम.गी. १७/१३) भन्ने श्रीमद्भगवद्गीताको भनाइअनुसार तामस यज्ञ थियो। श्रद्धारूपी मूल धुर नै नभएपछि यज्ञका अरु बाहिरी सजिसजाउको अर्थ प्राणरहित मुर्दालाई सिँगार्नुभन्दा केही बढी या फरक थिएन। त्यसैले यज्ञ सफल हुनुपर्नेमा **क्रशुभ्रंशः** अर्थात् यज्ञको विध्वंस भयो।

पुष्पदन्तले शिवलाई यहाँ **क्रतुफलविधानव्यसनी** भन्नुभएको छ। अर्थात् कर्मअनुसारको फलको विधान गर्नु शिवको स्वभाव छ। शिव परम करुणामय भएकाले उहाँ प्राणीहरूले शास्त्रनिषिद्ध असत्कर्म गरून्, अनि उनीहरूको असत्कर्मको फल दण्डको रूपमा आफूले दिन परोस् भन्ने चाहनुहुन्न। तर सत् या असत् जस्तो कर्म भए पनि त्यसको फलप्रदान गर्ने शिवको स्वभाव हो। त्यसैले दक्षको असत् यज्ञबाट उसलाई यज्ञको फल त प्राप्त भएन, तर उल्टो फलचाहिँ मिल्यो, उसको यज्ञ नै नष्ट भयो।

जब सदाचार, सत्कर्म, सत्संस्कारको संवर्धन गर्ने जिम्मा पाएका आधिकारिक मानिसले नै अहङ्कारवश जे पायो त्यही गर्न थाल्दछन्, तब त्यस क्रममा दुष्टहरूभन्दा पनि पहिले सत्पुरुषहरूमा आघात आइपर्छ। दुष्टहरू त अन्तिममा मात्र दण्डित हुन्छन्, तर सत्पुरुषहरू अनाचारलाई देख्न नसकी पहिल्यै प्राणत्याग गर्दछन्। यस यज्ञमा पनि दक्ष, देवता, ऋषि आदि सबैले दण्ड त पाए नै, त्यसभन्दा पहिल्यै भगवती सती योगाग्निमा दग्ध हुनुभयो। त्यसैले असत्कर्म गर्नेले आफ्नोमात्र नभई अरुको पनि अहित गर्दछ।

कथाअनुसार सतीले आफ्ना पिता दक्षलाई सम्झाउन खोज्दा झन् बढी अपमान खप्नुपर्‍यो। त्यसपछि शिवनिन्दक दक्षबाट उत्पन्न भएको शरीरलाई नराख्ने निश्चय गरी सती योगाग्निमा दग्ध हुनुभयो र यो खबर शिवकहाँ पुग्यो। शिवले आफ्नो जटाबाट वीरभद्र उत्पन्न गरी यज्ञविध्वंस गर्न पठाउनुभयो। उनले दक्षले शिवनिन्दा गरिरहँदा दाह्री हल्लाई अनुमोदन गर्ने भृगुको दाह्री लुछे। दाँत देखाई हाँस्ने पूषाका दाँत भाँचिदिए, भग देवताका आँखा फुटाइदिए अनि दक्षको शिर लुछी यज्ञकुण्डमा हवन गरिदिए। दक्षले शिवद्वेष गरेको दुष्फल यति ठूलो आँधी बनी उल्टियो कि सबै भयभीत भए। यज्ञमा आमन्त्रित देवताहरूले भागाभाग गरी ज्यान जोगाए। रुद्रलाई नदिएको भागसमेत आफूले पाउने स्वार्थमा दक्षलाई साथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिएर देवताहरू कलङ्कित त भइसकेका थिए। तर आपत्तिको निवारण गर्न अर्को कुनै शक्ति नभएकाले उनीहरू अपराधी मुख लिई उनै शिवकहाँ पुगे। उनीहरूले आफ्नो निर्लज्जतालाई ढाक्न ब्रह्माजीलाई अगुवा बनाएका थिए। वास्तवमा भएको के थियो भने दक्षको नाश भएपछि कर्मविधिको विस्तार गर्ने व्यक्तिको अभाव भयो र संसारभरमा देवताहरूले कुनै यज्ञभाग नै पाएनन्। यसरी धेरै भाग पाउने स्वार्थमा असदाचरणमा साथ दिंदा उनीहरूको पूरै भाग नै बन्द भयो। अब आफूहरूलाई क्षीण हुनबाट जोगाउन पनि उनीहरूले शिवको शरण लिनु नै थियो। शिवले उनीहरूलाई देख्नेबित्तिकै यिनीहरू दुष्कर्मको प्रायश्चित सँगसँगै आफ्नो स्वार्थसमेत सिद्ध गर्न आएका हुन् भन्ने बुझ्नुभयो। उहाँले ब्रह्माजीको प्रार्थनाअनुसार दक्षलाई पुनर्जीवित गराउने र अरु देवताहरूको अङ्गभङ्गको पनि उचित उपचार गर्ने आश्वासन दिनुभयो। भगवान् शिव कामारी हुनुहुन्छ। उहाँसँग द्वेष गर्ने दक्षको धडमा जोड्नका लागि शिर खोजी गर्दा सबैभन्दा कामप्रिय बोको भेटियो। भृगुको पनि चिउँडोमा बोकोको दाह्री झुण्डियो। यसरी सबैको उचित व्यवस्था भएपछि दक्षको यज्ञ आरम्भ भयो र त्यो पूर्णसमेत भयो। यसरी यहाँ दक्षचरित्रको माध्यमले श्रद्धारहित यज्ञ सफल नहुने र श्रद्धासहित यज्ञ शिवकृपाबाट सफल हुने कुरा स्पष्टतः बताइयो।

यस श्लोकलाई विष्णुपक्षमा अर्थ गर्दा यहाँ वामनद्वारा बलिको यज्ञविध्वंस भएको प्रसङ्ग बताइएको छ। यहाँ **क्रियादक्षश्चासौ उदक्षः** भन्ने व्युत्पत्ति भएको **क्रियादक्षोदक्षः** यस पदले क्रियानिपुण अनि इन्द्रजयी बलि भन्ने अर्थ बुझाउँछ। उनी **तनुभृताम्** अर्थात् दैत्यहरूका अधिपति थिए, अनि उनका यज्ञमा ऋषिहरू नै ऋत्विग् र **सुरगणाः** अर्थात् देवतासमानका व्यक्तिहरू सदस्य थिए। तर पनि भगवदनुगृहीत इन्द्रादि देवताहरूसँग द्वेष गरेकाले भगवान्द्वारा उनको यज्ञ ध्वस्त भयो भन्ने अर्थ बुझिन्छ।

प्रजानाथं नाथ प्रसभमभिकं स्वां दुहितरं
गतं रोहिद्भूतां रिरमयिषुमृष्यस्य वपुषा ।
धनुष्पाणेर्यातं दिवमपि सपत्राकृतममुं
त्रसन्तं तेऽद्यापि त्यजति न मृगव्याधरभसः ॥२२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पदार्थ-

नाथ = हे विश्वनाथ, **रोहिद्भूतां** = मृगी बनेकी, **स्वां** = आफ्नी, **दुहितरं** = पुत्रीसँग, **ऋष्यस्य** = मृगकै, **वपुषा** = रूपले, **प्रसभं** = बलपूर्वक, **रिरमयिषुं** = रति गर्न खोजी, **गतं** = पछि लागेका, **अभिकं** = कामग्रस्त र, **दिवं** = स्वर्गमा, **यातं** = पुग्दा पनि, **सपत्राकृतं** = बाणविद्ध भई व्यथित भएका, **त्रसन्तं** = डराइरहेका, **अमुं** = यी, **प्रजानाथं** = ब्रह्माजीलाई, **धनुष्पाणेः** = पिनाकधारी, **ते** = हजुरको, **मृगव्याधरभसः** = मृगलाई विद्ध गर्ने उत्साहस्वरूप बाणले, **अद्य अपि** = आजसम्म पनि, **न त्यजति** = छोडेको छैन।

भावार्थ-

हे विश्वनाथ ! ब्रह्माजीले मृगको रूप लिई भागिरहेकी आफ्नी छोरीप्रति कामग्रस्त भई मृगकै शरीरले रति गर्न खोज्नुभयो र उनको पछि लाग्नुभयो। जगन्नियन्ता हजुरको बाणले त्यस मृगलाई तत्काल विद्ध गऱ्यो अनि भयभीत भई स्वर्गमा पुग्दा पनि शरीरभित्रै घुसेको त्यस बाणले कहिल्यै छोडेन। यतिमात्र नभई आजसम्म पनि दण्डदाता हजुरको त्यस बाणले आर्द्रा नक्षत्रको रूपमा मृगशिरारूप त्यसलाई पछ्याइरहेको छ।

विवरण-

शास्त्रहरूमा चारथरी वर्णन प्रक्रियाद्वारा वस्तुको निरूपण गरिएको हुन्छ। तिनलाई तैत्तिरीयोपनिषद्मा अधिदैव, अधिलोक, अध्यात्म र अधिज्योतिष भनी बताइएको छ। प्रस्तुत श्लोकमा बताइएको कथा ज्योतिर्मण्डलीय अवस्थाको रूपक हो। पुराणहरूमा बताइएको यो कथा शतपथ ब्राह्मणमा बताइएको ज्योतिर्मण्डलीय रूपकको आख्यानात्मक विस्तार हो।

ज्योतिर्मण्डलीय रूपकमा प्रजानाथ भनेको सूर्य नै हो। किनभने वेदअनुसार– **सूर्य आत्मा जगतस्तस्थुषश्च** (शु.य.वे. १३/४६) अर्थात् स्थावर-जङ्गम सम्पूर्ण प्राणीहरूको आत्मा या प्रेरक सूर्य नै हो। जब सूर्य उदाउँछ, तब त्यसभन्दा पहिला उषा अर्थात् लालिमा देखिन्छ। उषा सूर्यबाट उत्पन्न भएकाले सूर्यपुत्री हुन् र सूर्य त्यसका पछि हुन्छन्। मानौँ पिता आफ्नो पछि लागेको देखी उषाको अनुहार रातो-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पिरो भएको छ। यही सूर्य मङ्सिर महिनामा मृगशिरा नक्षत्रमा रहेका बेला कथामा बताएजस्तो अधिज्योतिष स्थिति देखिन्छ। मृगशिरा नक्षत्रको आकार मृगको शिरजस्तो, शिरबाट दुई सिङ् निस्किएको जस्तो देखिन्छ। मृगशिरापछि आर्द्रा नक्षत्र हुन्छ र त्यसको आकार बाणजस्तो हुन्छ। मङ्सिर महिनामा मृगशिरा नक्षत्रअन्तर्गत सूर्य रहेको हुन्छ र त्यसबेला अगाडि-अगाडि उषा, बीचमा मृगशिराको सूर्य अनि त्यसपछि आर्द्रा नक्षत्र देखिन्छ। यस्तो लाग्छ उषाको पछि लागेको सूर्यलाई आर्द्रारूप बाणले प्रहार गरिरहेको छ। सूर्यमण्डलको अभिमानी हिरण्यगर्भ पुरुष हो। हिरण्यगर्भ भनेर ब्रह्माजीलाई पनि मानिन्छ। यसरी ब्रह्माजी सूर्यको स्थानमा हुनुभयो, उषा या लालिमाको रूपमा ब्रह्मपुत्री सन्ध्या भइन्, अनि आर्द्रा नक्षत्रको स्थानमा शिवको बाण भयो। मृगी बन्दै भागेकी आफ्नै पुत्रीको पछि मोहान्ध भई लागेका मृगरूपधारी ब्रह्मालाई शिवको पिनाकबाट छुटेको बाणले **अद्यापि न त्यजति** अर्थात् आजसम्म पनि छाडेको छैन। यस रूपक कथाको तात्पर्य यत्ति हो कि ब्रह्माजीजस्ता जगत्स्रष्टा पुरुषलाई त अनुचित कर्म गर्दा शिवको दण्डविधानले छाड्दैन भने अरु सामान्य मान्छेले विश्वनियन्ता शिवको दण्डको भयले कुनै दुष्कर्म गर्न हुँदैन।

यस श्लोकलाई केही पदको पुनरावृत्तिसहित अन्वय गरी विष्णुपक्षमा अर्थ लगाउन पनि सकिन्छ। त्यसक्रममा मारीचले मृगरूप लिई सीताहरण गर्ने क्रममा रावणलाई सघाएको र त्यस बेला रामको बाणले त्यसलाई पछ्याएको वर्णन छ। यसको अन्वयक्रम यस्तो छ— **स्वां दुहितरं प्रसभं रिरमयिषुं प्रजानाथं अभिकम् ऋष्यस्य वपुषा रिरमयिषुं रोहिद्भूतां गतम् अमुम्**। अरु अन्वयक्रम उही हो। सीतालाई रावणकै शरागारमा प्रकट भएकाले उसकै छोरी मानिने गरिन्छ। त्यस्ती **स्वां दुहितरम्** अर्थात् आफ्नै पुत्रीसँग **प्रसभं रिरमयिषुम्** अर्थात् बलात् रमण गर्न खोज्ने **प्रजानाथम् अभिकम्** अर्थात् नरपति रावणलाई मारीचले **ऋष्यस्य वपुषा** अर्थात् सुवर्ण मृगको रूप लिएर **रिरमयिषुम्** अर्थात् खुसी गराउन या सहयोग गर्न खोजे। यसरी **रोहिद्भूतां गतम्** अर्थात् मृगशावकको रूपमा बनेको **अमुम्** अर्थात् मारीचलाई बाणप्रहारद्वारा व्यथित गरी स्वर्गमा पुऱ्याउँदा पनि रामचन्द्रको मृगवधोत्साहले मानौँ छाडेको छैन। यहाँ **अभिक** भनेर **अभितः कानि शिरांसि यस्य** भन्ने व्युत्पत्तिद्वारा चारैतर्फ शिर भएको रावण भन्ने अर्थ बुझिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वलावण्याशंसाधृतधनुषमह्नाय तृणवत्
पुरः प्लुष्टं दृष्ट्वा पुरमथन पुष्पायुधमपि ।
यदि स्त्रैणं देवी यमनिरत देहार्धघटना-
दवैति त्वामद्धा बत वरद मुग्धा युवतयः ॥२३॥

पदार्थ-

पुरमथन = हे त्रिपुरारी ! **यमनिरत** = हे परम संयमी, **स्वलावण्याशंसाधृतधनुषं** = आफ्नो(पार्वतीको) सौन्दर्यको आशाबाट धनु उठाएका, **पुष्पायुधं** = कामदेवलाई, **अह्नाय** = तत्काल, **तृणवत्** = त्यान्द्रोझैँ, **पुरः** = आफ्नै अघि, **प्लुष्टं** = दग्ध भएको, **दृष्ट्वा अपि** = देखेर पनि, **यदि** = यदि, **देवी** = पार्वतीले, **देहार्धघटनात्** = आफूलाई आधा अङ्ग प्रदान गर्दा, **त्वां** = हजुरलाई, **स्त्रैणं** = स्त्रीमा आसक्त, **अवैति** = ठान्नुहुन्छ भने, **अद्धा** = यो ठीकै हो, **वरद** = हे वरदाता, **बत** = निश्चय नै, **युवतयः** = युवतिहरू, **मुग्धाः** = मोहित हुन्छन् ।

भावार्थ-

हे त्रिपुरारी ! हजुर संयमीहरूमध्ये सर्वश्रेष्ठ हुनुहुन्छ । पार्वतीको सौन्दर्यद्वारा शिवलाई मोहित बनाउँछु भन्ने आशाले धनुष उठाएको कामदेव घाँसको त्यान्द्रोसमान तत्काल पार्वतीकै अघि दग्ध भयो । यस्तो देखेर पनि ती पर्वतनन्दिनीले आफूलाई शरीरको आधा अङ्ग प्रदान गरेको कारण यदि हजुरलाई स्त्रैण ठान्दछिन् भने त्यो कुरा ठीकै हो, किनकि युवतिहरू चाँडै नै मोहित हुन्छन् ।

विवरण-

यस श्लोकमा अर्धाङ्गमा पार्वतीलाई धारण गरेर पनि शिव कामको वशीभूत हुनुहुन्न भन्ने वर्णन गरिएको छ । देब्रे आधा अङ्ग पार्वती र दाहिने आधा अङ्ग शिव हुनुभएको अर्धनारीश्वर रूप शास्त्रप्रसिद्ध छ । अर्धनारीश्वर रूपले शिव र शक्तिको नित्य सम्बन्ध या सामरस्यलाई जनाउँछ । चन्द्रमामा चाँदनी अभिन्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रूपले रहेझैँ अनि सूर्यमा प्रकाश अभिन्न रूपले रहेझैँ शिवमा पनि शक्ति अभिन्न रूपले नै रहन्छ। सत्, चित् र आनन्दरूप शिवमा सद्रूपता, चिद्रूपता र आनन्दरूपता यी शक्तिहरू स्वरूपतः नै रहन्छन्। अझ तन्त्रवेत्ताहरू त स्वरूपभूत चित्शक्तिको कारणले नै शिव चिद्रूप सिद्ध हुने हुनाले शक्तिविना शिवको अस्तित्व नै असिद्ध हुन्छ भन्दछन्। त्यसैले भनिन्छ—

शिवस्तु निर्गुणं ब्रह्म इकारः शक्तिरुच्यते।

इकाराभावतो नूनं शव एवावशिष्यते ॥ अर्थात् शिव ब्रह्म हुनुहुन्छ भने शिव शब्दमा रहको इकार शक्ति हो। शक्तिरूप इकारविना शिव केवल शव अर्थात् निश्चेष्ट निष्क्रिय बन्नुहुन्छ। भगवत्पाद श्रीशङ्कराचार्य पनि सौन्दर्यलहरीको प्रारम्भमा भन्नुहुन्छ—

शिवः शक्त्या युक्तो यदि भवति शक्तः प्रभवितुम्।

न चेदेवं देवो न खलु कुशलः स्पन्दितुमपि ॥ (सौन्दर्यलहरी १)। अर्थात् शिव जब शक्तिले युक्त हुनुहुन्छ तब उहाँ सर्वसमर्थ प्रभु हुनुहुन्छ, शक्ति नभए देखि त उहाँ हलचल पनि गर्न सक्नुहुन्न। तन्त्र र वेदान्तमतमा फरक कतिमात्र छ भने वेदान्तमा निर्गुण निराकार शिवतत्त्वलाई श्रवण, मनन, आदिबाट साक्षात्कार गर्न खोजिन्छ भने शिवाद्वयमतमा शिवको निर्गुण स्वरूपलाई नभई शक्तिविशिष्ट स्वरूपलाई पहिल्याउन खोजिन्छ। वेदान्तमा शक्ति भनेर मायाशक्तिलाई लिइन्छ। त्यसैले ब्रह्मको निरूपण गर्ने क्रममा मायाशक्तिभन्दा पर सत्, चित् र आनन्दरूप तत्त्व भनी बताइन्छ। शिवाद्वैत मतमा मुख्यतः शक्ति भनेको सत्ता, चिद्रूपता र आनन्दरूपतारूपी स्वरूपभूत शक्ति नै माया हो। माया त बहिरङ्ग शक्ति हो। तन्त्रले शिवशक्तिको नित्य अभेद सम्बन्ध भनेको यही स्वरूपभूत शक्तिलाई लिएर हो, मायाशक्तिलाई लिएर होइन। त्यसैले शक्तिविना शिव अधुरो हुनुहुन्छ भन्ने जनाउन आधा अङ्ग शिव र आधा अङ्ग पार्वती भएको अर्धनारीश्वर विग्रह शास्त्रमा बताइको हो।

शिव र शक्तिको यो सम्बन्ध कुनै कामना या वासनाबाट प्रेरित होइन अपितु नित्य हो। यही कुरा जनाउन पुराणकथाको प्रसङ्गमा पनि कामदेवलाई भस्म गरेपछि मात्र शिवले पार्वतीलाई अर्धाङ्ग प्रदान गर्नुभएको वर्णन छ। प्रस्तुत श्लोकमा पार्वतीले आफ्नै अघि कामदहनको दृश्य देख्नुभएको वर्णन छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कामदेवलाई **पुष्पायुध** भनिन्छ अर्थात् कामदेवको बाण पुष्पको छ। फूल अत्यन्त कोमल र सुन्दर हुन्छ। कसैले कसैलाई फूल दियो या फूलैले हिर्कायो भने त्यसलाई स्नेह र प्रेमको प्रतीक मानिन्छ। बरु कसैले आफ्नो वरिपरिको फूल लगिदियो भने व्यक्ति उसदेखि रिसाउँछ। यसैगरी कामनाले प्राणीहरूलाई जुन अस्त्रले हिर्काउँछ, त्यो फूलको छ। कसैलाई अप्रिय लाग्दैन। मानिसहरूलाई कामनाको पूर्ति गर्न आनन्द लाग्दछ, यस्तो लाग्दैन कि कसैले मलाई जबर्जस्ती कामनामा लगाइरहेको छ। उल्टो बरु कसैले आफ्नो कामनामा विघ्न गर्‍यो भने मानिसलाई रिस उठ्छ। अतः कामना पुष्पायुध छ।

कामनाको बाण छुट्नका लागि धनुषको आवश्यकता पर्दछ। यहाँ लावण्य शब्दले त्यही धनुको वर्णन गरिएको छ। लावण्य भनेको विशेष प्रकारको सौन्दर्य हो, अनि सौन्दर्य व्यक्तिसापेक्ष हुन्छ। कुनै व्यक्तिलाई यो वस्तु सुन्दर छ भन्ने लाग्नु नै त्यसको सौन्दर्य हो। यही भावलाई आसक्ति या शोभनाध्यास भनिन्छ। जसलाई जुन वस्तु राम्रो छ भन्ने लाग्दछ, उसले नै त्यस विषयको कामना गर्दछ। अतः कामनारूपी बाण पनि अडिने आधार हो यो। त्यसैले भगवान् श्रीकृष्ण भन्नुहुन्छ— **सङ्गात् सञ्जायते कामः**(श्रीम.गी.२/६२) अर्थात् आसक्तिबाट नै कामना उत्पन्न हुन्छ। लोकव्यवहारमा पनि देखिन्छ कि जसलाई जुन वस्तु राम्रो भन्ने लाग्छ, उसैले त्यसको चाहना गर्दछ। यौटा आस्तिक मानिस गण्डकीको किनारमा चिल्लो कालो शिला देख्यो भने टिप्नलाई तम्सिन्छ। अनि एउटा चित्रकलाप्रेमी कपडाभरि अनेक रङ्ग प्रयोग गरी बताइएका चित्रहरूलाई महङ्गो मूल्यमा पनि लिन तयार हुन्छ। यसरी राम्रो मानिएको वस्तुको नै सबैलाई चाहना हुन्छ। कामदेवले पनि बाण प्रहार गर्ने बेलामा सोच्यो कि पार्वतीको सौन्दर्यलाई निहुँ बनाएर त्यसैको आधारमा मैले शिवमा कामना उत्पन्न गर्न सक्छु, तर शिव आसक्तिशून्य भएकाले उहाँमा कामना उत्पन्न भएन, यत्तिकै नष्ट भयो।

शिवले अर्धाङ्गमा पार्वतीलाई धारण गर्नु ब्रह्मज्ञानीले प्रारब्धभोगका लागि अविद्यालेशलाई धारण गरेझैँ देखिनु हो। वास्तवमा ब्रह्मज्ञानी पूर्णतः कामनाशून्य हुन्छ, किनभने ऊ परम आनन्दको मूल स्रोत आत्मामा नै अवस्थित रहेको हुन्छ र संसारसुख उसका लागि स्वप्न भइसकेको हुन्छ। यो सबै भए पनि प्रारब्धवश जबसम्म उसको शरीर रहन्छ, तबसम्म शरीरक्षाका लागि उसमा पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सामान्य लौकिक मानिसहरूमाझैँ भोजन, शयन, आदि प्रवृत्ति देखिन्छ। यसरी शरीरको प्रारब्धभोगका लागि अविद्यालेश या लेशाविद्याको आवश्यकता पर्दछ। यसको आधारमा शरीर, शरीरसम्बन्धी पूर्वसंस्कार आदि अडिएका हुन्छन्। शरीरमा आउने भोक-प्यास आदिलाई पहिले यी-यी उपायले निराकरण गरिन्थ्यो भन्ने पूर्वस्मृतिका आधारमा नै ज्ञानीले भोजन आदि व्यवहार गर्दछ, न कि कामनाको आधारमा। तर सामान्य प्राणीहरू उसमा अविद्या, कामना आदि रहेको अनुमान गर्दछन्। यसरी शिवको अर्धाङ्गमा पार्वती भएसमान ज्ञानीको पनि शरीरमा अविद्यालेश रहन्छ। तर ज्ञानी अविद्याको वशमा छ भन्ने सोच्नु मूर्खता हो। किनभने ज्ञानद्वारा अज्ञानलाई पूर्णतः बाधित गरी आप्तकाम भएको व्यक्तिमा न अविद्या, न कामना नै हुन सम्भव छ।

यस श्लोकलाई हरिपक्षमा अर्थ गर्दा यहाँ **अर्धघटनादव** भन्ने पद श्रीरामको सम्बोधन हो। लक्ष्मीरूपा सीतासँग नित्य संयोग उचित भए पनि अवतारलीलाको क्रममा **अर्धघटना** अर्थात् आधा संयोगलाई **दव** अर्थात् डँढेलोले झैँ जलाइदिने या नष्ट गरिदिने भगवान् भन्ने अर्थ बुझिन्छ। यसले रामावतारमा सीतासँग अत्यन्त कममात्र संयोग भएको जनाइएको छ। त्यसैगरी **यमनिरतदेहा** र **पुरमथनपुष्पा** यी दुवै पद सीताका विशेषण हुन्। पहिलो पदको अर्थ अत्यन्त पतिव्रता भन्ने हो भने दोस्रोको चाहिँ **पुरस्य शरीरस्य मथनानि पीडकानि पुष्पाणि यस्याः** अर्थात् जसका शरीरलाई फूलले पनि कष्ट दिन्छन् त्यस्ती सुकोमल शरीर भएकी भन्ने हो। यस्ती सीताले **स्वलावण्याशं** अर्थात् आफ्नो वीर्य, शौर्य आदि गुणको रक्षा गर्ने अभिप्रायले **धृतधनुषं** अर्थात् रावणविरुद्ध धनुर्धारण गर्ने **त्वां** हजुरलाई देखेर अनि **युधं** भयङ्कर युद्धलाई र **अह्नाय** अल्पसमयमा नै **पुरः** लङ्का नगरीको **प्लुष्टम्** अर्थात् दाहलाई पनि देखेर रामलाई आफूप्रति आसक्त भएको सोच्नुहुन्न भन्ने अर्थ बुझिन्छ।

श्मशानेष्वाक्रीडा स्मरहर पिशाचाः सहचरा-
श्चिताभस्मालेपः स्रगपि नृकरोटी-परिकरः।
अमङ्गल्यं शीलं तव भवतु नामैवमखिलं
तथापि स्मर्तॄणां वरद परमं मङ्गलमसि ॥२४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पदार्थ-

स्मरहर = कामविनाशक, **वरद** = हे वरदाता, **श्मशानेषु** = श्मशानमा, **आक्रीडा** = विहार, **पिशाचाः सहचराः** = पिशाचहरू सहचर, **चिताभस्मालेपः** = चिताभस्मको लेप, **स्रक् अपि** = माला पनि, **नृकरोटीपरिकरः** = मानिसका खप्परहरूले बनेको, **एवं** = यसप्रकार, **तव** = हजुरको, **अखिलं शीलं** = सम्पूर्ण चाला, **अमङ्गल्यं** = अमङ्गलमयझैं, **भवतु नाम** = भइरहोस्, **तथापि** = तर पनि, **स्मर्तॄणां** = स्मरण गर्नेहरूका लागि, **परमं** = परम, **मङ्गलं** = मङ्गलमय, **असि** = हुनुहुन्छ ।

भावार्थ-

अभीष्ट वर दिने कामविनाशक हे शिव ! हजुरको विहारस्थल श्मशानभूमि हो, पिशाचहरू सहचर हुन्, शरीरमा लेपन गरिने चन्दनचाहिँ चिताभस्म हो अनि मानिसका खप्परहरू माला हुन् । यसरी हजुरको सम्पूर्ण चाल सामान्य मानिसहरूका लागि अमङ्गलमय लाग्दछ तर जसले श्रद्धापूर्वक हजुरको स्मरण गर्दछन् तिनहरूका लागि हजुर परम मङ्गलमय हुनुहुन्छ ।

विवरण-

यहाँ शिवको स्मरण परम मङ्गलकारी छ भनी बताइएको छ । यहाँ शिवलाई स्मरहर भनी सम्बोधन गरिएको छ । भगवान्ले **स्मर** अर्थात् कामनालाई हरण गरिदिनुहुन्छ । शास्त्रमा कामनालाई कहिल्यै ननिभ्ने आगोको रूपमा बताइएको छ । भोगासक्त प्राणीहरू आफ्ना मनका अनेकथरी कामनाहरूलाई शान्त गर्न भोगमाथि भोग थपिरहन्छन्, तर अनेकौं भोगद्वारा पनि तिनीहरूको भोगेच्छा शान्त हुँदैन । विषयभोगद्वारा कामनाको ज्वाला शान्त गर्न खोज्नु त दन-दन बलेको आगोलाई घ्यूको धाराले निभाउन खोज्नुजस्तै हो । त्यसैले भनिन्छ— **न जातु कामः कामानामुपभोगेन शाम्यति** (श्रीमद्भा.महा.९/१९/१४) । कामनाको खाल्डो जति खोतल्यो त्यति बढी नै रहन्छ । अतः विषयभोगी व्यक्तिहरू एकपछि अर्को भोगसामग्रीको सञ्चय गरिरहन्छन् । उनीहरूलाई सुविधाका सामग्रीहरूले रहित भई जीवन बिताउनु अमङ्गलमय अर्थात् दुःखमय हुन्छ भन्ने लाग्दछ । तर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जसमा विषयभोगको वासना नै छैन, उसलाई अनेक पदार्थहरूको सङ्ग्रहदेखि के लिनु-दिनु छ र ? ऊ आफ्नै मस्तीमा निर्विकार रूपले अवस्थित रहन्छ ।

शिव आत्माराम हुनुहुन्छ । संसारका अज्ञानी प्राणीहरू आनन्दका लागि पदार्थसङ्ग्रहको जुन होडबाजीमा मरिमेट्दै दौडिएका छन्, त्यसबाट उहाँ अलग हुनुहुन्छ । संसारभोगमा आनन्द खोज्नु मरुभूमिमा टल्किएको समुद्रबाट जल खोजी ल्याउनुसमान हो भन्ने बुझेको व्यक्ति त्यस्तो मूर्ख होडबाजीमा किन लाग्दछ र ? ऊ त आफैँभित्रको आनन्दको मूललाई पहिल्याई मस्त रहन्छ । समुद्रमन्थनको क्रममा अरु सबै देवताहरू उच्चैःश्रवा घोडा, ऐरावत हात्ती, पद्मराग मणि, लक्ष्मी, कल्पवृक्ष आदि रत्नहरूलाई तँछाड–मछाड गर्दै अपनाउँदै थिए भने शिवचाहिँ उनीहरूको प्रार्थनाअनुसार विष पिएर नै सन्तुष्ट हुनुभयो । स्वयं अमृतरूप उहाँलाई त्यो भौतिक अमृत पान गरी दीर्घजीवी हुने इच्छा पनि हुने कुरै भएन । प्लाष्टिकका हात्ती, घोडा आदि खेलौनालाई स-साना बच्चाहरूले मलाई घोडा, मलाई हात्ती भनी तानातान गरेको व्यवहार बूढो हजुरबाउले मुसुमुसु हाँस्दै हेरेझैँ शिवले सबै हेरिरहनुभयो, तर उहाँ निर्द्वन्द्व-निर्विकार हुनुहुन्थ्यो । पुराणप्रोक्त शिवचरित्रलाई हेर्दा हामीले त्यहाँ जीवन्मुक्त महात्माको जस्तो निर्विकारतालाई देख्न सक्छौँ । संसारका प्राणीहरू विषयभोगको दौडाइमा दिनरात हुत्तिँदै सुखको खोजी गर्दछन् तर शिवचाहिँ कुनै बाहिरी विषयहरू नभए पनि आफैँभित्रको आनन्दद्वारा कसरी आनन्दित रहन सकिन्छ भन्ने प्राणीहरूलाई शिक्षा दिइरहेझैँ अवस्थित हुनुहुन्छ ।

विषयी प्राणीहरू श्मशानको नाम सुन्नेबित्तिकै डराउँछन्, तर शिवको वासस्थान श्मसान नै हो । जो व्यक्ति शरीर इन्द्रिय आदिलाई आत्मा मान्दछ र कहिल्यै पनि शरीर नष्ट नहोस् भन्ने चाहन्छ, त्यही व्यक्ति श्मशानबाट डराउँछ, किनभने त्यहाँ गयो भने उसले आफूजस्ता अनेकौँ अभिमानी एवं भोगासक्त मानिसहरू निश्चल मुढाजस्ता भई दनदन आगोमा दन्किएको र तिनको जीवन नष्ट भएको देख्दछ । वास्तवमा मानिस श्मशानदेखि डराउनु भनेको संसारप्रतिको आफ्नो भ्रम नष्ट हुन्छ कि भनी डराउनु नै हो । किनभने श्मशानले उसलाई संसारको सम्पूर्ण दौडाइ अन्तमा रित्तो हातले त्यहीँ पुगी टुङ्गिन्छ भन्ने शिक्षा दिन्छ । विश्वविजयी अलेकजेण्डरले मर्ने बेलामा जीवनको यही रहस्य बुझी आफ्ना मन्त्रीहरूलाई आफ्नो लाशमा दुवै रित्ता हातलाई फैलाएर बाँध्नु भनी आज्ञा दिएका थिए रे, ताकि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सारा मानिसलाई थाहा होस् कि संसारलाई आफ्नो मुट्ठीमा बन्द गर्न चाहने त्यत्रो राजा पनि अन्तमा रित्तो हात नै रह्यो। श्मशान जीवनको शाश्वत सत्य हो। किनभने जन्मेका हरेक प्राणीहरू मर्दछन् भन्ने कुरा निश्चित छ। जीवनको यो अन्तिम सत्यलाई बुझ्यो भने मानिसले विषयभोगका लागि गिद्धको झैँ लुठाचुँडी गर्दैन थियो। उसले अन्याय, अत्याचार, ठगी आदिबाट सम्पत्ति जम्मा गर्ने प्रयास गर्दैन थियो। तर मानिस आफ्नो भ्रमको घेराबाट मुक्त भई सत्यको दर्शन गर्न चाहँदैन। त्यसैले श्मशान जान र त्यसले दिने शिक्षा ग्रहण गर्नबाट डराउँछ। वासनारहित व्यक्तिलाई श्मशानदेखि केको डर ? शरीर आदि आत्मा होइनन् र यी विनाशशील हुन् भन्ने निश्चय भएको व्यक्तिलाई त्यही शिक्षा दिने श्मसान त झन् मित्रसमान पो हुन्छ। अतः शिव श्मशानमा रहनुहुन्छ।

शिव श्मशानमा रहनु उहाँको निर्वासनताको मात्र नभई करुणाको पनि उदाहरण हो। यदि परमात्मा अरु कुनै स्थानमा रहनुभयो भने त प्राणीहरूले उहाँको दर्शन गर्न टाढा धाउनुपर्ने हुन्छ। बिचरा संसारमा जाकिएका प्राणीहरूलाई त्यो फुर्सद पनि कहाँ ? अतः शिव सबैले जीवनको अन्तमा पुग्नैपर्ने स्थान श्मशानमा गई बस्नुहुन्छ। जब व्यक्ति श्मशानमा आइपुग्छ तब उहाँ परम करुणावश उसलाई तारक मन्त्रको उपदेश गरी सद्गति प्रदान गर्नुहुन्छ। एउटा माझीले नदीमा जाल थापी कहिले यहाँ माछा पर्ला र तानौँला भनी कुरेर बसेझैँ शिवले पनि श्मशानमा गई कहिले यहाँ जीव आउला र त्यसलाई संसारबन्धनबाट माथि तानौँला भनी कुरिरहनुहुन्छ। यो उहाँको परम करुणामयता हो।

बाहिरी श्मशानजस्तै शिव बस्ने भित्री श्मशान पनि छ। जुन हृदयमा विचाररूपी अग्निद्वारा राग-द्वेष आदि सारा दुर्भावहरू जलेका छन्, त्यस्तो हृदय पनि श्मशानभूमि हो, जसमा शिव नित्य अवस्थित हुनुहुन्छ। फेरि अर्को दृष्टिले हेर्ने हो भने यो सम्पूर्ण संसार पनि त श्मशान नै हो। संसार अनादि कालदेखिको भयङ्कर श्मशान हो, जहाँ मुर्दामात्र नभई ज्यूँदा मानिसहरू पनि राग-द्वेषको अग्निमा दिनदिनै जलिरहेका छन्। कामनाको अतृप्त ज्वालाले यहाँका प्राणीहरूलाई दिनरात जलाइरहेको छ। उनीहरूलाई आफूबाट कुनै घाटाको काम हुन गएको छ भने मैले किन त्यो नराम्रो काम गरेँ हुँला भन्ने चिन्ताले सताउँछ। फेरि कुनै नाफाको काम छुट्न गयो भने मैले किन त्यो राम्रो काम गरिन हुँला भन्ने चिन्ताले सताइरहन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केवल ब्रह्मज्ञानीमात्र यो अतृप्तिको ज्वालाबाट मुक्त हुन्छ । ही कुरा उपनिषद्मा भनिन्छ— **एतं ह वाव न तपति किमहं साधु नाकरवं किमहं पापमकरवम्** (तै.उ.२/९/१) । त्यसैले दिनरात अज्ञानीहरू जलिरहने यो संसार श्मसान नै हो । अन्तर्यामी रूपमा सबैभित्र पस्ने र संसारको अधिष्ठानको रूपमा पनि अवस्थित रहने शिवले यसलाई छाडेर कहाँ गएर बस्ने ? सर्वव्यापक भएकाले उहाँले त कुनै ठाउँलाई पनि छाडेर जान मिल्दैन । अरु-अरु परिच्छिन्न देवताहरू आ-आफ्ना लोकहरूमा दिव्य भोगले युक्त भई रहिरहून् तर सर्वव्यापक शिव कुनै लोक-लोकान्तरमा सीमित भई रहन मिल्दैन । त्यही कारणले पनि शिव श्मशानवासी हुनुहुन्छ ।

शिव शरणागतवत्सल भएकाले सबै प्राणीहरूले छिःछिः-दुर्दुर् गरेका भूतगण, पिशाचहरूलाई उहाँले शरण दिनुभएको छ । आफ्नो गणको रूपमा स्वीकार गर्नुभएको छ । श्मशानलाई क्रीडाभूमि बनाएपछि उहाँका साथी तिनै भूतगण नै त हुने भए । जीवन्मुक्त महात्मा पनि संसाररूप श्मशानमा क्रीडा गर्दै रहन्छ । क्षण प्रतिक्षण सारा पदार्थ विनष्ट भइरहेकाले यो श्मशान हो । यहाँ बस्ने सबै प्राणीहरू नै भूतगण हुन् । भूतगणहरूका अनेक मुख, अनेक चरित्र भएजस्तै संसारी प्राणीहरूका पनि भित्री-बाहिरी छुट्टाछुट्टै अनुहार छन् । मनले सोच्ने अर्को, वचनले भन्ने अर्को र शरीरले गर्ने अर्को गरी छुट्टाछुट्टै चरित्र पनि छन् । जब ब्रह्मज्ञानी संसारमै बसिरहेको छ, त उसले व्यवहार-लीला गर्नका लागि यहीँका प्राणीहरूबाहेक अरु कसलाई साथी बनाओस् । अतः यी सबैलाई साथ लिई ब्रह्मज्ञानी व्यवहार गर्दछ । शिव श्मशानमा बस्नुसमान ज्ञानी संसारमा बस्नुको पनि एउटै प्रयोजन प्राणीहरूलाई मुक्त बनाउने नै हो । ब्रह्मज्ञानीका लागि जिज्ञासुहरूलाई मुक्तिको बाटो देखाउनुभन्दा अर्को कुन प्रयोजन बाँकी छ र ? उपनिषद्को निर्देश छ कि– जिज्ञासुले हातमा समिधा लिई श्रोत्रिय ब्रह्मनिष्ठ गुरुको शरणमा जानुपर्दछ— **तद्विज्ञानार्थं स गुरुमेवाभिगच्छेत् समित्पाणिःश्रोत्रियं ब्रह्मनिष्ठम्** (मु.उ.१/२/१२) । जसले पहिल्यै हिंडिसकेको छ, उसैले न अर्को बटुवालाई यथार्थ बाटो बताउन सक्छ ! त्यसैले जिज्ञासुलाई ज्ञानोपदेश गर्न स्वयं ज्ञानी गुरु नै चाहिन्छ । यदि मुक्त भएका महापुरुषहरू तत्कालै शरीर त्यागी जाने हो भने संसारमा आत्मज्ञानको उपदेश कसले गर्ने ? अज्ञानीहरूलाई ज्ञानोपदेशको अधिकार हुँदैन । अतः प्राणीहरूलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुक्त बनाउनकै लागि ब्रह्मज्ञानी श्मशानरूप संसारमा बस्छ । ब्रह्मविद्याका परम आचार्य शिवले निवृत्तिपरायण ब्रह्मज्ञानीहरूलाई यो आदर्श उपस्थित गर्नकै लागि स्वयं श्मशानको वास र भूतगणलाई सहचरको रूपमा रोज्नुभएको हो ।

स्वयं श्मशानमा बसेकोलाई श्रीखण्ड, चन्दन, कस्तूरीचूर्ण आदि सुगन्धित लेपहरू कहाँबाट मिल्ने ? उसको त श्रृङ्गार भनेकै चिताभस्म हो । संसारको बाध भई त्यो शिवतत्त्वमा मिलेको कुरालाई नै भस्म धारणले बताएको हो भनी पहिल्यै नवौँ श्लोकमा बताइसकियो । यसैगरी शिवले लगाउने माला खप्परको रहेको छ । मुण्डमालाले शिवको नित्यतालाई संकेत गर्दछ । ब्रह्मा, विष्णु आदि सबै देवताहरू समय आएपछि आफ्नो मूल शिवस्वरूपमै विलीन हुन्छन्, तर शिव भने अनादि कालदेखि त्यस्ता अनेक श्रेष्ठ पुरुषहरूको खप्परलाई खप्परमाथि खप्पर गरी मालाको रूपमा धारण गरेर रहनुभएको छ । त्यसैले शास्त्रहरूमा शिव र उहाँकै अभिन्न शक्तिरूपा शिवामा मात्र मुण्डमाला देखिन्छ, अरु देवताहरूमा होइन । यसरी शिव स्वयं परम मंगलमय हुनुहन्छ र उहाँले प्राणीहरूको मंगलकै लागि अनेक लीला गर्नुहुन्छ, तर अज्ञानीहरूलाई भने उहाँको स्वभाव अमंगलमय लाग्छ । त्यसैले **अमंगल्यं शीलम्** भन्ने भनाई शिवविमुखहरूकै दृष्टिकोणबाट भनिएको हो । शिवलाई उपनिषद्ले तुरीय ब्रह्मको रूपमा प्रतिपादन गरेको छ— **शान्तं शिवमद्वैतम्** । सम्पूर्ण वेदका परम प्रतिपाद्य अनि अनेक आराध्य देवताहरूका पनि परम आराध्य देवाधिदेव शिवमा जसको बुद्धि लागेको छैन, त्यस्ता मायाद्वारा मोहित प्राणीहरूलाई मात्र शिव अमंगलरूप लाग्नुहुन्छ । लाटोकोसेरोले दिनमा अँध्यारो देखेजस्तै उनीहरूले त्यस्तो देख्नु ठीकै पनि हो । तर अनन्त जन्म-जन्मान्तरमा गरेको पुण्यपुञ्ज एकत्रित भई संसारका मूल बिन्दु शिवमै जसको अनन्य श्रद्धा उत्पन्न भएको छ, त्यस्ता भाग्यशालीहरूलाई शिवबाहेक अरु कुनै चीज मंगलमय लाग्दैन । संसारीहरूलाई मंगलमय लाग्ने पृथिवीदेखि ब्रह्मलोकपर्यन्तका सबै भोगहरूलाई अत्यन्त तुच्छ सम्झी उनीहरू शिवकै शरणमा जान्छन् । अचेल सभ्य भनाउँदा मानिसहरू गुरु खोज्दा पनि आफ्नो तहअनुसारको सुविधासम्पन्न र सभ्य गुरु खोज्छन् । त्यसैगरी इष्टदेव रोज्दा पनि झकिझकाउ रहने र सभ्य देखिने ठाँटबाँटका देवताहरू रोज्छन् । बिचरा अज्ञानीहरूलाई गुरु र इष्टदेव रोज्दा अर्थशास्त्रको बुद्धि प्रयोग गर्नुहुन्न भन्ने के थाहा ? यस्तै अर्धज्ञानीहरू नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिवमा र शिवात्मा भएका विरक्त महात्माहरूमा व्यवहारको रङ्गढङ्ग नजानेको दोष लगाउँछन् । हुन पनि तिनको असत्य अनि कपटपूर्ण व्यवहारलाई ब्रह्मज्ञानीले किन जान्न परेको छ र ?

शिव यति कल्याणमय हुनुहुन्छ कि शिवको प्रधान वैदिक मन्त्रमा शुक्लयजुर्वेदले उहाँलाई **नमः शिवाय च शिवतराय च** (शु.वे. १६/४१) भनी वन्दना गरेको छ । शिव कल्याणस्वरूप त हुनुहुन्छ नै, अझ जति उहाँको स्वरूपविचार गर्दै गइन्छ या शरणमा परिन्छ, त्यति त्यति उहाँको शिवरूपता झन् शिवतर बन्दछ अर्थात् बढ्दछ भन्ने यसको तात्पर्य हो । यस्ता अनन्त कल्याणका स्वामी शिवको जसले स्मरण गर्दछन्, तिनको पनि कल्याण हुने निश्चित छ ।

विष्णुपक्षमा अर्थ गर्दा यस श्लोकको दुराचारीभन्दा दुराचारी व्यक्ति पनि यदि परमात्माको स्मरण गर्दछ भने त्यसलाई परमात्माले मंगल प्रदान गर्नुहुन्छ भन्ने बुझिन्छ । **तव स्मर्तृणाम् अमंगल्यम् शीलं भवतु नाम** अर्थात् हजुरको स्मरण गर्नेहरूको आचरण पहिले अत्यन्त अमङ्गलमय भइरहोस्, तर तिनीहरूलाई हजुरले परम मंगल प्रदान गर्नुहुन्छ । अजामिलजस्ता व्यक्तिहरू दुराचारी भएर पनि अन्तमा भगवत्कृपालाई पाई कृतार्थ भएका छन् ।दुराचारी व्यक्तिहरू **श्मशानेषु** अर्थात् श्मसानतुल्य घरहरूमा रमाउँछन् । **स्मरहरपिशाचाः** शब्दको व्युत्पत्ति हुन्छ- **स्मरं स्मरणं हरन्ति इति स्मरहराः, ते च पिशाचाः** । परमात्मस्मरणलाई हरण गर्ने परिवार, बन्धुबान्धव आदि नै पिशाचतुल्य छन्, तिनै यसका **सहचराः** अर्थात् सहचर छन् । त्यो व्यक्ति **चिताभस्मालेपः** अर्थात् एक दिन चितामा भस्म हुनैपर्ने शरीरमा लिप्त रहन्छ । उसले आभूषण माला आदि पनि भगवान्का लागि नभई संसारलाई देखाउनकै लागि लगाउँछ । त्यसैले त्यो माला लगाउनु **नृकरोटीपरिकरः** अर्थात् मानिसहरूको खप्परलाई सिंगार्नुसमान हो । यस्ता दुराचारी संसारीहरूले पनि भगवत्स्मरण गरे भने उनीहरूलाई वरदाता परमात्माले परम कल्याण गरिदिनुहुन्छ । यही कुरालाई श्रीमद्भगवद्गीतामा भगवान्ले **न मे भक्तः प्रणश्यति** अर्थात् जस्तो दुराचारी भए पनि मेरो भक्तको विनाश हुँदैन भनी बताउनुभएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मनः प्रत्यक्चित्ते सविधमवधायात्तमरुतः
प्रहृष्यद्रोमाणः प्रमद-सलिलोत्सङ्गितदृशः ।
यदालोक्याह्लादं ह्रद इव निमज्यामृतमये
दधत्यन्तस्तत्त्वं किमपि यमिनस्तत् किल भवान् ॥२५॥

पदार्थ-

सविधं = यमनियमादि विधिपूर्वक, **आत्तमरुतः** = प्राणायामद्वारा प्राण रोकेका, **प्रहृष्यद्रोमाणः** =रोमाञ्चितभइरहेका, **प्रमदसलिलोत्सङ्गितदृशः** = आनन्दाश्रुद्वारा आँखा भरिएका, **यमिनः** = योगीहरूले, **प्रत्यक्** = अन्तर्मुख, **मनः** = मनलाई, **चित्ते** = हृदयदेशमा, **अवधाय** = समाधिस्थ गरी, **यत्** = जुन, **किमपि** = निश्चितरूपले बताउन नसकिने कुनै, **तत्त्वं** = तत्त्वलाई, **आलोक्य** = साक्षात्कार गरी, **अमृतमये** = अमृतमय, **ह्रदे** = सरोवरमा, **निमज्ज्य इव** = चुर्लुम्म डुबेझैँ, **अन्तः** = आफैँभित्र, **आह्लादं** = परमानन्दलाई, **दधति** = धारण गर्दछन्, **तद्** = त्यो, **भवान् किल** =हजुर नै हुनुहुन्छ ।

भावार्थ-

योगीहरू यम-नियमादि शास्त्रीय विधिपूर्वक प्राणायाम गरी प्राणलाई रोक्दछन् र मनलाई अन्तर्मुख गरी हृदयदेशमा नै समाहित गराउँदछन् । त्यसबेला अवर्णनीय परमतत्त्वलाई साक्षात्कार गरी उनीहरू अमृतमय सरोवरमा चुर्लुम्म डुबेझैँ हुन्छन् । शरीरभरी रोमाञ्च भएका अनि आनन्दाश्रुद्वारा आँखा भरिएका उनीहरूले आफैँभित्र परमानन्दलाई प्राप्त गर्दछन्, त्यो परमतत्त्व हजुर नै हुनुहुन्छ ।

विवरण-

यस श्लोकमा हृदयभित्र परम आनन्दरूप तत्त्वलाई साक्षात्कार गरेर ज्ञानीहरू कृतकृत्य हुने र उनीहरूभित्रको आनन्द रोमाञ्च, अश्रुपात आदिको रूपले बाहिर पनि प्रकट हुने कुरा बताइएको छ । आखिर मनभित्र जे-जस्तो भावना छ, त्यसलाई बाहिर प्रकट गर्दिन भनी लुकाउन खोज्दा पनि त्यो कुनै न कुनै रूपले अभिव्यक्त भइहाल्दछ । अनुहारको आकार-प्रकार, इसारा, भाव, शरीरको चेष्टा, आउजाउ, बोली, आँखाको हेराइ आदिबाट मनभित्रको भाव लक्षित हुन्छ भन्ने शास्त्रीय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धारणा छ । घैँटोभित्र पानी भरिएको छ भने त्यसको ज्ञान बाहिरबाटै हुन्छ । कुनै व्यक्तिको मनमा दुःख, शोक भरिएको छ भने त्यही अनुसारको भावभङ्गी देखिने र सुख, आनन्द भरिएको छ भने त्यही अनुसारको भावभङ्गी देखिने गर्दछ । सामान्य तहका भावहरू त शरीरमा यसरी अभिव्यक्त हुन्छन् भने अलि गहिरा र चित्त पगाल्ने खालका भावहरू हुँदा त त्यो झन् स्पष्टतः अभिव्यक्त हुन्छ ।

वास्तवमा भक्ति होस् या ज्ञान, जति पनि साधनमार्गहरू छन्, ती सबै चित्तकै चिकित्साका लागि हुन् । अनादि कालदेखि संसारका पदार्थसम्बन्धी राग एवं द्वेषको संस्कारले चित्त असाध्यै मैलो भएको छ । ज्ञानमार्गको साधनामा सम्पूर्ण विषयहरूलाई मिथ्या एवं विषसमान हेय भन्ने भाव राखिन्छ र वैराग्यको अभ्यासद्वारा अन्तःकरणभित्रको त्यो मैलोलाई नष्ट गरिन्छ । भक्तिमार्गमा चाहिँ परमात्माका गुणश्रवण, स्मरण, कीर्तन, स्वरूपध्यान आदिद्वारा प्रेमलाई अझ बढाई चित्त पगालेर त्यसको मैलो नष्ट गरिन्छ । यसरी वैराग्यद्वारा या परमात्मस्मरण आदिद्वारा चित्तको मयल नष्ट भएपछि त्यसमा ब्रह्मतत्त्वसाक्षात्कार या भगवत्तत्त्वज्ञान उदाउँछ । यसपछि चित्त अद्वितीय परमात्मामा मिली चिद्रूप नै बन्दछ । त्यसैले भनिन्छ—

चित्तं चिदिति जानीयात् तकाररहितं यदा ।

तकारो विषयाध्यासो जपारागो मणौ यथा ॥ अर्थात् चित्तबाट पछिल्लो तकार निकालिदिँदा त्यो चित् अर्थात् ब्रह्म नै हुन्छ, । त्यो पछिल्लो तकार भनेको चाहिँ विषयको अध्यास हो । जसरी स्वच्छ स्फटिकमा जपाकुसुमको रातोपन अध्यस्त भई रातो स्फटिक भन्ने बोध हुन्छ । त्यसैगरी चित् ब्रह्ममा जब विषयको संस्कार प्रतिबिम्बित हुन्छ, तब त्यही चित्त बन्दछ । यसरी वेदान्तमा विषयसंस्कारलाई नष्ट गर्नु नै चित्तलाई ब्रह्मरूप बनाउनु हो भनिन्छ । अतः वैराग्यद्वारा मनलाई विषयबाट निवृत्त गरेर हुन्छ या परमात्मस्मरणद्वारा चित्तलाई पगालेर हुन्छ, विषयसंस्कार नष्ट गर्नु वेदान्तलाई स्वीकार्य छ ।

यीमध्ये भक्तिमार्गमा चित्तलाई पगाल्न जोड दिइन्छ । अझ चित्त पग्लिनु नै भक्ति हो भनिएको पनि छ । भक्तिरसायनकार मधुसूदन सरस्वती लेख्नुहुन्छ—

द्रुतस्य भगवद्धर्माद् धारावाहिकतां गता ।

सर्वेशे मनसो वृत्तिर्भक्तिरित्यभिधीयते ॥ (भक्तिरसायन १/३) अर्थात्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगवान्‌का गुणश्रवण, स्मरण आदिद्वारा चित्त पूर्णतः पग्लिनु र पग्लिएको चित्तले अखण्ड रूपमा परमात्मालाई विषय गरिरहनु नै भक्ति हो । परमात्मा अद्वितीय ब्रह्मस्वरूप नै हुनुहुन्छ । गुणश्रवण आदिद्वारा पग्लिएको चित्तले अखण्ड रूपमा उहाँलाई विषय गरिरह्यो भने त्यसपछि गर्नुपर्ने कुन साधना बाँकी रहला र ? आखिर वेदान्तवाक्यको श्रवणद्वारा अखण्डाकार वृत्ति बनाउने भनेको पनि मनले निरन्तर ब्रह्मस्वरूपलाई विचार गरिरहने भनेको त हो नि । त्यसैले अखण्ड परमात्मचिन्तनको उच्च स्थितिमा पुगेको व्यक्तिलाई अर्को कुनै साधनामार्गको आवश्यकता पर्दैन । पग्लिएको चित्तले परमात्मालाई कहिल्यै नछाड्ने गरी समात्यो, बस् पुग्यो— **यद् गृह्णाति द्रुतं चित्तं किमन्यत् परिशिष्यते** । (भक्तिरसायन १/३०) वास्तवमा ज्ञानद्वारा शिवस्वरूप भइसकेका महापुरुषहरू पनि शिवभक्तिद्वारा चित्त पगाली त्यसको रसलाई अनुभव गर्न खोज्छन् । अद्वितीय शिव नै उपास्य र उपासकको रूपमा बन्नुभएको बुझेपछि आफ्नै प्रेमको रसलाई अनुभव गर्न ज्ञानी पनि अभेदभक्तिमा प्रवृत्त हुन्छ । परम ज्ञानी भगवत्पाद श्रीशङ्कराचार्य शिवानन्दलहरीमा लेख्नुहुन्छ—

वक्षस्ताडनमन्तकस्य कठिनापस्मारसम्मर्दनम्,
भूभृत्पर्यटनं नमत्सुरशिरः-कोटीरसङ्घर्षणम् ।
कर्मेदं मृदुलस्य तावकपदद्वन्द्वस्य किं वोचितम्,
मच्चेतोमणिपादुकाविहरणं शम्भो ! सदाङ्गीकुरु ॥ (शिवा.लहरी ६४)

अर्थात् हे शिव ! हजुरका चरणहरू अत्यन्त कोमल छन् । तिनै चरणद्वारा हजुरले यमको कठोर छातीमा प्रहार गर्नुहुन्छ, अपस्मार राक्षसलाई मर्दन गर्नुहुन्छ, पहाडका शिखरहरूमा डुल्नुहुन्छ अनि सारा देवताहरूले शिर झुकाई प्रणाम गर्दा उनीहरूका मुकुटका चुच्चा भागहरूले पनि तिनै चरणमा घोच्दछन् । यी सबै कुरा हजुरका कोमल चरणका लागि उपयुक्त छैनन्, त्यसैले अबदेखि मेरो चित्तरूपी मणिमय पादुकालाई धारण गरी विहार गर्नुहोला । यसरी यौटा परम ज्ञानी पनि शिवभक्तिमा आफ्नो चित्त पगाल्दछ । त्यसैले अनुभवीहरू भन्दछन्— **भक्त्यर्थं कल्पितं द्वैतमद्वैतादपि सुन्दरम्** (बोधसार) अर्थात् ज्ञानीले भक्तिका लागि उपास्य–उपासकको द्वैतलाई कल्पना गरी रमाउनु अद्वैत भावभन्दा पनि रमणीय हुन्छ ।

मधुसूदन सरस्वती बताउनुहुन्छ– चित्त लाहाजस्तो छ । भक्तिरूपी आगोद्वारा पगाली परमात्माको आकारमा ढालेपछि सधैँ त्यत्तिकै रहन्छ । यद्यपि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संसारका सुख-दुःख आदि अनुभवहरूले पनि चित्त पगालेको जस्तो लाग्छ, किनभने सन्तान जन्मिँदा मान्छे अत्यन्त गद्गद हुन्छ। परिवारका सदस्यहरूको मृत्यु हुँदा पीडाले व्याकुल बन्दछ। तर ती सबै अनुभवहरू केही समयको अन्तरालपछि मेटिँदै जान्छन्। जुन सन्तान जन्मिँदा व्यक्ति पुलकित भएको थियो, पछि उसैसँग मन मिल्दैन। अनि पत्नी मर्दा आफैँ मरेजस्तो भएको व्यक्तिले पछि अर्की पत्नी ल्याई उसलाई पूर्ववत् प्रेम गरेको देखिन्छ। यसरी संसारको सुखदुःखले मन केही क्षण पग्लिएको जस्तो मात्र हुन्छ। यसलाई पूर्णतः पगाल्न भगवत्प्रेमको उद्रेक नै चाहिन्छ। जब भवत्प्रेममा व्यक्तिको चित्त एक पटक पग्लिन्छ त उसको भगवान्प्रतिको भक्ति कहिल्यै घट्दैन, झन्झनै बढ्दै जान्छ। यस्ता भक्तहरूको चाला बताउँदै शास्त्रहरूमा भनिएको छ— **वाग् गद्गदा द्रवते यस्य चित्तं, रुदत्यभीक्ष्णं हसति क्वचिच्च** (श्रीमद्भा.महा. ११/१४/२४) अर्थात् भक्तिमा चित्त पग्लिएको व्यक्तिको वाणी गद्गद हुन्छ। ऊ राम्ररी बोल्न सक्दैन। कहिले रोएको रोयै गर्दछ अनि कहिलेचाहिँ हाँसेको हाँस्यै गर्दछ। परमात्मभक्तिमा यसरी पागलसमान भएको व्यक्तिले तीनै लोकलाई पवित्र पार्दछ भन्ने शास्त्रको भनाइ छ।

भक्तिको बाढी आउँदा देखिने यी लक्षणहरूलाई भक्तिशास्त्रहरूमा सात्त्विक भाव भनिन्छ—

स्तम्भः स्वेदोऽथ रोमाञ्चः स्वरभङ्गोऽथ वेपथुः।

वैवर्ण्यमश्रुप्रलयौ इत्यष्टौ सात्त्विकाः गुणाः॥ **स्तम्भ** अर्थात् शरीर स्तब्ध हुनु, **स्वेद** अर्थात् पसिना–पसिना हुनु, **रोमाञ्चः** आर्थत् रौँ ठाडा–ठाडा हुनु, **स्वरभङ्गः** अर्थात् घाँटी रोकिई बोल्न नसक्नु, **वेपथुः** अर्थात् कम्पन हुनु, **वैवर्ण्यम्** अर्थात् शरीर कान्तिहीन हुनु, **अश्रु** अर्थात् बलिन्द्र धारा आँसु बर्सिनु र **प्रलय** अर्थात् मूर्च्छित हुनु या प्राणान्तसमेत हुनु यी आठ सात्त्विक भावहरू छन्।

यहाँ के बुझ्नुपर्दछ भने परमात्माको साकार रूपको उपासनामा कहिलेकहीँ वियोगको भाव पनि जाग्दछ। मलाई परमात्माको दर्शन भएन भन्ने व्यथामा व्याकुल भई भक्त मूर्च्छित हुने, कान्तिहीन हुनेजस्ता वियोगसूचक सात्त्विक भावहरू पनि उसमा प्रकट हुन्छन्। तर हृदयभित्रै परम आनन्दस्वरूप तत्त्वको रूपमा ब्रह्मतत्त्वलाई साक्षात्कार गर्ने ज्ञानीहरूमा वियोगको व्यथा रहन्न। उसमा त उल्लास या आनन्दका लक्षणहरू मात्र प्रकट हुन्छन्। त्यसैले यहाँ **प्रमदसलिल** अर्थात् हर्षको आँसुले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आँखा भरिने र रोमाञ्च हुने दुई लक्षणहरू बताई आनन्दका अभिव्यक्तिरूप भावहरूलाई मात्र सङ्केत गर्न खोजिएको छ।

अद्वितीय शिवतत्त्वको वर्णन गर्न या त्यो यस्तै छ भनी निरूपण गर्न सकिन्न। त्यसैले यहाँ **किमपि तत्त्वं** अर्थात् कुनै तत्त्व भनी बताइएको छ। वास्तवमा शिवतत्त्वको साक्षात्कार नगरुञ्जेल त्यसको अनुभव नै नहुने भएकाले वर्णन सम्भव छैन। तत्त्वसाक्षात्कार भइसकेपछि शिवतत्त्वको अन्वेषण गर्ने व्यक्ति स्वयं त्यहीँ गई विलीन हुने हुनाले त्यो तत्त्व कस्तो रहेछ भनी पृथक्रूपमा अनुभव गर्ने अवस्था नै रहँदैन। नदीभन्दा भिन्न भई नदीमा डुबेको मानिसले मात्र त्यसको शीतलताको वर्णन गर्न सक्छ। तर नदीमै गई मिलेको खोलाले पृथक्रूपमा नदी यस्तो रहेछ भनी अनुभव गर्न र बताउन पनि सक्दैन। ब्रह्मतत्त्वसाक्षात्कार पनि स्वयं जीवात्मा नै बिलाउने ज्ञान हो। घैँटो आदिको ज्ञानजस्तो जीवले आफूभन्दा अलग रूपमा वस्तुको अनुभव गर्ने ज्ञान होइन। अतः ब्रह्मतत्त्व जान्नुभन्दा अघि पनि **किमपि** अर्थात् कुनै भन्ने रूपमा नै हुन्छ अनि ज्ञानपछि पनि कुनै भन्ने रूपमा नै। त्यस्तो तत्त्वलाई **आलोक्य** अर्थात् आत्मरूपमा नै साक्षात्कार गरेर **यमिनः** अर्थात् शम, दम आदि साधनले सम्पन्न भएका विरक्त महात्माहरू अमृतमय सरोवरमा चुर्लुम्म डुबेझैँ **आह्लादम्** अर्थात् परम आनन्दलाई **दधति** धारण गर्दछन्।

ब्रह्मादेखि कीट-पतङ्गसम्मका प्राणीहरू जुन आनन्दको लेश या अंशलाई प्राप्त गरेर आनन्दित भइरहेका हुन्छन्, त्यो परमानन्दलाई ज्ञानीले आफ्नै आत्माको रूपमा साक्षात्कार गरेको हुन्छ। त्यसैले ऊ परम आनन्दमय त भएकै हुन्छ। तर यो आनन्द विषयसुखजस्तो पृथक् अनुभव गरिने आनन्द होइन। किनभने भगवत्पाद श्रीशंकराचार्यले भनेझैँ— **आनन्दानन्दिनोश्च अविभागोऽत्र** (तै.उ.शां.भा. २/८/४) अर्थात् यस स्थितिमा आनन्द र त्यसलाई ग्रहण गर्ने व्यक्ति भिन्न रहन्नन्। तर पनि जबसम्म शरीर रहन्छ, तबसम्म ज्ञानीमा पनि लेशाविद्या र मन रहन्छ। त्यही मनद्वारा आफूले ज्ञान गरी स्वरूपलाई चिनेको कुरामा प्रफुल्लित हुँदै ज्ञानीले जुन अनिर्वचनीय आह्लादलाई अनुभव गर्दछ, त्यो पनि दिव्यलोकका देवताहरूले भोग्ने विषयानन्दभन्दा कैयौँ गुणा उत्कृष्ट हुन्छ। यो आनन्दको मस्तीमा ज्ञानीले सामगान गर्ने कुरा तैत्तिरीयोपनिषद्मा बताइएको छ— **हा३वु हा३वु हा३वु अहमन्नमहमन्नमहमन्नम्, अहमन्नादोऽहमन्नादोऽहमन्नादः**(तै.उ.३/१०/१५)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्थात् अहो ! आश्चर्य छ, आश्चर्य छ, म नै अन्न अर्थात् भोग्य पदार्थहरू रहेछु अनि म नै अन्नाद अर्थात् तिनको भोक्ताको रूपमा पनि रहेछु। यसरी सम्पूर्ण संसारलाई आत्मरूपमा अनुभव गर्दै ब्रह्मज्ञानी मस्त रहन्छ।

यस्तो अनन्त आनन्दलाई प्राप्त गर्नका लागि साधन या उपाय के हो भन्ने जिज्ञासामा भनिन्छ— **प्रत्यक् मनः** अर्थात् अन्तर्मुख मन नै आनन्द प्राप्त गर्ने साधन हो। उपनिषद्मा बताइएको छ कि— सृष्टिकर्ता ब्रह्माजीले इन्द्रिय, मन आदि सबै करणहरूलाई बाहिरैतिर जाने बनाइदिनुभयो। त्यसैले व्यक्तिले इन्द्रिय, मन आदिद्वारा केवल बाहिरी विषयलाई मात्र जान्न सक्छ, भित्री वस्तुलाई होइन। कुनै धीर व्यक्तिले मात्र विषयप्रदेशमा जाने यी इन्द्रियहरूलाई बहिर्मुख हुनबाट रोकी भित्री आत्मामा नै लगाउँछ— **कश्चिद्धीरः प्रत्यगात्मानमैक्षत्, आवृत्तचक्षुरमृतत्त्वमिच्छन्**(क.उ. २/१/१)। जो व्यक्ति अमृतत्त्व अर्थात् मोक्षलाई चाहन्छन्, उनीहरू नै यसरी धीरतापूर्वक मनलाई अन्तर्मुख बनाउन प्रयास गर्दछन्। संसारसुखमात्र चाहने अरु प्राणीहरू त **पराक्** अर्थात् बाहिरी विषयतर्फ नै आकृष्ट हुन्छन् र बहिर्मुख जीवन बिताउँछन्।

वास्तवमा सृष्टिकर्ताले राम्ररी सोचेर नै इन्द्रियहरूलाई बहिर्मुख बनाउनुभएको हो। नत्र सृष्टि यो रूपमा चल्नै सक्दैन थियो। सृष्टि स्वयंमा जड भएकाले त्यसको सिद्धिका लागि मात्र भए पनि त्यहाँ कुनै न कुनै चेतन तत्त्वको आवश्यकता पर्दछ। चेतन तत्त्व स्वयं सृष्टिकै अन्तर्गत हुनुपर्दछ, किनभने त्यही चेतनले संसारका जड वस्तुहरूलाई आफ्नो अनुकूल प्रयोग गर्ने, उचित व्यवस्थापन गर्ने, संरक्षण-संवर्धन गर्ने आदिद्वारा तिनको उपयोग गर्दछ। त्यसैले सृष्टिको सिद्धि र भोगका लागि पनि चेतन प्राणीहरूको सृष्टि भयो। तिनलाई संसारभोगका लागि आवश्यक पर्ने मन, इन्द्रिय आदि करणहरू पनि बने। अब समस्या के पऱ्यो भने यी इन्द्रिय आदिद्वारा विषयको अनुभव गरेसमान व्यक्तिले आफ्नो चेतनारूप शक्तिद्वारा आफूलाई पनि बुझ्यो भने त सबै मुक्त भइहाल्छन् र सृष्टिचक्र चल्न सक्दैन। त्यसैले त्यो चेतनलाई कहीं लुकाउनुपर्ने भयो, जहाँ सहजै रूपमा सबैको दृष्टि नजाओस्। अतः सृष्टिकर्ताले प्राणीहरूको अहङ्कारभित्र त्यो चेतनलाई लुकाइदिनुभयो। अनि त्यस अहंको विश्लेषण गरेर प्राणीहरूले आत्मस्वरूपलाई जान्लान् भनेर विचारको साधन मनलाई र उसका साथी इन्द्रियहरूलाई पनि बहिर्मुख बनाइदिनुभयो। फेरि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इन्द्रिय आदि सबै बाहिरी विषयमा मात्र जाने भएपछि त चेतनाको केन्द्रमा तिनको सम्पर्क नै नहुने भयो। त्यसपछि तिनले रूप, रस आदि विषयहरूको ग्रहण गरेको कुरा नै प्रकाशित नहुने भयो। अतः यस्तो व्यवस्था पनि गरियो कि इन्द्रियहरूले ती-ती विषयहरूको ग्रहण गर्ने बित्तिकै मनले त्यो कुरा चेतन आत्माकहाँ पुऱ्याई प्रकाशित गराइदिन्छ र त्यहाँबाट तुरुन्त फर्की इन्द्रियसँग अर्को पदार्थग्रहणका लागि तत्पर बन्दछ। यसरी कुनै विषयको भोगसँगै एकक्षणका निम्ति मन अन्तर्मुख भए पनि हमेसा बहिर्मुख नै रहने हुनाले उसले कहिल्यै पनि अहंको विश्लेषण गर्न र त्यहाँभित्रको चेतन तत्त्वलाई साक्षात्कार गर्न नसक्ने भयो। यसरी चेतनाद्वारा सृष्टि प्रकाशित हुने तर स्वयं चेतना भन्ने अप्रकट रहने गरी यो सृष्टिप्रक्रिया आजसम्म चलिरहेकै छ। यसप्रकार स्वभावतः नै बहिर्मुख भएका मन, इन्द्रियहरूलाई अन्तर्मुख बनाउन अत्यन्त कठिन छ, तर जसले वैराग्य, वेदान्तश्रवण आदि अभ्यासद्वारा मनलाई अन्तर्मुख बनाउन सक्यो, उसले आनन्दस्वरूप परम चैतन्यतत्त्वलाई साक्षात्कार गर्न सक्दछ।

प्रति उपसर्गपूर्वक **अञ्चु** धातुबाट प्रत्यक् शब्द बन्दछ। प्रति अर्थात् अहङ्कारभन्दा विलक्षण रूपले **अञ्चति** अर्थात् प्रकाशित हुन्छ भन्ने अर्थमा प्रत्यक् शब्दले आत्मालाई पनि बुझाउँछ, तर यहाँ प्रत्यक् शब्द मनको विशेषण हो। बहिर्मुखी स्वभावभन्दा विरुद्ध अन्तर्मुख भई रहने भन्ने अर्थ यसले बुझाउँछ। यस्तो मन नै परमानन्द प्राप्तिको कारण हुन्छ। त्यसैले भनिन्छ— मन नै व्यक्तिको बन्धन र मोक्षको कारण हो। विषयमा आसक्त भएको मन बन्धनको कारण हो भने विषयरहित भई अन्तर्मुख भएको मन मुक्तिको कारण हो— **बन्धाय विषयासङ्गि मुक्त्यै निर्विषयं स्मृतम्** (वि.पु. ६/७/२८)। अन्तर्मुख मनलाई **चित्ते** अर्थात् परमात्मचैतन्यको उपलब्धि हुने स्थान चित्तमा नै **अवधाय** अर्थात् पूर्णतः एकाग्र गरी व्यक्तिले त्यस तत्त्वलाई साक्षात्कार गर्न सक्दछ। यद्यपि परमात्मतत्त्व सर्वव्यापक छ, तर त्यसको उपलब्धिस्थान भनेको हृदय नै हो। अतः श्रीमद्भगवद्गीतामा भगवान् श्रीकृष्ण भन्नुहुन्छ— **ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति** (श्रीम.गी. १८/६१) अर्थात् हे अर्जुन ईश्वर सबै प्राणीहरूको हृदयमा बस्दछन्। उपनिषद्मा पनि **दहरं पुण्डरीकं वेश्म** (छा.उ. ८/१/१) भनी दहराकाश या हृदयकमललाई आत्माको निवासस्थान भनिएको छ। अतः आत्मसाक्षात्कारका लागि मनलाई त्यहीँ एकाग्र गर्नुपर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ अप्रत्यक्ष रूपमा अष्टाङ्गयोगको साधनालाई पनि सूचित गरिएको छ। **यमिनः** भन्ने पदले अष्टाङ्ग योगका यम र नियम गरी दुई साधनको बोध हुन्छ, **सविधं** अर्थात् विधानपूर्वक भन्नाले साधनामा बस्ने अनेक आसनहरूलाई बुझिन्छ । **आत्तमरुतः** शब्दले प्राणायामलाई बुझाउँछ, अनि **प्रत्यक्** भनेर प्रत्याहारलाई बुझिन्छ । **चित्ते** शब्दले कुनै देशविशेषमा मन अड्याउनुरूप धारणालाई बुझाउँछ भने **अवधाय** अर्थात् एकाग्र गरेर भन्ने पदले ध्यानलाई र त्यसको पूर्णावस्था समाधिलाई समेत बुझाउँछ । यसरी अष्टाङ्ग योगको अभ्यासद्वारा जसले मनलाई नियन्त्रण गरेको छ, उसैले परमानन्दस्वरूप आत्मालाई प्राप्त गर्दछ भन्ने बुझिन्छ।

यहाँ श्लोकको पहिलो पाउनमा परमानन्द-प्राप्तिको साधन या कारणलाई बताइसकेपछि दोस्रो पाउमा ब्रह्मानन्दको अनुभव भएपछि हुने कार्यलाई बताइएको छ । अथवा परमआनन्दमय भएको व्यक्तिको स्थिति कस्तो हुन्छ भनी उसको अवस्था बताइएको छ । **प्रहृष्यद्रोमाणः** अर्थात् शरीर रोमाञ्चित हुने र **प्रमदसलिलोत्सङ्गितदृशः** अर्थात् आनन्दाश्रुद्वारा आँखा भरिनेजस्ता लक्षणहरूद्वारा यो व्यक्ति परम आनन्दमा डुबेको छ भन्ने थाहा पाइने हुनाले यी जीवन्मुक्त पुरुषका पहिचान या लक्षणहरू पनि हुन् । यसरी यस श्लोकमा परम आनन्दस्वरूप परमात्मालाई प्राप्त गर्नका लागि गर्नुपर्ने मनोनिग्रह आदि साधना र त्यस तत्त्वलाई जानिसकेपछि जीवन्मुक्त व्यक्तिमा प्रकट हुने अनेक लक्षणहरू पनि बताइएको छ।

टीकाकार मधुसूदन सरस्वतीले श्लोकको सन्दर्भ उठाउँदै यहाँदेखिका श्लोकहरू निर्गुण ब्रह्मप्रतिपादनका प्रसङ्गमा आएका हुन् भनी उल्लेख गर्नुभएको छ । उहाँ भन्नुहुन्छ– शिवको वास्तविक स्वरूप भनेको निर्विशेष या निर्गुण निराकाररूप नै हो । निर्विशेष ब्रह्मलाई आफूभन्दा अभिन्न रूपमा साक्षात्कार गरेर मात्र व्यक्ति संसारबन्धनबाट मुक्त हुन सक्दछ । यही अद्वितीय ब्रह्म तत्त्वलाई प्रतिपादन गर्नु नै वेद आदि शास्त्रहरूको परम तात्पर्य हो । परमात्मविषयक जति पनि वचनहरू छन्, ती सबैले तात्पर्यतः भए पनि बुझाउने र ती सबै समाहित हुने ठाउँ पनि यही हो । प्रस्तुत स्तुतिमा पनि पहिले **अतीतः पन्थानं** भन्ने श्लोकमा परमात्माका निर्गुण निराकार, सगुण निराकार एवं सगुण साकार तीन रूपको चर्चा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आरम्भ गरिएको थियो। जगत् उत्पत्तिको हेतुको रूपमा सगुण रूपको र विभिन्न लीलाप्रसङ्गहरूद्वारा साकार स्वरूपको स्तुति गरियो। अब शास्त्रको मूल तात्पर्य भएको निर्गुण निराकार स्वरूपलाई बताउनका लागि यो प्रकरणको आरम्भ भएको हो। यहाँ जीवन्मुक्त महात्माहरूले हृदयभित्रै साक्षात्कार गर्ने परम आनन्दको रूपमा शिवतत्त्वको वर्णन गरिएको छ। ज्ञानीहरूले निरन्तर आत्मरूपमै साक्षात्कार गरिरहने यो तत्त्व कस्तो छ भनी निरूपण गर्न सकिन्न। अतः यहाँ **किमपि तत्त्वम्** अर्थात् कुनै तत्त्व भनी बताइएको छ, निर्देश गरेर यही तत्त्व हो भनिएको छैन।

यस श्लोकका अन्य केही सन्दर्भहरू पनि छन्। आत्मालाई सुखस्वरूप नमान्ने दार्शनिकहरू पनि प्रशस्त छन्। जस्तै नैयायिकहरू ईश्वरमा नित्य ज्ञान रहे पनि ऊ सुखरूप पनि होइन र उसमा सुख पनि रहँदैन। सुख जीवात्मामा मात्र रहन्छ भन्दछन्। योगीहरू चाहिँ ईश्वर ज्ञानस्वरूप नै हो तर सुखस्वरूप होइन भन्दछन्। ती अनेक दार्शनिकहरूका लागि आत्मा सुखस्वरूप भएको कुरा ज्ञानीको परमानन्दको अनुभवबाट सिद्ध छ भनी यहाँ आत्माको सुखरूपतामा प्रत्यक्ष प्रमाण प्रस्तुत गरिएको छ। यस श्लोकमा अष्टाङ्गयोगको साधना, मनोनिग्रहको अभ्यास आदि बताई त्वं पदार्थको शोधनप्रक्रिया पनि बताइएको छ। यसरी यस श्लोकका अनेक सन्दर्भ र तात्पर्यहरू छन्। सम्पूर्ण व्याख्या हरिपक्ष र हरपक्ष दुवैमा समान छ।

त्वमर्कस्त्वं सोमस्त्वमसि पवनस्त्वं हुतवह-
स्त्वमापस्त्वं व्योम त्वमु धरणिरात्मा त्वमिति च।
परिच्छिन्नामेवं त्वयि परिणता बिभ्रतु गिरं
न विद्मस्तत्तत्त्वं वयमिह तु यत् त्वं न भवसि ॥२६॥

पदार्थ-

त्वं अर्कः = हजुर सूर्य, **त्वं सोमः** = हजुर चन्द्रमा, **त्वं पवनः** = हजुर वायु, **त्वं हुतवहः** = हजुर अग्नि, **त्वं आपः** = हजुर जल, **त्वं व्योम** = हजुर आकाश, **त्वं धरणिः** = हजुर पृथिवी, **त्वं उ** = हजुर नै, **आत्मा च** = जीवात्मा पनि, **असि** = हुनुहुन्छ, **इति** = भनी, **एवं** = यसप्रकार, **परिणताः** = सीमित बुद्धि भएकाहरू, **त्वयि** = हजुरको विषयमा, **परिच्छिन्नां** = परिच्छिन्न,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गिरं = वचनहरूलाई, **बिभ्रतु** = बोलिरहून्, **वयं तु** = हामीचाहिँ, **इह** = यस संसारमा, **तत्** = त्यस, **तत्त्वं** = तत्त्वलाई, **न विद्मः** = जान्दैनौँ, **यत्** = जो, **त्वं** = हजुर, **न भवसि** = हुनुहुन्न ।

भावार्थ-

केही मानिसहरू अष्टमूर्ति हजुरको वर्णन गर्दै हजुरलाई सूर्य, चन्द्रमा, वायु, अग्नि, जल, आकाश, पृथिवी र जीवात्माको रूपमा प्रतिपादन गर्दछन् । तिनीहरूले केवल आठओटा रूपहरूमा मात्र सीमित गरी हजुरलाई बताइरहून्, तर हामीचाहिँ संसारमा हजुरविनाको कुनै पनि तत्त्वलाई जान्दैनौँ ।

विवरण-

शास्त्रहरूमा शिवका आठवटा प्रत्यक्ष स्वरूपहरू बताइएका छन् । ती आठवटा मूर्ति हुनाले शिवलाई अष्टमूर्ति पनि भनिन्छ । शिवका आठ मूर्तिहरू यी हुन्– सूर्य, चन्द्र, वायु, अग्नि, जल, आकाश, पृथिवी र यजमान अर्थात् जीव । अन्य देवीदेवताहरूका मूर्ति भनेर ती-ती प्रतिमा या सीमित विग्रहलाई नै लिइन्छ, तर शिव असीमित भएकाले उहाँलाई कुनै सानो सीमामा बाँध्न सकिन्न । उपासनाका लागि कुनै न कुनै रूपमा उहाँलाई निर्देश गर्नैपर्ने भएकाले शास्त्रले सम्पूर्ण पृथिवीलाई नै, सम्पूर्ण आकाशलाई नै शिवको मूर्ति भनी बताएको छ । शास्त्रप्रतिपादित शिवोपासनाको स्वरूपलाई हेर्ने हो भने त्यसमा अनेक रहस्यहरू भरिएको पाइन्छ । अरु देवीदेवताको उपासनामा हात, पाउ, मुहार आदि अङ्ग-प्रत्यङ्गको कल्पना भएको मूर्तिको व्यवस्था हुन्छ भने शिवोपासनाको मुख्य स्वरूप अङ्ग-प्रत्यङ्गको कल्पनाले रहित लिङ्गोपासनाको रूपमा देखिन्छ । लिङ्गोपासनाले यही जनाउँछ कि शिव अरु सबै साकार रूपकल्पनाका पनि बीजबिन्दु र अव्यक्त परमात्मा हुनुहुन्छ । बाटुलो र लाम्चो आकारको जुन शिला हुन्छ, त्यसबाट अनेक आकार प्रकट गर्न सकिन्छ । कुशल कालीगढले कुनै पनि आकार नगढिएको यस्तै शिलालाई लिएर त्यसलाई आफ्नो इच्छाअनुसार स्त्री-पुरुष, वृद्ध-बालक आदि जुनसुकै आकार दिनसक्छ । त्यस्तै विशेष आकारमा व्यक्त नहुनुभएका शिवबाट नै सबै जगत्को व्यक्त आकार प्रकट हुन्छ भन्ने बुझिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वास्तवमा सम्पूर्ण सृष्टि नै लिङ्गरूप छ, किनभने **लीनम् अर्थं गमयति इति लिङ्गम्** अर्थात् गुप्त रहेको अर्थलाई जसले जनाइदिन्छ, त्यही लिङ्ग हो। सृष्टिले पनि गुप्त भएका अव्यक्त परमात्मालाई या यसको स्रष्टालाई जनाइदिन्छ। त्यसैले यो लिङ्ग हो। अध्येताहरू भन्दछन्– विशालतम ब्रह्माण्डको आकार पनि लिङ्गाकार नै छ, अनि सानो परमाणुलाई हेर्ने हो भने पनि त्यसको आकार लिङ्गाकार नै देखिन्छ। धपधप बलिरहेको दियोको ज्वालालाई हेर्ने हो भने पनि त्यसको आकार शिवलिङ्गकै आकारको देखिन्छ। तन्त्रवेत्ताहरू भन्दछन्– सृष्टिको मूल तत्त्व बिन्दुरूप छ, जब त्यो अद्वितीय परम तत्त्व स्वतन्त्र इच्छाशक्तिद्वारा अनेक रूप बन्नका लागि अलि तन्किएजस्तो हुन्छ, त्यो लिङ्गाकारकै हुन्छ। यही नै विश्वसृष्टिको मूल हो, त्यसैले सृष्टिका हरेक पदार्थ त्यही अव्यक्त लिङ्गको आकारलाई दिग्दर्शन गर्दछन्। पुराणहरूमा पनि भनिएको छ— **आकाशं लिङ्गमित्याहुः पृथिवी तस्य पीठिका** अर्थात् आकाश नै लिङ्ग हो र पृथिवी चाहिँ त्यो अडिने आधार या पीठ हो। शिवलिङ्गमा हुने माथिल्लो लाम्चो भागलाई लिङ्ग अनि त्यो अडिने पीठलाई चाहिँ योनि या जलहरी भनिन्छ। यी दुईलाई शिवशक्तिरूप मानिन्छ। बिन्दुरूप शिवतत्त्वलाई केन्द्रमा राखी शिवकी शक्ति प्रकृति नै विश्वरूपमा बन्नका लागि तन्किन्छिन्। त्यसकै आकारमा जलहरीलाई उत्तर दिशातर्फ तन्किएको रूपमा देख्न सकिन्छ। यसरी सम्पूर्ण विश्वसृष्टि शिवशक्तिमय छ।

शिवका आठ मूर्तिमध्ये एउटा सूर्य हुन्। सूर्यबाट नै सारा प्राणीहरू पालित पोषित हुन्छन्। ओषधि, वृक्ष–वनस्पतिहरूले सूर्यकिरणबाट जुन ऊर्जालाई ग्रहण गर्दछन्, त्यही ऊर्जालाई फल, फूल, अन्न आदिको माध्यमले ग्रहण गरी शाकाहारी प्राणीहरू बाँच्दछन्। तिनै प्राणीहरूबाट सूर्यकै ऊर्जालाई ग्रहण गरी बाघ आदि मांसाहारी प्राणीहरू बाँच्दछन् भनी जीवशास्त्रीहरू बताउँछन्। यसरी स्थावर जङ्गम सम्पूर्ण प्राणीहरूको जीवनको आधार भएकाले वेदले सूर्यलाई स्थावर जङ्गम जगत्को आत्मा भनेको छ— **सूर्य आत्मा जगतस्तस्थुषश्च** (शु.य.वे. ७/४२)। सूर्यले नै नदी र समुद्रहरूबाट जल सोसी बाफ बनाएर बादलको रूपमा वर्षा गराउँछन्। प्रातः काल उदाई सम्पूर्ण प्राणिजगत्लाई आ-आफ्नो कर्ममा प्रवृत्त गर्दछन्। उनी नै अनन्त प्रकाश र ऊर्जाका स्रोत हुन्। यी सबै शक्तिहरू कुनै जड वस्तुमा रहन सक्दैनन्। चेतनमा मात्र रहन सक्छन्। त्यसैले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वेदले सूर्यलाई सृष्टिकर्ता परमात्मा भन्ने अर्थमा सविता शब्दले सम्बोधन गरेको छ। **षूङ् प्राणिप्रसवे** धातुबाट सविता शब्द बन्दछ। जसले जगत्को सृष्टि गर्दछ त्यही सविता हो। जगत्को सृष्टि गर्ने शक्ति सर्वसमर्थ ईश्वरमा मात्र छ। अतः सूर्य विश्वनाथ शिवकै स्वरूप हुन्। कुनै उपासकले सूर्यलाई शिवरूपमै मानी पापको निराकरण र कल्याणको प्राप्तिका लागि सविताको प्रार्थना गरेको वेदमन्त्र प्रसिद्ध छ— **विश्वानि देवसवितर्दुरितानि परासुव। यद् भद्रन्तन्नऽआसुव**। (शु.य.वे. ३०/३) हे सविता देवता! सम्पूर्ण संसारका जति पनि **दुरित** अर्थात् पापहरू छन् तिनलाई नष्ट गरिदिनुहोस् र हाम्रा लागि जे **भद्र** अर्थात् कल्याणकारी छ, त्यो प्रदान गर्नुहोस्। सूर्य शिवरूप नै हुन् भन्ने अझ स्पष्टतः वर्णन रुद्रसूक्तमा गरिएको छ। त्यहाँ भनिएको छ— **असौ योऽवसर्पति नीलग्रीवो विलोहितः। उतैनङ्गोपाऽअदृश्रन्नदृश्रन्नुदहार्यः स दृष्टो मृडयाति नः**। (शु.य.वे. १६/७) जुन यो आकाशमार्गमा हिँडिरहेको छ, त्यो नीलग्रीव अर्थात् शिव नै हो। यसलाई **गोप** अर्थात् गोठालाले पनि देखेका छन्, **उदहारी** अर्थात् पानी ल्याउने पँधेर्नीहरूले पनि देखेका छन्। **सः दृष्टः** अर्थात् यिनको यथार्थ स्वरूपलाई जानियो भने त **नः मृडयति** अर्थात् हामीलाई परम आनन्द प्रदान गर्दछन्। यस मन्त्रमा शिवले नै आफूलाई सबैले देख्न सकून् भनेर सूर्यको प्रत्यक्ष स्वरूप धारण गर्नु भएको बताइएको छ। सूर्यजस्तै चन्द्र पनि शिवकै एक मूर्ति हुन्। जसरी सूर्यले दिन, रात, महिना, वर्ष, आदिको निर्णय गरी कालनिर्धारण गर्दछन्, त्यसैगरी चन्द्रले पनि मास, पक्ष, तिथि आदिको निर्धारण गर्दछन्। यी दुवै कालात्मा शिवका कालनिर्धारक रूप हुन्। सूर्यजस्तै चन्द्रमाले पनि अमृत वर्षाई ओषधि, अन्न, वनस्पति आदिलाई पुष्ट गर्दछन्। पुराणहरूमा चन्द्रमालाई अमृतमय भनी बताइएको छ, अनि मृत्युञ्जय वा अमृतरूप शिवको शिरमा अमृतकलाको रूपमा चन्द्रकलालाई नै देखाइएको छ। अतः चन्द्र पनि शिवकै स्वरूप हो भन्ने बुझिन्छ।

यसैगरी शिवका पञ्चमहाभूतमय पाँच मूर्तिहरू पनि छन्। सम्पूर्ण ब्रह्माण्ड सृष्टिका मूल तत्त्व पृथिवी, जल, तेज, वायु, आकाश यी पञ्चमहाभूत पनि शिवकै मूर्ति हुन्। अव्यक्त परमात्मा व्यक्त जगत्को रूपमा बन्ने क्रममा सबभन्दा पहिले उहाँ आकाशको रूपमा बन्नुभएको हो। त्यसपछि क्रमशः वायु, तेज, जल र पृथिवीको रूपमा बन्नुभएको हो। अतः उपनिषद्मा सृष्टिक्रियाको वर्णन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्दा भनिन्छ— **तस्माद्वा एतस्मादात्मन आकाश सम्भूत आकाशाद् वायुः वायोरग्निः अग्नेरापः अद्भ्यः पृथिवी** (तै.उ. २/१/१)। आकाश सबै पदार्थका लागि अवकाश या खाली ठाउँ हो। यसमा शब्द गुण रहन्छ। यसको मुख्य विशेषता अस्पृष्ट-असङ्ग रहनु हो। अनेकौँ वर्ष आगो लागे पनि, पानी परे पनि, धुवाँ धुलो बादलले ढाकेको देखिए पनि आकाशमा ती सबैको अलिकति पनि संसर्ग भएको हुन्न। यसैगरी ब्रह्मतत्त्वमा सम्पूर्ण जगत् अडिए पनि त्यसको अलिकति पनि संसर्ग ब्रह्ममा हुन्न। ब्रह्मको सर्वव्यापकतामा दृष्टान्त दिनुपर्‍यो भने आकाशको नै दृष्टान्त दिइन्छ— **आकाशवत् सर्वगतश्च नित्यः**। वेदमा आकाश शब्दले सीधै ब्रह्मलाई पनि बताइएको छ। **आकाशो ह वै नामरूपयोर्निर्वहिता** (छा.उ. ८/१४/१) भन्ने श्रुतिमा आकाश नामरूपको विभागकर्ता हो भनी ब्रह्मलाई नै आकाशको रूपमा बताइएको हो भनी ब्रह्मसूत्रकारले आकाशाधिकरणमा बताउनुभएको छ- **आकाशस्तल्लिङ्गात्** (ब्र.सू. १/१/२२)।

यसैगरी वायु पनि शिवकै मूर्ति हो। जीवको रूपमा बनेपछि परमात्माले विचार गर्नुभयो कि कुन तत्त्व शरीरबाट उत्क्रान्त भयो भने म पनि त्यहाँबाट उत्क्रान्त हुँला अनि को प्रतिष्ठित रहँदा शरीरभित्र रहुँला। यही विचार गरी जीवको उत्क्रमण र जीवनको प्रयोजकको रूपमा प्राणको सृजना गर्नुभयो— **कस्मिन्नु खल्वहमुत्क्रान्ते उत्क्रान्तो भविष्यामि कस्मिँश्च प्रतिष्ठिते प्रतिष्ठास्यामीति स प्राणमसृजत** (प्र.उ.३/१)। यसरी प्राणीहरूलाई जीवित बनाउने प्राणवायु परमात्माकै रूप हो। वायुलाई स्पष्टतः भगवान्कै विभूतिको रूपमा शास्त्रहरूमा बताइएको छ— **पवनः पवतामस्मि**(श्रीम.गी.११/३१) अर्थात् म पवित्र गर्नेहरूमध्ये वायु हुँ। प्राणलाई ब्रह्मको रूपमा बताउने श्रुति पनि पाइन्छ। **प्राणोऽस्मि प्रज्ञात्मा** अर्थात् म ज्ञानस्वरूप प्राण हुँ भनी इन्द्रले प्रतर्दनलाई उपदेश गर्ने क्रममा प्राण भनेर आत्मालाई नै बुझ्नुपर्दछ भनी ब्रह्मसूत्रको प्रतर्दनाधिकरणमा बताइएको छ। अतः वायु पनि अद्वितीय शिवकै स्वरूप हो।

जल पनि शिवकै मूर्ति हो। जललाई जीवन पनि भनिन्छ, किनभने जलमा नै जीवन अडिएको छ। खाइएको अन्नको परिपाकबाट रस भई त्यसैबाट बनेको शुक्र-शोणितबाट नै प्राणीहरूको शरीर उत्पन्न हुन्छ। उपनिषद्मा पनि **पञ्चम्यामाहुतौ आपः पुरुषवचसो भवन्ति** (छा.उ. ५/९/१) अर्थात् पाँचौ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आहुतिमा जल नै पुरुषरूप हुन्छ भनी शरीरसृष्टिको मूल तत्त्व जललाई बताइएको छ। जलमा स्नेहनामक त्यस्तो गुण छ, जसले अणुहरूलाई एक आपसमा जोडी ठूलो कार्यद्रव्यको रूप दिन सक्छ। जलमा रहने यो सबै सामर्थ्य शिवकै हो। अतः जल पनि शिवकै रूप हो।

अग्नि या तेज पनि शिवकै अर्को मूर्ति हो। सम्पूर्ण ब्रह्माण्ड गतिशील छ, कुनै गतिशील वस्तुको मूलमा तेजतत्त्व रहनै पर्दछ। शरीरभित्र रहने वैश्वानर अग्निद्वारा प्राणीहरूले गरेको भोजन आदि पच्दछ। त्यो परमात्माकै रूप हो भन्ने कुरा शास्त्रहरूमा बताइएको छ— **अहं वैश्वानरो भूत्वा प्राणिनां हृदि संस्थितः** (श्रीम. गी. १५/१४)। अग्निलाई पावक भनिन्छ, उसले जुनसुकै अपवित्र वस्तुलाई पनि जलाई त्यसलाई पवित्र पारिदिन सक्छ। अग्निलाई देवताहरूको मुख पनि भनिन्छ। यजमान अग्निलाई नै आहुति दिएपछि त्यो सबै देवताहरूकहाँ पुग्छ भन्नेमा ढुक्क हुन्छ र सबैका लागि त्यहीँ चरु हवन गर्दछ। ऊ सर्वात्मा परमात्माकै रूप हो, अतः अग्निलाई दिएपछि सबैलाई प्राप्त हुन्छ। वेदमा भनिन्छ— **अग्निन्दूतं पुरोदधे हव्यवाहमुपब्रुवे। देवाँऽआसादयादिह** (शु.य.वे.) अर्थात् म देवताहरूका दूत अग्निलाई अगाडि राख्दछु र **हव्यवाह** अर्थात् चरु आदि आहुतिलाई वहन गर्ने तिनलाई प्रार्थना गर्दछु। उनले यहाँबाट देवताहरूकहाँ आहुति पुऱ्याइदिउन्। अतः अग्नि पनि सर्वात्मा शिवकै मूर्ति हुन्।

पृथिवी सम्पूर्ण प्राणीहरूको आधार हो, त्यसैगरी शिव पनि सम्पूर्ण प्रपञ्चको आधार हुनुहुन्छ। पृथिवीलाई क्षमा या सहनशीलताको मूल आदर्श मानिन्छ— **क्षमायाः पृथिवी मूलम्**। पृथिवीमा बीउ-बिजनलाई अङ्कुरको माध्यमले अनन्त अन्न बनाइदिने सामर्थ्य पनि हुन्छ। यो सबै शक्ति कुनै जड वस्तुमा सम्भव छैन। अतः पृथिवी पनि शिवको मूर्ति नै हो। यसैगरी अष्टमूर्ति शिवको आठौँ मूर्ति स्वयं जीव नै हो। सृष्टिमा नाम-रूपलाई विभक्त गरी अनन्त पदार्थको रूपमा त्यसको भोग गर्न परमात्मा नै जीवको रूपमा शरीरभित्र प्रविष्ट हुनुभएको हो भन्ने कुरा उपनिषद्मा बताइएको छ— **अनेन जीवेन आत्मना अनुप्रविश्य नामरूपे व्याकरवाणि** (छा.उ.६/३/२)। अन्यत्र पनि **स एष इह प्रविष्टः**(बृ.उ.१/४/७) अर्थात् त्यही परमात्मा शरीरभित्र प्रविष्ट हुनुभयो भनिएको छ। वास्तवमा प्रविष्टको असली स्वरूप प्रवेष्टा नै हुन्छ। ढोकाभन्दा भित्र छिरेपछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यो व्यक्ति भित्र छिर्नुभन्दा अघिको उही हुन्छ, भिन्न हुँदैन। अतः जीव पनि शिवको मूर्ति या स्वरूप हो।

यी आठ मूर्तिभित्र नै जगत् अधिकांशतः अन्तर्भूत हुन्छ नै, तर यहाँभित्र नगनिएका अरु सबै पदार्थहरू पनि शिवकै अनेक अभिव्यक्ति हुन्। यस संसारमा जे–जति वस्तु छ, त्यो शिवभन्दा भिन्न छैन, किनभने संसारमा शिवभन्दा अर्को तत्त्व नै छैन। वास्तवमा संसारमा जति पनि वस्तुहरू छन्, तिनीहरूको सत्रूपमै अनुभव गरिन्छ। घैँटो छ, कपडा छ, पहाड छ आदि। यी सबै पदार्थहरूमा सत् अर्थात् छ भन्ने अंश अबाधित छ। अनि घैँटो, कपडा आदिचाहिँ परस्पर व्यभिचरित छन्। अतः भिन्नाभिन्नै नामरूपलाई छाडेपछि सत्रूप ब्रह्ममात्र अवशिष्ट रहने हुनाले संसार ब्रह्मरूप नै हो भन्ने बुझिन्छ।

उपनिषद्मा संसार ब्रह्मरूप नै भएको कुरा दृष्टान्तपूर्वक प्रतिपादन गरिएको छ— **वाचारम्भणं विकारो नामधेयं मृत्तिकेत्येव सत्यम्** (छा.उ.६/१/४) अर्थात् घैँटो भन्ने पृथक् नामरूप त वाणीको विलासमात्र हो। वास्तवमा त्यहाँ मृत्तिका नै सत्य हो। यसैगरी पृथिवी, जल, तेज आदि यी नाम पनि वाणीका विलासमात्र हुन्, तर वास्तवमा चाहिँ त्यहाँ ब्रह्म नै भएको वस्तु हो। यही श्रुतिलाई आधार मानी ब्रह्मसूत्रकारले जगत् ब्रह्मभन्दा अनन्य हो भनी प्रतिपादन गर्नुभएको छ— **तदनन्यत्वमारम्भणशब्दादिभ्यः** (ब्र.सू. २/१/१४)। यहाँ जगत् ब्रह्मभन्दा अनन्य अर्थात् अभिन्न हो भनी बताइएको छ। यसको तात्पर्य बताउँदै भामतीकार लेख्नुहुन्छ— **अभेदं न प्रतिपादयामः किन्तु भेदं व्याषेधामः** अर्थात् यहाँ जगत्लाई ब्रह्मभन्दा अभिन्न भनी बताउनुको मतलब जगत् ब्रह्मभन्दा अलग सत्तावान् होइन भनी बताउन खोजिएको हो। जगत् र ब्रह्मलाई पूर्णतः अभिन्न बनाउन खोजिएको होइन।

उपनिषद्मा **सर्वं खल्विदं ब्रह्म** (छा.उ. ३/१४/१) अर्थात् सबै जगत् ब्रह्म नै हो भनी बताउँदा यही शङ्का आउने गर्दछ– नामरूपात्मक द्वैतप्रपञ्च कसरी अद्वितीय ब्रह्मरूप हुन सक्दछ ? यसको उत्तर हो कि– जगत्लाई ब्रह्म भनी बताउनुको अर्थ जगत्को सत्ता ब्रह्मको सत्ताभन्दा पृथक् छैन भन्ने हो। आफ्नो अलग सत्ता नभई कुनै अधिष्ठानमा अध्यस्त भएको वस्तु त्यही अधिष्ठानरूप हुन्छ। दार्शनिक भाषामा यसलाई **ब्रह्मसत्तातिरिक्तसत्ताकत्वाभाव** अर्थात्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्मको सत्ताभन्दा अतिरिक्त जगत्को सत्ता छैन भनिन्छ। यसको तात्पर्य बताउँदै आचार्यहरू भन्नुहुन्छ– जगत्ब्रह्मभन्दा अभिन्न हो, तर ब्रह्म जगत्भन्दा भिन्न नै हो। जहाँ जगत् छ, त्यहाँ ब्रह्म छ भन्न मिल्दछ, तर जहाँ ब्रह्म त्यहाँ जगत् छ भन्न सकिन्न। किनभने मुक्ति, प्रलय, सुषुप्ति आदि अवस्थामा ब्रह्ममात्र रहन्छ, जगत् रहँदैन। यही कुरालाई श्रीमद्भगवद्गीतामा भगवान् श्रीकृष्णले **न त्वहं तेषु ते मयि** (श्रीम.गी. ७/१२) अर्थात् म जगत्का पदार्थहरूको सत्तामा आश्रित छैन, तर जागतिक पदार्थहरू चाहिँ मेरै सत्तामा आश्रित छन् भनी बताउनुभएको छ। प्रस्तुत स्तुतिमा पनि **यत् त्वं न भवसि तत् तत्त्वं न विद्मः** अर्थात् हजुर नभएको कुनै तत्त्व छैन भनी यही कुरालाई सूचित गरिएको छ।

यहाँ मधुसूदन सरस्वती एउटा शङ्का उठाउँदै भन्नुहुन्छ— **सर्वस्य ब्रह्मरूपत्वे घटविज्ञानस्यापि ब्रह्मज्ञानरूपत्वात् ततोऽपि मोक्षप्रसङ्गः** अर्थात् घट पटादि सबै पदार्थ वास्तवमा ब्रह्मरूप भएपछि जुनसुकै पदार्थको ज्ञानले मोक्ष हुनुपर्ने ? यो शङ्काको उत्तर हो— **अन्यानुपरक्तचैतन्यभावस्यैव मोक्षहेतुत्वम्** अर्थात् अरु धर्मद्वारा अनुपरक्त या असंसृष्ट सत्ताको ज्ञानले मात्र मोक्ष हुन सक्दछ। घैँटोमा यद्यपि ब्रह्मसत्ता मात्र रहेको छ, तर त्यो सत्ता निरपेक्ष नभई घटरूप बाह्य धर्मद्वारा उपरक्त छ। त्यसैले संसारधर्मद्वारा छोइएको छ। यस्तो संसारधर्मद्वारा छोइएको वस्तुलाई जान्दा पनि मोक्ष हुने भए त प्राणीहरूले सधैँ अहं रूपमा आत्माको अनुभव गरिरहेकै छन्, त्यसैबाट मोक्ष हुनुपर्ने। तर प्राणीहरूले जानेको अहंमा कर्तृत्व, भोक्तृत्व आदि संसारधर्म मिसिएकाले त्यो शुद्ध आत्मा होइन। अतः त्यसलाई जानेर मोक्ष नभएजस्तै घटमा ब्रह्मको सत्ता पनि घटरूपी धर्मद्वारा अशुद्ध भएकाले त्यसलाई जानेर मोक्ष हुँदैन। अरु धर्मले रहित शुद्ध ब्रह्मलाई जानेर मात्र मोक्ष हुन सक्छ। अतः संसार ब्रह्मरूप भए पनि त्यसको ज्ञानद्वारा मोक्ष हुने आपत्ति आइपर्दैन।

यसप्रकार यहाँ द्वैत प्रपञ्चको एकमात्र अधिष्ठानको रूपमा शिवतत्त्वको वर्णन गरिएको छ। अध्यस्तको सत्ता अधिष्ठानको भन्दा अलग नहुने भएकाले जगत्मा शिव एकमात्र अद्वितीय तत्त्व हुनुहुन्छ। जसलाई **एकमेवाद्वितीयम्** (छा.उ. ६/२/१), **शान्तं शिवमद्वैतम्** (मा.उ. ७) भन्नेजस्ता श्रुतिहरूले बताएका छन्।

मधुसूदन सरस्वतीका अनुसार अघिल्लो श्लोकले मनको अन्तर्मुखता,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अष्टाङ्गयोगको अभ्यास आदि साधनहरूलाई बताई त्वंपदार्थको शोधनप्रक्रिया बताएको थियो। किनभने मनोनिरोध आदिद्वारा वासनाको बन्धनबाट मुक्त हुनु नै त्वं पदार्थ जीवको शोधन हो। यस श्लोकमा परमात्मालाई सम्पूर्ण जगत्को अधिष्ठान एवं अद्वितीय सद्वस्तुको रूपमा बताई तत्पदार्थको शोधन गरिएको छ। संसारको सृष्टि, स्थिति आदि संसारधर्मले नछोइई अद्वितीय एवं शुद्ध रहेको आत्मालाई बताउनु नै तत्पदार्थको शोधन हो। यसपछि शुद्ध भएको त्वंपदार्थ र तत्पदार्थबीच एकता हुने कुराचाहिँ अबको श्लोकमा बताइन्छ। हरि र हर दुवै अद्वितीय ब्रह्मरूप नै भएकाले यो सबै व्याख्या हरपक्षमा जस्तै हरिपक्षमा पनि समान छ।

त्रयीं तिस्रो वृत्तीस्त्रिभुवनमथो त्रीनपि सुरान्
अकाराद्यैर्वर्णैस्त्रिभिरभिदधत् तीर्णविकृति ।
तुरीयं ते धाम ध्वनिभिरवरुन्धानमणुभिः
समस्तं व्यस्तं त्वां शरणद गृणात्योमिति पदम् ॥२७॥

पदार्थ-

शरणद = भक्तहरूलाई शरण दिने हे भगवन्! **त्रयीं** = तीनै वेद, **तिस्रः** = तीन, **वृत्तीः** = जाग्रदादि अवस्थाहरू, **त्रिभुवनं** = तीन लोकहरू, **अथो** = त्यसैगरी, **त्रीन्** = तीनप्रकारका, **सुरान् अपि** = ब्रह्मादि देवताहरूलाई पनि, **अकाराद्यैः** = अकारादि, **त्रिभिः** = तीन, **वर्णैः** = मात्राहरूद्वारा, **अभिदधत्** = प्रतिपादन गर्ने र, **अणुभिः** = अत्यन्त सूक्ष्म, **ध्वनिभिः** = ध्वनिहरूद्वारा, **तीर्णविकृति** = विकारशून्य, **तुरीयं** = तुरीय, **ते धाम** = हजुरको वास्तविक स्वरूपलाई, **अवरुन्धानं** = प्रतिपादन गर्ने, **व्यस्तं** = पृथक् तीनमात्रारूपी अनि, **समस्तं** = अर्धमात्रारूपी, **ॐ इति पदं** = ॐ यो शब्दले, **त्वां** = हजुरलाई, **गृणाति** = बताउँछ।

भावार्थ-

हे भगवन्! ओङ्कारमा रहेका अ, उ र म यी तीन मात्राहरूले क्रमशः ऋक्, यजु र सामवेद, जाग्रत्, स्वप्न र सुषुप्ति अवस्था, भूः, भुवः र स्वर्गलोक, ब्रह्मा, विष्णु र महेश्वर यी तीन देवहरूलाई पनि बताउँछन्। प्रणवको अभ्यास

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्दै जाँदा अर्धमात्रारूप जुन सूक्ष्म नाद अभिव्यक्त हुन्छ, त्यसले चाहिँ सबैथरी उपाधिले रहित हजुरको वास्तविक स्वरूपलाई बताउँछ । यसरी तीन मात्रामा विभक्त ओङ्कारले विश्वरूप हजुरको स्वरूप बताउँछ भने अर्धमात्रारूप ओङ्कारले चाहिँ हजुरको अद्वितीय प्रपञ्चातीत रूपलाई प्रतिपादन गर्दछ ।

विवरण-

ओङ्कार सृष्टिको आदि ध्वनि हो । सृष्टिकर्ता ब्रह्माजीको कण्ठलाई भेदन गरेर निस्केको पहिलो ध्वनि भएकाले यसलाई परम मङ्गलमय मानिन्छ । ओङ्कारको वास्तविक स्वरूप अनाहत नाद नै हो । जितेन्द्रिय मुनिहरूले मनलाई अन्तर्मुख गरी ध्यानावस्थामा जुन अनाहत नादको अनुभव गर्दछन्, त्यही नै वास्तविक ओङ्कारको स्वरूप हो । नित्य अर्धमात्रारूप त्यही नादबाट नै वेद मन्त्रको दर्शन समेत ऋषिहरूलाई भएको हो । त्यसैले ओङ्कारलाई सम्पूर्ण वेदको सारतत्त्व मानिन्छ । ओङ्कारभित्र सम्पूर्ण सृष्टि, सम्पूर्ण ज्ञान, सम्पूर्ण देवताहरू पनि अन्तर्भूत हुन्छन् । अकार, उकार र मकार यी तीन मात्रालाई लिने हो भने यो सम्पूर्ण विश्वको वाचक हो अनि अर्धमात्राको स्वरूप चाहिँ स्वयं विश्वातीत परम तत्त्वको वाचक हो । ओङ्कारको महत्त्व बताउँदै उपनिषद्मा भनिन्छ –

सर्वे वेदा यत्पदमामनन्ति, तपांसि सर्वाणि च यद्वदन्ति ।
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति, तत्ते पदं सग्रहेण ब्रवीम्योमित्येतत् ॥

(क.उ. १/२/१५) अर्थात् सम्पूर्ण वेदहरूले जुन परम तत्त्वलाई प्रतिपादन गर्दछन्। सम्पूर्ण तपस्याहरूको पनि जुन फल हो, जसलाई पाउने इच्छाले ब्रह्मचारीहरू ब्रह्मचर्यव्रतलाई पालन गर्दछन्, त्यो पद म तिमीलाई संक्षेपमा बताउँछु । त्यो ॐ नै हो । यसरी सम्पूर्ण शास्त्र र सम्पूर्ण साधनाको चरम लक्ष्य भएको अद्वितीय ब्रह्मतत्त्वलाई बताउने र प्राप्त गराउने हुनाले प्रणवको यति धेरै महत्त्व भएको हो । उपनिषद्अनुसार ओङ्कार स्वयं अक्षर ब्रह्म या शब्द ब्रह्म हो, अनि पर ब्रह्मको एकमात्र वाचक भएकाले यो परब्रह्मरूप पनि छ– **एतद्ध्येवाक्षरं ब्रह्म एतद्ध्येवाक्षरं परम्** (क.उ. १/२/१६) । ब्रह्मचिन्तन गर्ने सबैथरी आलम्बनमध्ये ओङ्कारको आलम्बन सर्वश्रेष्ठ हो । यहाँसम्म कि द्विजातिले नित्य स्मरण गर्नुपर्ने गायत्री मन्त्रभन्दा पनि यसको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आलम्बन श्रेष्ठ हो । किनभने ओङ्कार गायत्रीको मूल हो । यद्यपि शास्त्रहरूमा परब्रह्मलाई बताउने ॐ, तत् र सत् यी शब्दहरू बताइएका छन्, तर तीमध्ये पनि स्वयं अक्षरब्रह्म रूप भएकाले परमात्माको सबैभन्दा श्रेष्ठ प्रतिपादक ओङ्कार नै हो । त्यसैले योगसूत्रकार ईश्वरको प्रतिपादक पदको रूपमा प्रणवलाई नै निर्देशन गर्नुहुन्छ— **तस्य वाचकः प्रणवः** (यो.सू. १/२७) । श्रीमद्भगवद्गीतामा भगवान्‌ले ओङ्कारलाई एकाक्षर ब्रह्म भन्नुभएको छ— **ओमित्येकाक्षरं ब्रह्म** (श्रीम.गी. ८/१३) । यसरी अर्धमात्रारूप या नादरूप ओङ्कार स्वयंमा अक्षर ब्रह्मरूप हो र परब्रह्मको वाचक हो भने ओङ्कारका तीन मात्राहरू चाहिँ सम्पूर्ण जगत्का वाचक हुन् । यसप्रकार विश्वमय र विश्वातीत जे पनि तत्त्व छन्, त्यो सबै ओङ्कारकै भित्र पर्दछ । यी सबै कुरालाई सङ्गृहीत गरी माण्डूक्योपनिषद्मा मन्त्रद्रष्टा ऋषि भन्दछन्— **ओमित्येतदक्षरमिदं सर्वं तस्योपव्याख्यानं भूतं भवद्भविष्यदिति सर्वमोङ्कार एव, यच्चान्यत् त्रिकालातीतं तदप्योङ्कार एव** (मा.उ. १) । अर्थात् भूत, भविष्य र वर्तमानरूप तीनै काल ओङ्काररूप नै हो । सम्पूर्ण जगत् ओङ्कारकै व्याख्या हो । यो जगत्भन्दा बाहेक त्रिकालातीत वस्तु छ भने त्यो पनि ओङ्कार नै हो । यसरी ओङ्कार विश्वमय र विश्वातीत पनि छ ।

ओङ्कारका तीन मात्रा छन्- अकार, उकार र मकार । यिनलाई आत्माका तीन पाउसँग अभिन्न बताई माण्डूक्योपनिषद्मा ओङ्कार र आत्माको अभेद सिद्ध गरिएको छ । तीमध्ये अकार र विश्वको, उकार र तैजसको अनि मकार एवं प्राज्ञको अभेद छ । दर्शनशास्त्रमा जीवका तीन अवस्थाहरू मानिन्छन्-जाग्रत्, स्वप्न र सुषुप्ति । इन्द्रिय र विषयको संयोगबाट पदार्थहरूको अनुभव हुने अवस्था जाग्रत् अवस्था हो । यसमा स्थूल शरीर र इन्द्रिय आदिको प्रधानता हुन्छ । यी साधनहरूद्वारा स्थूल पदार्थहरूको ग्रहण हुँदा त्यसलाई प्रकाशित गर्ने या भोग गर्ने आत्मालाई विश्व भनी बताइएको छ । त्यसैगरी अर्को अवस्था हो स्वप्नावस्था । यस अवस्थामा शरीरको बोध लुप्त हुन्छ, इन्द्रियआदि पनि मनमा विलीन हुन्छन् । त्यसैले यहाँ मन नै प्रधान हुन्छ । यसबेला मनले भित्रभित्रै काल्पनिक सृष्टिको रचना गर्दछ । सूर्य, चन्द्र, घर, नदी आदि बनाउँछ । सुषुप्ति अवस्थामा चाहिँ मन पनि अविद्यामा गई लुप्त हुन्छ । जाग्रत्-स्वप्नमा अनेक स्थूल-सूक्ष्म विषयलाई प्रकाशित गर्ने आत्माको ज्ञानशक्ति मन-इन्द्रियको अभाव भएकाले घनीभूत भई रहन्छ । यद्यपि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो स्थितिमा पनि आत्माले आफूलाई अनि कुनै विषयको ज्ञान नभएको कुरालाई जानेको हुन्छ। यो अज्ञानविशिष्ट आत्मालाई प्राज्ञ भनिन्छ। यसरी वेदान्तदर्शनमा जाग्रत् आदि अवस्थाहरूका अभिमानी भनी विश्व, तैजस र प्राज्ञलाई मानिन्छ। यी व्यष्टि अभिमानीसँगै समष्टि जाग्रत्आदि अवस्थाका अभिमानीहरू पनि छन्। ती हुन्— विराट्, हिरण्यगर्भ र ईश्वर। यसरी तीन अवस्था भनेर जाग्रत्, स्वप्न र सुषुप्ति, तिनका व्यष्टि अभिमानी भनेर विश्व, तैजस, प्राज्ञ अनि समष्टि अभिमानी भनेर विराट्, हिरण्यगर्भ र ईश्वरलाई बुझिन्छ।

प्रस्तुत श्लोकमा ओङ्कारले यी सबै अवस्था एवं तिनका अभिमानीहरूसँगै तीन वेद, तीन लोक र तीन देवताहरूलाई पनि प्रतिपादन गर्ने बताइएको छ। **त्रयीम्** अर्थात् ऋक्, यजुः र साम यी तीन वेदलाई पनि ओङ्कारले बताउँछ। **तिस्र वृत्तीः** अर्थात् जाग्रत्, स्वप्न र सुषुप्ति यी तीन अवस्थालाई पनि यसले बुझाउँछ। अवस्थाहरूको ग्रहणसँगसँगै यी अवस्थाहरूका व्यष्टि अभिमानी विश्व, तैजस र प्राज्ञ अनि समष्टि अभिमानी विराट्, हिरण्यगर्भ र ईश्वरलाई पनि ग्रहण गरिएको बुझ्नुपर्दछ। **त्रिभुवनम्** अर्थात् भूः, भुवः र स्वः यी तीन लोकलाई अनि **त्रीन् सुरान्** अर्थात् ब्रह्मा, विष्णु र महेश्वर यी त्रिदेवलाई पनि ओङ्कारले बताउँछ। यसरी **अकाराद्यैः त्रिभिः वर्णैः** अर्थात् अकार, उकार र मकार यी तीन वर्णहरूद्वारा ओङ्कारले सम्पूर्ण संसारलाई नै बुझाउँछ। यसलाई छुट्याएर भन्नुपर्दा अकारले ऋग्वेद, जाग्रत् अवस्था, विश्व, विराट्, भूर्लोक र ब्रह्मालाई बताउँछ। त्यस्तै उकारले यजुर्वेद, स्वप्नावस्था, तैजस, हिरण्यगर्भ, भुवर्लोक र विष्णुलाई बताउँछ भने मकारले चाहिं सामवेद, सुषुप्ति अवस्था, प्राज्ञ, ईश्वर, स्वर्गलोक र महेश्वरलाई बताउँछ।

तीन मात्राभन्दा ओङ्कारको अर्को स्वरूप पनि छ। जसलाई नाद या अर्धमात्रा भनिन्छ। यो मात्रारहित छ। प्रस्तुत स्तुतिमा यसलाई अणु ध्वनि भनी बताइएको छ। ओङ्कारको उच्चारण गर्ने क्रममा मकारको उच्चारणपछि प्लुत रूपमा अर्धमात्राको नाद गर्नुपर्दछ। प्लुत रूपमा अर्धमात्राको उच्चारण गर्दै गएपछि त्यो ध्वनि सूक्ष्मभन्दा सूक्ष्मतर हुँदै जान्छ। त्यही सूक्ष्मतम ध्वनिचाहिं तुरीय आत्माको प्रतिपादक हो। अर्धमात्राको प्लुत उच्चारण गर्दा एउटै ध्वनि पनि लामो भई अनेकझैं लाग्ने हुनाले यहाँ **ध्वनिभिः** भन्ने बहुवचन पदको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रयोग गरिएको हो। यसले **तीर्णविकृति** अर्थात् सबै विकारले रहित **तुरीयं धाम** अर्थात् परमात्माको वास्तविक तुरीय स्वरूपलाई प्रतिपादन गर्दछ। यस विषयमा माण्डूक्योपनिषद्मा भनिन्छ— **अमात्रश्चतुर्थोऽव्यवहार्यः प्रपञ्चोपशमः शान्तः शिवोऽद्वैतः** (मा.उ.१२) अर्थात् ओङ्कारको चौंथो अर्धमात्राचाहिँ व्यवहाररहित प्रपञ्चातीत, शान्त, शिव र अद्वैत हो।

यहाँ ओङ्कारलाई समस्त र व्यस्त भनिएको छ। यसको व्याख्या गर्दै टीकाकार मधुसूदन सरस्वतीले समस्त ओङ्कारले समस्त परमात्मालाई बताउँछ र व्यस्त ओङ्कारले चाहिँ व्यस्त रूपमा नै परमात्मालाई बताउँछ भन्नुभएको छ। ओङ्कारको व्यस्त रूप भनेर अकार, उकार र मकाररूप तीन मात्रालाई बुझिन्छ। यिनले परमात्माको विश्व, तैजस र प्राज्ञ यी पृथक् रूपलाई नै बताउँछन्। अनि समस्त ओङ्कार भनेर चाहिँ अर्धमात्रालाई बुझिन्छ, यसले परमात्माको समस्त रूप अर्थात् तुरीय तत्त्वलाई बताउँछ। शास्त्रमा भनिन्छ— **तुरीयं त्रिषु सन्ततम्** अर्थात् तुरीय तत्त्व विश्व, तैजस र प्राज्ञ यी तीनैमा अनुगत छ। तुरीय आत्माको अभावमा न विश्व, न तैजस, न त प्राज्ञ नै सिद्ध हुन्छन्। किनभने तुरीय आत्माले नै स्थूल, सूक्ष्म र कारण उपाधिलाई स्वीकार गरेर विश्व, तैजस र प्राज्ञ रूपमा बन्ने हो। मायाकल्पित विश्वादि भावहरू सबैको अधिष्ठान-आधार भएकाले तुरीय तत्त्व समस्त हो। यसलाई **समस्त ओङ्कार** अर्थात् अर्धमात्रारूप ओङ्कारले बताउँछ।

ओङ्कार जीव-ब्रह्मको एकतालाई बताउने महावाक्य पनि हो। तत्त्वमसि महावाक्यले लक्ष्यार्थमा अद्वितीय ब्रह्मलाई बुझाएझैँ ओङ्कारले पनि लक्ष्यार्थमा अद्वितीय ब्रह्मलाई बुझाउँछ। यसको अखण्डार्थबोधको प्रकार यस्तो रहेको छ- अकारको वाच्यार्थ स्थूल प्रपञ्चले युक्त चैतन्य हो। त्यसको लक्ष्यार्थलाई लिनुपर्दा स्थूल प्रपञ्चांशलाई त्यागेर चैतन्यमात्रलाई ग्रहण गरिन्छ। यसैगरी सूक्ष्म प्रपञ्चले संयुक्त चैतन्य उकारको वाच्यार्थ हो, त्यहाँ पनि लक्ष्यार्थमा सूक्ष्म प्रपञ्चांशलाई त्यागेर चैतन्यमात्रलाई लिइन्छ। त्यसैगरी कारण उपाधि मायाद्वारा उपहित चैतन्य मकारको वाच्यार्थ हो र त्यहाँ कारण उपाधिलाई त्यागी केवल चैतन्यमात्र मकारको लक्ष्यार्थ हो। अनि तुरीयत्व सर्वानुगतत्वले उपलक्षित चैतन्य अर्धमात्राको वाच्यार्थ हो र उपाधिलाई त्यागी केवल चैतन्यमात्र अर्धमात्राको लक्ष्यार्थ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हो। यसरी केवल चैतन्यमात्र लक्ष्यार्थ भइसकेपछि सामानाधिकरण्यद्वारा सबैले अद्वितीय चैतन्यमात्रलाई बुझाउँछन्। यसरी प्रणवले अखण्ड महावाक्यको रूपमा जीवब्रह्मैक्यलाई बताउँछ। लक्षणाद्वारा त्याग गरिएका सबै उपाधिहरू मायाका कार्य भएकाले मिथ्या हुन्। किनभने विश्व, तैजस भावजस्तै तुरीय साक्षिरूपता पनि मिथ्या नै हो। किनभने प्रकाश्य जगत्को अपेक्षामा नै आत्मालाई प्रकाशक या साक्षी मानिन्छ। त्यसैले ज्ञानद्वारा अविद्या निवृत्त भइसकेपछि यी सबै कल्पित उपाधि नष्ट हुने हुनाले अद्वितीय चैतन्यभन्दा अर्को कुनै द्वैत रहँदैन। यसरी अद्वितीय प्रत्यक् अभिन्न ब्रह्म नै प्रणवको वाक्यार्थ हो भन्ने बुझिन्छ— **द्वितीयशून्यं प्रत्यगभिन्नं ब्रह्म प्रणववाक्यार्थ इति सिद्धम्।** हरि र हर दुवै अद्वितीय ब्रह्मरूप भएकाले यो सम्पूर्ण व्याख्या दुवै पक्षमा समान छ।

भवः शर्वो रुद्रः पशुपतिरथोग्रः सहमहाँ-
स्तथा भीमेशानाविति यदभिधानाष्टकमिदम्।
अमुष्मिन् प्रत्येकं प्रविचरति देव श्रुतिरपि
प्रियायास्मै धाम्ने प्रविहित-नमस्योऽस्मि भवते ॥२८॥

पदार्थ-

देव = हे परमात्मन्, **भवः** = भव, **शर्वः** = शर्व, **रुद्रः** = रुद्र, **पशुपतिः** = पशुपति, **अथ उग्रः** = त्यसैगरी उग्र, **सहमहान्** = महादेव, **तथा** = त्यसैगरी, **भीमेशानौ** = भीम र ईशान, **इति** = यस्तो, **इदं** = यो, **यत्** = जुन, **अभिधानाष्टकं** = आठ नामहरूको समूह छ, **अमुष्मिन्** = यिनीहरूमध्ये, **प्रत्येकं** = हरेकमा, **श्रुतिः अपि** = वेद पनि, **प्रविचरति** = विचरण गर्दछ, **अस्मै** = यस्ता, **प्रियाय** = परमप्रिय, **धाम्ने** = स्वयंप्रकाश, **भवते** = हजुरलाई, **प्रविहितनमस्यः अस्मि** = नमस्कार गर्दछु।

भावार्थ-

हे भगवन्! अष्टमूर्ति हजुरका भव, शर्व, रुद्र, पशुपति, उग्र, महादेव, भीम र ईशान गरी आठ नामहरू छन्। वेदले पनि हजुरका यिनै नामहरूलाई प्रतिपादन गरी त्यहीँ विचरण गर्दछ। त्यस्ता स्वयंप्रकाश एवं परमप्रिय हजुरलाई म बारम्बार नमस्कार गर्दछु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विवरण-

यसभन्दा अघिल्लो श्लोकमा प्रणव मन्त्रले विश्वमय र विश्वातीत दुवै रूपमा शिवतत्त्वलाई प्रतिपादन गर्ने कुरा बताइएको थियो । तर प्रणव मन्त्रद्वारा परमात्मचिन्तन गर्ने यो प्रक्रिया सामान्य व्यक्तिका लागि कठिन छ, किनभने प्रणव भनेकै अत्यन्त सूक्ष्म र गहन विषय हो । शास्त्रहरूमा बताइएको छ कि– सत्य युगमा सबै व्यक्तिहरू केवल प्रणवजप र प्रणवार्थको चिन्तनद्वारा परमात्मभावलाई प्राप्त गर्दथे । त्रेताको आरम्भ भएपछि व्यक्तिहरूको चेतनाको स्तर अलि खस्कियो र सबैले प्रणवार्थको चिन्तन गर्न नसक्ने हुँदा ऋषिहरूले प्रणवबाट नै वेदमन्त्रहरूको विस्तार गरे । वेद आदि शास्त्रमा प्रणवबाहेक परमात्मालाई प्रतिपादन गर्ने अन्य नामहरू पनि बताइएका हुन्छन् । वेद, पुराण आदिमा प्रसिद्ध यी नामहरूद्वारा परमात्माको प्रार्थना, स्मरण आदि गर्ने गरिन्छ ।

कुनै पनि वस्तुको नाम लिनेबित्तिकै तत्काल त्यस वस्तुको बोध हुन्छ । अतः शब्द र अर्थको निकट सम्बन्ध छ । अझ शब्दशास्त्रीहरू त वाक् नै अर्थको रूपमा विवर्त भएकाले शब्द र अर्थको बीचमा अभेद नै छ भनी मान्दछन् । यही सिद्धान्तअनुसार पनि परमात्मा र उहाँको नाममा कुनै भेद छैन भन्ने सिद्ध हुन्छ । भक्तहरू भने लौकिक पदार्थ र त्यसलाई बताउने शब्दमा पूर्णतः अभेद छैन तर परमात्मा र उहाँका वाचक नाम अभिन्न वस्तु हुन् भन्ने मान्दछन् । हुन पनि आगो भन्ने शब्दको उच्चारण गर्नेबित्तिकै कसैलाई पोलेको र मह शब्दको उच्चारण गर्नेबित्तिकै जिब्रोमा मिठास आएको अनुभव हुँदैन । लौकिक पदार्थहरू परिच्छिन्न छन् । नाम उच्चारण गर्नेबित्तिकै तिनको उपस्थिति हुन सम्भव छैन । तर परमात्मा सर्वव्यापक हुनुहुन्छ । स्वर्ग, मर्त्य, पाताल कहीँ पनि उहाँको नामोच्चारण भयो भने उहाँ त्यहीँ हुनुहुन्छ र तत्कालै साक्षात् प्रकट हुन पनि सक्नुहुन्छ । फेरि परमात्माको उपलब्धि हुने स्थान हृदय हो, जहाँ भावपूर्वक नामोच्चारण गर्नेबित्तिकै उहाँ प्रकट भइहाल्नुहुन्छ । यसरी जहाँ नाम, त्यहाँ नामी परमात्मा भन्ने व्याप्ति बन्न सक्ने देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वास्तवमा संसारमा जुनसुकै पदार्थहरूका जति पनि नाम छन्, ती सबै शिवका नै नाम हुन्। किनभने सम्पूर्ण संसारको रूपमा कल्पित भएको त्यही अद्वितीय शिवतत्त्व नै हो। अज्ञानवश कुनै व्यक्तिले डोरीलाई सर्प भनी बतायो भने त्यहाँ सर्प भनेर बताइएको वास्तवमा डोरी नै हुन्छ। प्राणीहरूले पनि अनादि अज्ञानका कारण अद्वितीय शिवतत्त्वलाई नै अनेक पदार्थ भन्ने सम्झी ती वस्तुहरूका पहाड, नदी, सूर्य आदि नाम राखेका छन्। अतः संसारका जति पनि नामहरू छन्, ती सबै शिवकै नाम हुन् भन्ने कुरा सत्य हो। वास्तवमा विचार गर्दा यो अवस्था भए पनि संसारका सामान्य मानिसहरू अज्ञानी हुन्छन् र यिनले सर्वात्मा शिवको अनन्त महिमालाई बुझ्न सक्दैनन्। अतः शास्त्रहरूले उहाँका केही विशेष नामहरू पनि बताएका छन्। शास्त्रहरू शिवकै आज्ञावचन भएकाले यी शास्त्रीय नामहरू शिवलाई पनि अत्यन्त प्रिय छन्, साथै साधनात्मक दृष्टिले उपयुक्त पनि। वास्तवमा शास्त्रहरू भनेका पनि शिवका नाम, उहाँका अनन्त प्रभाव र रहस्यात्मक स्वरूपलाई निरूपण गर्ने वचन नै त हुन्। अतः सम्पूर्ण शास्त्र शिवकै नामका व्याख्या हुन्।

शिवका अनेकौँ स्वरूपका नामनिर्देश गर्ने वैदिक प्रकरणमध्ये रुद्रसूक्त अत्यन्त प्रसिद्ध छ। यसैगरी शिवप्रतिपादक अन्य मुख्य सूक्तहरूमध्ये रथन्तरसूक्त र ज्येष्ठसामसूक्त प्रसिद्ध छन्, यी तीन सूक्तहरूद्वारा क्रमशः इन्द्र, ब्रह्मा र भगवान् विष्णुले शिवको स्तुति गर्नुभएको कुरा बताइएको छ—

ब्रह्मा भवं तदास्तौषीद्रथन्तरमुदीरयन्।
ज्येष्ठसाम्ना च देवेशं जगौ नारायणस्तथा।
गृणन् ब्रह्म परं शक्रः शतरुद्रियमुत्तमम्॥(महा.भा.अनु.१४/२८२-२८३)

वेदमा जस्तै पुराण एवम् इतिहासग्रन्थमा पनि शिवका अनेक नामहरू बताइएका छन्। वेदसारशिवस्तोत्रम्, तण्डिप्रणीत महाभारतान्तर्गतको शिवसहस्रनामस्तोत्र आदि अनेक सहस्रनामहरू पनि प्रसिद्ध छन्। वास्तवमा शिवका यी अनन्त नामहरू भक्तलाई रुचिअनुसारको नामले परमात्मालाई पुकार्न सजिलो होस् भन्ने दृष्टिले बताइएका हुन्। कुनै पनि नामलाई श्रद्धापूर्वक कसैले स्मरण गर्दछ भने त्यसको कल्याण हुनेमा शङ्का छैन।

भक्तहरूको दृष्टिमा त शिवभन्दा पनि शिवको नाम महत्त्वपूर्ण छ। जसरी संसारतापले तप्त भएको प्राणीलाई परमात्माको मार्ग देखाइदिने हुनाले गुरुलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परमात्माभन्दा श्रेष्ठ मानिन्छ, त्यसैगरी नामले पनि नामी परमात्माकहाँ पुऱ्याइदिने हुनाले यो श्रेष्ठ छ। शिव त अनन्त साधनाद्वारा पूर्णतः शुद्ध र शान्त भएको हृदयमा मात्र प्रकट हुनुहुन्छ, सामान्य अज्ञानी प्राणीहरूलाई उहाँबाट खासै केही फाइदा हुँदैन। तर शिवनामले चाहिँ संसारतापले तप्त भएका सबै अज्ञानी प्राणीहरूलाई भरोसा, शीतलता दिँदै आइरहेको छ। शास्त्रहरू भन्दछन्— महादेव नामरूपी एउटा वृक्ष छ र त्यसको छाया न धेरै चिसो छ, न त गर्मी नै। हे प्राणीहरू हो ! संसाररूपी तापलाई नै शमन गर्नसक्ने यस्तो छायामा तिमीहरू किन बस्दैनौ ?

महादेवतरुच्छाया नातिशीता न घर्मदा।
संसारतापशमनी सा किमर्थं न सेव्यते॥

यद्यपि संसारी व्यक्तिहरूलाई परम शान्ति त शिवले नै दिनुहुन्छ, तर त्यो शान्ति अनन्त साधनापछि मात्र अत्यन्त ढिलो प्राप्त हुन्छ। छिनछिनै तापमा जलिरहेका प्राणीहरूलाई तत्कालै केही शीतलता प्रदान गरी रक्षा गर्न त शिवनाम नै अचूक औषधि हो। अतः उपयोगिताका दृष्टिले शिवभन्दा पनि शिवको नाम बढी महत्त्वपूर्ण छ।

यस स्तुतिमा शिवका आठ नामहरू बताइएका छन्। ती हुन्– भव, शर्व, रुद्र, पशुपति, उग्र, महादेव, भीम र ईशान। यी नामहरूले शिवमा रहेको छुट्टाछुट्टै वैशिष्ट्यलाई निरूपण गर्दछन्। भवको अर्थ सृष्टि गर्नेवाला भन्ने हो— **भवन्ति अस्मात् प्राणिनः इति भवः। शृणाति पापम् इति शर्वः** अर्थात् पाप नष्ट गरी भक्तहरूलाई सुख दिने हुनाले उहाँ शर्व हुनुहुन्छ। **रुतं दुःखं द्रावयति इति रुद्रः** अर्थात् सबै दुःखलाई नष्ट गरिदिने हुनाले उहाँ रुद्र हुनुहुन्छ अथवा **रोदनहेतुभूतम् अज्ञानं द्रावयति इति रुद्रः** अर्थात् दुःखको मूल कारण भएको अज्ञानलाई नष्ट गरिदिने हुनाले पनि उहाँ रुद्र हुनुहुन्छ। **पाशबद्धान् जीवान् पाति इति** अर्थात् राग, द्वेष आदि अनेक पाशहरूद्वारा बाँधिएका जीवहरूलाई रक्षा गर्ने या बन्धनमुक्त गर्ने हुनाले उहाँ पशुपति हुनुहुन्छ। **उत्** उपसर्गपूर्वक **गम्** धातुमा **रन्** प्रत्यय भएर **उग्र**शब्द बन्दछ। **ऊर्ध्वं गच्छति इति** अर्थात् सबैभन्दा माथि या सर्वोत्कृष्ट रूपले रहने हुनाले उहाँ उग्र हुनुहुन्छ। **महाँश्चासौ देवः** अर्थात् सबै देवताहरूभन्दा महान् हुनुभएकाले उहाँ महादेव हुनुहुन्छ। **देव** शब्दको अर्थ **इन्द्रिय** भन्ने पनि हुन्छ। ती इन्द्रियरूपी देवहरू आत्माको प्रकाशको आधारमा नै प्रकाशित हुने हुन्, अतः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिनमा रहने प्रकाश आत्माकै हो। आत्मा स्वयंप्रकाश हो, यही यसको महत्त्व हो। अतः इन्द्रियादिका प्रकाशक भएकाले आत्मरूप शिव नै महादेव हुनुहुन्छ। यसैगरी **भीषयति पापिष्ठान्** अर्थात् पापीहरूलाई भय प्रदान गर्ने या दण्ड दिने हुनाले उहाँ भीम हुनुहुन्छ। **ईशते नियमयति सर्वान्** अर्थात् सबै जगत्लाई शासन गर्ने हुनाले शिवलाई ईशान भनिन्छ।

शिव अष्टमूर्ति हुनुहुन्छ। उहाँका पृथक्-पृथक् मूर्तिहरूलाई पनि यही आठ नामहरूले बताउँछन्। पृथिवीमूर्ति शिवको नाम शर्व हो। जलमूर्ति शिवको नाम भव हो। यसैगरी रुद्र अग्निमूर्तिको, उग्र वायुमूर्तिको र भीम आकाशमूर्तिको नाम हो। पशुपति यजमानमूर्ति हुनुहुन्छ, महादेव सोममूर्ति हुनुहुन्छ अनि ईशानचाहिँ सूर्यमूर्ति हुनुहुन्छ। पुष्पदन्त भन्दछन्— **अमुष्मिन्** अर्थात् यी आठ नामहरू मध्ये **प्रत्येकम्** अर्थात् हरेक नाममा **श्रुतिः अपि** अर्थात् वेद पनि **प्रविचरति** अर्थात् विचरण गर्दछ। वास्तवमा वेद आदि सबै शास्त्रहरूले शिवको स्वरूप र महिमाभन्दा बाहेक अरु के कुरा बताएका छन् र ? त्यसैले वेदले निरूपण गर्ने सार वस्तु शिव नै हुनुहुन्छ भन्ने तात्पर्य बुझाउन वेदसारशिवस्तोत्रम् भन्ने स्तोत्रप्रकरण नै प्रसिद्ध छ। त्यसैले शास्त्रज्ञहरू भन्दछन्— **वेदः शिवः शिवो वेदः** अर्थात् वेद नै शिव हो र शिव नै वेद हुनुहुन्छ।

शिवको सर्वरूपतालाई प्रतिपादन गर्ने क्रममा वेदमा शिवका यी आठ नामहरू पनि स्पष्टतः प्रतिपादन गरिएका छन्। शुक्लयजुर्वेदीय रुद्राध्यायमा सिकारी कुत्ता र त्यसका मालिक चाण्डालको रूपमा समेत रहने शिवलाई नमस्कार गर्दै मन्त्र अगाडि भन्दछ— **नमो भवाय च रुद्राय च नमः शर्वाय च पशुपतये च नमो नीलग्रीवाय च शितिकण्ठाय च** (शु.य.वे. १६/२८)। यहाँ शिवका भव, रुद्र, शर्व र पशुपति यी अष्टमूर्तिअन्तर्गतका चार नामहरू बताइएका छन्। पछिल्ला दुई नाममा पहिले **शितिकण्ठ** अर्थात् श्वेतकण्ठ भएर विषपानपछि **नीलग्रीव** अर्थात् नीलकण्ठ बन्नुभएका महादेवको परम करुणामय लीलाचरित्र प्रतिपादन गरिएको छ। त्यस्तै अर्को मन्त्रमा भनिन्छ— **नमः शङ्गवे च पशुपतये च नमऽउग्राय च भीमाय च** (शु.य.वे. १६/४०)। यहाँ **शङ्गु** अर्थात् कल्याणकारी अस्पष्ट वचन बोल्नेवाला शिवलाई नमस्कार गरिसकेपछि पशुपति, उग्र र भीम यी रूपमा शिवको वन्दना गरिएको छ। यस मन्त्रमा अष्टमूर्तिअन्तर्गतका तीन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नामहरू बताइएका छन् । सम्प्रदायवेत्ताहरूका अनुसार यस मन्त्रमा कल्याणकारी अस्पष्टवचन भनेर महावाक्यलाई बुझिन्छ । जीवलाई शिवरूप बनाइदिने हुनाले महावाक्य कल्याणकारी छ अनि लक्ष्यार्थप्रधान भएकाले अस्पष्ट या घुमाउरो पनि छ। माध्यन्दिनीय यजुर्वेदको चालीसौँ अध्यायमा **ईशावास्यमिदं सर्वम्** (ईशा.उ. १) भनेर अनि **सर्वस्य वशी सर्वस्येशानः** (बृ.उ. ४/४/२२) आदि उपनिषद्का मन्त्रहरूद्वारा पनि ईशान नाम बताइएको छ । यसैगरी श्वेताश्वतरोपनिषद्मा **तमीश्वराणां परमं महेश्वरं तं देवतानां परमं च दैवतम् ।** यसरी अष्टमूर्ति शिवका नामलाई बताउन वेदमन्त्रहरू सदा तत्पर रहेको बुझिन्छ ।

श्लोकमा **देव** भन्ने पदलाई सम्बोधन नमानी समस्तपद मानेर **अमुष्मिन् प्रत्येकं देवश्रुतिरपि प्रविचरति** भनी अर्थ गर्न पनि सकिन्छ । यसको तात्पर्य शिवका नामहरू कसैले उच्चारण गऱ्यो भने इन्द्रादि देवताहरूका कान पनि सतर्क या ठाडा हुन्छन् भन्ने हो । शिवको नामोच्चारणलाई सुन्दा देवताहरूका कान वरवश त्यतातर्फ खिँचिन्छन्, किनभने शिवका नामहरू अत्यन्त दुर्लभ छन् र परम पवित्र एवं पापनाशक छन्। अद्वितीय शिवतत्त्वको वर्णन सुन्न जो पायो उहीलाई अत्यन्त दुर्लभ भएको कुरा उपनिषद्मा बताइएको छ— **श्रवणायापि बहुभिर्यो न लभ्यः** (क.उ.१/२/७) । **देवश्रुति** शब्दमा देव भनेर इन्द्रादि देवताहरूलाई नभई स्वयं शिवलाई लिँदा यसको अर्थ झन् भावमय र रहस्यात्मक हुन जान्छ । रुद्र, पशुपति आदि यी नामहरूलाई सुन्दा स्वयं शिवकै कानसमेत खिचिन्छ भन्ने तात्पर्य यसबाट बुझिन्छ। कसैले आफ्नो नाम उच्चारण गर्नेबित्तिकै शिवका कान सतर्क हुन्छन् भन्नुबाट के बुझिन्छ भने सर्वव्यापी शिव प्राणीहरूले कहिले आफ्नो नाम उच्चारण गर्लान् र मोक्षफल प्रदान गरौँला भनी सबैको वरिपरि चियो गर्दै घुमिरहनुहुँदो रहेछ । त्यसैले कसैलाई खोजिरहेको जासुस त्यस व्यक्तिको छनक पाउनेबित्तिकै सतर्क भएझैँ शिव पनि आफ्नो नाम सुन्नेबित्तिकै सतर्क हुनुहुन्छ । बारम्बार शिवनाम जप्ने व्यक्तिले शिवलाई पूर्णतः वशमै गरेको हुन्छ र सधैँ शिव त्यही व्यक्तिको पछिपछि लाग्नुहुन्छ भन्ने शास्त्रमा बताइएको छ—

महादेव महादेव महादेवेति वादिनम् ।

वत्सं गौरिव गौरीशो धावन्तमुपधावति ॥ अर्थात् कसैले बारम्बार महादेव, महादेव भनी नाम जपिरहन्छ भने त्यसको पछिपछि शिव त्यसैगरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हिँड्नुहुन्छ, जसरी वात्सल्यभावले पूर्ण भएको गाईले आफ्नो बाच्छोलाई पछ्याउँछ। भक्त पनि शिवको बाच्छो हो, जसप्रति शिवको करुणारूपी दुग्धधारा अनायास नै पग्लिई झर्ने गर्दछ।

भक्तहरू भन्दछन्– शिव आफ्ना भक्तहरूको पछि लाग्नुमा केवल वात्सल्य भावमात्र नभई अर्को कारण पनि छ। शिवनाम स्वयंमा अमृतमय छ। त्यसको रसास्वादनका लागि भक्तहरू बारम्बार शिवनामलाई सुन्ने र जप्ने गरिरहन्छन्। आफ्ना भक्तहरूले परम अमृतमय मानी नामजप, नामश्रवण आदि गरिरहेको देख्दा शिवलाई पनि आफ्नो नाममा के माधुर्य छ भनी जान्ने इच्छा भएछ र उहाँ भक्तहरूले जप्ने नामको मधुर रसलाई चाख्दै उनीहरूको पछि लाग्नुभएको हो। यसरी नामको रसले भक्तहरूलाई मात्र होइन, स्वयं भगवान्‌लाई पनि आकृष्ट गर्ने बुझिन्छ।

आफ्ना सारा पापलाई नष्ट गर्न चाहने व्यक्तिका लागि शास्त्रहरूले सरल मार्ग निर्देश गरेका छन्। कसैले श्रद्धापूर्वक शिव भन्ने यो दुई अक्षरको नामलाई वाणीद्वारा उच्चारण गऱ्यो भने त्यस मानिसका सारा पाप एकै पटकको उच्चारणले पनि तत्काल नष्ट हुन्छन्—

यद् द्वयक्षरं नाम गिरेरितं नृणाम्।

सकृत् प्रसङ्गादघमाशु हन्ति तत्॥ (श्रीमद्भा.महा.४/४/१४)। यदि शिवको नाम जप्नाले मात्रै मानिसका सारा पाप, दुःख नष्ट हुन्छन् भने किन सबैले शिवनाम जप्दैनन् त ? भन्ने प्रश्न हुँदा शास्त्रवेत्ताहरू भन्नुहुन्छ– वास्तवमा शिवनाम जप्नु व्यक्तिको इच्छाको अधीनमा छैन। जसमाथि शिवको विशेष कृपा छ, उसैले मात्र यो सौभाग्य पाउँछ। नाम शिवको स्फूर्ति-अवतार हो, जब व्यक्ति भक्तिपूर्वक शिवतर्फ उन्मुख हुन्छ, त्यही बेलामा हृदयभित्र शिवको स्वरूप र जिब्रोमा शिवको नाम स्फुरित हुन्छ। त्यसैले भनिन्छ— **सेवोन्मुखे हि जिह्वादौ स्वयमेव स्फुरत्यदः** (भक्तिरसायन) अर्थात् सेवा गर्न उन्मुख भएको भक्तको जिब्रोमा शिवनाम स्वयं प्रकट हुन्छ। यसैले शिवको परम कृपाद्वारा जसको मुखमा निरन्तर शिवनामले वास गरेको छ, त्यो व्यक्ति धन्य छ—

महादेवेति कल्याणी वाणी यस्य मुखाम्बुजे।

स धन्यः पावयेदन्यान् स्वदृष्टिपथगोचरान्॥ शास्त्रहरू त यहाँसम्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भन्छन् कि– त्यो व्यक्ति स्वयंमा मात्र पवित्र नभएर ज-जसलाई हेर्दछ, उ-उसलाई नै पवित्र पारिदिन्छ।

प्रस्तुत श्लोकमा पुष्पदन्तले शिवका परम पवित्र नामहरूको वर्णन गरिसकेपछि भनेका छन्— **प्रविहितनमस्यः अस्मि** अर्थात् म हजुरलाई नमस्कार गर्दछु। यहाँ आएको प्र उपसर्गले प्रकर्ष अर्थात् श्रद्धापूर्वक भन्ने अर्थ जनाउँछ। यसबाट कुनै व्यक्तिले शिवलाई श्रद्धापूर्वक नमस्कार गर्नुभन्दा अरु केही गर्न सक्दैन भन्ने सूचित हुन्छ। कसैले शिवलाई सुवर्ण रत्न आदि उपहारहरू चढायो भने पनि शिव त्यसबाट प्रसन्न हुनुहुन्न, किनभने शिव सम्पूर्ण संसारकै मालिक हुनुहुन्छ। फेरि सम्पत्ति, गहना आदिको झकिझकाउ उहाँलाई मन पनि पर्दैन। त्यो त उहाँका लागि यति सामान्य छ कि आफ्नो मन्दिरमा चोरी गर्न आएको चोरले दियोको बत्ती अलिकति उकासी प्रकाश फैलाइदिएको पुण्यमा उहाँले त्यस चोरलाई कुबेरको पद दिई सारा सम्पत्तिको जिम्मेवारी सुम्पिदिनुभएको छ। सधैँ नाङ्गा-बुङ्गा भई रहने तपस्वीलाई सम्पत्तिको के काम ? अतः शिवलाई भावपूर्वक नमस्कार गर्नु नै सर्वश्रेष्ठ पूजा हो। यहाँ पुष्पदन्तले शिवलाई नमस्कार गर्दछु भनी बताउनुको अर्को पनि अर्थ रहेको छ। राम्रा-राम्रा पुष्प, राम्रा आभूषण आदिले शिवको पूजा गर्न खोज्नु नराम्रो होइन। तर अनेक उपचारद्वारा पूजा गरिरहँदा व्यक्तिको मनमा यो अभिमान पनि पलाउन सक्छ कि मैले जसरी राम्ररी पूजा अरु कसैले पनि गरेको छैन। सायद राम्रा वस्तुले शिवपूजा गर्ने आफ्नो अभिमानलाई पूर्ण गर्न नै पुष्पदन्त सुन्दर पुष्पको खोजीमा पृथिवीलोकमा आएका हुन सक्छन्। त्यो अभिमानको दण्ड उनले राम्रैगरी पाएका छन्। त्यसैले अरु साधकहरूले पनि शिवको सेवाबाट उत्पन्न हुनसक्ने अहङ्कारदेखि बँच्न शिवनमस्कार गर्नुपर्ने पुष्पदन्तको धारणा देखिन्छ। शिवनमस्कारका अनेक तह र तिनका रहस्यहरू पनि पहिल्यै १३औँ श्लोकको व्याख्यामा बताइसकिएको छ। यसरी यस श्लोकमा प्रणवार्थविचार गर्न नसक्नेहरूको लागि शिवका वेदप्रतिपादित नामहरूको वर्णन गरिएको छ।

यस श्लोकलाई विष्णुपक्षमा अर्थ गर्दाचाहिँ भव, शर्व, रुद्र यी सबै नामहरू विष्णुका हुन् भन्ने बुझ्नुपर्दछ। किनभने विष्णुसहस्रनामस्तोत्रमा यी सबै नामहरूको उल्लेख गरिएको छ। अथवा शिवका यी आठै नाममा देवशब्द पछि जोडी विष्णुका नाम बनाउन पनि सकिन्छ। **अमुष्मिन्** अर्थात् यी आठै नाममा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवश्रुतिः अर्थात् देव शब्द पनि **प्रविचरति** अर्थात् थप्नुपर्दछ र भवदेव, शर्वदेव आदि नाम बनाउनुपर्दछ । **भवस्य देवः** अर्थात् भवका पनि आराध्य भन्ने भवदेव शब्दको अर्थ हुन्छ । विष्णुलाई अद्वितीय ब्रह्मरूप मानिने प्रसङ्गमा शिवले पनि विष्णु भगवान्को आराधना गरेको कुरा पुराणहरूमा प्रसिद्ध नै छ । यसैगरी सबै शब्दहरूको अर्थ गर्नुपर्दछ ।

नमो नेदिष्ठाय प्रियदव दविष्ठाय च नमो
नमः क्षोदिष्ठाय स्मरहर महिष्ठाय च नमः ।
नमो वर्षिष्ठाय त्रिनयन यविष्ठाय च नमो
नमः सर्वस्मै ते तदिदमतिसर्वाय च नमः ॥२९॥

पदार्थ-

प्रियदव = निर्जन वनमा घुम्न मन पराउने भगवन् ! **नेदिष्ठाय** = अत्यन्त निकट हजुरलाई, **नमः** = नमस्कार छ, **दविष्ठाय च** = अत्यन्त टाढा रहने हजुरलाई, **नमः** = नमस्कार छ, **स्मरहर** = हे कामहारी, **क्षोदिष्ठाय** = अत्यन्त सूक्ष्म हजुरलाई, **नमः** = नमस्कार छ, **महिष्ठाय च** = अत्यन्त विशाल हजुरलाई, **नमः** = नमस्कार छ, **त्रिनयन** = हे त्रिनेत्रधारी ! **वर्षिष्ठाय** = अत्यन्त वृद्ध हजुरलाई, **नमः** = नमस्कार छ, **यविष्ठाय च** = अत्यन्त युवक हजुरलाई, **नमः** = नमस्कार छ, **सर्वस्मै** = सर्वस्वरूपी, **ते नमः** = हजुरलाई नमस्कार छ, **तदिदमितिसर्वाय च** = त्यो र यो भनिने सम्पूर्ण पदार्थका अधिष्ठानरूप हजुरलाई, **नमः** = नमस्कार छ ।

भावार्थ-

निर्जन वनमा विहार गरिरहने हे शिव ! हजुर सवैभन्दा नजिक र सबैभन्दा टाढा हुनुहुन्छ यस्ता हजुरलाई बारम्बार नमस्कार छ । हे कामारी ! अत्यन्त सूक्ष्म र विशालभन्दा पनि विशाल यस्ता हजुरलाई बारम्बार नमस्कार छ । हे त्रिनेत्रधारी ! हजुर नै सबैभन्दा बूढा र सबैभन्दा युवक हुनुहुन्छ, यस्ता हजुरलाई बारम्बार नमस्कार छ । हजुर सर्वस्वरूप हुनुहुन्छ र संसारभरमा त्यो र यो भनी बताइने जति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि परोक्ष/प्रत्यक्ष वस्तुहरू छन्, ती सबैका अधिष्ठान पनि हजुर नै हुनुहुन्छ। यस्ता हजुरलाई बारम्बार नमस्कार छ।

विवरण-

यस श्लोकमा पुष्पदन्तले शिवको महिमालाई निश्चित गरी यत्ति छ भनेर बताउन नसकिने भएकाले सर्वरूपी उहाँलाई बारम्बार नमस्कार गरेका छन्। टीकाकार मधुसूदन सरस्वतीले श्लोकको उपस्थापन गर्ने क्रममा लेख्नुभएको छ— **जातभक्त्युद्रेको नमस्कारमेवानुवर्तयन् स्तौति** अर्थात् भक्तिको उद्रेक भएकाले बारम्बार नमस्कार गर्दै स्तुति गरिरहेका छन्। जब साधकमा भक्तिको बाढी उर्लिन्छ, तब ऊ परमात्माको अनन्त महिमाको निरूपण, निर्वचनतिर नलागी आफूलाई सम्पूर्णतः सुम्पिनतर्फ लाग्दछ। बारम्बार नमस्कारले उसको त्यही समर्पण भावलाई बुझाउँछ। भगवान् श्रीकृष्णको ईश्वरीय रूपलाई देखेपछि अर्जुनले आफूलाई पूर्णतः उहाँमा नै समर्पित गरिदिएको वर्णन श्रीमद्भगवद्गीतामा आउँछ— **नमो नमस्तेऽस्तु सहस्रकृत्वः पुनश्च भूयोऽपि नमो नमस्ते** (श्रीम.गी. ११/३९) अर्थात् हजुरलाई हजारौँ पटक नमस्कार छ र फेरि पनि हजुरलाई बारम्बार नमस्कार छ। शिवोपासनाको प्रधान वैदिक प्रकरण रुद्रसूक्तमा बारम्बार **नमो नमः** भन्दै अनन्तरूपी शिवलाई नमस्कार गरिरहनुको तात्पर्य पनि यही हो।

शिव आफूलाई मन पर्ने वनप्रदेशमा एक्लै विचरण गरिरहनुहुन्छ, त्यसैले उहाँलाई **प्रियदव** भनिएको छ। उहाँ कामनालाई नष्ट गर्ने हुनाले **स्मरहर** पनि हुनुहुन्छ। सोम, सूर्य र अग्निरूप तीन नेत्र हुनुभएकाले **त्रिनयन** पनि हुनुहुन्छ। यी तीन पद सम्बोधनको रूपमा आएका छन्। अत्यन्त निकट या नजिक भन्ने अर्थमा **नेदिष्ठ** शब्द बन्दछ भने अत्यन्त दूर या टाढा भन्ने अर्थमा **दविष्ठ** शब्द बन्दछ। यसैगरी अत्यन्त क्षुद्र या सानो भन्ने अर्थमा **क्षोदिष्ठ** शब्द बन्दछ भने अत्यन्त महान् या ठूलो भन्ने अर्थमा **महिष्ठ** शब्द बन्दछ। अत्यन्त वृद्ध भन्ने अर्थमा **वर्षिष्ठ** शब्द बन्दछ भने अत्यन्त युवा भन्ने अर्थमा **यविष्ठ** शब्द बन्दछ। यसरी नजिक पनि टाढा पनि, सानो पनि ठूलो पनि र बूढो पनि युवा पनि भनेर शिवको स्वरूप बताउँदा अत्यन्त विरुद्धझैँ लाग्दछ। मधुसूदन सरस्वती भन्नुहुन्छ— **कथमपि स्वरूपनिर्णयासम्भवात् सर्वदा नमस्कार एव करणीयः** अर्थात् यस्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनेकरूपी शिवको स्वरूपनिर्णय गर्न नसकिने हुनाले जस्तो छ त्यही रूपलाई नमस्कारमात्र गर्न सकिन्छ। त्यसैले भक्तहरू भन्दछन्– हे महेश्वर ! म हजुर कस्तो हुनुहुन्छ ? हजुरको तत्त्व के हो ? भन्ने जान्दिन। त्यसैले हे महादेव हजुर जस्तो हुनुहुन्छ, त्यस्तैलाई बारम्बार नमस्कार छ।

यहाँ पुष्पदन्तले बताएका परस्पर विरुद्धझैँ लाग्ने सबै स्वरूपहरू उपनिषद्मै प्रतिपादित छन्। ईशावास्योपनिषद् भन्दछ— **तद्दूरे तद्वन्तिके** (ई.उ. ५) अर्थात् यो तत्त्व अत्यन्त टाढा छ र अत्यन्त नजिक पनि। यसको अर्थ गर्दै भगवत्पाद श्रीशङ्कराचार्य भन्नुहुन्छ– अज्ञानीहरूका लागि परमात्मतत्त्व अत्यन्त टाढा छ, किनभने वर्षौँसम्मको प्रयासबाट बरु मानिसहरूले अनेक ग्रह-उपग्रहको छानबिन गर्न सक्लान्, तर ब्रह्माण्डको छेउ-कुना खोजे पनि परमात्मतत्त्व मिल्नेवाला छैन। अत्यन्त नजिकचाहिँ यस कारणले कि जान्ने व्यक्तिका लागि अन्तःकरणको साक्षी रूपमा हृदयभित्रै त्यो सर्वदा विद्यमान छ। स्वयम् आत्माभन्दा अर्को नजिकको वस्तु कुन हुन सम्भव छ र? अतः यो दुवै कुरा परम तत्त्वमा विरुद्ध छैन। यसैगरी परमात्मतत्त्व अत्यन्त सानो र ठूलो छ भन्ने कुरा पनि उपनिषद्मै बताइएको छ। कठोपनिषद्मा भनिन्छ— **अणोरणीयान् महतो महीयान्** (क.उ.१/२/२०)। यसको अर्थ गर्दै भगवत्पाद श्रीशङ्कराचार्यले आत्मा अणुभन्दा पनि दुर्बोध्य भएकाले त्यसभन्दा पनि सूक्ष्म छ र सर्वव्यापक भएकाले सबै ठूला वस्तुहरूभन्दा पनि अझै ठूलो छ। अणुलाई त सूक्ष्मदर्शन यन्त्रको प्रयोग गरी स्पष्ट हेर्न सकिन्छ, तर आत्मालाई कुनै यन्त्रको प्रयोगले देख्न सकिन्न। यसैगरी आकाशादि प्रपञ्च यद्यपि अत्यन्त व्यापक छ तर यस्ता अनन्त ब्रह्माण्डको परिकल्पना त्यो असीम तत्त्वको एक छेउमा मात्रै हुने भएकाले सम्पूर्ण संसारभन्दा त्यो तत्त्व व्यापक हुने कुरा सिद्ध नै छ। यही कुरा वेदमा बताइन्छ— **पादोऽस्य विश्वा भूतानि** (शु.य.वे. ३१/३)अर्थात् त्यो व्यापक तत्त्वको एक पाउमा नै सम्पूर्ण विश्व-ब्रह्माण्ड अटेको छ।

यसैगरी शिवलाई युवा र वृद्ध दुवै भन्नु पनि विरुद्ध छैन। श्वेताश्वतर उपनिषद्मा भनिन्छ— **त्वं जीर्णो दण्डेन वञ्चसि, त्वं जातो भवसि** (श्वे.उ.४/३) अर्थात् तिमी नै बूढा भई लौरो लिई हिँड्छौ र तिमी नै भर्खर गर्भबाट उत्पन्न हुँदैछौ। बूढा भइरहेको र जन्मिरहेको सबै जीव शिवकै स्वरूप भएकाले यो कुरा विरुद्ध हुँदैन। शिव सबैका कारण भएकाले नित्य नवीन पनि हुनुहुन्छ। त्यसैले संसारभर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नजिक-टाढा, सानो-ठूलो, पुरानो-नयाँ आदि भनिने जति पनि वस्तुहरू छन्, ती सबै शिवकै स्वरूप हुन् । अतः पुष्पदन्त भन्दछन्— **सर्वस्मै ते नमः** अर्थात् सर्वरूपी हजुरलाई नमस्कार छ । यही कुरा श्रुतिमा पनि बताइएको छ— **ऐतदात्म्यमिदं सर्वम्** (छा.उ.६/१६/३) ।

यहाँ शङ्का हुन्छ कि– परमात्मा सर्वरूप हुँदा उहाँमा पनि उत्पत्ति, विनाश आदि सारा विकारहरू आउने भए । किनेभने परमात्मा नै घैँटो आदि पदार्थको रूपमा भएपछि त्यसको उत्पत्ति र विनाश परमात्माको नै उत्पत्ति–विनाश हुने भयो । अतः यो कुरा कसरी सम्भव छ ? यसको उत्तरमा भनिन्छ– घट, पट आदि सारा पदार्थ ब्रह्ममा अध्यस्त भएकाले ब्रह्म र ती पदार्थको वास्तविक अभेद छैन, किनभने ती पदार्थहरू नै वास्तविक नभई कल्पित हुन् । अज्ञात अवस्थामा डोरी नै सर्प, दण्ड, माला, जलधारा आदिको रूपमा कल्पित भएझैँ ब्रह्म पनि अज्ञान अवस्थामा सम्पूर्ण जगत्को रूपमा कल्पित हुने हो । अज्ञानद्वारा कल्पित भएको रूप अज्ञान विनष्ट भएपछि स्वतः नष्ट हुन्छ, तर त्यसबाट अधिष्ठानलाई केही फरक पर्दैन । डोरीमा सर्प देखियो र ज्ञानपछि बाधित भयो भन्दैमा त्यसबाट डोरी नै उत्पन्न भएको र डोरी नै बाधित भएको मानिन्न । यही कुरा ब्रह्म र जगत्मा लागू हुन्छ । फेरि शङ्का हुन सक्छ कि– जगत् ब्रह्ममा अध्यस्त, अनि ब्रह्म अधिष्ठान भए जगत्लाई ब्रह्म भनी किन बताइएको हो त ? यसको उत्तर हो, अध्यस्त वस्तु अधिष्ठानभन्दा भिन्न अस्तित्ववाला नहुनाले जगत्लाई ब्रह्म भनिएको हो । यसको तात्पर्य जगत् वास्तवमा छँदै छैन, त्यो ब्रह्मरूप नै हो भन्न खोजिएको हो । जब डोरीको ज्ञानद्वारा अज्ञान बाधित हुन्छ, तब अहिलेसम्म देखिएको सर्प त डोरी नै पो रहेछ भन्ने बोध हुन्छ । यहाँ सर्पलाई बाधित गरेर डोरीको रूपमा बताइएको छ ।

यो नीलो कमल हो भनेर बताउँदा जो नीलो हो, त्यही कमल हो भन्ने अर्थ आउँछ । नीलो अर्कै वस्तु र कमल अर्कै वस्तु होइन । यस्तो मुख्य अभेदलाई मुख्यसामानाधिकरण्य भनिन्छ । सर्प त डोरी नै रहेछ भने बताउँदा सर्प र डोरीमा बाधसामानाधिकरण्य छ, वास्तविक अभेद होइन । डोरी नै अज्ञानद्वारा सर्परूपमा कल्पित भएको थियो, तर ज्ञान भइसकेपछि चाहिँ सर्परूपता बाधित भई त्यो डोरी नै बन्दछ । यसरी कल्पित रूप बाधित भई वास्तविक रूप प्रकट हुनुलाई बाधसामानाधिकरण्य भन्दछन् । ठीक यसैगरी जुन बेलामा जगत् जगत्कै रूपमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भासित हुन्छ, त्यस बेलामा त्यो ब्रह्म हुनै सक्दैन, तर जगत्रूपता बाधित भइसकेपछि त्यो ब्रह्मरूप नै बन्दछ। जगत्लाई ब्रह्मरूपमा बताउनुको अथवा परमात्मालाई सर्वरूप भनी बताउनुको यही तात्पर्य हो। यस्तो भइसकेपछि अध्यस्त वस्तुमा देखिने काल्पनिक उत्पत्ति-विनाश आदि विकारले ब्रह्ममा कुनै दूषण आउँदैन, किनभने अध्यस्तको दोषले अधिष्ठानलाई छुँदैन।

पुष्पदन्तले संसारको अधिष्ठानको रूपमा शिवलाई बताउन **तदिदमितिसर्व** भन्ने पदको प्रयोग गरेका छन्। यो यौटै समस्त पद हो। यसको विग्रह यसप्रकार छ— **तत् इदम् इति प्रकारेण अनिर्वचनीयं सर्वं जगत् अध्यस्तं यत्र** अर्थात् त्यो त्यस्तो र यो यस्तो भनी निश्चित रूपले निर्वचन (प्रतिपादन) गर्न नसकिने अनिर्वचनीय जगत् अध्यस्त भएको छ जहाँ। यसरी अन्यपदार्थप्रधान बहुव्रीहि समासद्वारा **तदिदमितिसर्व** शब्दले सम्पूर्ण पदार्थको अधिष्ठान ब्रह्मलाई बुझाएको छ। वेदान्त दर्शनमा अनिर्वचनीय शब्दको अर्थ मिथ्या भन्ने हुन्छ, वर्णन गर्न नसकिने भन्ने होइन। जगत् पूर्णतः सत्य पनि होइन, किनकि ज्ञानद्वारा बाधित हुन्छ। अनि पूर्णतः असत्य पनि होइन, किनभने व्यवहारकालमा प्रतीत हुन्छ। यसैले यो सत् र असत्भन्दा भिन्न अनिर्वचनीय-मिथ्या हो भन्ने वेदान्तमत हो। ब्रह्मचाहिँ परमार्थ सत् हो, मिथ्या होइन। यसरी मिथ्यारूप सम्पूर्ण प्रपञ्चको अधिष्ठान ब्रह्म हो भन्ने बुझिन्छ। हरि र हर दुवै अद्वितीय ब्रह्मरूप भएकाले सम्पूर्ण व्याख्या हरपक्षमा जस्तै हरिपक्षमा पनि समान नै छ।

बहल-रजसे विश्वोत्पत्तौ भवाय नमो नमः
प्रबल-तमसे तत्संहारे हराय नमो नमः ।
जन-सुखकृते सत्त्वोद्रिक्तौ मृडाय नमो नमः
प्रमहसि पदे निस्त्रैगुण्ये शिवाय नमो नमः ॥३०॥

पदार्थ-

विश्वोत्पत्तौ = संसारको सृष्टिमा, **बहलरजसे** = विशेषरूपले रजोगुणी बन्ने, **भवाय** = ब्रह्ममूर्ति भवलाई, **नमः नमः** = बारम्बार नमस्कार छ, **तत्संहारे** = संसारको संहार गर्न, **प्रबलतमसे** = अधिकमात्रामा तमोगुण धारण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्ने, **हराय** = रुद्रमूर्ति हरलाई, **नमः नमः** = बारम्बार नमस्कार छ, **जनसुखकृते** = सम्पूर्ण प्राणीहरूलाई पालन गरी सुखी बनाउन, **सत्त्वोद्रिक्तौ** = सत्त्वगुणलाई विशेषरूपमा धारण गर्ने, **मृडाय** = विष्णुमूर्ति मृडलाई, **नमः नमः** = बारम्बार नमस्कार छ, **निस्त्रैगुण्ये** = त्रिगुणातीत अवस्थामा, **प्रमहसि** = माया उपाधिले शून्य, **पदे** = स्वरूपमा अवस्थित, **शिवाय** = परब्रह्मरूप शिवलाई, **नमः नमः** = बारम्बार नमस्कार छ ।

भावार्थ-

संसारको सृष्टिका लागि विशेषरूपमा रजोगुण धारण गरी ब्रह्माको स्वरूपमा बन्ने भवलाई बारम्बार नमस्कार छ । संसारको संहार गर्न विशेषरूपमा तमोगुण धारण गरी रुद्रमूर्ति रुद्रको स्वरूपमा बन्ने हरलाई बारम्बार नमस्कार छ । सम्पूर्ण प्राणीहरूलाई पालन गरी सुखप्रदान गर्न विशेषरूपमा सत्त्वगुणलाई धारण गरी विष्णुको स्वरूपमा बन्ने मृडलाई बारम्बार नमस्कार छ । त्रिगुणातीत अवस्थामा मायारूप उपाधिले शून्य भई आफ्नै वास्तविक स्वरूपमा अवस्थित रहने अद्वितीय शिवलाई बारम्बार नमस्कार छ ।

विवरण-

यस श्लोकमा त्रिगुणमय एवं गुणातीत रूपमा शिवको स्तुति गरिएको छ । जगत्को सृष्टि, स्थिति र संहार गर्नका लागि शिवले त्रिगुणात्मिका मायालाई स्वीकार गर्नुहुन्छ । मायाको रजोगुणलाई लिई जगत् सृष्टि गर्दा उहाँको नाम ब्रह्मा भन्ने रहन्छ । सत्त्वगुणलाई लिई जगत्को पालन गर्दा उहाँको नाम विष्णु भन्ने हुन्छ र तमोगुणलाई लिई जगत्को संहार गर्दा उहाँको नाम रुद्र भन्ने हुन्छ । सनातन परम्परामा यी तीन स्वरूपलाई त्रिदेव या त्रिमूर्ति भनी बताउने गरिन्छ । एउटै अभिनेता विभिन्न वेशभूषा र साजसज्जाद्वारा कहिले बूढो, कहिले युवक आदिको रूपमा देखिएझैं अद्वितीय शिवतत्त्व नै यी त्रिमूर्तिको रूपमा देखिएको हो । तर सामान्य प्राणीहरूलाईचाहिं छुट्टाछुट्टै स्वरूप अनि छुट्टाछुट्टै कार्य भएका त्रिदेव परस्पर भिन्न हुन् भन्ने लाग्छ । जब व्यक्ति अभेद दर्शनबाट चुक्दछ, तब ऊ आफ्नो उपास्यलाई ठूलो या अरु रूपलाई हेय बनाउने होडबाजीको अँध्यारो खाडलमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अवश्य नै जाकिन्छ। त्यसैले वेदान्तशास्त्रमा भनिन्छ— **अभेददर्शनं ज्ञानम्** अर्थात् अभेद दर्शन हुनु अर्थात् सबैमा एउटै परमात्मतत्त्व देख्नु नै ज्ञान हो।

परस्पर विद्वेषको दुर्भावले दूषित भएका अनेक आधुनिक सम्प्रदायवादीहरूले ब्रह्मा, विष्णु र शिव भिन्न हुन्, बाल्यकालका कृष्ण र प्रौढ भइसकेका कृष्ण भिन्न हुन् अनि शिव र शङ्कर भिन्न हुन् भनी जति-जति भेदको प्रचार गर्दछन्, त्यति-त्यति तिनीहरू अभेददर्शनरूप ज्ञानबाट टाढा भई अज्ञानमा रनभुल्ल पर्दछन्। तर सनातन परम्पराका साधकहरूले परमात्माको अद्वितीयतालाई कहिल्यै पनि भुल्नु हुँदैन। यदि त्रिदेव वास्तवमै भिन्न हुन् भने त ब्रह्माले बनाएको र विष्णुले पालन गरेको सृष्टिलाई रुद्रले संहार गरिदिंदा यिनीहरूबीच उहिल्यै घमासान झगडा भइसक्नुपर्ने थियो। मानिस आफ्नो घरको छतमा कसैले सानो ढुङ्गाले हान्यो भने त सत्तोसराप गर्दै लडाइँ गर्न तम्सिन्छ भने एउटाको सम्पूर्ण सृष्टिलाई नै अर्कोले भताभुङ्ग पारिदिंदा के लडाइँ हुनु पर्दैन थियो र ? तर आजसम्म त्यस्तो भएको छैन। यसबाट के थाहा हुन्छ भने सृष्टि, स्थिति र संहार गर्ने तत्त्व एउटै छ। एउटै व्यक्तिले बँगैचामा रुखविरुवा रोप्छ, तिनलाई मलजल हाली पालन गर्दछ र अनावश्यक हाँगा एवं रुखलाई निकाल्ने, काटछाँट गर्ने काम पनि गरिरहन्छ। उसको तीनथरी काममा कुनै विरोध छैन। यसैगरी यौटा व्यक्ति जाग्रत्कालमा घरव्यवहार, सम्पत्तिको हरहिसाब मिलाउन खट्दछ र रात परेपछि ती सबै झमेला आफूमा कहिल्यै हुँदै नभएजस्तो गरी इन्तु न चिन्तु भै निदाउँछ। यो दुईथरी व्यवहारमा पनि कुनै विरोध छैन। यसैगरी सृष्टि पनि प्राणीको समष्टि जीवनप्रक्रिया हो, यो एउटा समष्टि व्यवस्था हो, जसमा कहीँ कतै विरोध छैन। यदि वृद्ध प्राणी एवं अनुपयोगी वस्तुहरूको संहार नगर्ने हो भने नयाँ प्राणी एवं वस्तुहरूको सृष्टि गर्ने ठाउँ कहाँ रहन्छ र ? पुरानाहरू नष्ट हुँदै जाने र नयाँ जीवनहरू रचिंदै जाने हुनाले यो अनादि सृष्टि नित्यनवीन र मनोरम छ। त्यसैले परमात्माले अनेक रूपले सृष्टि-संहार आदि अनेक काम गरे पनि त्यसमा कुनै परस्पर विरोध छैन र उहाँको अद्वितीयतामा कुनै हानि आउँदैन।

प्रायः त्रिदेवको सम्बन्धमा अर्को पनि शङ्का हुने गर्दछ कि भगवान् विष्णु सत्त्वगुणी हुनुहुन्छ र महेश्वर तमोगुणी, त्यसैले तमोगुणीको भन्दा सत्त्वगुणीको सेवा गर्नु राम्रो हो। कहीँ-कहीँ शास्त्रहरूमा यस्ता अर्थवाद वचनहरू पनि पाइन्छन्। तर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

के कुरा बुझ्नुपर्दछ भने जुन उपासकले जुन उपास्य स्वरूपको उपासना गर्दछ, त्यस रूपलाई केवल एउटै मात्र गुणको स्वामी भनी उपासना गर्दैन। विष्णुको उपासकले विष्णुलाई सत्त्वगुणी मात्र मान्यो र महेश्वरको उपासकले महेश्वरलाई तमोगुणी मात्र मान्यो भने उसले त परमात्माको अनन्त ऐश्वर्यलाई एक-एक गुणमा मात्र परिच्छिन्न गरिदियो। सत्त्वगुणी विष्णु पालनकर्ता त हुनुहुन्छ, तर ब्रह्माले सृष्टि नगरिदिए उहाँले कसको पालन गर्ने ? अतः विष्णुलाई पालनकर्ता मात्र मान्दा उहाँले ब्रह्माको अपेक्षाविना पालन गर्न नसक्ने देखिन्छ। त्यसैगरी कसैले सृष्टि गरेर जोगाइराखेको वस्तु पाए पो रुद्रले संहार गर्ने ! अतः रुद्रलाई संहारकर्तामात्र मान्दा उहाँले पनि आफ्नो कर्म गर्न ब्रह्मा र विष्णुको अपेक्षा गर्नैपर्ने देखिन्छ। त्यसैले उपास्यलाई एक-एक गुणले युक्त मान्नु उपास्य देवको ऐश्वर्यलाई परापेक्षी र सङ्कुचित बनाउनु हो। अतः शास्त्रको निर्देश छ कि– विष्णुलाई श्रद्धा गर्नेले स्रष्टा, पालयिता र संहर्ता तीनै रूपमा विष्णुलाई मान्नुपर्दछ अनि महेश्वरलाई उपास्य मान्नेले पनि तीनै रूपमा उहाँलाई मान्नुपर्दछ। त्यसै भएर पुष्पदन्तले आफ्ना उपास्य शिवलाई यहाँ सृष्टि, स्थिति र संहार गर्ने अनि त्यसभन्दा पनि पर रहने तत्त्वको रूपमा स्तुति गरेका छन्।

पुष्पदन्त भन्दछन्— **बहलरज** अर्थात् सत्त्व र तमोगुणभन्दा बढी भएको रजोगुणलाई अधीनस्थ गरी भवमूर्ति शिव नै संसारको उत्पत्ति गर्नुहुन्छ। **प्रबलतम** अर्थात् सत्त्व र रजोगुणभन्दा बढी भएको तमोगुणलाई अधीनस्थ गरी हरमूर्ति शिव नै संसारको संहार गर्नुहुन्छ। **सत्त्वोद्रिक्तौ** अर्थात् रजोगुण र तमोगुणभन्दा बढी भएको सत्त्वगुणलाई अधीनस्थ गरी मृडमूर्ति शिव जगत्को पालन गर्नुहुन्छ। यहाँ शिवको भवमूर्ति भनेर ब्रह्मा, मृडमूर्ति भनेर विष्णुलाई बुझ्नुपर्दछ। यहाँ स्तुति गर्दा सृष्टि, स्थिति र संहारको क्रमले नभई पहिले सृष्टि, अनि संहार र पछि पालनकर्ताको रूपमा स्तुति गरिएको छ। यसको कारण के हो भने पुष्पदन्तलाई अहिले आफूमाथि शिवको कृपा बर्सियोस् र मेरो रक्षा होस् भन्ने भाव छ। त्यसैले पालनकर्तृत्व गुणलाई अन्तमा बताई प्रबल रूपमा प्रतिपादन गरिएको हो।

वास्तवमा शिव मायाका यी तीन उपाधि र सृष्टि, स्थिति आदि कर्मबाट पूर्णतः अतीत आफ्नै स्वरूपमा अवस्थित हुनुहुन्छ। **कुर्वन्नपि न लिप्यते** (श्रीम. गी. ५/७) अर्थात् एउटा जीवन्मुक्त महात्मा शरीर-इन्द्रिय आदिको व्यवहार गर्दागर्दै पनि तिनमा आसक्त नहुनाले त्यसभन्दा टाढा भएझैं शिवले जगत्को

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यवहारलाई चलाइरहँदा पनि उहाँ त्यसभन्दा टाढा हुनुहुन्छ । शिवमा सामान्य अज्ञानी प्राणीहरूको जस्तो मोह छैन । संसारव्यवहार गरिरहेको अवस्थामा उहाँ त्रिगुणात्मक हुने अनि सबै व्यवहारलाई छाडेको बेलामा मात्र उहाँ त्रिगुणातीत हुने होइन । जुन बेलामा संसार-व्यवहार चलिरहेको छ, त्यहीबेलामा पनि उहाँ वस्तुतः त्रिगुणातीत नै हुनुहुन्छ । फेरि शिव स्वयंमात्र त्रिगुणातीत हुनुहुन्छ भन्ने होइन । उहाँले त आफ्नो उपासकलाई पनि त्रिगुणातीत शिवरूपता प्रदान गर्न सक्नुहुन्छ । त्यसैले पुष्पदन्त भन्दछन्— **निस्त्रैगुण्ये पदे** अर्थात् त्रिगुणातीत परमपद पाउनका लागि म **प्रमहसि** अर्थात् मायारहित शुद्ध ब्रह्मरूपमा शिवलाई बारम्बार प्रणाम गर्दछु । यहाँ **प्रमहसि** शब्दको अर्थ यसप्रकार छ— **प्रकृष्टं मायानभिभूतं महः ज्योतिः यस्य तस्मिन्** अर्थात् मायाद्वारा नढाकिएको स्वयंप्रकाश चैतन्यरूपतामा अवस्थित । यस्ता शिवलाई यहाँ बारम्बार वन्दना गरिएको छ । हरि र हर दुवै अद्वितीय शिवतत्त्वरूप भएकाले सम्पूर्ण व्याख्या हरपक्षमा जस्तै हरिपक्षमा पनि मिल्ने देखिन्छ ।

कृश-परिणति-चेतः क्लेशवश्यं क्व चेदं
क्व च तव गुणसीमोल्लङ्घिनी शश्वदृद्धिः ।
इति चकितममन्दीकृत्य मां भक्तिराधाद्
वरद चरणयोस्ते वाक्य-पुष्पोपहारम् ॥३१॥

पदार्थ-

वरद = सबै अभीष्ट प्रदान गर्ने हे भगवन् ! **कृशपरिणति** = थोरै क्षमता भएको, **क्लेशवश्यं च** = क्लेशहरूद्वारा वशीभूत, **इदं** = यो, **चेतः** = मेरो चित्त, **क्व** = कहाँ, **तव** = हजुरको, **गुणसीमोल्लङ्घिनी** = गुणहरूको सीमालाई पार गर्ने, **शश्वत्** = नित्य, **ऋद्धिः च** = महिमाचाहिँ, **क्व** = कहाँ, **इति** = यस्तो सोची, **चकितं** = भयभीत भएको, **मां** = मलाई, **अमन्दीकृत्य** = भय र आलस्यले रहित बनाई, **भक्तिः** = भक्तिले नै, **ते चरणयोः** = हजुरको चरणमा, **वाक्यपुष्पोपहारं** = स्तुतिवचनरूपी पुष्पको उपहार, **आधात्** = अर्पण गराइन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ-

हे भगवन् ! हजुर आफ्ना भक्तहरूका सबै इच्छाहरूलाई पूरा गर्नुहुन्छ, तर थोरै क्षमता भएको र अनेक क्लेशहरूद्वारा वशीभूत भएको मेरो चित्त कहाँ ? अनि हजुरको सीमारहित अनन्त गुणमहिमा कहाँ ? भन्ने सोची म हजुरको स्तुति गर्न सङ्कोच मानिरहेको थिएँ। यहीबेला हजुरको भक्तिले आई मलाई निर्भय एवम् आलस्यरहित बनाएर हजुरको चरणमा स्तुतिवचनरूपी पुष्पको यो उपहार अर्पण गर्न लगाइन्।

विवरण-

यहाँ पुष्पदन्तले आफ्नो चित्त रागादि दोषले दूषित एवं अल्पज्ञानवान् भएको र शिवको ऐश्वर्य अनन्त भएको बताएका छन्। यस्तो स्थितिमा शिवमहिमाको वर्णन असम्भव भए पनि आफूले भक्तिको वश भई शिवमहिमाको वर्णन गरेको कुरा बताएका छन्। वास्तवमा भक्तिको सामर्थ्य अवर्णनीय छ। यसले अल्पज्ञ, अल्पशक्तिमान् जीवलाई पनि यति बलियो बनाइदिन्छ, उसले सर्वसमर्थ ईश्वरलाई वशमा गर्न सक्छ। भक्ति यस्तो डोरी हो, जसले जीव र ईश्वरलाई एउटै प्रेमबन्धनमा बाँधिदिन्छ। अरु बन्धनले ईश्वरलाई कहिल्यै छुँदैन, किनभने उहाँ **कर्तुमकर्तुमन्यथा कर्तुं समर्थः** अर्थात् गर्न, नगर्न र अर्कै थोक गर्न पनि सक्ने सर्वसमर्थ हुनुहुन्छ। तर भक्तिको डोरीले चाहिँ उहाँलाई यसरी बाँधिदिन्छ कि– उहाँ आफ्नो भक्त जता गयो त्यतै तानिनुहुन्छ। ईश्वरमा प्राणीहरूलाई बाँध्ने मायाशक्ति भएजस्तै जीवहरूमा पनि ईश्वरलाई बाँध्ने भक्तिरूपी शक्ति रहेको हुन्छ। अझ विचित्र त के छ भने जीवमा रहने यो भक्ति-शक्तिले ईश्वरमा रहने मायाशक्तिलाई परास्त गरिदिन्छ। भक्तिकै बलमा एउटा उपासकले ईश्वरमाथि आफ्नो अनन्त प्रभावी मायाशक्तिलाई छाड्न दबाब सिर्जना गर्न सक्छ। वेदमा एउटा उपासकको भनाइ यस्तो छ—

हिरण्मयेन पात्रेण सत्यस्यापिहितं मुखम्।
तत्त्वं पूषन्नपावृणु सत्यधर्माय दृष्टये॥ (ई.उ. १५)

हे परमात्मन् ! हजुरको सुवर्णमय ज्योतिर्मण्डल अर्थात् अनन्त ऐश्वर्यशक्तिद्वारा सत्स्वरूप हजुरकै वास्तविक मुख या स्वरूप ढाकिएको छ। म हजुरको सत्स्वरूपको दर्शन गर्न चाहन्छु, त्यसका लागि त्यो अनन्त ऐश्वर्यको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आवरणलाई हटाइदिनुहोस् । एउटा हाकिमले कर्मचारीलाई झ्यालको पर्दा खोल भनी निर्देशन गरेझैँ परमात्मालाई आफ्नो मायाशक्तिको पर्दा हटाउन निर्देशन दिन सक्ने बल भक्तिको बाहेक कसको हुन सक्छ ?

अहं भक्तपराधीनः (श्रीम.भा.महा. ९/४/६३) अर्थात् म भक्तको अधीनमा छु भन्ने कुरा परमात्माले स्वयं स्वीकार गर्नुभएको तथ्य हो। यही भक्तिद्वारा वशीभूत भएर नै परमात्मा आफ्नो सर्वव्यापकता, अनन्त महिमा आदिलाई चटक्क छाडी सीमित साकार रूपमा भक्तको अघि प्रकट हुनुहुन्छ। श्वेत मुनिको भक्तिद्वारा वशीभूत भई कृष्णा गण्डकीको किनार कालञ्जर पर्वत-प्रदेशमा शिवले स्वयं यमराजलाई पनि मारिदिनुभएको कथा पुराणहरूमा प्रसिद्ध छ । यसरी आफैँले बनाएको सृष्टिव्यवस्था नै खलबलिने भए पनि शिव भक्तिको वशमा परेपछि जे गर्न पनि तयार हुनुहुन्छ। यही भक्तिकै बलले दुराचारी व्यक्ति पनि शिवको प्रिय बन्न र लोकमा पूजित हुन सक्छ। यसरी भक्तिले जीवलाई सर्वसमर्थ बनाउने र ईश्वरलाई वशीभूत बनाउने स्पष्ट हुन्छ।

पुष्पदन्त भन्दछन्— मेरो चित्त **क्लेशवश्यं** अर्थात् क्लेशको वशीभूत भई दूषित भएको छ । पाँचथरी क्लेशको वर्णन गर्दै योगसूत्रकार भन्नुहुन्छ— **अविद्यास्मितारागद्वेषाभिनिवेशाः पञ्च क्लेशाः** (यो.सू.२/३) । **अविद्या** भनेको अज्ञान हो । **अस्मिता** भनेको सूक्ष्म अहङ्कार हो । **राग** भनेको कुनै वस्तुप्रतिको आसक्ति हो। **द्वेष** भनेको विरोध या वैर हो भने **अभिनिवेश** भनेको मृत्युभय हो । यिनलाई क्लेश किन भनिएको हो भने यिनले प्राणीहरूलाई दुःख दिन्छन्। **क्लिश्यन्ति इति क्लेशाः** अर्थात् दुःख दिने जति सबै क्लेश नै हुन्। यस्तो क्लेशले युक्त भएको चित्तले परमात्माको अनन्त प्रभावलाई के गरी जान्न सक्दछ र ? फेरि पुष्पदन्छ भन्दछन्– क्लेशको वशीभूत नभए पनि चित्त स्वयंमा परिच्छिन्न समेत छ । **कृशपरिणति** शब्दको अर्थ हुन्छ— **कृशा-अल्पा, परिणतिः-परिणामः यस्य** अर्थात् जसले अल्पपरिमाणको वस्तुलाई मात्र ग्रहण गर्न सक्छ। मानिसका मन, इन्द्रिय आदिले स्वभावतः नै परिच्छिन्न वस्तुलाई मात्र देख्न सक्दछन्। अझ त्यस परिच्छिन्न वस्तुलाई पनि सम्पूर्ण रूपमा ग्रहण गर्न सक्दैनन्। जस्तै मानिसको आँखाले आफ्नो अगाडिको घैँटोलाई त देख्दछ, तर घैँटोको चारैतर्फको परिधि, भित्री भाग आदि सबैलाई देख्दैन । समुद्रको अर्को

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तर्फको किनारालाई देख्न नसक्ने कुरा होस् या अनन्त आकाशलाई हेर्न नसक्ने कुरा होस्, इन्द्रियको परिच्छिन्नता स्पष्ट नै छ । मानिसको मनले पनि धेरै विचार गरेको खण्डमा कुनै वस्तुका केही रहस्यहरू सम्म पत्ता लगाउन सक्छ, तर वर्षौंवर्ष अनेकौं अन्वेषक मिली एउटा अणुको विषयमा अनुसन्धान गर्दा पनि त्यसको सम्पूर्ण रहस्यलाई जान्न नसकेको देखिन्छ । यसबाट यही पुष्टि हुन्छ कि मानिसको मनले अनन्त वस्तुको त के ! सृष्टिको सानोभन्दा सानो वस्तुको पनि सर्वांशमा परिचय पाउन सक्दैन ।

त्यसैगरी परमात्माको **शश्वदृद्धिः** अर्थात् नित्य विभूति या महिमा **गुणसीमोल्लङ्घिनी** अर्थात् असीम छ । **गुणानां या सीमा ताम् उल्लङ्घयितुं शीलं यस्याः** अर्थात् परमात्माका गुणहरू यत्तिमात्र छन् भन्ने सीमा छैन । उहाँको नित्य विभूतिले सारा सीमालाई अतिक्रमण गरिदिन्छ । यस्तो परमात्माको अनन्त महिमालाई परिच्छिन्न चित्तले ग्रहण गर्न खोज्नु त कमिलाले समुद्र तर्न खोज्नुसमान हो । पुष्पदन्त भन्दछन्— **इति चकितम्** अर्थात् यस्तो सोची म भयभीत भइरहको थिएँ । परमात्माको स्तुति गर्ने इच्छा भएर पनि उहाँको अनन्त महिमालाई पार पाउन नसक्ने देखी स्तुतिबाट निवृत्त हुन लागेको मलाई **भक्तिः आधात्** अर्थात् भक्तिले बलजफ्ती प्रेरित गरिन् । पुष्पदन्तको भनाइअनुसार शिवको भक्तिले उनको सामु आई ए पुष्पदन्त ! शिवमहिमाको वर्णन गर भनी बलपूर्वक स्तुतिमा प्रवृत्त गरेकाले यसमा उनको कुनै दोष छैन । मधुसूदन सरस्वती स्पष्टतः लेख्नुहुन्छ— **अन्यमत्या प्रवृत्तस्य मम स्खलितेऽपि क्षन्तव्यम् इत्यभिप्रायः** अर्थात् अर्काको बुद्धिमा लागी म स्तुति गर्न प्रवृत्त भएकाले यहाँ केही त्रुटि भएको छ भने पनि हजुरले क्षमा गर्नुपर्दछ भन्ने उनको अभिप्राय हो ।

यहाँ पुष्पदन्तको भनाइबाट अरु पनि तात्पर्यहरू स्पष्ट हुन्छन् । पहिलो कुरा त आफूले स्तुति गरेको नभई भक्तिले स्तुति गराएको भनेर उनले आफ्नो निरभिमानिता या विनयभावलाई प्रकट गरेका छन् । अनि **वाक्यपुष्पोपहारम्** भन्ने शब्दको प्रयोगबाट पनि एउटा सङ्केत मिल्दछ । यो पदको अर्थ स्तुतिवचनरूपी फूलको उपहार भन्ने हो । पुष्पदन्तले शिवलाई राम्रा-राम्रा फूल चढाउँछु भनी प्रयास गर्दा अनधिकृत काम हुन गएकाले दण्ड पाएका थिए । त्यसबाट मुक्त हुन उनले पुष्पोपहार नै चढाए तर योचाहिँ पहिलेको जस्तो नभई वचनरूपी पुष्पोपहार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हो। अघिल्लो पुष्पोपहार चढाउने क्रममा दोषवशात् दण्ड पाइएकाले यो पटकको पुष्पोपहारमा पनि केही दोष भए त्यसबाट फेरि दण्डित हुनुपर्ला भनी यो सबैको जिम्मेवारी भक्तिकै पोल्टामा पन्छाएको बुझिन्छ। यहाँ शिवलाई **वरद** शब्दले सम्बोधन गर्नुबाट स्तुतिको लगभग अन्त भइसकेकाले अब शिवको वरप्रसाद ममाथि चाँडै बर्सिनुपर्छ भन्ने भाव व्यक्त भएको छ। यहाँ वरद शब्दले विष्णुलाई सम्बोधन गरेको मान्दा यस श्लोकको अर्थ विष्णुपक्षमा पनि समान नै छ।

श्रीमधुसूदन सरस्वतीले यहींसम्मका श्लोकहरूलाई हरि र हर उभयपक्षमा अर्थ्याउँदै टीका लेख्नुभएको छ– यसभन्दा पछिका पाँच श्लोकहरूलाई सामान्यतः गतार्थ हुने सम्झी व्याख्या नलेखिकनै उहाँले व्याख्याको समाप्ति गर्नुभएको पाइन्छ। कुनै-कुनै प्राचीन सम्प्रदाय परम्परामा महिम्नःस्तोत्र भनेर ३२ श्लोकसम्मको प्रकरणलाई मात्र मानिन्छ। तर त्यसपछिको प्रकरणमा स्तोत्रको सन्दर्भ, फलश्रुति आदि भएकाले त्यसको पनि पाठ गर्नु उचित हुन्छ।

असित-गिरि-समं स्यात् कज्जलं सिन्धु-पात्रे
सुर-तरुवर-शाखा लेखनी पत्रमुर्वी ।
लिखति यदि गृहीत्वा शारदा सर्वकालं
तदपि तव गुणानामीश पारं न याति ॥३२॥

पदार्थ-

ईश = हे परमेश्वर ! **यदि** = यदि, **सिन्धुपात्रे** = समुद्ररूपी मसीदानीमा, **असितगिरिसमं** = .नीलाञ्जनपर्वतसमान, **कज्जलं** = कालो मसी, **स्यात्** = घोलिएको होस्, **सुरतरुवरशाखा** = कल्पवृक्षको हाँगा नै, **लेखनी** = लेखनी र, **उर्वी** = पृथिवी नै, **पत्रम्** = कापीसमान हुन्, **शारदा** = साक्षात् सरस्वतीले, **गृहीत्वा** = कलम समाती, **सर्वकालं** = सम्पूर्ण समय, **लिखति** = लेखिरहून्, **तत् अपि** = तर पनि, **तव** = हजुरका, **गुणानां** = गुणहरूको, **पारं** = पार, **न याति** = पाउन सक्दिनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ-

हे परमेश्वर ! सात समुद्रको जलमा सुमेरु पर्वतजत्रो मसीको डल्लो घोली मसी बनाइयोस्, कल्पवृक्षको हाँगा नै कलम बनोस् र पृथिवी नै पुस्तिकाको रूपमा बनून्, अनि साक्षात् सरस्वतीले कलम समाती निरन्तर हजुरको महिमालाई लेखिरहिन् भने पनि हजुरका अनन्त गुणहरूको पार पाउन सकिन्न ।

विवरण-

यहाँ शिवका गुणहरू अनन्त रहेको बताउन कल्पनाको सहारा लिइएको छ । **असितगिरि** अर्थात् पूरा सुमेरु पर्वतजत्रै मसीको थुप्रोलाई समुद्रको पानीमा घोली मसी बनाइयोस् । सम्पूर्ण पृथिवी नै शिवमहिमा लेख्ने कापीसमान बनून् । स्वयं वागधिष्ठात्री देवीले कल्पवृक्षको हाँगालाई कलम बनाई दिनरात अनन्त कालसम्म लेखिरहून्, तर शिवका अनन्त गुणहरूको वर्णन हुन सक्दैन भनिएको छ । यद्यपि यी सबै असम्भव छन् । न सुमेरुजत्रो मसीको डल्लो हुन सक्छ, न त समुद्रको पानीमा त्यसलाई घोल्न । त्यसैगरी सरस्वती देवीले कल्पवृक्षको हाँगालाई कलम बनाई अहर्निश लेखिरहने भन्ने कुरा पनि सम्भव छैन । त्यसैले यहाँ असम्भव कल्पनाद्वारा शिवमहिमाको अनन्ततालाई बताइएको छ ।

शास्त्रहरूमा अन्यत्र पनि यस्तो कल्पनाहरूको प्रसङ्ग आउँछ । **रजांसि भूमेर्गणयेत् कथञ्चित्** (श्रीमद्भा.महा. ११/४/२) अर्थात् कसैगरी पृथिवीका अणु-अणुलाई पृथक्-पृथक् गरी कसैले गन्न सक्ला तर पनि परमात्माको अनन्त महिमाको गणना गर्न सक्दैन भनिएको छ । नीतिशास्त्रमा पनि यस्तै कल्पना गरी प्रासङ्गिक विषयको निरूपण गर्ने गरेको पाइन्छ । बरु बालुवालाई धेरै समय पेल्यो भने त्यसबाट तेल निस्कला, अनि मरुभूमिमा खोज्दै गए बरु कहीँ पानी भेटिएला तर मूर्खलाई कसैगरी सम्झाउन सकिन्न भनिएको पाइन्छ । यसबाट ती कुराहरू हुन सक्छन् भन्ने नभई वर्णन गरिएको प्रधान विषयचाहिँ यी सबैभन्दा पनि असम्भव छ भन्ने मात्र सिद्ध हुन्छ । यही युक्तिको प्रयोग यहाँ गरिएको छ ।

यहाँ के अनुमान गर्न सकिन्छ भने पुष्पदन्तले अहिलेसम्म गरिएको सम्पूर्ण स्तुति भक्तिद्वारा गरिएको हो भनी आफ्नो अभिमानलाई पूर्णतः शिवमै चढाएपछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनि उनी निरीह भावले वरदाता शिवको शरणमा गइसकेपछि आशुतोष शिव तत्काल उनको अघि प्रकट हुनुभयो । अनि शिवप्रसादका कारण अरु भक्तका लागि पनि सिद्धिदायक बनिसकेको यस स्तोत्रको महत्त्वलाई बुझाउन पुष्पदन्तले फलश्रुतिका श्लोक र आफूले स्तुति गर्नुका सन्दर्भहरू सबै पछि संयुक्त गरेका हुन् । किनभने ३४ औँ श्लोकमा उनले यस स्तोत्रको पाठ गर्नेहरूलाई यस लोकमा सुख-समृद्धि र पछि शिवलोक मिल्ने कुरा बताएका छन् । त्यसैगरी ३३औँ श्लोकमा पनि पुष्पदन्त नामक गणले यस स्तोत्र बनाए भन्ने उल्लेख गरिएको छ । यस स्तोत्र भन्नेबित्तिकै मूल स्तोत्रभन्दा त्यो प्रकरण पृथक् रहेको कुरा स्पष्ट हुन्छ । अनि स्तोत्रको सिद्धिदायकताको अनुभव नगरी उनले यो कुरा बताउन पनि मिल्दैन र शिवकृपा प्राप्त हुनुभन्दा अघि नै आफ्नो स्तुतिको महिमागान गर्नु अभिमान पनि हुन जान्छ । अतः फलश्रुति प्रकरणका श्लोकहरू पछि पुष्पदन्तद्वारा थपिएका हुन् र शिवचाहिँ ३२ श्लोकको प्रार्थनापछि नै प्रकट हुनुभयो भन्न सकिन्छ । शिवलाई प्रकट गर्ने मुख्य प्रकरण यतिमात्र भएकाले केही प्राचीन परम्परामा यतिलाई मात्र शिवमहिम्नःस्तोत्र मानिएको कुरा मिल्न आउँछ । साथै ग्रन्थको महत्त्वबोध नभई कसैको पनि त्यसमा प्रवृत्ति नहुने हुँदा फलश्रुति, कथासन्दर्भ आदि बताउने पछिल्लो प्रकरणलाई पनि स्तोत्रकै रूपमा पाठ गर्नु सान्दर्भिक देखिन्छ ।

असुर-सुर-मुनीन्द्रैरर्चितस्येन्दुमौले-
ग्रथित-गुणमहिम्नो निर्गुणस्येश्वरस्य ।
सकल-गण-वरिष्ठः पुष्पदन्ताभिधानो
रुचिरमलघुवृत्तैः स्तोत्रमेतच्चकार ॥३३॥

पदार्थ-

असुरसुरमुनीन्द्रैः = देवता दानव र श्रेष्ठ मुनिहरूद्वारा, **अर्चितस्य** = पूजा गरिएका, **ग्रथितगुणमहिम्नः** = गुणमहिमा गाइएका, **इन्दुमौलेः** = शिरमा चन्द्र धारण गर्ने र, **निर्गुणस्य** = वास्तवमा चाहिँ निर्गुण, **ईश्वरस्य** = शिवको, **सकलगणवरिष्ठः** =सबै गणहरूमध्ये श्रेष्ठ, **पुष्पदन्ताभिधानः** =पुष्पदन्तनामक गणले, **अलघुवृत्तैः** = लामा शिखरिणीका श्लोकहरूद्वारा, **एतत्** = यो, **रुचिरं स्तोत्रं** = मनोरम स्तुति, **चकार** = बनाए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ-

चन्द्रशेखर भगवान् शिवलाई देवता, दानव र श्रेष्ठ मुनिहरू सबैले पूजा गर्दछन् र सबैले उहाँका अनन्त गुणहरूको महिमागान गर्दछन्, वास्तवमा चाहिं उहाँ निर्गुण अद्वितीय तत्त्व हुनुहुन्छ। शिवगणमध्ये श्रेष्ठ पुष्पदन्तनामक गन्धर्वले शिखरिणी छन्दका श्लोकहरूद्वारा तिनै परमात्माको यस सुन्दर स्तुति बनाए।

विवरण-

यहाँ पुष्पदन्तले आफूले यस स्तुतिमा निर्गुण परमात्माका नित्य गुणहरूको महिमागान गरेको कुरा बताएका छन्। श्लोकमा **ग्रथित** शब्द प्रयोग गरिएको छ। ग्रथन शब्दको अर्थ उन्नु भन्ने हुन्छ। राम्रा-राम्रा फूलहरू लिई सुन्दर माला उनेझैँ शिवका अनन्त गुणहरूका महिमारूपी पुष्पलाई लिई महिम्नःस्तोत्ररूपी माला उनेको भन्ने भाव अभिव्यक्त हुन्छ। सयपत्री फूलमात्र उनिएको मालालाई सयपत्री माला या गुलाब फूलमात्र उनिएको मालालाई गुलाब माला भनेझैँ शिवका अनेक महिमाहरूद्वारा गाँसिएको यस स्तोत्रमालालाई महिम्नःस्तोत्र भनिएको बुझिन्छ।

यहाँ परमात्माको सगुण र निर्गुण दुवै रूपको चर्चा गरिएको छ। निर्गुण स्वरूपलाई बताउन निर्गुण भन्ने शब्द नै प्रयुक्त छ भने गुणमहिमाको ग्रथन गर्ने भन्ने भनाइबाट सगुण स्वरूपलाई सङ्केत गरिएको छ। किनभने सगुण स्वरूपकै गुणहरूको महिमागान हुन सक्छ। निर्गुणको होइन। यहाँ सामान्य मानिसलाई के भ्रम पर्दछ भने यौटै परमात्मा गुणले रहित र गुणले सहित पनि हुन कसरी सम्भव छ र? सामान्य मानिसहरूको यही धारणाका आधारमा विशिष्टाद्वैत, द्वैत आदि दर्शनका आचार्यहरूले परमात्माको निर्गुण स्वरूप हुँदैन। उहाँ त सगुणमात्र हुनुहुन्छ भनी प्रतिपादन गरेको पनि पाइन्छ। त्यसैगरी जन्मिँदै तत्त्वज्ञानी भएर जन्मिएका केही आधुनिक सम्प्रदायवादीहरूले चाहिं सगुण परमात्मा भन्ने छँदै छैन, त्यसैले उपासना-सेवा आदि गर्नुपर्दैन। केवल निर्गुण ब्रह्मतत्त्वमात्र छ भनी सिद्धान्त प्रचार गरेको सुनिन्छ। तर सनातन परम्पराका अनुयायीहरूले के कुरा बुझ्नुपर्दछ भने परमात्माका सगुण र निर्गुण दुवै स्वरूप शास्त्रसम्मत छन्। जगत्व्यवहारका लागि मायालाई स्वीकार गर्दा परमात्मा सगुण बन्नुहुन्छ भने आफ्नो स्वाभाविक स्वरूपमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उहाँ निर्गुण हुनुहुन्छ। परमात्माका यी दुवै स्वरूप हुनुका शास्त्रीय प्रयोजन र मर्यादाहरू अलग-अलग छन्। निष्काम कर्म या परमात्माको उपासना आदि नगरिकन व्यक्तिको चित्त कसैगरी पनि शुद्ध हुनै सक्दैन। मनभित्र वासनाहरूको जञ्जाल शान्त भएको छैन, अनि बाहिरचाहिँ निर्गुण ब्रह्म, जीव र ब्रह्मको एकताजस्ता कुराहरू बोल्दैमा केही हुनेवाला छैन। यस्ता व्यक्तिलाई **ब्रह्मकर्मोभयभ्रष्ट** भनिन्छ। यो व्यक्ति न त नित्य, नैमित्तिक र उपासना आदि कर्महरू गर्दछ, न त निर्वासन भई ब्रह्ममा नै अवस्थित हुन सक्दछ। त्यसैले सामान्य संसारी मानिसले सगुण परमात्मालाई श्रद्धा नगरी निर्गुण ब्रह्ममात्र शास्त्रप्रतिपाद्य हो भन्न थाल्यो भने ऊ दुर्गतिमा पर्ने निश्चित छ। त्यसैगरी सगुण परमात्मालाई मात्र मानी निर्गुण ब्रह्मलाई नमान्ने व्यक्तिहरूको चाहिँ मोक्षरूप परमकल्याण हुनसक्ने देखिन्न, किनभने परमात्माको निरुपाधिक या निर्विशेष रूपलाई साक्षात्कार नगरी संसारबन्धनबाट मुक्त हुन सकिन्न। वेदमा भनिन्छ– **तमेव विदित्वातिमृत्युमेति** (शु.य.वे. ३१/१८) अर्थात् त्यही निर्विशेष ब्रह्मतत्त्वलाई जानेर मात्र व्यक्ति मृत्युभन्दा पर हुन सक्दछ। शास्त्रज्ञहरूका अनुसार मन्त्रमा आएको एव पदले सगुण रूपलाई व्यावर्तन गरी निर्गुण स्वरूपलाई मात्र निर्देश गरेको छ। जबसम्म परमात्मा सगुण अर्थात् मायारूपी उपाधिले सहित हुनुहुन्छ, तबसम्म जीवको उहाँसँग अभेद हुनै सक्दैन। कहाँ अल्पज्ञ जीव र कहाँ सर्वज्ञ परमात्मा। तर जीवले आफ्नो उपाधि अन्तःकरण अनि परमात्माले आफ्नो उपाधि मायालाई छोडी निर्विशेष ब्रह्मरूप बनेको अवस्थामा भने दुवैको एकता सम्भव छ। यही जीवब्रह्मैक्यज्ञानले मात्र बन्धनको मूल कारण अज्ञानलाई हटाउन सक्दछ। परमात्माको सगुण अर्थात् माया उपाधिले सहित रूपलाई साक्षात्कार गरेर चाहिँ अज्ञान हट्नेवाला छैन, किनभने सोपाधिकरूपमा त परमात्मा घट, पट आदि सारा पदार्थकै रूपमा पनि हुनुहुन्छ। आखिर घट भनेको पनि नाम-रूप उपाधिले सहित परमात्मा नै त हो, तर यस्तो सोपाधिक रूपलाई जानेर अज्ञानको नाश हुँदैन। अतः संसारबन्धनको मूल कारण अज्ञानलाई नष्ट गर्नका लागि परमात्मको निर्गुण स्वरूपलाई नै साक्षात्कार गर्नुपर्ने हुन्छ। यद्यपि सगुण परमात्माको कृपा नभई यो जीवब्रह्मैक्य ज्ञान हुन सम्भव छैन, तर अन्तमा हुनुपर्ने यही ज्ञान हो।

यसलाई एउटा दृष्टान्तबाट बुझ्न सकिन्छ। कुनै आदरणीय व्यक्ति ढोका बन्द गरी कोठाभित्र सबेका छन्। उनलाई भेट्न बाहिरबाट कोही मानिस आयो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भने उसले त्यो ढोकालाई पार नगरी उक्त व्यक्तिलाई भेट्न सक्दैन । मानिसको आवाज सुनी भित्रका व्यक्तिले ढोकाको अवरोधलाई हटाइदिन्छन् । तब उसले भित्र गई आफ्ना आदरणीय व्यक्तिसँग दर्शन, आलिङ्गन आदि गर्न सक्दछ । ठीक त्यसैगरी ईश्वरले जीवको प्रार्थनाबाट आफ्नो मायारूपी अवरोधलाई नहटाएसम्म जीव र ईश्वरको पूर्ण मिलन सम्भव छैन । ढोकाभित्र बसेका व्यक्तिसमान सगुण परमात्मा हुनुहुन्छ । ढोका खुल्नु भनेको ईश्वरले आफ्नो उपाधि मायालाई हटाई वास्तविक निर्गुण ब्रह्मरूप हुनु हो । यही अवस्थामा मात्र जीव र ब्रह्मको एकता सम्भव छ । नत्र सगुण ईश्वरसँग जीवको मिलन हुनु त ढोकाबाहिरैबाट व्यक्तिको दर्शन गरेसमान हो । अतः वेदान्तमा साधानाकाल या चित्तशुद्धिको अवस्थासम्म सगुण परमात्मा र अभेदज्ञानको अवस्थामा निर्गुण परमात्मालाई मानिन्छ । यहाँ पनि मायालाई स्वीकार गर्दा अनेक गुण-महिमा देखिने तर वास्तवमा चाहिँ नित्य, निर्गुण स्वरूपमै अवस्थित परमात्माको स्तुति गरिएको भनी पुष्पदन्तले सगुण र निर्गुण दुवैको पूर्वोक्त शास्त्रीय मर्यादालाई सङ्केत गरेका छन् ।

अहरहरनवद्यं धूर्जटेः स्तोत्रमेतत्
पठति परमभक्त्या शुद्ध-चित्तः पुमान् यः ।
स भवति शिवलोके रुद्रतुल्यस्तथाऽत्र
प्रचुरतर-धनायुः पुत्रवान् कीर्तिमाँश्च ॥३४॥

पदार्थ-

धूर्जटेः = भगवान् शिवको, **एतत्** = यो, **अनवद्यं** = निर्दोष, **स्तोत्रं** = स्तोत्रलाई, **शुद्धचित्तः** = शुद्धचित्त भई, **परमभक्त्या** = परम प्रेमपूर्वक, **अहरहः** = प्रतिदिन, **यः पुमान्** = जो व्यक्तिले, **पठति** = पढ्दछ, **सः** = त्यो, **शिवलोके** = शिवलोकमा, **रुद्रतुल्यः** = शिवतुल्य नै, **भवति** = हुन्छ, **तथा** = त्यसैगरी, **अत्र** = यहाँ, **प्रचुरतरधनायुः** = प्रचुर धन र लामो आयु भएको, **पुत्रवान्** = पुत्रयुक्त र, **कीर्तिमान् च** = कीर्तिशाली पनि हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ-

सबैथरी दोषले रहित भगवान् शिवको यस परम पवित्र स्तोत्रलाई चित्त शुद्ध भएको व्यक्तिले प्रेमपूर्वक प्रतिदिन पढ्दछ भने त्यो शिवलोकमा पुगी शिवतुल्य नै बन्दछ । यस लोकमा रहुञ्जेल चाहिँ धेरै सम्पत्ति, लामो आयु, सद्गुणी पुत्र र अनन्त कीर्तिले युक्त हुन्छ ।

दीक्षा दानं तपस्तीर्थं ज्ञानं यागादिकाः क्रियाः ।
महिम्नःस्तवपाठस्य कलां नार्हन्ति षोडशीम् ॥३५॥

पदार्थ-

दीक्षा = दीक्षा, **दानं** = दान, **तपः** = तप, **तीर्थम्** = तीर्थाटन, **ज्ञानं** = शास्त्रज्ञान, **यागादिकाः** = यज्ञ आदि, **क्रियाः** = सत्कर्महरू, **महिम्नःस्तवपाठस्य** = महिम्नःस्तोत्रपाठको, **षोडशीं** = सोह्रौँ, **कलां** = कला पनि, **न अर्हन्ति** = हुँदैनन् ।

भावार्थ-

दीक्षा, दान, तपस्या, तीर्थाटन, शास्त्रज्ञान, यज्ञ आदि सत्कर्महरू महिम्नःस्तोत्रपाठको सोह्रौँ कलाबराबर पनि हुँदैनन् ।

आसमाप्तमिदं स्तोत्रं सर्वमीश्वरवर्णनम् ।
अनौपम्यं मनोहारि पुण्यं गन्धर्व-भाषितम् ॥३६॥

पदार्थ-

आसमाप्तं = समाप्ति नहुञ्जेलसम्म, **गन्धर्वभाषितं** = पुष्पदन्तद्वारा गाइएको, **इदं** = यस, **सर्वं** = सम्पूर्ण, **स्तोत्रं** = स्तुति, **ईश्वरवर्णनं** = ईश्वरवर्णनात्मक, **मनोहारि** = मनोहर, **अनौपम्यं** = अनुपम र, **पुण्यं** = परम पुण्यमय छ ।

भावार्थ-

पुष्पदन्तद्वारा गाइएको यो सम्पूर्ण स्तुति ईश्वरवर्णनात्मक छ, मनोहर, अनुपम एवं परम पुण्यमय छ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महेशान्नापरो देवो महिम्नो नापरा स्तुतिः ।
अघोरान्नापरो मन्त्रो नास्ति तत्त्वं गुरोः परम् ॥३७॥

पदार्थ-

महेशात् = महेश्वरभन्दा, **अपरः** = अर्को, **देवः** = कोही देवता, **न** = छैनन्, **महिम्नः** = महिम्नःस्तोत्रभन्दा, **अपरा** = अर्को, **स्तुतिः** = उत्तम स्तुति, **न** = छैन, **अघोरात्** = अघोर मन्त्रभन्दा, **अपरः** = अर्को, **मन्त्रः** = श्रेष्ठ मन्त्र, **न** = छैन, **गुरोः** = गुरुभन्दा, **परं** = पर, **तत्त्वं** = कुनै तत्त्व, **नास्ति** = छैन ।

भावार्थ-

महेशभन्दा अर्को कोही श्रेष्ठ देवता छैनन् । महिम्नःस्तोत्रभन्दा श्रेष्ठ अर्को कुनै स्तुति छैन । अघोर मन्त्रभन्दा श्रेष्ठ अर्को कुनै मन्त्र छैन अनि गुरुभन्दा पर कुनै पनि तत्त्व छैन ।

कुसुमदशन-नामा सर्वगन्धर्वराजः
शिशुशशधर-मौलेर्देवदेवस्य दासः ।
स खलु निजमहिम्नो भ्रष्ट एवास्य रोषात्
स्तवनमिदमकार्षीद् दिव्यदिव्यं महिम्नः ॥३८॥

पदार्थ-

शिशुशशधरमौलेः = अर्धचन्द्रलाई शिरमा धारण गर्नुहुने, **देवदेवस्य** = महादेवको, **दासः** = सेवक, **कुसुमदशननामा** = पुष्पदन्त नामक, **सर्वगन्धर्वराजः** = गन्धर्वराज, **अस्य एव** = उहाँकै, **रोषात्** = क्रोधले, **निजमहिम्नः** = आफ्नो महिमाबाट, **भ्रष्टः** = भ्रष्ट भएका, **सः खलु** = तिनैले, **इदं** = यो, **दिव्यदिव्यं** = अत्यन्त दिव्य, **महिम्नः** = शिवमहिमाको, **स्तवनं** = स्तुति, **अकार्षीत्** = गरे ।

भावार्थ-

शिरमा अर्धचन्द्र धारण गर्नुहुने देवाधिदेव महादेवका सेवक गन्धर्वराज पुष्पदन्त उहाँकै क्रोधका कारण आफ्नो ऐश्वर्यबाट भ्रष्ट भए र त्यही बेलामा उनले यो अतिदिव्य महिम्नःस्तोत्रको रचना गरे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुरवरमुनिपूज्यं स्वर्गमोक्षैकहेतुं
पठति यदि मनुष्यः प्राञ्जलिर्नान्यचेताः ।
व्रजति शिवसमीपं किन्नरैः स्तूयमानः
स्तवनमिदममोघं पुष्पदन्तप्रणीतम् ॥३९॥

पदार्थ-

यदि = यदि, **मनुष्यः**= मानिसले, **सुरवरमुनिपूज्यं** = श्रेष्ठ देवता र मुनिहरूद्वारा पनि आदरणीय, **स्वर्गमोक्षैकहेतुं** = स्वर्ग र मोक्ष प्रदान गर्नसक्ने, **पुष्पदन्तप्रणीतं** = पुष्पदन्तद्वारा विरचित, **इदं** = यो, **अमोघं** = अमोघ, **स्तवनं** = स्तुतिलाई, **प्राञ्जलिः** = हात जोडी, **नान्यचेताः** = एकाग्रचित्त भई, **पठति** = पढ्दछ भने, **किन्नरैः** = किन्नरहरूद्वारा, **स्तूयमानः** = स्तुति गर्दै, **शिवसमीपं** = शिवको नजिक, **व्रजति** = पुग्दछ ।

भावार्थ-

यदि कुनै मानिसले श्रेष्ठ देवता र मुनिहरूद्वारा पनि आदरणीय, स्वर्ग र मोक्ष प्रदान गर्न सक्ने पुष्पदन्तद्वारा विरचित यो अमोघ स्तुतिलाई एकाग्रचित्त भई हात जोडी पाठ गर्दछ भने त्यो व्यक्ति किन्नरहरूद्वारा प्रशंसित हुँदै शिवको नजिक पुग्दछ ।

विवरण-

यहाँ प्रस्तुत स्तोत्र पढ्नाले स्वर्ग र मोक्ष दुवै प्राप्त हुने बताइएको छ । शास्त्रको मर्यादा यही हो कि कसैले सकाम भावले परमात्माको उपासना गऱ्यो भने त्यस व्यक्तिले स्वर्गीय भोग आदि फल प्राप्त गर्दछ र निष्काम भावले उपासना गऱ्यो भने चाहिं उसले मुक्ति प्राप्त गर्दछ । यो मुक्ति पनि दुई प्रकारको छ– क्रममुक्ति र विदेहमुक्ति । क्रममुक्ति भनेको यही जन्ममा पूर्णतः ज्ञान हुन नसकी ब्रह्मलोकमा पुग्नु र त्यतैबाट ज्ञान गरी मुक्त हुनु हो । विदेहमुक्ति भनेको यही जन्ममा ज्ञान गरी ब्रह्मभावमा प्राप्त हुनु हो । उपनिषद्मा सामान्यतया पञ्चाग्निविद्यालाई जान्ने गृहस्थहरू, नित्य तपःपरायण योगीहरू र आश्रमधर्मलाई पालन गर्ने संन्यासीहरू कार्यब्रह्मको लोक प्राप्त गर्दछन् भनिएको छ । ब्रह्माको १०० वर्षको आयु समाप्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नहुञ्जेल ती सबै वेदान्तश्रवण, वेदान्तचिन्तन आदि गर्दै त्यहीँ बस्दछन्। जब १०० वर्षको आयु समाप्त भएर ब्रह्माजीले आफ्नो उपाधिलाई त्यागी परब्रह्ममा मिल्ने समय हुन्छ त ती सबै ब्रह्माजीसँगै ब्रह्ममा मिल्दछन् भनिन्छ—

ब्रह्मणा सह ते सर्वे सम्प्राप्ते प्रतिसञ्चरे।

परस्यान्ते कृतात्मानः प्रविशन्ति परं पदम्॥ (कू.पु. पूर्वार्ध १२/२७३)

पौराणिक वर्णनअनुसार ब्रह्माजीको लोकलाई सत्यलोक भनिन्छ र विष्णु एवं शिवको लोकलाई वैकुण्ठ र कैलाश। त्यस्तै देवीको मणिद्वीप, गणेशको स्वानन्दभुवन, श्रीकृष्णको वृन्दावन, श्रीरामको साकेत आदि लोकहरू मानिन्छन्। यी इष्टस्वरूपलाई भक्तहरू परब्रह्मकै रूपमा उपासना गर्दछन्। त्यसैले धेरैलाई यस्तो लाग्छ कि– ब्रह्मलोक शास्त्रमा स्पष्टतः वर्णन भएकाले अवधि पुगेपछि नष्ट हुन्छ, तर वैकुण्ठ, कैलाश आदि लोकहरू चाहिँ नित्य हुन् र ती लोकहरूमा पुग्नु नै पूर्ण मुक्ति हो। तर उपनिषद्मा स्पष्टतः भनिएको छ— **आत्मानमेव लोकमुपासीत** (बृ.उ.१/४/१५) अर्थात् आत्मस्वरूपको साक्षात्कारद्वारा नै मुक्ति मिल्छ, अतः आत्माकै उपासना-श्रवण, मनन, निदिध्यासन आदि गर्नुपर्दछ। अरु लोक-लोकान्तरको भर पर्नु हुँदैन। वेदान्तमा मायाद्वारा एउटै ब्रह्म ब्रह्मा, विष्णु र महेश्वरभावमा प्राप्त हुने व्यवस्था भएकाले ब्रह्मलोकको जे स्थिति हो, विष्णुलोक, रुद्रलोक आदिको पनि त्यही व्यवस्था बुझ्नुपर्दछ। कहीँ-कहीँ शास्त्रमा ब्रह्माजीको सय वर्ष विष्णुको एक दिन र विष्णुको सय वर्षको पूर्णायु शिवको एक क्षण हुने भनी बताइएको पनि पाइन्छ। यो व्यवस्थाअनुसार पनि कुनै न कुनै दिन त्रिदेवको साकार रूपकल्पना अवश्य विलीन हुन्छ भन्ने कुरा स्पष्ट नै हुन्छ। जुन बेला ती-ती उपास्य देव आ-आफ्नो उपाधि छाडी निर्विशेष ब्रह्मरूप बन्दछन्, त्यहीबेला दिव्य लोकमा रहने सबै उपासकहरू ब्रह्ममा अभिन्न रूपले मिल्दछन्। त्यसभन्दा अघि विष्णु, शिव आदिको उपासनाद्वारा सायुज्य मुक्तिलाई नै प्राप्त गरेका जीवहरू पनि पूर्णतः ब्रह्माभिन्न हुन सकेका हुँदैनन्, किनकि उपास्य देव मायोपाधिक हुनुहुन्छ। उपास्यले माया उपाधि छाडी निर्विशेष ब्रह्मभावमा प्राप्त भएपछि भने उहाँसँगै सालोक्य, सारूप्य आदि मुक्ति प्राप्त गरेका सबै जीवहरू पनि अद्वितीय ब्रह्मभावमा प्राप्त हुन्छन्। यही क्रममुक्ति हो। सगुण परमात्माको उपासनाद्वारा चित्तशुद्धिपूर्वक कसैलाई यही मुनष्यजन्ममा नै जीवब्रह्मैक्य ज्ञान भयो भने ऊ यहीँ नै ब्रह्मभावमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राप्त हुन्छ, दिव्य लोक-लोकान्तरमा जाँदैन। यो व्यवस्था देवीभागवतमा भगवतीले हिमालयलाई देवीगीताको उपदेश गर्ने क्रममा स्पष्टतः बताउनु भएकाले अन्य उपास्य देवका सम्बन्धमा पनि समानरूपले लागू हुन सक्दछ। यसरी सकाम भावले परमात्माको उपासना गर्ने व्यक्तिले स्वर्गीय भोग आदि फल प्राप्त गर्ने र निष्काम भावले उपासना गर्ने व्यक्तिले चित्तशुद्धिद्वारा भगवत्कृपाले तत्त्वज्ञान प्राप्त गरी यहीँ मुक्त हुने बुझिन्छ। अनि कसैलाई जीवनकालमा तत्त्वज्ञान हुन सकेन भने ऊ आफ्नो उपास्यको लोकमा पुग्ने र त्यतैबाट ज्ञान गरी मुक्त हुने कुरा स्पष्ट हुन्छ।

श्रीपुष्पदन्त-मुखपङ्कज-निर्गतेन
स्तोत्रेण किल्विषहरेण हरप्रियेण ।
कण्ठस्थितेन पठितेन समाहितेन
सुप्रीणितो भवति भूतपतिर्महेशः ॥४०॥

पदार्थ-

श्रीपुष्पदन्तमुखपङ्कजनिर्गतेन = पुष्पदन्तको मुखकमलबाट निस्किएको, **किल्विषहरेण** = पापनाशक, **हरप्रियेण** = भगवान् शिवलाई अत्यन्त प्रिय लाग्ने, **स्तोत्रेण** = यो स्तोत्रलाई, **कण्ठस्थितेन** = कण्ठस्थ गरी, **समाहितेन** = चित्तलाई एकाग्र गरेर, **पठितेन** = पाठ गर्नाले, **भूतपतिः** = पशुपति, **महेशः** = महेश्वर, **सुप्रीणितः** = अत्यन्त प्रसन्न, **भवति** = हुनुहुन्छ।

भावार्थ-

पुष्पदन्तको मुखबाट निस्किएको यो स्तोत्र भगवान् शिवलाई अत्यन्त प्रिय छ र सबै पापलाई नष्ट गर्दछ। जसले यसलाई कण्ठस्थ गरी एकाग्रचित्त भई पाठ गर्दछ, त्यसदेखि भगवान् शिव अत्यन्त प्रसन्न हुनुहुन्छ।

इत्येषा वाङ्मयी पूजा श्रीमच्छङ्करपादयोः ।
अर्पिता तेन देवेशः प्रीयतां मे सदाशिवः ॥४१॥

पदार्थ-

इति = यसप्रकार, **श्रीमच्छंकरपादयोः** = भगवान् शङ्करको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चरणमा, **एषा** = यो, **वाङ्मयी** = शब्दमय, **पूजा** = पूजा, **अर्पिता** = अर्पण गरियो, **तेन** = त्यसद्वारा, **देवेशः** = देवाधिदेव, **सदाशिवः** =शिव, **मे** = मसँग, **प्रीयताम्** = प्रसन्न हुनुहोस् ।

भावार्थ-

यसप्रकार भगवान् शिवको चरणमा मैले यो शब्दमय पूजा अर्पण गरें। यसबाट देवाधिदेव भगवान् शिव मसँग प्रसन्न हुनुहोस् ।

क्षमा-प्रार्थना

यदक्षरं पदं भ्रष्टं मात्राहीनं च यद्भवेत् ।
तत्सर्वं क्षम्यतां देव प्रसीद परमेश्वर ॥
पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥

॥ इति श्रीपुष्पदन्तविरचितं शिवमहिम्नःस्तोत्रं सम्पूर्णम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्लोकानुक्रमणिका

श्लोक	पृष्ठ संख्या	श्लोक	पृष्ठ संख्या
अकाण्ड-ब्रह्माण्ड	११६	दीक्षा दानं तपः	२१०
अजन्मानो लोकाः	५९	ध्रुवं कश्चित् सर्वं	९५
अतीतः पन्थानं	४०	नमो नेदिष्ठाय	१९२
अमुष्य त्वत्सेवा-	१०८	प्रजानाथं नाथ	१५०
अयत्नादापाद्य	१०५	बहलरजसे	१९६
असितगिरिसमं स्यात्	२०४	भवः शर्वो रुद्रः	१८४
असिद्धार्था नैव	१२२	मधुस्फीता वाचः	४६
असुरसुरमुनीन्द्रैः	२०६	मनः प्रत्यक्चित्ते	१६३
अहरहरनवद्यं	२०९	महिम्नः पारं ते	३६
आसमाप्तमिदं स्तोत्रम्	२१०	मही पादाघाताद्	१२६
इत्येषा वाङ्मयी पूजा	२१४	महेशान्नापरो देवः	२११
किमीहः किङ्कायः	५५	महोक्षः खट्वाङ्गं	८८
कुसुमदशननामा	२११	यदृद्धिं सुत्राम्णो वरद	१११
कृशपरिणति चेतः	२००	रथः क्षोणी यन्ता	१३४
क्रतौ सुप्ते जाग्रत्	१४२	वियद्व्यापी तारा	१३१
क्रियादक्षो दक्षः	१४६	श्मशानेष्वाक्रीडा	१५६
तवैश्वर्यं यत्तद्	५०	श्रीपुष्पदन्तमुख.	२१४
तवैश्वर्यं यत्नाद्	९८	सुरवरमुनिपूज्यं	२१२
त्रयी साङ्ख्यं यो	६२	स्वलाण्याशंसा.	१५३
त्रयीं तिस्रो वृत्तीः	१७९	हरिस्ते साहस्रं	१३८
त्वमर्कस्त्वं सोमः	१७१		

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सा विद्या या विमुक्तये
महेश संन्यास आश्रमद्वारा सञ्चालित

महेश-संस्कृत-गुरुकुलम्

(आवासीय माध्यमिक विद्यालय एवं विद्यापीठ)
देवघाटधाम, तनहुँ

वैदिक सनातन धर्म र संस्कृतिको संरक्षण, सम्बर्द्धन एवं संस्कृत शिक्षाको प्रचारप्रसार गर्ने मूल उद्देश्यका साथ परमगुरु **अनन्तश्रीविभूषित स्वामी महेशानन्द गिरिजीमहाराज**को शुभाशीर्वाद एवं श्रोत्रिय, ब्रह्मनिष्ठ **श्री १००८ स्वामी सच्चिदानन्द सरस्वती (खप्तडबाबा)**को सत्प्रेरणाबाट परमश्रद्धेय **श्री १००८ स्वामी रामानन्द गिरिजी महाराज**को अध्यक्षतामा वि.सं. २०५० मा महेश संन्यास आश्रम एवं महेश संस्कृत गुरुकुलको स्थापना भएको हो ।

समाजका हरेक क्षेत्रमा नवचेतना र जागरण ल्याउन सक्ने समाजसेवामा समर्पित, अनुशासित, सच्चरित्रवान्, कर्तव्यनिष्ठ दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ सञ्चालित यस गुरुकुलमा सम्बन्धित शिक्षा निकायबाट स्वीकृति प्राप्त गरी नि.मा.वि. तहदेखि स्नातकोत्तर तहसम्मको औपचारिक शिक्षा निःशुल्क रूपमा प्रदान गर्ने व्यवस्था गरिएको छ । यस गुरुकुलमा हाल १३५ जना छात्रहरूले संस्कृत शास्त्रीय विषयको शिक्षा प्राप्त गरिरहेका छन् ।

यस आश्रम तथा गुरुकुलको संरक्षण, सम्बर्द्धनमा आ-आफ्नो तर्फबाट योगदान दिनुहुन सम्पूर्ण धर्मप्रेमी श्रद्धालु महानुभावसमक्ष हार्दिक अनुरोध छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस संस्थाका महत्त्वपूर्ण प्रकाशनहरू

- **रुद्राष्टाध्यायी**
  (पूजाविधि एवं नेपाली भावानुवचनसहित)
- **ईशादि दश उपनिषद्**
  (नेपाली अनुवाद एवं विशेष व्याख्यासहित)
- **श्रीमद्भागवतमहापुराणम् (रामानन्दी टीका)**
  (नेपाली अनुवाद एवं विशेष व्याख्यासहित- ७ भागमा)
- **रामगीता**
  (नेपाली अनुवाद एवं विशेष व्याख्यासहित)
- **अध्यात्मरामायण**
  (नेपाली अनुवाद एवं विशेष व्याख्यासहित)
- **दुर्गासप्तशती**
  (नेपाली अनुवाद एवं विशेष व्याख्यासहित)
- **श्रीमद्भगवद्गीता**
  (नेपाली अनुवाद एवं विशेष व्याख्यासहित)

प्रकाशक

महेश-संन्यास-आश्रमद्वारा संचालित

महेश-संस्कृत-गुरुकुलम्

देवघाटधाम, तनहूँ

फोन : ९८५५०८८८८३, ९८५५०११८८८
E-mail- msgurukulam@gmail.com
Web- www.gurukulam.edu.np

9 789937 271844

Code – 018

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection